"कला, संस्कृतियुक्त, स्वच्छ र समुन्नत टोखा नगर"

# आवधिक नगर विकास योजना

## आव २०७९/८० - २०८३/८४



# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय


मैजुहिटी, काठमाडौ, वागमती प्रदेश

सम्पर्क नम्वर : ९७७ -०१-५२११०५, ५२५३४०, ५२११०४, ५२१४६०

इमेल : info@tokhamun.gov.np

वेवसाइट : tokhamun.gov.np

“कला, संस्कृतियुक्त, स्वच्छ र समुन्नत टोखा नगर”

# आवधिक नगर विकास योजना

## आव २०७९/८० - २०८३/८४

# टोखा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौ, वागमती प्रदेश

## टोखा नगरपालिकाको आवधिक नगर बिकास योजना (आ.व.२०७९/८० - २०८३/८४)

**प्रकाशक : टोखा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौ, वागमती प्रदेश
सम्पर्क फोन : ९७७-०१- ५२११०५, ५२५३४०, ५२११०४, ५२१४६०
वेवसाइटः www.tokhamun.gov.np
इमेल : info@tokhamun.gov.np ; hellotokha@gmail.com

**प्राविधिक सहयोग :** स्कोलर नेपाल, प्रा.लि. किर्तिपुर, काठमाडौ

**सर्वाधिकार :** प्रकाशकमा

**प्रकाशन वर्ष :** २०७९

**मुद्रक :**

# प्राक्कथन

.................
**प्रकाश अधिकारी**
**नगर प्रमुख**
**टोखा नगरपालिका, काठमाडौ**

# मन्तब्य

..................
मुरारी तामाङ
नगर उप-प्रमुख
टोखा नगरपालिका, काठमाडौ

# विषय सूची


| क.सं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| **१** | **परिच्छेद - एक : परिचय** | **१३** |
| १.१ | पृष्ठभूमि | १३ |
| १.२ | आवधिक योजना निर्माण उद्देश्य | १३ |
| १.३ | आवधिक योजना निर्माणको कार्यक्षेत्र | १४ |
| १.४ | आवधिक योजना तर्जुमा सम्वन्धी कानूनी तथा नीतिगत व्यवस्था | १४ |
| १.५ | आवधिक योजना तर्जुमा प्रक्रिया | १५ |
| १.६ | सीमाहरु | १६ |
| **२** | **परिच्छेद - दुई : नगरपालिकाको वस्तुस्थिति** | **१८** |
| २.१ | भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन | १८ |
| २.२ | जनसंख्या, जातजाति र धर्म | १९ |
| २.३ | गरिवी अवस्था | २१ |
| २.४ | आर्थिक अवस्था | २२ |
| २.५ | सामाजिक अवस्था | २४ |
| २.६ | पूर्वाधारको अवस्था | २६ |
| २.७ | वन वातावरण तथा विपद व्यवस्थापन | २७ |
| २.८ | संस्थागत विकास | २८ |
| **३** | **परिच्छेद - तीन : वस्तुस्थिति विश्लेषण** | **२९** |
| ३.१ | सम्भावना अवसर, समस्या तथा चुनौति विश्लेषण | ३० |
| **४** | **परिच्छेद - चार : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण** | **३१** |
| ४.१ | दीर्घकालीन सोच | ३१ |
| ४.२ | समष्टिगत लक्ष्य | ३१ |
| ४.३ | विषय क्षेत्रगत उद्देश्य | ३१ |
| ४.४ | प्राथमिकता क्षेत्र | ३१ |
| ४.५ | समष्टिगत रणनीति | ३४ |
| ४.६ | आवधिक योजना खाका | ३४ |
| **५** | **परिच्छेद - पाँच : आर्थिक विकास** | **३७** |
| ५.१ | पृष्ठभूमि | ३७ |
| ५.२ | वर्तमान अवस्था | ३७ |
| ५.३ | आर्थिक विकासको उद्देश्य | ३८ |
| ५.४ | प्रमुख रणनीति | ३८ |
| ५.५ | विषयगत उपक्षेत्रहरु | ३८ |
| ५.५.१ | कृषि विकास : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ३९ |
| ५.५.२ | पशुपंक्षी : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ४३ |
| ५.५.३ | पर्यटन विकास : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ४६ |
| ५.५.४ | उद्योग व्यापार व्यवसाय : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ५० |
| ५.५.५ | वैंक, वित्तीय संस्था तथा सहकारी : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ५४ |
| ५.५.६ | सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, | ५७ |

| | | |
|---|---|---|
| | कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | |
| **६** | **परिच्छेद - ६ : सामाजिक विकास** | **६१** |
| ६.१ | पृष्ठभूमि | ६१ |
| ६.२ | वर्तमान अवस्था | ६२ |
| ६.३ | सामाजिक विकासको उद्देश्य | ६२ |
| ६.४ | प्रमुख रणनीति | ६२ |
| ६.५ | विषयगत उपक्षेत्रहरु | ६३ |
| ६.५.१ | शिक्षा : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ६३ |
| ६.५.२ | आधारभूत स्वास्थ्य : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ६९ |
| ६.५.३ | खानेपानी तथा सरसफाई : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ७४ |
| ६.५.४ | महिला, बालवालिका, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ७७ |
| ६.५.५ | कला, भाषा, संस्कृति र सम्पदा : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ८३ |
| ६.५.६ | युवा तथा खेलकुद : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ८६ |
| **७** | **परिच्छेद - सात : पूर्वाधार विकास** | **८९** |
| ७.१ | पृष्ठभूमि | ८९ |
| ७.२ | वर्तमान अवस्था | ८९ |
| ७.३ | पूर्वाधार विकासको उद्देश्य | ९० |
| ७.४ | प्रमुख रणनीति | ९० |
| ७.५ | विषयगत उपक्षेत्रहरु | ९० |
| ७.५.१ | सडक यातायात, पुल पुलेसा : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ९० |
| ७.५.२ | आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ९३ |
| ७.५.३ | सिंचाई : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ९६ |
| ७.५.४ | विद्युत तथा वैकल्पिक ऊर्जा : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ९८ |
| ७.५.५ | सूचना तथा सञ्चार प्रविधि : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | १०० |
| **८** | **परिच्छेद - आठ : वन, वातावरण तथा विपद व्यवस्थापन** | **१०३** |
| ८.१ | पृष्ठभूमि | १०३ |
| ८.२ | वर्तमान अवस्था | १०३ |
| ८.३ | वन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य | १०४ |
| ८.४ | प्रमुख रणनीति | १०४ |
| ८.५ | विषयगत उपक्षेत्रहरु | १०४ |
| ८.५.१ | वन तथा जैविक विविधता : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | १०४ |
| ८.५.२ | वातावरण तथा स्वच्छता : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | १०७ |

| | | |
|---|---|---|
| ८.५.३ | भू तथा जलाधार व्यवस्थापन : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ११० |
| ८.५.४ | विपद व्यवस्थापन तथा जलवायु परिवर्तन : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ११२ |
| **९** | **परिच्छेद - नौ : सुशासन तथा संस्थागत विकास** | **११६** |
| ९.१ | पृष्ठभूमि | ११६ |
| ९.२ | वर्तमान अवस्था | ११६ |
| ९.३ | सुशासन तथा संस्थागत विकासको उद्देश्य | ११७ |
| ९.४ | प्रमुख रणनीति | ११७ |
| ९.५ | विषयगत उपक्षेत्रहरु | ११७ |
| ९.५.१ | सुशासन, ऐन कानुन र जवाफदेहिता : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | ११७ |
| ९.५.२ | वित्तीय स्रोत परिचालन : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | १२० |
| ९.५.३ | मानव संशाधन, संस्थागत विकास र सेवा प्रवाह : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | १२४ |
| ९.५.४ | योजना व्यवस्थापन : वस्तु स्थिति विश्लेषण, उद्देश्य, रणनीति, कार्यनीति, मुख्य कार्यक्रम, तर्कवद्ध खाका | १२७ |
| **१०** | **परिच्छेद : दश : वित्तीय व्यवस्था** | **१३२** |
| १०.१ | पृष्ठभूमि | १३२ |
| १०.२ | वर्तमान अवस्था | १३२ |
| १०.३ | सम्भावना, चुनौति, सवल तथा कमजोर पक्ष | १३२ |
| १०.४ | उद्देश्य | १३३ |
| १०.५ | प्रमुख रणनीति | १३३ |
| १०.६ | वजेट व्यवस्था | १३३ |
| | क) आन्तरिक आय प्रक्षेपण | १३३ |
| | ख) वाह्य स्रोत प्रक्षेपण | १३४ |
| | ग) कूल स्रोत प्रक्षेपण | १३५ |
| | घ) विषयक्षेत्रगत वजेट बाँडफाँट | १३६ |
| **११** | **परिच्छेद - एघारः नगर गौरव आयोजना** | **१३७** |
| ११.१ | पृष्ठभूमि | १३७ |
| ११.२ | आयोजना छनौटका आधारहरु | १३७ |
| ११.३ | नगर गौरव आयोजनाहरु | १३७ |
| **१२** | **परिच्छेद - वाह्र : अन्तरनगरपालिका रणनीतिक साझेदारी आयोजना** | **१३९** |
| १२.१ | पृष्ठभूमि | १३९ |
| १२.२ | वर्तमान अवस्था | १४० |
| १२.३ | सम्भावना, अवसर तथा समस्या र चुनौति | १४१ |
| १२.४ | अन्तरनगरपालिका साझेदारीको उद्देश्य | १४१ |
| १२.५ | प्रमुख रणनीति | १४१ |
| १२.६ | कार्यनीति | १४२ |
| १२.७ | सहकार्यका क्षेत्र तथा सम्भावित कार्यक्रम हरु | १४२ |
| **१३** | **परिच्छेद - तेह्र : कार्यान्वयन योजना** | **१४४** |
| १३.१ | पृष्ठभूमि | १४४ |
| १३.२ | वर्तमान अवस्था | १४४ |

| | | |
|---|---|---|
| १३.३ | कार्यान्वयन कार्ययोजना तयारी | १४४ |
| १३.४ | मार्गदर्शन तयारी | १४५ |
| १३.५ | कार्यान्वयन विधिको छनौट | १४५ |
| १३.६ | अख्तियारी | १४५ |
| १३.७ | वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा | १४५ |
| १३.८ | अनुगमनको प्रतिवेदन र समीक्षा | १४५ |
| **१४** | **परिच्छेद - चौध्र : अनुगमन तथा मूल्याङ्कन** | **१४७** |
| १४.१ | पृष्ठभूमि | १४७ |
| १४.२ | वर्तमान अवस्था | १४७ |
| १४.३ | अवसर र चुनौति | १४७ |
| १४.४ | उद्देश्य | १४८ |
| १४.५ | रणनीति | १४८ |
| १४.६ | कार्यनीति | १४८ |
| १४.७ | प्रमुख कार्यक्रम | १४८ |
| १४.८ | अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय | १४९ |
| | **अनुसूचिहरु** | **१५०** |
| १ | वार्षिक कार्यान्वयन कार्ययोजनाको खाका | १५१ |
| २ | विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम | १५३ |
| ३ | आवधिक योजना तर्जुमाः समिति, उपसमितिहरुको विवरण | १५४ |
| ४ | नगरपालिकाको नक्सा | १५७ |
| ५ | आवधिक नगर विकास योजना तर्जुमा प्रकृयाको उपस्थिति | १५८ |
| ६ | आवधिक नगर विकास योजना तर्जुमा प्रकृयासंग सम्वन्धित दृश्यहरु | १७३ |

# तालिका सूचि


| तालिका नम्वर | विवरण | पेज नं. |
|---|---|---|
| १. | जनसंख्या विवरण | १९ |
| २. | लिंगको आधारमा उमेर समुह सम्बन्धी जनसंख्या विवरण | २० |
| ३. | गरिवीको अवस्था | २१ |
| ४. | कृषि उपजहरुको उत्पादन | २२ |
| ५. | शिक्षा अवस्था | २४ |
| ६. | स्वास्थ्य अवस्था | २४ |
| ७. | यातायात पूर्वाधार सम्वन्धी विवरण | २६ |
| ८. | वजेट विनियोजन तथा खर्च विवरण | २८ |
| ९. | सवल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष | ३० |
| १०. | आवधिक नगरविकास योजना खाका | ३५ |
| ११. | कृषि विकास क्षेत्रः वस्तुस्थिति विश्लेषण | ३९ |
| १२. | तर्कवद्ध खाकाः कृषि विकास | ४१ |
| १३. | पशुपंक्षी विकास क्षेत्रः वस्तुस्थिति विश्लेषण | ४३ |
| १४. | तर्कवद्ध खाकाः पशुपंक्षीपालन | ४५ |
| १५. | पर्यटन विकास क्षेत्रः वस्तुस्थिति विश्लेषण | ४६ |
| १६. | तर्कवद्ध खाकाः पर्यटन विकास | ४८ |
| १७. | उद्योग व्यापार व्यवसायः वस्तुस्थिति विश्लेषण | ५० |
| १८. | तर्कवद्ध खाकाः उद्योग व्यापार व्यवसाय | ५२ |
| १९. | वैंक वित्तीय तथा सहकारीः वस्तुस्थिति विश्लेषण | ५४ |
| २०. | तर्कवद्ध खाकाः वैंक वित्तीय तथा सहकारी | ५६ |
| २१. | सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी : वस्तुस्थिति विश्लेषण | ५८ |
| २२. | तर्कवद्ध खाकाः सुरक्षित आप्रवासन | ५९ |
| २३. | शिक्षा विकासः वस्तुस्थिति विश्लेषण | ६३ |
| २४. | तर्कवद्ध खाकाः शिक्षा विकास | ६५ |
| २५. | आधारभूत स्वास्थ्यः वस्तुस्थिति विश्लेषण | ६९ |
| २६. | तर्कवद्ध खाकाः आधारभूत स्वास्थ्य | ७१ |
| २७. | खानेपानी तथा सरसफाइः वस्तुस्थिति विश्लेषण | ७४ |
| २८. | तर्कवद्ध खाकाः खानेपानी तथा सरसफाइ | ७६ |
| २९. | लक्षित वर्ग तथा सामाजिक समावेशीकरणः वस्तुस्थिति विश्लेषण | ७८ |
| ३०. | तर्कवद्ध खाकाः लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ८१ |
| ३१. | कला भाषा संस्कृति र सम्पदाः वस्तुस्थिति विश्लेषण | ८३ |
| ३२. | तर्कवद्ध खाकाः कला भाषा संस्कृति र सम्पदा | ८४ |
| ३३. | युवा तथा खेलकुदः वस्तुस्थिति विश्लेषण | ८६ |
| ३४. | तर्कवद्ध खाकाः युवा तथा खेलकुद | ८७ |
| ३५. | सडक यातायात तथा पुलपुलेसाः वस्तुस्थिति विश्लेषण | ९० |
| ३६. | तर्कवद्ध खाकाः सडक यातायात तथा पुलपुलेसा | ९२ |
| ३७. | आवास, वस्ती विकास तथा सार्वजनिक निर्माणः वस्तुस्थिति विश्लेषण | ९३ |
| ३८. | तर्कवद्ध खाकाः आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | ९५ |
| ३९. | सिंचाई क्षेत्रः वस्तुस्थिति विश्लेषण | ९६ |
| ४०. | तर्कवद्ध खाकाः सिंचाई क्षेत्र | ९७ |
| ४१. | विद्युत तथा वैकल्पिक ऊर्जाः वस्तुस्थिति विश्लेषण | ९८ |

| | | |
|---|---|---|
| ४२. | तर्कवद्ध खाकाः विद्युत तथा वैकल्पिक ऊर्जा | ९९ |
| ४३. | सूचना तथा संचार प्रविधिः वस्तुस्थिति विश्लेषण | १०० |
| ४४. | तर्कवद्ध खाकाः सूचना तथा संचार प्रविधि | १०२ |
| ४५. | वन तथा जैविक विविधताः वस्तुस्थिति विश्लेषण | १०५ |
| ४६. | तर्कवद्ध खाकाः वन तथा जैविक विविधता | १०६ |
| ४७. | वातावरण तथा स्वच्छताः वस्तुस्थिति विश्लेषण | १०७ |
| ४८. | तर्कवद्ध खाकाः वातावरण तथा स्वच्छता | १०८ |
| ४९. | भू तथा जलाधारः वस्तुस्थिति विश्लेषण | ११० |
| ५०. | तर्कवद्ध खाकाः भू तथा जलाधार | १११ |
| ५१. | विपद व्यवस्थापनः वस्तुस्थिति विश्लेषण | ११२ |
| ५२. | तर्कवद्ध खाकाः विपद व्यवस्थापन | ११४ |
| ५३. | सुशासन, ऐन कानुन तथा जवाफदेहिताः वस्तुस्थिति विश्लेषण | ११७ |
| ५४. | तर्कवद्ध खाकाः सुशासन, ऐन, कानुन तथा जवाफदेहिता | ११९ |
| ५५. | वित्तीय स्रोत परिचालनः वस्तुस्थिति विश्लेषण | १२० |
| ५६. | तर्कवद्ध खाकाः वित्तीय स्रोत परिचालन | १२२ |
| ५७. | मानव संशाधन तथा संस्थागत विकासः वस्तुस्थिति विश्लेषण | १२४ |
| ५८. | तर्कवद्ध खाकाः मानव संशाधन तथा संस्थागत विकास | १२६ |
| ५९. | योजना व्यवस्थापनः वस्तुस्थिति विश्लेषण | १२८ |
| ६०. | तर्कवद्ध खाकाः योजना व्यवस्थापन | १२९ |
| ६१. | आन्तरिक आय प्रक्षेपण | १३४ |
| ६२. | वाह्य स्रोत प्रक्षेपण | १३५ |
| ६३. | कूल स्रोत प्रक्षेपण | १३५ |
| ६४. | विषयक्षेत्रगत वजेट प्रक्षेपण | १३६ |
| ६५. | नगरगौरव आयोजना | १३८ |
| ६६. | अन्तरपालिका रणनीतिक साझेदारीः वस्तुस्थिति विश्लेषण | १४१ |
| ६७. | अन्तरपालिका रणनीतिक साझेदारीः सहकार्य हुन सक्ने क्षेत्रहरु | १४२ |
| ६८. | आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रकिया | १४९ |

# शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माध्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| न पा | : | नगरपालिका |
| गा पा | : | गाउँपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| प्रप्रअ | : | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमि

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामुलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायबाट निर्देशित वर्तमान संविधानले सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दीगो आर्थिक विकास गर्ने तथा प्राप्त लक्ष्यहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ[1] ।

राज्य शक्तिको बाँडफाँड तथा पुर्नसंचरनाको क्रममा स्थानीयतहको रुपमा स्थापित टोखा नगरपालिकाले योजनावद्ध ढङ्गवाट नगरपालिकाको विकास गर्ने उद्देश्यले पहिलो आवधिक योजना तर्जुमा भएको छ । संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि ***आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना*** बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै **टोखा नगरपालिका**ले **आवधिक नगर बिकास योजना** (**२०७९/८० - २०८३/८४**) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

आवधिक नगर बिकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गरिएको छ । यस अनुसार आर्थिक बिकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो बिकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ । त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो बिकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत मनन गरिएको छ । उपरोक्त पक्षहरुलाई आधार मानी टोखा नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित लगानी खाका निर्धारण भएको छ । सहभागितामूलक विधि, प्रक्रियाबाट तयार पारिएको यस **आवधिक तथा रणनीतिक योजना मार्गचित्रलाई टोखा नगरपालिकाको समग्र बिकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेज**को रुपमा ग्रहण गरिएको छ । यसै योजना खाकाभित्र रही टोखा नगरपालिकाले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ ।

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

यस आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य टोखा नगरपालिकाका सरोकारवालाहरुको सहभागितामा नगरपालिकाको आवधिक विकास योजना खाका तर्जुमा गर्नु रहेको छ । यसका साथै टोखा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्नुको विशेष उद्देश्य यसप्रकार रहेको छ :

[1] नेपालको संविधान, २०७२, भाग ४ राज्यका निर्देशक सिद्धान्त

क) नेपाल सरकारको दीर्घकालीन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** नीति, कार्यक्रम तथा प्राथमिकताहरु एवं वागमती प्रदेश सरकारको दीर्घकालीन सोच **"सुसंस्कृत र सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश"** नीति, कार्यक्रम तथा प्राथमिकताहरुसंग तादात्म्यता हुनेगरी टोखा नगरपालिकाको दीर्घकालीन सोच सहित आवधिक योजनाको खाका तर्जुमा गर्नु

ख) नेपालको संविधानको मर्म, भावना तथा संघ एवं प्रदेशवाट कार्यान्वयनमा रहेका कानुनी व्यवस्था, नेपाल सरकारले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्य लगायतवाट भएको मार्गदर्शन, निर्देशित सिद्धान्त आदिलाई मध्यनजर गर्दै नगरपालिकाको विद्यमान अवस्थाको लेखाजोखाका आधारमा सम्वोधन गर्नु

ग) टोखा नगरपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण गर्दै अन्तरनगरपालिका समन्वय, सहकार्य एवं साझेदारीका आधारहरुलाई मनन गरी आवधिक योजनालाई कार्यान्वयन योग्य वनाउनु र यसैका आधारमा नगरपालिकाको मध्यमकालीन योजना निर्माण एवं वार्षिक कार्यक्रम तथा वजेट विनियोजनलाई सहज वनाउनु ।

## १.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र

क) नगरपालिकाको वस्तुगत अवस्था खासगरी जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन एवं वित्तिय व्यवस्थाको विश्लेषण गर्दै नगरपालिकाको सम्भावना तथा अवसरहरुको यकिन गर्ने,

ख) नगरपालिकाको दीर्घकालीन सोच सहित योजना खाका तयार पार्ने । सोको आधारमा आवधिक लक्ष्य एवं उद्देश्यहरु निर्धारण गर्ने र त्यसका लागि रणनीति, कार्यक्रम हरु तर्जुमा एवं वित्तीय स्रोतहरुको अनुमान गर्ने,

ग) संघ, प्रदेश र अन्तरनगरपालिका एवं निजी क्षेत्रहरुसंग सहकार्य, साझेदारीका क्षेत्रहरु यकिन गर्ने,

घ) आवधिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको खाका तयार पार्ने ।

## १.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु

नेपालको संविधान २०७२ अनुसारको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवं प्रादेशिक नीति, कानुनी व्यवस्था एवं स्थानीय तहको अधिकारहरुको पृष्ठभूमीमा स्थानीयतहको बिकास योजनाको खाका तर्जुमा गर्नुपर्ने व्यवस्था छ । सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका रुपमा लिएको हुँदा त्यस्ता पक्षहरुलाई पनि आवधिक नगर बिकास योजना तर्जुमा गर्दा सोही अनुसार सम्वोधन गर्नुपर्ने हुन्छ । त्यसैगरी नेपाल संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ मा क्रमशः स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही स्थानीय तहले आवधिक, मध्यमकालीन एवं वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रम हरु तर्जुमा र कार्यान्वयन गर्दा तीनै तहका सरकार वीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीयतहले योजना बनाउँदा आर्थिक बिकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, दिगो बिकास, भाषिक, साँस्कृतिक र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिइएको छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय तहवाट योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगो बिकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं

सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र र तीनै तहका सरकारहरुको वीच आवधिक लक्ष्य वीच अन्तर सम्बन्ध हुनुपर्ने उल्लेख भएको छ ।

अन्तर सरकारी बित्तीय हस्तान्तरण ऐन २०७४ को दफा १६ र १७ अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यक्षेत्र भित्रका बिषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्ने र खर्च विवरण तयार गर्दा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था गरेको छ । यसले स्थानीय तहले आवधिक योजना, मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा मध्यमकालीन खर्च संरचना वनाउनु पर्ने उल्लेख छ । यसैगरी राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको योजनाहरु बीच सामन्ज्यस्ता कायम राख्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ल्याएको छ । यसले स्थानीय तहले आवधिक योजना, मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था छ । योजना तथा वार्षिक विकास कार्यक्रमहरु तर्जुमा गर्दा अपनाउनु पर्ने प्रक्रियागत पक्षहरु उपरोक्त दिग्दर्शनमा उल्लेख गरिएको छ ।

## १.५ आवधिक योजना तर्जुमाका चरणहरु

टोखा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पूरा गरिएका चरणहरु यसप्रकार रहेको छ ।

### क) पहिलो चरण : निर्णय तथा पूर्व तयारी

आवधिक नगर बिकास योजना तर्जुमाका लागि नगर कार्यपालिकावाट नीतिगत निर्णय भएको थियो । विभिन्न चरणका वैठकहरुवाट नगरपालिकाले सूचना तथा तथ्याङ्कहरु अद्यावधिक गर्ने, वडा तथा संस्थागत सूचनाहरु सङ्कलन गर्ने लगायतका पूर्व तयारी भएको थियो ।

### ग) दोश्रो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम

टोखा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा प्रारम्भिक छलफल सम्पन्न भएको थियो । राजनीतिक दलका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह लगायतका स्थानीय सरोकारवालाहरुको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रम मा खासगरी आवधिक योजना तर्जुमाको उद्देश्य, आवश्यक एवं तर्जुमा प्रकृयाहरुका बारेमा छलफल भएको थियो ।

### ख) तेश्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमाका लागि टोखा नगरपालिकासँग सम्बन्धित अभिलेख एवं प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यसका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन गरिएको थियो । संघ तथा प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरु र टोखा नगरपालिकाको विगत वर्षहरुको उपलव्धी, नीति कार्यक्रमहरुको अध्ययन गरिएको थियो ।

| | |
|---|---|
| नवौ | योजना कार्यान्वयन, अनुगमन, मूल्यांकन |
| आठौ | अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन |
| सातौ | प्रतिवेदन प्रमाणीकरण |
| छैटौ | मस्यौदा प्रतिवेदन तयारी |
| पाँचौ | आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी |
| चौथौ | वडास्तर छलफल, परामर्श तथा आयोजना छनौट |
| तेश्रो | सन्दर्भ सामग्रीहरु संकलन, अध्ययन, विश्लेषण |
| दोश्रो | प्रारम्भिक छलफल तथा अभिमुखीकरण |
| पहिलो | निर्णय तथा पूर्व तयारी |

### घ) चौथो चरण : वडा स्तरीय भेला

आवधिक योजना तर्जुमाको सन्दर्भमा टोखा नगरपालिकाका सबै वडाहरुमा वडास्तरीय भेला आयोजना भएको गरिएको थियो । यसरी सञ्चालन भएको वडाभेलामा स्थानीयहरुको सहभागिता रहेको थियो । वडा स्तरीय भेलामा खासगरी स्थानीय समुदाय, राजनीतिक दलहरु, टोलविकास संस्था लगायतका सामुदायिक संघसंस्थाहरुको सहभागिता रहेको थियो । वडा स्तरीय भेलामा वडाको वस्तुस्थिति विश्लेषण, र आगामी वर्षहरुका लागि वडास्तरीय कार्यक्रमहरु संकलन भएको थियो ।

### ङ) पाँचौ चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

टोखा नगरपालिकाको आवधिक योजना तर्जुमाका लागि मिति २०७९ साल भाद्र २३-२५ गते सम्म ३ दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । नगरपालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा विशेष गरी राजनीतिक दल, नगरपालिका तथा नगरकार्यपालिकाका सदस्य पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । यसैगरी कार्यशाला गोष्ठीमा टोखा नगरपालिकाको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषयक्षेत्रगत उद्देश्यहरु, रणनीति एवं कार्यक्रमहरु तर्जुमा भएको थियो ।

### च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत सन्दर्भ सामाग्रीहरुको आधारमा टोखा नगरपालिकाको आवधिक नगर विकास योजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो । यस क्रममा स्थानीय तह र अन्य सरकारको बिषयक्षेत्रगत एकल तथा साझा अधिकार क्षेत्रका सबै विषय एवं उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिक्रियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो । योजना दस्तावेजमा परिचय, नगरपालिकाको संक्षिप्त परिचयात्मक विवरण सहित **१४ परिच्छेदमा** विभाजन गरिएको छ ।

### छ) सातौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक नगर विकास योजनाको मस्यौदा दस्तावेज नगर कार्यपालिका तथा सरोकारवालाहरुको सहभागितामा आयोजित एक प्रमाणीकरण कार्यक्रममा प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

### ज) आठौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन

आवधिक योजना प्रमाणीकरण कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको टोखा नगरपालिकाको दीर्घकालीन सोच सहितको प्रथम नगर विकास योजना दस्तावेजलाई नगरसभाबाट स्वीकृत गरिएको थियो ।

### झ) नवौ चरण : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

स्वीकृत आवधिक नगर विकास योजनालाई कार्यान्वयनमा ल्याइएको छ । कार्यान्वयनका क्रममा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाले एक संयन्त्र निर्माण गरी सोहीवाट योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक योजनाको अन्तिम अवधिमा प्रभाव मूल्याङ्कन गर्ने प्रतिवद्धता समेत नगरपालिकावाट भएको छ ।

## १.६ आवधिक नगर विकास योजनाका सीमाहरु

यस आवधिक नगर बिकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन :

क) आवधिक योजना तर्जुमाका लागि नगरपालिकामा उपलब्ध तथ्याङ्क तथा सूचना (नगरपार्श्वचित्र, २०७६), जनगणना २०७८ लाई मुख्य आधार बनाइएको छ । नगरपालिकामा उपलब्ध हुन नसकेका सूचना तथ्याङ्कको हकमा कार्यशाला गोष्ठीबाट एक सहमति बनाई सोहीलाई आधार मानी विश्लेषण गरिएको छ । नेपाल सरकारको १५ औं योजना, वागमती प्रदेशको पहिलो आवधिक योजना (आव २०७६/७७ - २०८०/८१) मा उपलब्ध सूचना तथ्याङ्कलाई पनि आधार बनाइएको छ ।

ख) योजना तर्जुमाको क्रममा बिभिन्न बिषयक्षेत्रसंग सम्बन्धित आधार सूचकहरु मूलतः नगर पार्श्वचित्र २०७६ र नगरपालिकाका विभिन्न दस्तावेजलाई पनि आधार बनाएको हुँदा परिचयात्मक खण्ड र परिमाणात्मक लक्ष्य सूचकमा उल्लेखित तथ्याङ्कमा संभव भएसम्म एकरुपता ल्याउन प्रयास भएको छ ।

ग) आवधिक नगर बिकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको छ । यो रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले नगरपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रीत छ ।

# परिच्छेद-दुई : नगरपालिका वस्तुस्थिति

**नामाकरण :**

तुख्याः शव्दको अपभ्रंशिक रुप टोखा हो । लोककथन तथा अभिलेखहरुका आधारमा पनी तुख्याः शव्द विस्तारै अपभ्रंश हुँदै टोखा भएको हो । नेपालभाषा अनुसार तुख्याः शव्दमा दुई शव्दको मिश्रण पाइन्छ, तु र ख्याः । जसमा "तु" को अर्थ ऊखु र "ख्याः" को अर्थ खाल्डो/खुल्लाक्षेत्र/चौर भन्ने हुन्छ (मानन्धर ई. १९८६) । यसरी तुख्याः को अर्थ ऊखु पाइने क्षेत्र भन्ने हुन्छ । यसर्थ टोखालाई त्यसवखत ऊखुवारीको रुपमा चिनिन्थ्यो । काठमाडौ उपत्यकामा मानव वस्तीसंगसंगै टोखा क्षेत्रमा प्रसस्त मात्रामा ऊखु खेती गर्ने गरिन्थ्यो र ऊखुवाट चाकु उत्पादन गरी विकी वितरण गर्ने गरिन्थ्यो जुन अभ्यास यद्यपी कायमै छ । अहिले पनि टोखालाई चाकु उत्पादन गर्ने एक प्रमुख क्षेत्रको रुपमा चिनिने गरिन्छ । टोखा र चाकु एकअर्काका पर्यावाची हुन । भादगाउँको कालोटोपी, खोकनाको तेल जसरी लोकप्रिय छ त्यसैगरी टोखाको चाकुको प्रसिद्धि पनि त्यतिकै छ । नेवारी संस्कृतिमा माघे संक्रान्तिमा घिउ-चाकु खाने परम्परा अझैपनि छदैछ, यसका लागि टोखाकै चाकु पहिलो रोजाइमा पर्दछ । खासगरी शरिरलाई न्यानो र ऊर्जा दिने भएकोले हिउँदको ठण्डा जाडोको सन्दर्भमा यसलाई पनि निक्कै उपयोगी मानिन्छ ।

यसरी तुख्याःवाट प्रसिद्धि कमाएको यस क्षेत्र लगभग मध्यकालको पूर्वार्द्धवाट टोखावाट चिनिन थालेको पाइन्छ (वज्राचार्य र मल्ल ई. १९८५) । विसं. २०३८ देखि प्रशासनिक हिसावले टोखालाई उत्तरतर्फको भागलाई टोखा चण्डेश्वरी र दक्षिणतर्फको लागि टोखा सरस्वती गाविसमा रुपमा विभाजन गरियो । तापनि उपरोक्त महत्वलाई आत्मसाथ गर्दै संघियता कार्यान्वयन पश्चात राज्य पुर्नसंरचनाको कममा साविकका गाविसहरुलाई (झोर महाँकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोगंवु) समेटी टोखा नगरपालिकाको रुपमा वि.सं २०७१ साल मङ्सिर १६ गते नामाकरण गरियो ।

## २.१ भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन

### ➧ भौगोलिक अवस्थिति :

विश्व मानचित्रमा टोखा नगरपालिका २७°४३'१९" देखि २७°४८'५०" सम्म उत्तरी अक्षांश र ८५°२०' ९" देखि ८५°२३'२८" सम्म पूर्वी देशान्तरमा अवस्थित छ । समुद्री सतहवाट यो नगरपालिका करिब १२८० मिटर देखि २६५० मिटर सम्मको उचाइमा पर्दछ । यसैगरि टोखा नगरपालिका १७.११ वर्ग किमि भूमिमा फैलिएको छ । यस अनुसार टोखा नगरपालिकामा करीव १७११ हेक्टर अर्थात ३४१६०.११५ रोपनी जग्गा रहेको पाइन्छ । तथ्याङ्कगत रुपमा हेर्दा सवैभन्दा धेरै भूमि कूल क्षेत्रको करीव ५२.३७ प्रतिशत भूमि आवास तथा वस्ती रहेको पाइन्छ । यस अन्तर्गत ८.९६ वर्ग किमि भूमि पर्दछ । यसपछिको धेरै भूमि वन जङ्गलले ढाकेको छ । कूल भूमिको करीव २५.७१ प्रतिशत अर्थात ४.४० वर्ग किमि भूमिमा वन जङ्गल पाइन्छ भने झाडी क्षेत्रले करीव १.३७ वर्ग किमि अर्थात कूल क्षेत्रको करीव ८.०१ भूमि ओगटेको पाइन्छ । यसरी वन जङ्गल तथा झाडी दुवै क्षेत्रलाई जोड्दा ५.७७ वर्ग किमि अर्थात कूल भूमिको करीव ३३.७२ प्रतिशत भूमिमा यो क्षेत्र फैलिएको छ । नगरपालिका क्षेत्रमा कृषि भूमि अत्यान्तै न्यून रहेको पाइन्छ । कूल क्षेत्रको करीव १३.३२ प्रतिशत भूमि ओगटेको कृषि क्षेत्र २.२८ वर्ग किमि मात्रै रहेको पाइन्छ भने कूल क्षेत्रको करीव ०.५९ प्रतिशत अर्थात ०.१० वर्ग किमि क्षेत्रमा नदी खोला रहेको पाइन्छ ।

### ➧ राजनीतिक तथा प्रशासनिक विभाजन :

राज्य पुर्नसंरचना गर्ने कममा साविकका झोरमहाँकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी, गोगंवु गरी ५ वटा गाविसहरुलाई समेटेर टोखा नगरपालिका गठन गरिएको छ । यसरी प्रशासनिक हिसावले टोखा नगरपालिकामा ११ वटा वडाहरुको व्यवस्था गरिएको छ ।

पूर्वतर्फ वुढानिलकण्ठ नगरपालिकासंग जोडिएको यस नगरपालिकाको पश्चिमतर्फ तारकेश्वर नगरपालिका अवस्थित छ । त्यसैगरी उत्तरतर्फ नुवाकोट जिल्लासंग जोडिएको यस नगरपालिकाको दक्षिणतर्फ काठमाडौ महानगरपालिका पर्दछ । यस सम्वन्धी विस्तृत विवरण ग्राफचित्र तथा तालिका नम्वर ०१ मा उल्लेख गरिएको छ ।

काठमाडौ जिल्लाका ११ वटा नगरपालिकाहरु भौगोलिक क्षेत्रका आधारमा सवैभन्दा साना नगरपालिकाहरुमा कीर्तिपुर पछिको सानो नगरपालिकामा यही टोखा नगरपालिका पर्दछ । जिल्लाको कूल क्षेत्रमा यसले करीव ३.९४ प्रतिशत भूमि ओगटेको पाइन्छ । संसदीय निर्वाचन प्रयोजनका आधारमा काठमाडौ जिल्लालाई प्रनिनिधि सभाका लागि १० र प्रदेश सभाका लागि २० निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । यस अनुसार प्रतिनिधि सभा निर्वाचनका लागि टोखा नगरपालिकाको वडा नम्वर २ देखि ७ निर्वाचन क्षेत्र नम्वर ५ (ग) र वडा नम्वर १, ८ देखि ११ सम्म निर्वाचन क्षेत्र ६ (ग) मा पर्दछ भने प्रदेश सभाका लागि ५ (ग) को २ (ग) मा ६ (ग) को १ (ख) र २ (क) मा पर्दछ ।

## २.२ जनसंख्या, जातजाति र धर्म

### ➧ जनसाङ्ख्यिक अवस्था :

राष्ट्रिय जनगणना २०७८ अनुसार टोखा नगरपालिकाको कूल जनसंख्या १३३७५५ रहेको छ । यसमा महिलाको जनसंख्या ६७२२३ र पुरुषको जनसंख्या ६६५३२ रहेको छ । त्यसैगरी जनगणना २०६८ अनुसार साविकका गाविसहरु को कूल जनसंख्या ९९०३२ रहेको देखिन्छ । जसमा महिलाको अंश करीव ४८.८० र पुरुषको करीव ५०.२० रहेको देखिन्छ । दुई राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार १० वर्षको अन्तरालमा टोखा नगरपालिका मा वार्षिक २.८८ प्रतिशतले जनसंख्या वृद्धि भएको देखिन्छ । नगरपालिकाले आफ्नै पहलमा २०७६ मा घरधुरी सर्भेक्षण गरेको पाइन्छ । त्यस अनुसार नगरपालिकाको कूल जनसंख्या १५४१५८ रहेको देखिन्छ । कूल संख्यामा महिलाको जनसंख्या ४९.७७ प्रतिशत र पुरुषको करीव ५०.२३ रहेको पाइन्छ । वडागत रुपमा सवैभन्दा वढी जनसंख्या भएकोमा ३ वडा पर्दछ । यसपछिको धेरै जनसंख्या भएका वडामा ८ वडा पर्दछ । सवैभन्दा न्यून संख्यामा वसोवास रहेको वडाहरुमा वडा नम्वर १ र सो पश्चात २ रहेको देखिन्छ ।

**तालिका: ०१**
**जनसंख्या विवरण**

| वडा नं. | जम्मा जनसङ्ख्या | पुरूष | महिला | परिवार सङ्ख्या | क्षेत्रफल (व.किमि) |
|---|---|---|---|---|---|
| १ | ६१७८ | ३०९५ | ३०८३ | १५०८ | ६.१६ |
| २ | ६६९८ | ३३९३ | ३३०५ | १६१६ | ४.४१ |
| ३ | २६६६० | १३२३८ | १३४२२ | ७१३७ | २.७९ |
| ४ | ७५३२ | ३७८७ | ३७४५ | २१२१ | ०.५७ |
| ५ | ७९२७ | ३९०९ | ४०१८ | २१७१ | ०.४१ |
| ६ | ११२०७ | ५५२१ | ५६८६ | ३०९८ | ०.६१ |
| ७ | १११३४ | ५५६७ | ५५६७ | ३१०७ | ०.६५ |
| ८ | १९३३४ | ९६३५ | ९६९९ | ५५०४ | ०.३३ |
| ९ | १३७६० | ६९४८ | ६८१२ | ३९६९ | ०.५१ |
| १० | ११००३ | ५३७८ | ५६२५ | ३१६० | ०.२९ |
| ११ | १२३२२ | ६०६१ | ६२६१ | ३६३४ | ०.३८ |
| जम्मा | **१३३७५५** | **६६५३२** | **६७२२३** | **३७०२५** | १७.११ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

जनगणना २०७८ को जनगणना अनुसार उमेर समूहमा ४ वर्ष सम्मका वालवालिकाहरुको संख्या ८१२९ रहेको छ भने ७५ वर्ष माथिका ज्येष्ठ नागरिकहरुको संख्या २३१५ रहेको छ । त्यसैगरी आश्रित परिवार (१९ वर्ष सम्म र ६४ वर्ष माथि) को संख्या ४७२७८ अर्थात कूल संख्याको करीव ३५ प्रतिशत रहेको पाइन्छ भने आर्थिक रुपमा सक्रिय जनसंख्या (२०-६४ वर्ष) ८६४७७ अर्थात कूल संख्याको करीव ६५ प्रतिशत रहेको पाइन्छ । यस टोखा नगरपालिकामा उमेर समूह अनुसार युवा वर्ग (२०-४४ वर्ष) को संख्या ६५५४२ अर्थात कूल संख्याको ४८ प्रतिशत रहेको पाइन्छ । उमेर समूह अनुसार सवैभन्दा वढी जनसंख्या भएका समूहहरुमा २०-२४ (११.४ प्रतिशत), २५-२९ (१०.७ प्रतिशत) रहेको पाइन्छ भने सवैभन्दा कम जनसंख्या ९५ वर्ष भन्दा माथि उमेर समुह पर्दछ, जसमा जम्मा ०.०४ प्रतिशत मात्र जनसंख्या रहेको छ ।

### तालिका नं. २: लिंगको आधारमा उमेर समुह सम्बन्धी जनसंख्या विवरण

| उमेर समुह | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | उमेर समुह | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०–४ | ४३६७ | ३.३ | ३७६२ | २.८ | ८१२९ | ५०–५४ | ३४२३ | २.६ | ३०४५ | २.३ | ६४६८ |
| ५–९ | ५३३४ | ४ | ४२८० | ३.२ | ९६१४ | ५५–५९ | २२३६ | १.७ | २१०३ | १.६ | ४३३९ |
| १०–१४ | ५४३२ | ४.१ | ४५८८ | ३.४ | १००२० | ६०–६४ | १६६१ | १.२ | १६९१ | १.३ | ३३५२ |
| १५–१९ | ७०१२ | ५.२ | ६१६७ | ४.६ | १३१७९ | ६५–६९ | ११३३ | ०.८ | १२४४ | ०.९ | २३७७ |
| २०–२४ | ७३५३ | ५.५ | ७८७१ | ५.९ | १५२२४ | ७०–७४ | ७४६ | ०.६ | ८९८ | ०.७ | १६४४ |
| २५–२९ | ६७०२ | ५ | ७६७१ | ५.७ | १४३७३ | ७५–७९ | ४७० | ०.४ | ६५९ | ०.५ | ११२९ |
| ३०–३४ | ५९७० | ४.५ | ७०५९ | ५.३ | १३०२९ | ८०–८४ | २६६ | ०.२ | ३६५ | ०.३ | ६३१ |
| ३५–३९ | ५३५७ | ४ | ६३३३ | ४.७ | ११६९० | ८५–८९ | १५३ | ०.१ | १९६ | ०.१ | ३४९ |
| ४०–४४ | ४९०६ | ३.७ | ५३२० | ४ | १०२२६ | ९०–९४ | ५५ | ०.०४ | ९६ | ०.१ | १५१ |
| ४५–४९ | ३९३९ | २.९ | ३८३७ | २.९ | ७७७६ | ९५ माथि | १७ | ०.०१ | ३८ | ०.०३ | ५५ |
| स्रोत: जनगणनाा २०७८ | | | | | | जम्मा | ६६५३२ | ४९.९ | ६७२२३ | ५०.१ | १३३७५५ |

### जनसंख्या पिरामिड नं. १



### ➧ घरधुरी :

वि.सं. २०७८ को जनगणना अनुसार नगरपालिकामा ३७०२५ घरपरिवार रहेका छन । नगरपालिका पार्श्वचित्र २०७६ अनुसार ३३७८७ र वि.सं.२०६८ को जनगणना अनुसार २५५६१ घरपरिवार रहेको पाइन्छ । १० वर्षको अन्तरालमा नगरपालिकामा करीव ११४६४ घरपरिवार बढेको देखिन्छ ।

### ➧ जातजाति र धर्म :

नगरपालिका पार्श्वचित्र २०७६ अनुसार नगरपालिका क्षेत्रभित्र ब्राह्मण (पहाडी), क्षेत्री, नेवार, तामाङ, गुरुङ, मगर, ठाकुरी, राई, दशनामी (योगी, गिरी, सन्यासी, भारती, वन, पुरी), विश्वकर्मा, शेर्पा, नेपाली, परियार, सुनार, थकाली, लिम्वु, चौधरी, मुसलमान, मधेशी, र भुजेल लगायतका जातजातिहरुको वसोवास रहेको पाइन्छ । सवैभन्दा वढी वसोवास रहेको जातजातिहरुमा क्षेत्री पर्दछ । कूल संख्यामा यसको हिस्सा करीव ३२.४ प्रतिशत रहेको छ । यस पश्चातको धेरै परिवार संख्या भएको जातजातिहरुमा क्रमशः ब्राह्मण (कूल संख्याको ३१.१ प्रतिशत), नेवार (कूल संख्याको २३.१ प्रतिशत), तामाङ (कूल संख्याको ५.४ प्रतिशत), गुरुङ (कूल संख्याको २.८ प्रतिशत), मगर (कूल संख्याको २.८ प्रतिशत) रहेको छ । त्यसैगरी वाँकी जातजातिहरुको संख्या कूल परिवार संख्याको १ प्रतिशत भन्दा न्यून रहेको पाइन्छ । उच्च पहाडी तथा हिमाली क्षेत्रका जातजातिहरु शेर्पा, थकाली र लिम्वुहरुको उपस्थिति कूल परिवार संख्याको करीव ०.३९ प्रतिशत मात्रै रहेको देखिन्छ भने तराई क्षेत्रमा वसोवास गर्ने जनजातिहरु चौधरी, मधेशी र मुसलमानको संख्या कूल परिवार संख्याको करीव ०.२३ प्रतिशत मात्रै देखिन्छ । यसरी नगरपालिका क्षेत्रमा मुलत पहाडी क्षेत्रमा वसोवास गर्ने जातजातिहरु ब्राह्मण, क्षेत्री, नेवार, परिवार, विश्वकर्मा, गुरुङ, मगर, तामाङहरु कै वाहुल्यता देखिन्छ ।

टोखा नगरपालिकामा धर्मका आधारमा हेर्दा नगरपालिका क्षेत्रभित्र हिन्दु, वौद्ध, क्रिश्चियन, किराँत र इस्लाम गरी भिन्न प्रकारका धर्मालम्वीहरुको वसोवास पाइन्छ । नगरपालिका पार्श्वचित्र अनुसार घर परिवार संख्याको आधारमा सवैभन्दा वढी संख्या हिन्दु धर्मालम्वीहरु कै पाइन्छ । कूल संख्याको करीव ८४.३५ प्रतिशत यिनै हिन्दु धर्ममा आस्था राख्नेहरुको वसोवास रहेको पाइन्छ । यसपछिको अधिक संख्यामा वौद्ध धर्ममा आस्था राख्नेहरुको वाहुल्यता देखिन्छ । जसको संख्या १५.१४ प्रतिशत (कूल घरपरिवार संख्यामा) रहेको पाइन्छ । वाँकी क्रिश्चियन, किराँत र इसाई धर्ममा आस्था राख्नेहरुको संख्या यस क्षेत्रमा ज्यादै न्यून रहेको पाइन्छ, करिव ०.२९, ०.१३ र ०.०९ प्रतिशत क्रमशः रहेको पाइन्छ ।

## २.३ गरिवी अवस्था

### ➧ मानव विकास सूचकाङ्क :

मानव विकास सूचकाङ्क प्रतिवेदन, २०२० अनुसार देशको मानव विकास सूचकाङ्क ०.५८७ रहेको पाइन्छ । यसमा वागमती प्रदेशको औषत मानव विकास सूचकाङ्क ०.६६१ रहेको अभिलेख वागमती प्रदेशको आवधिक योजनामा उल्लेख गरिएको छ । प्रदेशको औषत भन्दा टोखा नगरपालिकाको अवस्था तुलनात्मक रुपमा सुदृढ भएकोले यसको मानव विकास सूचकाङ्क करीव ०.६६३ हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरी लैङ्गिक विकास सूचकाङ्क (विसं. २०७५/७६) तर्फ देशको औषत सूचकाङ्क ०.९२५ रहेको पाइन्छ । यसमा वागमती प्रदेशको औषत सूचकाङ्क ०.९३१ रहेको अभिलेख पाइन्छ ।

**तालिका : ०३**
**गरिवी अवस्था**

| क सं | विवरण | नेपाल | वागमती प्रदेश | टोखा नगरपालिका |
|---|---|---|---|---|
| १ | मानव विकास सूचकाङ्क | ०.५८७ | ०.६६१ | ०.६६३ |
| २ | लैङ्गिक विकास सूचकाङ्क | ०.९२५ | ०.९३१ | ०.९३३ |
| ३ | वहु आयामिक गरिवी दर प्रतिशत | २८.६ | १२.२ | १२.० |
| ४ | निरपेक्ष गरिवी दर प्रतिशत | १८.७ | १५.३ | ५.० |
| ५ | प्रतिव्यक्ति आय अमेरिकी डलर | १०४७ | १९१७ | १९२० |

स्रोत : वागमती प्रदेश आवधिक योजना (२०७७-८१)
मानव विकास सूचकाङ्क प्रतिवेदन, २०२०
आवधिक योजना तर्जुमा कार्यशाला

टोखा नगरपालिकाको सन्दर्भमा लैङ्गिक विकास सूचकाङ्क करीव ०.९३३ हुन सक्ने अनुमान गरिएको छ । वहुआयामिक गरिवीको दर प्रतिशत देशको २८.६ प्रतिशत र वागमती प्रदेशको १२.२ प्रतिशत रहेको पाइन्छ भने टोखा नगरपालिकाको करीव १२ प्रतिशत हुन सक्ने अनुमान गर्न सकिन्छ । निरपेक्ष गरिवीको दर देशको औषत १८.७ प्रतिशत र वागमती प्रदेशको १५.३ प्रतिशत रहेको सन्दर्भमा टोखा नगरपालिकाको करीव ५ प्रतिशत हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरी प्रतिव्यक्ति आय देशको औषत १०४७ अमेरिकी डलर रहेको र वागमती प्रदेशको १९१७ औषत आय अमेरिकी डलर भएकोमा टोखा नगरपालिकाको अमेरिकी डलरमा १९२० रहेको अनुमान गरिएको छ ।

## २.४ आर्थिक अवस्था

### ➧ कृषि , :

खाद्यान्न उत्पादनका लागि टोखा नगरपालिका एक उपयुक्त भूमि हो । चिम्ट्याइलो, दोमाट तथा वलौटे माटोका कारण खेतीपातीका लागि उपयोगी भएतापनि जग्गा प्लटिङ गरी घडेरीका लागि विकी वितरण गर्ने अभ्यासवाट केही वाँकी भूमिमा मात्रै खासगरी तरकारी उत्पादन हुँदै आएको पाइन्छ र वेमौसमी तरकारी टनेल खेती व्यवसायिक रुपमा हुँदै आएको पाइन्छ । तरकारी खेतीमा मुख्यगरी काउली, वन्दा, फर्सी, काँक्रो र टमाटरहरु पर्दछन । यसरी उत्पादन हुने मौसमी तरकारीको वार्षिक उत्पादन करीव ७३० मे.टन हुने गरेको पाइन्छ भने वेमौसमी, मौसमी, नगदेवाली सवैको वार्षिक उत्पादन करीव १३०० मे.टन हुने गरेको र सोको विकी वितरणवाट करीव रु.१ करोड २५ लाख प्राप्त हुने गरेको अभिलेख नगरपालिकामा रहेको छ । तुलनात्मक रुपमा फलफुलको उत्पादन नगरपालिका क्षेत्रभित्र ज्यादै न्यून देखिन्छ । यसका अलवा नगरपालिका क्षेत्रमा दुधको उत्पादन हुँदै आएको छ । वार्षिक ८ मे.टन दुध उत्पादन भई विकी वितरण हुँदै आएको छ । यसमा करीव २३ वटा पशुपालन व्यवसायिक फर्महरु कियाशील पनि हुँदै आएका छन । यस सम्वन्धी विस्तृत विवरण ग्राफचित्र तथा तालिका- ०६ मा उल्लेख गरिएको छ ।

**तालिका : ०४**
**कृषि उपजहरु विवरण**

| विवरण | इकाइ |
|---|---|
| तरकारी | ७३० मे टन |
| फलफुल | ०.५ मे टन |
| दुध उत्पादन | ८.० मे टन |
| मौसमी, वेमौसमी तथा नगदे वाली उत्पादन | १३०० मे टन |
| कुखुराको मासु तथा अण्डा विकी | रु. १ करोड |
| मौसमी, वेमौसमी तथा नगदे वालीको विकी | रु.१.२५ करोड |

स्रोत : नगरपालिका अभिलेख, २०७८

कृषिमा आवद्धता भएका वडाहरुमा १, २, ३, पर्दछन । नगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने उपरोक्त वडाहरु तुलनात्मक रुपमा शहरीकरण कमै भएको पाइन्छ । यसैकारण पनि कृषि भूमि खण्डीकरण भइसकेका छैनन । नगरपालिकामा कृषि फर्महरु ५४ वटा, अगुवा कृषि समूह १९ वटा र पशुपालन फर्महरु २३ वटा रहेको अभिलेख नगर पार्श्वचित्र २०७६ मा उल्लेख छ ।

### ➧ आयात निर्यातको अवस्था :

नगरपालिकामा वाहिरी क्षेत्रहरुवाट खाद्यान्न, लत्ताकपडा लगायत दैनिक उपभोग्य उत्पादनहरु देश तथा विदेशहरुवाट आयात भई नगरपालिका क्षेत्रभित्र आपूर्ति हुँदै आएको पाइन्छ । विहान देखि वेलुकी सम्मका मानव जीवनमा आवश्यक पर्ने सवै प्रकारका उपभोग्य वस्तुहरु निर्वाद विकी वितरण र नगरपालिका क्षेत्रभित्र उपलव्ध हुँदै आएको छ । निर्यात तर्फ नगरपालिका क्षेत्रवाट वाहिर जाने उत्पादनहरुमा तरकारी र दुध मात्रै रहदै आएको पाइन्छ । यस अनुसार आयात निर्यातको अनुपात ५:१ रहेको पाइन्छ ।

### ➧ वैदेशिक रोजगारी :

नगरपालिकाका वेरोजगार युवाहरुका लागि वैदेशिक रोजगारीता एक आकर्षक गन्तव्य रुपमा विकसित हुँदै आएको छ । नगर पार्श्वचित्र, २०७६ अनुसार नगरपालिकावाट ४७३४ जना युवाहरु वैदेशिक मुलुकमा गएको पाइन्छ । मन्तव्य राष्ट्रहरुमा खासगरी चीन, भारत, खाडी मुलुक र तेश्रो मुलुक रहेका छन । भारत, चीन र तेश्रो मुलुकमा जाने युवाहरु प्राय अध्ययनका लागि गएको हुन सक्ने अनुमान गर्न सकिन्छ । यसको संख्या ४१६९ रहेको छ । कूल ( वैदेशिक मुलुकमा जाने) संख्यामा यसको हिस्सा करीव ८८.०६ प्रतिशत रहेको छ भने खाडी मुलुकहरुमा जानेको संख्या ५६५ अर्थात कूल संख्यामा करीव ११.९४ प्रतिशत रहेको देखिन्छ । वैदेशिक रोजगारीका लागि जानेहरुको संख्या पनि यही ५६५ भएको अनुमान गर्न सकिन्छ । वैदेशिक रोजगारी मार्फत नगरपालिकामा प्राप्त हुने रेमिट्यान्स वारे यकिन तथ्यांक उपलब्ध हुन सकेको छैन । तापनि प्रतिव्यक्ति रेमिट्यान्स वार्षिक रुपमा रु. १ लाख ५० हजारका दरले गणना गर्दा करीव रु.८ करोड ४७ लाख ५० हजार प्राप्त हुँन सक्ने अनुमान गर्न सकिन्छ ।

### ➧ पर्यटन :

पर्यटन विकासका लागि टोखा नगरपालिकाको शिवपुरी राष्ट्रिय निकुञ्ज एक प्रमुख आकर्षक केन्द्र हो । प्राकृतिक सौन्दर्यता, पैदल यात्रा र काठमाडौ उपत्यका अवलोकन नै यस क्षेत्रको मुख्य विशेषता हो । यसपछिको दोश्रो आकर्षणमा  झोरको झरना पर्दछ । खासगरी गर्मीयाममा शितलता प्राप्तीका लागि काठमाडौवासीहरुको ठूलो भीड लाग्दै आएको पाइन्छ र रक क्याम्विङको नमूना परीक्षणवाट साहसिक पर्यटनको सम्भावना अरु वढाएको छ । धार्मिक दृष्टिकोणवाट चण्डीश्वरी मन्दिर, वौडेश्वर महादेव, सपनतीर्थ, इन्द्रेणी, वसुन्धरा देवी र मनोहरतीर्थ मन्दिरहरु यसका प्रमुख आस्थाका केन्द्रहरु हुन, जहाँ हज्जारौ तीर्थालुहरुवाट हरेक वर्ष अवलोकन हुँदै आएको पाइन्छ ।

टोखा आफैमा एक साँस्कृतिक र ऐतिहासिक क्षेत्रको रुपमा ग्रहण गर्ने गरिन्छ । यसको इतिहास लिच्छिवीकाल देखि नै जोडिदै आएको पाइन्छ । त्यसवखत, भोट, धुन्चे, नुवाकोट जाने पैदलमार्ग तथा एक व्यापारिक द्वारको रुपमा विकासित भएको पाइन्छ । तत्कालिन कान्तिपुर (काठमाडौ) मा पाइने मल्लकालीन कला, संस्कृतिहरु (नेवारी संस्कृति) सवै यस क्षेत्रमा पाइने गरेको र अहिले पनि विष्केट जात्रा, चण्डेश्वरीमा एक महिना जात्रा (माधवनारायण शाली नदीमा जस्तै), टोखाको आफ्नै कुमारी (जात्रापर्वहरुको अवलोकन हुने गरेको) र इन्द्रजात्रा मनाउने गरेको पाइन्छ । यसरी टोखा क्षेत्रमा खासगरी आन्तरिक पर्यटकहरुकै भ्रमण हुने गरेको पाइन्छ ।

### ➧ उद्योग व्यापार व्यवसाय :

सन २०१८ मा गरिएको आर्थिक सर्वेक्षण अनुसार टोखा नगरपालिका क्षेत्रभित्र ६७४७ वटा साना तथा ठूला उद्योग, व्यापार व्यवसायहरु सञ्चालनमा रहेको पाइन्छ । यस अन्तर्गत कृषि तथा वनमा आधारि उद्योग, व्यापार व्यवसायको संख्या ४५ वटा रहेको पाइन्छ भने उत्पादनमूलक उद्योगहरुको संख्या ६४२ वटा रहेको छ । त्यसैगरी विजुली, ग्याँस, पानी एवं निर्माणसंग सम्वन्धि उद्योग, व्यापार व्यवसायको संख्या ३१ वटा रहेको र ३५७४ वटा थोक तथा खुद्रा व्यापार व्यवसाय रहेको देखिन्छ । यसैगरी यातायात, गोदाम तथा सूचना संचारसंग सम्वन्धी उद्योग व्यवसायको संख्या ३७ वटा रहेको र होटेल, खाना खाजासंग सम्वन्धित १३८० वटा उद्योग व्यवसाय रहेको देखिन्छ । वित्तीय तथा वीमासंग सम्वन्धित ११३, शिक्षासंग सम्वन्धित १३५ र स्वास्थ्यसंग सम्वन्धित ७५ वटा उद्योग व्यापार व्यवसाय कियाशील रहेको देखिन्छ भने घरजग्गा खरिद विकी, प्रशासन, परामर्श, कला मनोरन्जनसंग सम्वन्धित ७१४ वटा उद्योग व्यवसायहरु रहेको देखिन्छ ।

त्यसैगरी नगरपालिका क्षेत्रभित्र वैंक, वित्तीय संस्था एवं सहकारीहरु पनि क्रियाशिल छन । एसविआइ, सानिमा, सिद्धार्थ, नविल, प्रभु, हिमालय, मेगा, ग्लोवल, प्राइम, राष्ट्रिय वाणिज्य, नेपाल वैंक जस्ता प्रमुख कमर्सियल वैंकहरुको

उपस्थिति नगरपालिका क्षेत्रभित्र पाइन्छ । यसका साथै विकास वैंक, ऋण तथा वचत सहकारी जस्ता वित्तीय संस्थाहरुको उपस्थिति नगरपालिका क्षेत्रभित्र वाक्लो संख्यामा रहेको पाइन्छ ।

## २.५ सामाजिक अवस्था

### ➧ शिक्षा :

समग्रमा नगरपालिकाको ५ वर्ष माथिकाको साक्षरता दर ९७.९ प्रतिशत रहेको छ भने निरक्षरता दर करीव २.१ प्रतिशत रहेको छ । यस अन्तर्गत महिला साक्षरता दर ९७.१२ प्रतिशत र पुरुष साक्षरता दर ९८.६५ प्रतिशत रहेको देखिन्छ । यस हिसाववाट हेर्दा महिलाको तुलनामा पुरुष साक्षरता संख्या वढी देखिन्छ । माध्यामिक तह सम्मको अध्यापन गर्ने सार्वजनिक विद्यालयहरुको संख्या ८ वटा र संस्थागत विद्यालयहरुको संख्या ६८ रहेको देखिन्छ भने पूर्व प्राथमिक विद्यालयहरु नगरपालिकाको विभिन्न क्षेत्रभित्रमा सञ्चालनमा रहेको पाइन्छ । त्यसैगरी उच्च शिक्षाका लागि नगरपालिका क्षेत्रभित्र विभिन्न ७ स्थानमा सञ्चालनमा रहेको र सिटिइभिटि वाट सम्वर्द्धन प्राप्त प्राविधिक शिक्षालयहरु विभिन्न ४ स्थानमा सञ्चालनमा रहेका छन । सामुदायिक र संस्थागत विद्यालयहरुमा गरी कूल २८३२२ जना छात्रछात्राहरुवाट माध्यामिक तह सम्मको अध्ययन भइरहेको पाइन्छ । यसमा छात्रतर्फ कूल संख्याको ५४.६५ प्रतिशत र छात्रातर्फ करीव ४५.३५ प्रतिशत रहेको पाइन्छ । कूल संख्यामा छात्राहरुको तुलनामा छात्रहरुको संख्या अधिक देखिन्छ । सार्वजनिक विद्यालयहरुमा अध्ययन गर्ने भन्दा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या अधिक रहेको पाइन्छ । सार्वजनिकतर्फ कूल ५४०८ जना अर्थात कूल संख्याको १९.०९ प्रतिशत र संस्थागततर्फ २२९१४ अर्थात ८०.९१ प्रतिशत छात्रछात्राहरु रहेको पाइन्छ । उमेर समूह अनुसार विद्यालय वाहिर रहेकाहरुलाई विद्यालयमा अनौपचारिक शिक्षा समेत प्रदान हुँदै आएको अभिलेख नगरपालिकासंग रहेको छ । शिक्षा सम्वन्धी विस्तृत विवरण यसैसाथ तालिकामा उल्लेख गरिएको छ ।

**तालिका : ०५**
**शिक्षा अवस्था**

| विवरण | अवस्था |
|---|---|
| साक्षरता प्रतिशत | ९७.९ |
| निरक्षरता प्रतिशत | २.१ |
| आधारभूत तह खुदभर्ना दर | ८० |
| माध्यामिक तह खुद भर्नादर | ६० |
| शिक्षक विद्यार्थी अनुपात | १:३० |
| महिला र पुरुष शिक्षकको अनुपात | १:१ |
| विद्यालय वाहिर रहेको ५-१५ वर्ष उमेरका वालवालिका प्रतिशत | १ |
| विद्यालय छाड्ने दर (१-५कक्षा) प्रतिशत | ..... |

स्रोत : नगरपालिका अभिलेख, २०७८

### ➧ स्वास्थ्य :

नगरपालिकाको धापासी (वडा नम्वर ७), गोंगवु (वडा नम्वर ८), झोर महाँकाल (वडा नम्वर १), टोखा सरस्वती (वडा नम्वर ३) मा स्वास्थ्य चौकी, टोखा चण्डेश्वरी (वडा नम्वर २) मा प्राथमिक स्वास्थ्य चौकी र गोंगवु (वडा नम्वर ११) मा शहरी स्वास्थ्य केन्द्र गरी जम्मा ६ वटा स्वास्थ्य संस्थाहरु नगरपालिका क्षेत्रभित्र क्रियाशील रहेको पाइन्छ । भौगोलिक हिसाववाट नगरपालिकाको माथिल्लो भागमा र पश्चिमतर्फको वीचको भागको भागमा स्वास्थ्य चौकी स्तरको सेवा उपलव्ध गराएको पाइन्छ भने नगरपालिकाको दक्षिण र वीचको पूर्वी भागमा स्वास्थ्य चौकी स्तरको सेवा उपलव्ध हुन नसकेको देखिन्छ भने वडागत रुपमा हेर्दा वडा नम्वर ४, ५, ६, ९ र १० मा उपरोक्त स्तरको स्वास्थ्य सेवा उपलव्ध हुन नसकेको र स्वास्थ्य चौकी सेवाका लागि स्थानीयहरु नजिकको स्वास्थ्य संस्थामा जानु पर्ने हुन्छ ।

**तालिका : ०६**
**स्वास्थ्य अवस्था**

| विवरण | अवस्था |
|---|---|
| ➧ कूल प्रजनन दर संख्या (प्रति महिला शिशु जन्म) | १.८ |
| ➧ नवजात शिशुमृत्यु दर (प्रति १ हजार जीवित जम्ममा) | ११ |
| ➧ ५ वर्ष मुनीका वालवालिकाहरुको मृत्युदर (प्रति १ हजार जीवित जन्ममा) | ० |
| ➧ पूर्ण रुपमा सवै प्रकारका खोप लगाउने वालवालिका प्रतिशत | ९८ |
| ➧ स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भावती प्रतिशत | ९७.८८ |
| ➧ ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको घरपरिवार प्रतिशत | १०० |
| ➧ मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | ० |
| ➧ औषत आयु वर्ष (जन्म हुँदाको) | ६५ |

स्रोत : नगरपालिका अभिलेख, २०७८

स्वास्थ्य सेवाका लागि नगरपालिका तुलनात्मक रुपमा

लाभान्वित वढी लाभान्वित देखिन्छ । काठमाडौ उपत्यका भित्रको नगरपालिका भएकोले राजधानीमा उपलव्ध सवैप्रकारका सेवा सुविधाहरु यस नगरपालिकाले समेत उपभोग गर्न पाएको छ । अर्कोतर्फ स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको आवद्धताका कारण पनि स्थानीयहरु राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका स्वास्थ्य सेवाहरुवाट लाभान्वित भएको पाइन्छ । ग्राण्डी अन्तर्राष्ट्रिय अस्पताल यसै नगरपालिका क्षेत्रभित्र क्रियाशील छ । ग्रीनसिटी अस्पताल, इसान वाल तथा महिला अस्पताल, अल नेपाल अस्पताल, विनायक अस्पताल तथा मातृत्व गृह जस्ता अस्पतालहरु पनि यसै क्षेत्रमा सञ्चालनमा छन जसका कारण पनि स्थानीयहरुले गुणस्तरीय स्वास्थ्य सेवाहरु उपभोग गर्न पाइरहेका छन । यसका अलवा उपत्यका भित्रको अरु विशिष्टकृत स्वास्थ्य सेवा, विशिष्ट चिकित्सक, आधुनिक स्वास्थ्य उपकरण आदिको उपलव्धता तथा उपभोग पनि यसक्षेत्रको थप तुलनात्मक लाभहरु हुन ।

नगरपालिकामा गाउँघर क्लिनिक सेवा उपलव्ध नभएपनि स्वास्थ्य शिविरहरु सञ्चालन गरी स्वास्थ्य सेवाहरु उपलव्ध गराउदै आएको पाइन्छ भने स्वास्थ्य संस्थाहरुमा प्रसुति गर्ने अभ्यास नगरपालिकामा रहेको देखिन्छ । ठूलो संख्यामा महिला स्वास्थ्य स्वयंसेविकाहरु नगरपालिका क्षेत्रमा क्रियाशील भएको पाइन्छ । वालवालिकाहरुले पूर्णरुपमा सवै प्रकारको खोप लगाएको पाइन्छ । तापनि  कुपोषणको दर तुलनात्मक रुपमा न्यून तर कम तौल भएका ५ वर्ष मुनीका वालवालिकाहरुको संख्या पनि उल्लेख्य पाइन्छ । त्यसैगरी स्वासप्रस्वास, झाडापखला, महामारी, आपतकालीन उपचारको अभाववाट मृत्यु हुनेहरुको संख्या पनि उत्तिकै पाइन्छ । क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग जस्ता रोगहरुको निःशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित नागरिकहरुको संख्या पनि उल्लेख्य पाइन्छ । योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा उपचार पद्धति निजी क्षेत्रको उपस्थिति रहदै आएको पाइन्छ । वाल मृत्य एवं मातृ मृत्यदरमा नगरपालिकाको उल्लेख्यनीय उपलव्धि हासिल गरेको पाइन्छ । स्वास्थ्य सम्वन्धी यथास्थिति वारे विस्तृत विवरण यसैसाथ सम्लग्न तालिकामा उल्लेख गरिएको छ ।

### ➧ खानेपानी तथा सरसफाई :

नगरपलिका क्षेत्रभित्र करीव ७२.५ प्रतिशत जनसंख्याले सुरक्षित खानेपानी उपभोग गर्दै आएको अभिलेख नगरपालिकामा उपलव्ध छ भने निजी पाइपधारा जडित घरधुरी संख्या करीव ६४.१० प्रतिशत रहेको पाइन्छ । अझैपनि कुवा, मुल, ढुङ्गेधाराको असुरक्षित खानेपानी उपभोग गर्नेहरुको संख्या करीव ०.५५ प्रतिशत रहेको पाइन्छ भने खानेपानीका लागि नजिकको कुवा, धारामा पुग्न करीव ०५ मिनेट औषत समय लाग्ने गरेको छ । नगरपालिका क्षेत्रभित्र डिपो वोरिङ, सार्वजनिक धारा, कुवा, इनार जस्ता सेवा सुविधाहरु खानेपानीका लागि उपलव्ध हुँदै आएको देखिन्छ ।

सरसफाइतर्फ नगरपालिकाका सवै वडाहरुलाई खुल्ला दिसामुक्त घोषणा गरिएको छ । करीव ९६.६ प्रतिशत घरधुरीमा शौचालय रहेको पाइन्छ भने करीव ०.२६ प्रतिशत घरधुरीमा अझै पनि शौचालयको व्यवस्था छैन । शौचालयहरु फ्लस भएको सार्वजनिक ढलसंग तथा सेफ्टि ट्याङ्कीमा जोडिएको र केही साधारण शौचालयहरु पनि नगरपालिका क्षेत्रभित्र पाइन्छ । त्यसैगरी फोहोरमैला व्यवस्थापनका लागि स्रोत वाटै फोहोर संङ्कलन गर्ने गरेको पाइन्छ भने केही घरधुरीले आफ्नै कम्पाउण्डमा, फोहोर थुपार्ने ठाउँमा र केहीले नदी खोल्साहरुमा समेत फोहोर फाल्ने गरेको पाइन्छ । तापनि नगर पार्श्वचित्र, २०७६ अनुसार करीव ९१.३ प्रतिशत घरहरुवाट गाडी मार्फत फोहोर संङ्कलन गर्ने अभ्यास रहेको पाइन्छ । एक अध्ययन अनुसार टोखा नगरपालिकावाट दैनिक करीव ३५ मे.टन फोहोर उत्पादन हुने गरेको देखिन्छ ।

### ➧ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

नगरपालिकामा महिला प्रतिनिधिहरुको उपस्थिति करीव ४० प्रतिशत रहेको छ । यसरी प्रतिनिधित्व गर्ने जनजाति तथा दलित महिलाहरुमा तामाङ, परियार, हिङमाङ, राई, नेपाली, नगर्ची, दमिनी, सुनार, विश्वकर्मा, महर्जन, प्रजापती, सुनुवार पर्दछन । कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व हुँदै आएको छ । नगरपालिका क्षेत्रभित्र सवै वडाहरुमा आमा र महिला समूह, महिला सहकारी संस्थाहरु क्रियाशील रहेका छन । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समितिहरु पनि महिलाहरुको उपस्थिति वाक्लै छ ।

त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रम हरु पनि सञ्चालनमा छन ।

नगरपालिकावाट लक्षित वर्ग (महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका) लागि हरेक वर्ष वजेट विनियोजन हुँदै आएको पाइन्छ । महिला उद्यमशीलता तथा क्षमता विकासका लागि, अपाङ्गता भएकाहरुको शिक्षा, स्वास्थ्य, क्षमता विकासका लागि पनि हरेक वर्ष वजेट विनियोजन हुँदै आएको पाइन्छ भने लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी रकम जम्मा हुँदै आएको छ । नगरपालिका क्षेत्रभित्र वालक्लव, वाल संजालहरु स्थापित भएको छ । ज्येष्ठ नागरिकहरुको हेरचाह गर्ने उद्देश्यले हेरचाह केन्द्र, दिवा सेवा, स्वास्थ्य परीक्षण जस्ता कार्यहरु स्थानीय संस्थाहरुवाट संचालनमा ल्याइएको छ । तापनि वालविवाह, वहुविवाह, लैङ्गिक हिंसा, दुर्व्यवहार, वेचविखन, छुवाछुत जस्ता घटनाहरु अझै पनि न्यूनीकरण एवं नियन्त्रण हुन सकिरहेको छैन ।

## २.६ पूर्वाधारको अवस्था

### ➧ सडक तथा यातायात :

नगरपालिकामा उपलव्ध अभिलेख अनुसार नगरपालिका क्षेत्रभित्र करीव १५८ किमि लम्वाइका सडक खण्डहरु निर्माण भएका छन । यसरी निर्माण भएका सडकहरु कालोपत्रे गरिएको सडकको लम्वाइ १३.०३ किमि, ग्राभेल गरिएको सडकको लम्वाइ ११७.१८ किमि र धुले सडकको लम्वाइ २७.७९ किमि रहेका छन । तुलनात्मक रुपमा ग्राभेल सडकको लम्वाइ वढी रहेको देखिन्छ । नगरपालिकाका सवै वडा तथा अधिकांश वस्तीहरुको मोटर वाटोमा पहुँच रहेको देखिन्छ । नजिकको पक्की सडकमा पुग्न स्थानीयहरुलाई अधिकतम औषत अवधि करीव १६ मिनेट सम्म लाग्ने गरेको पाइन्छ ।

**तालिका : ०७**
**यातायात पूर्वाधार सम्बन्धी विवरण**

| क्र.सं | विवरण | एकाई | लम्वाइ |
|---|---|---|---|
| १ | पिच सडक | कि.मि. | १३.०३ |
| २ | ग्राभेल सडक | कि.मि. | ११७.१८ |
| ३ | धुले सडक | कि.मि. | २७.७९ |
| ४ | सडकले नजोडिएका वस्ती | संख्या | ३ |
| ५ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ९० |
| ६ | पिच सडक सम्म पुग्न लाग्ने समय (अधिकतम) | घण्टा | ०.१६ |

स्रोत : नगरपालिका अभिलेख, २०७८

सार्वजनिक यातायातका सुविधाहरुको उपलव्धताले काठमाडौ उपत्यका लगायत देशका कुनाकाप्चाहरुमा पुग्न टोखा नगरवासीहरुलाई कुनै अप्ठ्यारो छैन । रत्नपार्कवाट गोङ्गवु चोक ३.८ किमि, सामाखुशी टोखा रोड ४ किमि, झोरमहाँकाल करीव १४ किमि टाढा रहेको, टोखा नगर कार्यालयवाट काठमाडौ महानगरपालिका कार्यालय सम्म ६.६ किमि, वुढानिलकण्ठ नगरपालिका (धापासी सडक मार्ग हुँदै) ३.४ किमि, तारकेश्वर नगरपालिका जाल्पाचोक, वानियाटार, मनमैजु पुल हुँदै ३ किमि, रिङ्रोड वालाजु वाइपास हुँदै ३.७ किमि र साहु हनुमान प्रसाद सडक हुँदै २.६ किमि रहेकाले टोखा नगरपालिका सवैको एक सामिप्यमा रहेको आभाष हुन्छ । दक्षिणतर्फको चक्रपथ (रिङरोड) को करीव ३ किमि सडक खण्डको विभिन्न विन्दुवाट टोखा नगरपालिका भित्र प्रवेश गर्न सकिन्छ खासगरी काठमाडौ महानगरपालिकाको वसपार्क, गोङ्गवु, सामाखुशी, वसुन्धारावाट टोखा नगरपालिका पुग्न सकिन्छ र महानगरपालिकाको रत्नपार्कवाट सार्वजनिक वस र माइक्रो हरेक पलमा नगरपालिकाको विभिन्न स्थानहरुमा सहजै पुग्न सकिन्छ । त्यसैगरी वुढानिलकण्ठतर्फवाट धापासीमार्ग, च्यासुण्टोलमार्ग, पासीकोट, भसन्थली मिशल सडकमार्ग र तारकेश्वरसंग मनमैजु पुल र साङ्ले सडक हुँदै टोखा नगरपालिकाको विभिन्न क्षेत्रहरुमा पुग्न सकिन्छ । तर टोखा नगरपालिका, कागेश्वरी र वुढानिलकण्ठ नगरपालिका वीच सार्वजनिक सिटी वसहरु सञ्चालन नहुँदा सर्वसाधारणहरु निजी सवारी साधन, पैदल, ट्याक्सी वा सार्वजनिक सवारीका लागि रिङरोड हुँदै जानुपर्ने हुन्छ ।

### ➧ विद्युत, वैकल्पिक उर्जा तथा इन्धन :

नगरपालिकामा उपलव्ध तथ्याङ्क अनुसार सतप्रतिशत घरधुरीमा विद्युत सेवा उपलव्ध छ । राष्ट्रिय विद्युत प्रशारण लाइनवाट यसप्रकारको सेवा उपलव्ध भएको पाइन्छ । वैकल्पिक ऊर्जा खासगरी सौर्य ऊर्जा प्रयोग गर्ने घरधुरीको संख्या शुन्य वरावर रहेको पाइन्छ । सौर्य ऊर्जाको व्यवसायीकरण र वितरण गर्नुपर्ने आवश्यकता नगरपालिकामा नरहेको देखिन्छ । तापनि सडक क्षेत्रहरुमा करीव १२०० वटा सौर्य ऊर्जा उपयोग गरी सडक वत्तीको व्यवस्था गरिएको छ । खाना पकाउने इन्धनमा एलपि ग्याँस अधिकांश घरधुरीहरुमा पाइन्छ । यसको सट्टामा इन्डक्सन जडान

गर्नेहरुको संख्या क्रमिक रुपमा वढ्दो छ । जसवाट स्थानीय स्तरमा विद्युत खपत दर वढ्दो दरमा रहेको पाइन्छ । नगरापलिकाको वडा नम्वर १ का केही घरहरुमा सुधारिएको चुल्हो पनि प्रचलनमा रहेको अभिलेख नगरपालिकामा पाइन्छ । वायोग्याँस जस्ता वैकल्पिक ऊर्जाका गुन्जायस नगरपालिका क्षेत्रभित्र पाइदैन ।

### ➧ आवास तथा वस्ती विकास :

नगरपालिकाको करीव ७४.५ प्रतिशत जनसंख्या शहर क्षेत्रमा वसोवास रहेको अभिलेखमा उल्लेख छ । वढ्दो जनसंख्या वृद्धि र वाह्य क्षेत्रवाट हुँदै आएको वसाइसराइवाट व्यवस्थित शहरीकरणमा समस्या क्रमिक रुपमा जटिल वन्दै गएको छ । जग्गाको खण्डीकरण भई आवसीय क्षेत्रहरु भूउपयोग योजना नभई विस्तारले अरु जटिलता थपिदै गएको छ । कोलनी तथा हाउजिङ अवधारणमा निजी क्षेत्रले जग्गा प्लानिङ गर्दै वसोवासलाई सहजता ल्याइदिएको छ । हार्मेनी हाउजिङ, विनाज् रेसिडेण्सी तथा अपारमेण्ट, वसुन्धारा हाइट्स कोलनी, स्वष्टिक कोलनी, एभरेष्ट कोलानी जस्ता हाउजिङ कम्पनीहरु नगरपालिका क्षेत्रभित्र क्रियाशील छन । नगरपालिका क्षेत्रका वस्तीहरु पूणत जोखिमयुक्त छैनन, खासगरी वर्षातका समयमा खोल्साखाल्सी नजिकका वस्तीहरु । भूकम्प प्रतिरोधात्मक भवन निर्माण तथा मापदण्डहरु परिपालनाको दर क्रमिक रुपमा वढ्दो छ । करीव ५० प्रतिशत निजी भवनहरु भूकम्प प्रतिरोधात्मक छन । तापनि करीव ४२ प्रतिशत स्थानीयहरु मात्रै आफ्नै स्वामित्वमा भएको घरमा वस्ने गरेका छन भने वाँकी नगरवासीहरु भाडाका घरमा वस्ने गरेको अभिलेख नगरपालिकामा पाइन्छ ।

### ➧ सञ्चार :

अधिकांश स्थानीयहरुसंग मोवाइल फोन रहेको छ । इण्टरनेट सेवा सुविधा करीव ८५ प्रतिशत जनसंख्यामा पुगेको छ भने सञ्चारका कुनै एक साधन उपलव्ध घरधुरीहरु करीव सतप्रतिशत छ । सञ्चारका साधनहरुमा एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाइन खवर पत्रिकाहरु क्रियाशील छन । नगरपालिका क्षेत्रभित्र एफएम रेडियो सेवा, टेलिभिजन प्रशारण सेवा, पत्रपत्रिका सेवा जस्ता सुविधाहरु काठमाडौ उपत्यकावाट प्राप्त हुँदै आएको छ । स्थानीय स्तरमा केवल नेटवर्क सेवा प्रदान गर्ने संस्था एक वटा क्रियाशील छ । नगरपालिकाले निःशुल्क इण्टरनेट तथा वाइफाइ जोन उपलव्ध गराएको छैन । तापनि विद्यालय एवं सार्वजनिक भवनहरु सवैमा इण्टरनेट सेवा उपलव्ध गराइएको छ । नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सिसि क्यामरा जडान गरेको छ ।

## २.७ वन वातावरण तथा विपद व्यवस्थापन

### ➧ वन तथा जैविक विविधता :

नगरपालिकामा उपलव्ध तथ्याङ्क अनुसार कूल क्षेत्रको करीव २५.७१ प्रतिशत भूमिमा वन क्षेत्र फैलिएको छ । वन क्षेत्रको संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समिति लगायत धार्मिक वन समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको पाइन्छ । नगरपालिकामा शिवपुरी राष्ट्रिय निकुञ्जको संरक्षणवाट जैविक विविधतामा उल्लेखनीय भूमिका रहदै आएको छ । नगरपालिका को उत्तरी क्षेत्र यसै निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग वेवसाइट अनुसार उपोष्ण तथा शितोष्ण हावापानीमा पाइने वनस्पती तथा वन्यजन्तुहरुको वासस्थान रहेको यस क्षेत्रमा खासगरी ३१८ किसिमका चराहरु, १०२ किसिमका पुतलीहरु, चितुवा, रतुवा, वँदेल, जङ्गली विरालो, लङ्गुर जस्ता जनवारहरु पनि यसक्षेत्रमा पाइन्छ ।

### ➧ जलाधार क्षेत्र :

जलाधारको मुख्य स्रोत नै शिवपुरी राष्ट्रिय निकुञ्ज हो । भ्फोर महांकालको छहरा यसै शिवपुरीवाट वग्ने पानीवाट वनेको हो र विष्णुमती नदीको मुहान विष्णुपादुका यसै निकुञ्ज क्षेत्रमा पर्दछ । नगरपालिकाको खानेपानीको स्रोत, खेतीपातीका लागि सिंचाइ पनि यही शिवपुरीवाट वग्ने खोलाहरुवाट हुँदै आएको छ ।

### ➧ विपद व्यवस्थापन

नगर पार्श्वचित्र, २०७६ अनुसार नगरपालिका क्षेत्रका करीव १४३ घरधुरीहरु प्राकृतिक प्रकोटवाट मुक्त हुन सकेका छैन, खासगरी नगरपालिकाको वडा नम्वर १ र २ का वस्तीहरु । वर्षिनै आउने पहिरोले नगरपालिकाको वडा नम्वर १, २ र ३ लाई वाढीले वडा नम्वर ५ र ६ लाई मुख्य गरी क्षति पुऱ्याउदै आएको छ । यसैगरी वडा नम्वर ४, १० र

११ मा पनि यसको प्रभाव देखिए पनि क्षतिहरु सामान्य नै हुने गरेको पाइन्छ । यसैगरी भूकम्पीय दृष्टिवाट पनि टोखा नगरपालिका सुरक्षित देखिदैन । विसं. २०७२ को महाभूकम्पवाट नगर क्षेत्रका करीव १८०० घरहरु पूर्णरुपमा प्रभावित भएको अभिलेख नगरपालिकामा पाइन्छ । आपतकालीन उद्धारका लागि नगरपालिकासंग एम्वुलेन्सको व्यवस्था भएको गरिएको छ । आश्रयका लागि खुल्ला क्षेत्रको व्यवस्था गरिएको, संघ संस्थाहरु र स्वयंसेवकहरु पनि तयार पारिएको छ ।

## २.८ संस्थागत विकास

नगरपालिकामा कार्यरत जनशक्ति कूल १६३ जना छन । यस अन्तर्गत स्थायी कर्मचारीहरुको. संख्या ६६ जना र करार सेवामा रहेका कर्मचारीको संख्या ९५ जना र ज्यालादारीमा कार्यरत २ जना रहेका छन । प्राविधिक तर्फ २५ जना कर्मचारीहरु नगरपालिकामा कार्यरत छन । संगठन तथा व्यवस्थापन सर्भेक्षण २०७८ अनुसार नगरपालिकामा कूल दरवन्दी संख्या २१० रहने अनुमान भएको छ । यस अनुसार नगर कार्यपालिका कार्यालयतर्फ १००, वडा कार्यालयतर्फ ५५ र आधारभूत स्वास्थ्य तर्फ ५५ जनाको दरवन्दी संख्या निर्धारण भएको छ भने नगरपालिकामा ८ वटा शाखा, इकाइ १ (शाखा वरावरको) र उपशाखा २३ गरी जम्मा ३२ वटा हुन सक्ने गरी अध्ययन प्रतिवेदन पेश भएको छ ।

विद्यमान संगठनात्मक संरचना अनुसार नगरपालिकामा विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन गरी ५ वटा समितिहरु, विषयक्षेत्रगत समितिहरु गठन भई क्रियाशील रहेका छन । त्यसैगरी ३२ वटा विभिन्न शाखा, उपशाखा, इकाइहरुको व्यवस्था गरिएको छ । सेवा प्रशासनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिकाले ऐन, नियमावली, कार्यविधि गरी ५४ वटा तर्जुमा भई कार्यान्वयनमा रहेका छन भने सेवा प्रवाहलाई प्रभावकारी एवं पारदर्शि वनाउन नगरपालिकाले अनलाइन सेवा उपलब्ध गराएको छ र औषतमा एक सेवा प्रवाह गर्न नगरपालिकालाई करीव ३० मिनेट लाग्ने गरेको छ ।

नगरपालिकाको संस्थागत क्षमता मूल्याङ्कनको दौरानमा आर्थिक वर्ष २०७७/७८ मा समग्रमा ६८.२५ प्रतिशत र आर्थिक वर्ष २०७६/७७ मा ५१.५ प्रतिशत अङ्क प्राप्त भएको थियो । अघिल्लो वर्षको तुलनामा केही प्रगति भएको देखिएको छ तापनि समग्रमा प्राप्ताङ्क न्यून रहेको छ, ।

### ➧ वित्तिय स्रोत परिचालन :

नगरपालिकाको विगत ३ वर्षको वजेट विनियोजन हेर्दा हरेक वर्ष वजेटको आकार वढ्दो क्रममा रहेको देखिन्छ । आर्थिक वर्ष २०७७/७८ आन्तरिक आय अघिल्लो वर्षको तुलनामा करीव ४५.०१ प्रतिशतले वृद्धि भएको देखिन्छ भने सो पछिको आर्थिक वर्ष २०७८/७९ मा करीव ७.५८ प्रतिशतले । त्यसैगरी वाह्य स्रोततर्फ आर्थिक वर्ष २०७६/७७ मा रु.४० करोड ४२ लाख सो पश्चातको आर्थिक वर्षमा रु.४६ करोड ७० लाख र आर्थिक वर्ष २०७८/७९ मा रु.४९ करोड ४५ लाख प्राप्त भएकोमा अघिल्लो वर्षको तुलनामा क्रमश: १५.५४ र ६.७३ प्रतिशतले वृद्धि भएको पाइन्छ । राजस्व वाँडफाँड तर्फ अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा करीव १०.८४ प्रतिशत र सो पश्चात करीव ६३.१३ प्रतिशतले वृद्धि भएको पाइन्छ । यसरी नगरपालिकाको आन्तरिक एवं वाह्य आयमा क्रमिक रुपमा वृद्धि भएको पाइन्छ । नगरपालिकाको चालु खर्च र पूँजीगत खर्चमा पनि हरेक वर्ष अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि भएको पाइन्छ । आर्थिक वर्ष २०७७/७८ मा २२.६१ प्रतिशतले र आर्थिक वर्ष २०७८/७९ मा ३१.४३ प्रतिशतले वृद्धि भएको पाइन्छ भने पूँजीगत खर्च आर्थिक वर्ष २०७७/७८ मा करीव ६५.५८ प्रतिशत र सो पश्चातको आर्थिक वर्षमा ७.३४ प्रतिशतले वृद्धि भएको पाइन्छ ।

**तालिका : ०८**

**वजेट विनियोजन तथा खर्च विवरण**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|
| आन्तरिक आय | ५८६,३१५,९४६ | ८५०,२३९,५४० | ९१४,७२०,७६७ |
| बाह्य आय (संघ) | ३८७,०१६,९२१ | ४२७,५७०,१९६ | ४४७,७६८,१२६ |
| बाह्य आय (प्रदेश) | १७,२४१,३८५ | ३९,५१६,५८७ | ५०,७४७,७६८ |
| राजस्व बाँडफँड | ३६४,२५३,७८० | ४०३,७५३,९९५ | ६५८,६३५,३०१ |
| चालु खर्च | ३०३,४७१,६०३ | ३७२,०७४,५६५ | ४८९,०२०,४११ |
| पुँजीगत खर्च | ४०६,०५४,००० | ६७२,३४४,५७८ | ७२१,७१६,०८८ |

# परिच्छेद-तीन : नगरपालिकाको वस्तुस्थिति विश्लेषण

ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक शहर नै टोखाको पहिचान हो । किराँतकाल देखि नै अस्तित्वमा रहेको टोखा एक प्राचिन शहर भएको आभाष मिल्छ । लिच्छविकालीन शिलापत्र एवं मन्दिरका देवलका सिंढीहरुमा अंकित पक्षले त्यसैलाई इंकित गर्दछ भने चण्डेश्वरी मन्दिरमा लाग्ने माधवनारायणको एक महिना लामो व्रत, ३३ कोटी देवीदेवताको देवभूमि चण्डेश्वरी मन्दिर, सपनतीर्थ मेला जस्ता पक्षले धार्मिक पक्षलाई प्रतिनिधित्व गर्दछ र नेवारी रहनसहन, पाटीपौवा, ढुङ्गेधारा, दह पोखरी, मन्दिर, ५ दिने इन्द्रजात्रा, विष्केट जात्रा एवं जीवित कुमारी पुज्ने परम्पराले साँस्कृतिक पक्षलाई । जसको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धनवाट आन्तरिक एवं वाह्य पर्यटन विकासमा टेवा पुग्नेछ देखिन्छ । त्यसैगरी टोखा एक व्यापारिक मार्ग भएको उजागार हुन्छ । त्यसवखत टोखामा हुने गरेको ऊखु खेती, त्यसवाट चाकुको उत्पादन, विकी वितरण र हिडेरै चीनको तिव्वतसंग गरिने व्यापार र उत्तरी ढोकाको रुपमा पनि लिने गरिएवाट टोखा व्यवसायिक भूमि तथा व्यापारिक मार्ग भएको पुष्टि हुन्छ । पछिल्ला समयहरुमा व्यवसायिक मार्गले निरन्तरता पाउन नसकेपनि नेपाल सरकारले टोखा-खहरे सुरुङ मार्ग निर्माणको सन्दर्भमा चिनियाँ टोलीवाट भएको प्रारम्भिक अध्ययन, केरुङ नाकावाट नेपाल-चीन वीच हुँदै आएको वढ्दो आयात निर्यात, र टोखा-थानसिङ हुँदै विदुर जोड्ने सडक खण्ड सञ्चालनमा रहेको सन्दर्भमा टोखा पुनः व्यापारिक मार्गको रुपमा विकास हुन सक्ने पक्षलाई नकार्न सकिदैन ।

१५९ वर्ग किमि क्षेत्रफलमा फैलिएको शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज यसै नगरपालिकाको सिरानीमा अवस्थित छ । उष्ण तथा समशितोष्ण हावापानीवाट प्रभावित यो क्षेत्र शिवपुरी राष्ट्रिय निकुञ्जको एक मध्यवर्ती क्षेत्र पनि हो । वातावरण संरक्षण, जैविक विविधिता, जलाधार, खानेपानी एवं खेतीपातीको सिंचाइ आदिमा निक्कै महत्वपूर्ण भूमिका खेल्दै आएको यस निकुञ्जमा आधारित पर्यटनको सम्भावना प्रवल रहेको पाइन्छ । पैदल यात्रा, हिमालयन र काठमाडौ उपत्यकाको दृश्य अवलोकन, ३१२ प्रकारका विभिन्न चराचुरुङ्गी तथा १०२ प्रकारका पुतलीहरुको वासस्थान यसका प्रमुख आकर्षणहरु हुन, जसले आन्तरिक एवं वाह्य पर्यटनको सम्भावनालाई उजागार गर्दछ । झोर वौडेश्वरमा पानी झरानाको आकर्षण वढ्दो छ र यससंगै रहेको चट्टानमा साहसिक पर्यटन क्यानोनिङको सफल परीक्षण समेत भइसकेको छ ।

देशको राजधानी शहर, काठमाडौ, ललितपुर र भक्तपुर जिल्ला अर्थात काठमाडौ उपत्यका भित्र समाविष्ट, काठमाडौ उपत्यका विकास प्राधिकरणका कार्यक्रम हरु (वाहिरी चक्रपथ, हरित शहर), काठमाडौ महानगर नगरपालिकासंगको सामिप्यतावाट उपलव्ध भौतिक एवं सामाजिक सेवा सुविधाहरु, २७ किमि लामो काठमाडौ उपत्यका चक्रपथको करीव १३.३३ प्रतिशत अर्थात नयाँ वसपार्क देखि वसुन्धाराचोक सम्मको ३ किमि सडकखण्ड र सोवाट नगरपालिका भित्रिने प्रवेशद्वारहरु, शहरी यातायात सुविधाका कारण आवागमनमा सहजता, सुगमता र काठमाडौको संस्कृति एवं सम्पदाको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन कार्यक्रम लगायत उच्च शिक्षा, गुणस्तरीय स्वास्थ्य लगायतका पक्षहरुसंगको उपलव्धतावाट प्रत्यक्ष परोक्ष रुपमा टोखा नगरपालिकाका सम्भावनाहरुलाई उजागार गर्दछ ।

तापनि वढ्दो शहरीकरणवाट भइरहेको कृषि भूमि खण्डीकरण एक चुनौतिको रुपमा रहेको पाइन्छ । देशको विभिन्न क्षेत्रहरुवाट शहरी सुविधा उपभोगका लागि हुँदै आएको वसाइसराइ, अव्यवस्थित वसोवासका कारण भौतिक पूर्वाधारहरुको उपलव्धतामा जटिलता थपिदै छ । जनसंख्या वार्षिक वृद्धिदर राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार काठमाडौ जिल्लाको करीव १.४० र राष्ट्रको ०.९३ प्रतिशत देखिन्छ तापनि टोखा नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर उपरोक्त तथ्याङ्क भन्दा अधिक करीव ३.७१ (२०७८ र  २०६८ को जनसंख्याको आधारमा) देखिन्छ । जसको व्यवस्थापन गर्नु नगरपालिकाको लागि आफैमा एक चुनौतिपूर्ण देखिन्छ । यसको साथै प्राकृतिक प्रकोप खासगरी भूकम्पीय जोखिमका हिसावले काठमाडौ उपत्यका निक्कै सङ्कटासन्न (Vulnerable) अवस्थामा रहेको पाइन्छ । वि.सं. २०७२ को विनासकारी भूकम्पले पनि यही पक्षलाई पुष्टि गर्दछ र तुलनात्मक रुपमा टोखा क्षेत्रमा भएको वढी क्षतिले यो क्षेत्र झनै सम्वेदनशील देखिन्छ भने वर्षिनै शिवपूरीवाट हुने वाढीले अरु जटिलता थपिदिएको छ ।

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

## ३.१ प्रमुख सम्भावना, अवसर तथा समस्या र चुनौतिहरु

**तालिका : ०९**
**सवल तथा सम्भावना र चुनौति तथा कमजोर पक्ष**

| सम्भावना | चुनौति |
|---|---|
| ➧ धार्मिक, ऐतिहासिक, साँस्कृतिक धरोहरहरु भएको<br>➧ काठमाडौ उपत्यकामा अवस्थित साथै साँस्कृतिक शहरहरु काठमाडौ महानगर, भक्तपुर र ललितपुर लगायत विश्व सम्पदा स्थलहरुसंगको सामिप्यता<br>➧ शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, जैविक विविधता तथा वातारण संरक्षणमा सहयोग<br>➧ देशको राजधानी तथा काठमाडौ उपत्यकामा उपलव्ध भौतिक एवं सामाजिक सेवा सुविधा तथा सुरक्षा व्यवस्था<br>➧ समथर एवं उर्वर कृषि भूमि<br>➧ आर्थिक रुपमा सक्रिय जनसंख्या अधिक<br>➧ साहसिक पर्यटन क्यानोनिङ, हाइकिङ तथा पैदलयात्रा | ➧ गरिवी न्यूनीकरण गर्नु<br>➧ युवा वेरोजगार घटाउनु<br>➧ रोजगारी र शिक्षाको नाममा युवाहरु विदेश पलायनलाई कम गर्नु<br>➧ विभिन्न क्षेत्रहरुवाट हुँदै आएको वसाइ सराइलाई नियन्त्रण गर्नु<br>➧ भूमिहीन तथा सुकुम्वासीहरुको व्यवस्थापन गर्नु<br>➧ कृषिभूमिलाई खण्डीकरण हुनवाट नियन्त्रण गर्नु<br>➧ अव्यवस्थित वसोवास विस्तारलाई नियन्त्रणमा गर्नु<br>➧ लैङ्गिक हिंसा, लैङ्गिक विभेद, महिला हिंसाको अन्त्य गर्नु<br>➧ प्राकृतिक प्रकोट एवं जलवायु परिवर्तनको क्षतिलाई न्यून गर्नु<br>➧ वाढी, प्राकृतिक प्रकोपवाट हुने क्षतिमा न्यूनीकरण गर्नु |
| **सवल पक्ष** | **कमजोरी पक्ष** |
| ➧ धार्मिक, ऐतिहासिक र सांस्कृतिक धरोहरहरु संरक्षण<br>➧ वेमौसमी तरकारीहरु उत्पादन र विक्री वितरण<br>➧ शिशु तथा वालमृत्यु एवं मातृमृत्युदर न्यून संख्यामा<br>➧ उल्लेख्य दरमा साक्षरता र उमेर समूहका अधिकांश वालवालिकाहरुको विद्यालयमा सहज पहुँच<br>➧ एम्वुलेन्स, दमकल जस्ता आपतकालीन उद्धार सामाग्री, स्वयंसेवकको व्यवस्था<br>➧ सवै वस्तीहरु आधारभूत भौतिक पूर्वाधारहरुको उपलव्धता<br>➧ नगरसभा तथा नगर कार्यपालिकामा र सो अन्तर्गतका समितिहरुमा महिलाहरुको प्रभावकारी उपस्थिति<br>➧ सार्वजनिक र निजी भवनहरु भूकम्प प्रतिरोधात्मक निर्माण र भवन संहिता मापदण्डको परिपालना | ➧ कृषक प्रोत्साहित तथा आकर्षण प्याकेज नहुनु<br>➧ शिक्षामा गुणस्तरीय सुधार आउन नसक्नु<br>➧ वातावरण प्रदुषण नियन्त्रण, वातावरणमैत्री पूर्वाधार, विपद जोखिम क्षेत्रहरु पहिचान हुन नसक्नु<br>➧ सेवा प्रवाहमा प्रभावकारी, पारदर्शिता र जवाफदेहिता कायम नहुनु र सेवाग्राहीको सन्तुष्टिदर वढ्न नसक्नु<br>➧ आयोजना सञ्चालनमा तथा विकास कार्यहरुमा सीमाना जोडिएका तथा नजिकका नगरपालिकाहरुसंग सहकार्य, साझेदारी तथा समन्वय हुन नसक्नु<br>➧ निजी क्षेत्र, सहकारी, स्थानीय सरोकारवाला, टोल सुधार संस्थाहरुसंग प्रभावकारी सहकार्य हुन नसक्नु<br>➧ स्थानीय उद्योग, व्यवसाय तथा वजारीकरणमा न्यून प्राथमिकता |

# परिच्छेद-चारः दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

## ४.१ दीर्घकालीन सोच

**“कला संस्कृतियुक्त, स्वच्छ र समुन्नत टोखा नगर”**

## ४.२ समष्टिगत लक्ष्य

भाषा, कला संस्कृतिको संरक्षण, पर्यटन प्रर्वद्धन, शहरी कृषिखेती तथा उद्यमशीलतावाट रोजगार वृद्धि, शहरी पूर्वाधारको स्तरोन्नति, गुणस्तरीय एवं प्राविधिक शिक्षा तथा स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि गर्दै सामाजिक समावेशी समतामूलक समाज निर्माण एवं जैविक विविधताको संरक्षण र स्वच्छतामा सुधार ल्याउदै सुशासनको प्रत्याभूतिवाट

**नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ**

## ४.३ विषय क्षेत्रगत वृहत उद्देश्य

टोखा नगरपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

**क) आर्थिक विकास :**

स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु

**ख) सामाजिक विकास** :

सामाजिक सेवा सुविधाहरुमा सवै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै शिक्षित, स्वस्थ्य र समन्यायिक समाजको निर्माण गर्नु

**ग) पूर्वाधार विकास** :

पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन** :

विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग गर्नु

**ङ) सुशासन तथा संस्थागत विकास** :

संस्थागत क्षमता अभिवृद्धि गर्दै नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी, पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु ।

## ४.४ प्राथमिकता क्षेत्र

नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगरबिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

**क) पर्यटन विकास :**

टोखा एक प्राचीन शहर हो । किराँती एवं लिच्छवीकालीन सभ्यतासंग जोडिएको यस क्षेत्रमा ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक सम्पदाहरु भरिपूर्ण छन । नेवारी समुदाय एवं संस्कृति, भेषभुषा, रहनसहन, चाडपर्व, कलाकौशल एवं भाषाशैली यसका प्रमुख आकर्षणहरु हुन । विष्केटजात्रा तथा मातातीर्थमेला, इन्द्रजात्रा, खड्गजात्रा, कुमारी देखाउने

जस्ता संस्कृतिहरु टोखामा अझै संरक्षित र सम्वर्द्धित छन । मठमन्दिरहरुमा चण्डीश्वरी मन्दिर (सपनतीर्थ), वौडेश्वर महादेव (झरना) लगायत इन्द्रेणी (टोखा सरस्वती), वसुन्धरादेवी (धापासी) र मनोहरतीर्थ (गोङ्गवु) यस क्षेत्रका प्रमुख धार्मिक पर्यटकीय क्षेत्रहरु हुन ।

विश्व सम्पदा सूचीमा रहेका क्षेत्रमा रहेका काठमाडौ, ललितपुर एवं भक्तपुरका सम्पदाहरु हेर्न आउने लाखौ वैदेशिक पर्यटकहरु टोखा क्षेत्रमा ल्याउन सकिएको छैन र आपसमा सम्वन्धीकरण हुन पनि सकेको छैन । टोखाका पर्यटकीय क्षेत्रहरु राष्ट्रिय स्तरका पर्यटकीय एवं गन्तव्य क्षेत्रमा समावेश हुन नसकेको, प्रचारप्रसारको कमि, र साँस्कृतिक सङ्ग्रहालयको अभाव जस्ता विविध पक्षहरुका कारण टोखाको आफ्नै ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक पहिचान भएरपनि पर्यटन विकास हुन सकिरहेको छैन । नगरपालिकाले उपरोक्त पक्षहरुलाई मध्यनजर राख्दै विविधताको संरक्षण र सम्वर्द्धनवाट स्थानीय स्तरमा रोजगारी सिर्जना, आयआर्जनवाट गरिवी निवारणमा ठूलो सहयोग पुग्ने देखिन्छ । यसवाट पर्यटनमा आधारित उद्योग व्यवसाय सञ्चालनबाट रोजगारीको श्रृर्जना भई आर्थिक एवं सामाजिक समृद्धिमा र साँस्कृतिक पहिचानमा उल्लेखनीय सहयोग पुग्दै आएको र थप अरु पुग्ने सम्भावना रहेकोले पर्यटन क्षेत्रलाई पहिलो प्राथमिकतामा राखिएको छ ।

### ख) प्राविधिक एवं व्यवसायिक शिक्षा :

टोखा नगरपालिकाको साक्षरता प्रतिशत करीव ९७.९ प्रतिशत रहेको छ । करीव ७९ प्रतिशत घरधुरीलाई १५ मिनेटको दुरीमा विद्यालयमा पहुँच रहेको छ भने विद्यालय वाहिर उमेर समूहका वालवालिकाहरु करीव १ प्रतिशत भन्दा न्यून रहेको पाइन्छ । शिक्षाका सवै प्रकारका सेवा सुविधाहरु नगरपालिका क्षेत्रमा उपलव्ध भएर पनि गुणस्तरीय शिक्षाको अभाव अझै खड्किएको पाइन्छ भने अर्कोतर्फ व्यवहारिक एवं प्राविधिक शिक्षाको आवश्यकता अपरिहार्य भएको देखिन्छ । नगरपालिका क्षेत्रमा प्राविधिक शिक्षा अध्ययन गर्ने गराउने एक मात्रै सामुदायिक विद्यालय कियाशील रहेको देखिन्छ । वजारको माग अनुसार प्राविधिक ज्ञान, अनुभव तथा  सीप भएका जनशक्तिको अभाव र अर्कोतर्फ शिक्षित जनशक्तिको वेरोजगारी वढ्दो कारण शिक्षामा अव्यवहारिता प्रष्टै देखिन्छ । यसर्थ, प्राविधिक, व्यवसायिक सीपयुक्त, प्रतिस्पर्धी जनशक्तिको विकास गर्ने पक्षलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

### ग) स्वास्थ्य :

झाडापखला, स्वासप्रस्वास, महामारी, सङ्क्रमण भाइरस आदिको प्रभावकारी नियन्त्रणको अभाववाट असमायिक मृत्यु हुनेहरुको संख्या न्यूनता आउन सकिरहेको छैन । प्राणघात क्यान्सर, उच्च रक्तचाप, मधुमेह, क्षयरोग, मुटुरोगहरु शहरी क्षेत्रमा कमिक रुपमा जटिल वन्दै गएको छ । समयमै रोग पहिचान र औषधोपचारको तालमेल नमिल्दा मृत्यु हुनेहरुको संख्या वढ्दो दरमा पाइन्छ भने योग, ध्यान तथा शारिरीक व्यायम गर्ने तर्फ जनचेतना अभाव नभएपनि अभ्यस्तताको जरुरी देखिन्छ । नगरपालिका क्षेत्रमा कियाशील स्वास्थ्य संस्थामा उपलव्ध मेशिन उपकरण, औषधी एवं उपचार विधि, दक्ष जनशक्तिको अभाव जस्ता कारणवाट आधारभूत एवं विशिष्ट स्वास्थ्य सेवाको अभाव नगरपालिका क्षेत्रमा देखिदै आएको छ । यस सन्दर्भमा आधारभूत एवं विशिष्ट स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, असमायिक निधन, स्वास्थ्य संस्थाको प्रभावकारीता अभिवृद्धि गर्नुपर्ने भएकोले यस क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

### घ) फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण :

एक अध्ययन अनुसार टोखा नगर क्षेत्रवाट दैनिक करीव ३५ मेट्रिक टन फोहोरमैला उत्पादन हुँदै आएको देखिन्छ भने काठमाडौ उपत्यकावाट दैनिक १०४५ मेट्रिक टन फोहोर उत्पादन हुने गरेको पाइन्छ । यसरी ठूलो परिमाणमा उत्पादित फोहोरमैलाको व्यवस्थापन एवं विसर्जन निक्कै चुनौतिपूर्ण वन्दै आएको छ । मूलत फोहोर उत्पादनमा न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन एवं प्लाष्टिकजन्य उत्पादन प्रयोगमा इन्कार तथा स्रोतमै फोहोर वर्गीकरण गरी सङ्कलन गर्ने जस्ता अभ्यासको अभावका कारण दिन प्रति दिन फोहोर व्यवस्थापन नियन्त्रण भन्दा वाहिर पुग्दै छ

जसका कारण शहर दुर्गन्धीत, सकसपूर्ण र रोगका प्रकोपहरु फैलिने सम्भावना वढ्दो छ । पुराना सवारी साधनहरुको वढ्दो प्रयोग एवं नजिकका क्षेत्रमा सञ्चालित ईटाभट्टा जस्ता उद्योग व्यवसाय सञ्चालनवाट काठमाडौ उपत्यकाको वायु प्रदुषण वढ्दो दरमा पाइन्छ । वायुमा Particulate matter (PM) निर्धारित मापदण्ड भन्दा वढीका कारण स्वासप्रस्वासमा समस्या वढ्दो छ । त्यसैगरी पानी, माटो एवं ध्वनी प्रदुषण वढ्दो क्रममा देखिन्छ । यसवाट शहरी वातावरण मानव स्वास्थ्यका लागि चुनौतिपूर्ण वन्दैछ । यसै पक्षलाई मध्यनजर राख्दै वातावरणमैत्री, एवं हरियाली शहरी विकासलाई प्राथमिकता प्राप्त क्षेत्रमा अंगिकार गरिएको छ ।

### ङ) खानेपानी वितरण :

स्थानीयहरुको मागको आधारमा खानेपानी वितरण हुन सकिरहेको छैन । काठमाडौ उपत्यकामा प्रतिदिन करीव ४७ करोड २० लाख लिटर खानेपानीको माग हुँदै आएको तथ्याङ्क काठमाडौ उपत्यका खानेपानी लिमिटेडको अभिलेखमा पाइन्छ । यसमध्ये केयुकेलले करीव २३ प्रतिशत (११ करोड लिटर) मात्रै माग आपूर्ति गर्न सकेको छ र काठमाडौ उपत्यकामा करीव १३ करोड ७० लाख लिटर खानेपानी उत्पादन भएपनि करीव २ करोड ७० लाख चुहावट हुने गरेको छ । बाँकी खानेपानी मागको सम्वोधन हुन सकिरहेको छैन । यसैकारण डिपवोरिङ गर्ने अभ्यास काठमाडौ उपत्यकामा वढ्दो छ जसका कारण जमिनमुनी पानीको पानीको सतह वर्षिनी कम्तिमा ५० सेण्टिमिटरका दरले घट्दो छ । ढुङ्गेधारा सुक्दो क्रममा छ र भूमिगत क्षेत्रमा पानी पुर्नभरण गर्न जताततै आरसिसि कक्रिट संरचनाहरुको निर्माणवाट भूमिगत क्षेत्र खोको हुँदै गएको देखिन्छ । खानेपानी वितरणका लागि मेलाम्ची खानेपानी आयोजना सञ्चालन गर्ने भनिएपनि यसवाट करीव ३४ करोड लिटर पानी मात्रै आपूर्ति हुन सक्ने देखिन्छ जसले कूलमागलाई परिपूर्ति गर्न सक्दैन । टोखा नगरपालिका पनि उपरोक्त समस्यावाट अछुतो रहन सक्दैन । यस स्थितिमा नगरवासीहरुको खानेपानीको माग सम्वोधन गर्नु नितान्त चुनौतिपूर्ण देखिन्छ । नगरपालिका क्षेत्रभित्र विष्णुमति, साङ्लेखोला, सपनतीर्थ पानीका मुख्य स्रोतहरु हुन भने गहना पोखरी, सरस्वती र गणेश पोखरी भएपनि यस्ता क्षेत्रवाट खानेपानी आपूर्तिका लागि उपयोगि हुने सम्भावना न्यून छ । उपरोक्त पक्षहरुलाइ मध्येनजर राख्दै खानेपानी आपूर्तिलाई प्राथमिकता क्षेत्रमा परिभाषित गरिएको छ ।

### च) घरेलु उद्योग प्रवर्द्धन :

टोखा र चाकु एक अर्काका पर्यावाची शव्द हुन । “टोखाको चाकु” ले एक पहिचान वोकेको छ र नेवारी भाषा तुख्याःवाट नै टोखा भएकोले चाकुसंगको सम्वन्ध गहिरो छ । विद्यमान अवस्थामा ऊखु खेती टोखा क्षेत्रमा हुन छोडेको र चाकु उत्पादनमा आवद्ध उद्योग व्यवसायहरुको संख्या पनि क्रमिक रुपमा घट्दै गएको सन्दर्भमा यसको प्रवर्द्धन गर्नुपर्ने अपरिहार्य छ । टोखा क्षेत्र शहरीकरण भइरहेको, आवास क्षेत्र विस्तार भई व्यवसायिक कृषिका लागि पर्याप्त भूमिको अभाव हुँदै गएको सन्दर्भमा सीमित क्षेत्रमा सञ्चालन हुन सक्ने घरेलु उद्योगहरुको विकास, विस्तार एवं प्रवर्द्धनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । कृषि पैदावरमा आधारित चाकु उद्योग, तरकारी, च्याउ, पर्यटनमा आधारित पर्यटक आवास, घरेलु उद्योगमा आधारित गलैचा, हातेकागज, ढाकाकपडा, सूचना तथा प्रविधिमा आधारित सफ्टवेयर विकास, इण्टरनेट सेवा, आइटि पार्क सेवामा आधारित व्यापारिक कम्प्लेक्स लगायात शिक्षा र स्वास्थ्यमा आधारित उद्योग व्यवसायहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ । यसवाट नगरपालिकाको आयात निर्यातको अनुपातलाई सन्तुलनमा ल्याउन समेत मद्दत गर्ने र रोजगारी एवं आयआर्जनका अवसरहरु श्रृजना भई समग्रमा आर्थिक वृद्धिमा सहयोग पुग्ने छ । यसर्थ, शहरीकरणको विशेषतालाई मध्येनजर राख्दै घरेलु उद्योगहरुको प्रवर्द्धनलाई प्राथमिकता क्षेत्रमा राखिएको छ ।

### छ) पूर्वाधार संरचना :

नगरपालिकाका सवै क्षेत्र स्थानहरुमा यातायात सेवामा सहज रुपमा उपलव्ध हुन सकेको छैन । करीव ९० प्रतिशत घरधुरीलाई ३० मिनेटको दुरीमा यातायातमा पहुँच रहेको छ पाइन्छ भने वाँकी घरधुरीलाई सो भन्दा वढी समय लाग्न सहजै अनुमान गर्न सकिन्छ । त्यसैगरी नजिकको पक्की सडकमा पुग्न स्थानीयहरुलाई करीव १५ मिनेट लाग्ने देखिन्छ । यसरी शहरी पूर्वाधार सेवा सुविधाहरुमा स्थानीयहरुको पहुँचमा सहजता आउन सकिरहेको छैन भने छरपस्ट वस्ती विस्तार लगायत वडा नं. १ का ४ वटा वस्तीहरुमा अझैपनि मोटरवाटो पुगेको छैन । अव्यवस्थित एवं साँधुरा गल्लीका कारण भौतिक पूर्वाधार सेवा, आपतकालीन उद्धार सेवा उपलव्ध गर्न कठिन महसुस हुँदै आएको छ । यस सन्दर्भमा भूउपयोगलाई प्रभावकारी वनाउदै कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### छ) संस्थागत विकास :

नगरपालिकाको संस्थागत विकास, क्षमता अभिवृद्धि, शासकीय प्रणालीमा सुधार, जवाफदेहिता एवं सुशासनको प्रत्याभूमिवाट उपरोक्त पक्षहरुको कार्यान्वयन गर्न सकिने भएकाले संस्थागत विकासलाई प्राथमिकताको क्षेत्रमा राखिएको छ । नगरपालिकामा कर्मचारी लगायत जनप्रतिनिधिहरुमा समेत ठूलो जनशक्ति परिचालन भइरहेको, समय र श्रमको आधारमा धेरै लगानी भइरहेको सन्दर्भमा संस्थागत विकासलाई उद्देश्यपरक, उपलव्धीमूलक व्यवस्थित वनाउनु पर्ने अपरिहार्य भएको छ ।

## ४.५ समष्टिगत रणनीति

टोखा नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक नगर बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

क) शहरी कृषिखेतीमा व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु श्रृर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने

ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने

ग) सडकयातायात, आवास, विद्युत, सञ्चार लगायतका पूर्वाधार बिकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने

ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई सुशासनयुक्त, नागरिकमैत्री, प्रभावकारी वनाउने

## ४.६ आवधिक योजना खाका

नगरपालिकाको वस्तुस्थिति विश्लेषण तथा सहभागितामूलक प्रक्रिया अवलम्वन गरी समष्टिगत तथा विषयक्षेत्रगत योजना तर्जुमा गरिएको छ । यस योजना खाकाबाट योजना, कार्यक्रम वा आयोजना वीच नतिजाहरुको तहगत अन्तर सम्वन्ध स्थापित गर्न, योजना प्रक्रियालाई नतिजामूलक वनाउन कारण र असरहरुको विश्लेषण गर्दै लगानी तथा क्रियाकलाप र उपलव्धी तह, असर तह हुँदै लक्ष्य वा प्रभाव तहसम्म पुग्न, नतिजाहरुको श्रृङ्खलावद्ध सम्वन्ध स्थापित गर्न देहायको एकीकृत तर्कवद्ध योजना खाका (लजिकल फ्रेमवर्क) तयार गरिएको छ । सञ्चालित क्रियाकलाप र उपलव्धीहरुको बिषयक्षेत्रगत नतिजा सूचकहरु मार्फत योजनाको प्रगति मापन र अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित वनाउन एवं नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## आवधिक नगर विकास योजना खाँका

तालिका : १०
आवधिक नगर विकास योजना खाका

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव :** आम नागरिक को जीनव स्तरमा सुधार भएको हुने | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६४३ | ०.६४३ | ०.६४३ | ०.६४४ | ०.६४४ | ०.६४५ | केन्द्रीय तथ्याङ्क विभाग | अन्तर सरकार समन्वय, सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९३३ | ०.९३३ | ०.९३३ | ०.९३४ | ०.९३४ | ०.९३५ | | |
| | वहुआयामिक गरिवी | प्रतिशत | १२.० | १२.० | १२.० | ११.८ | ११.८ | ११.७ | | |
| | निरपेक्षित गरिवी | प्रतिशत | ५.० | ५.० | ५.० | ४.९ | ४.९ | ४.८ | | |
| | प्रतिव्यक्ति वार्षिकआय | अ. डलर | १९२० | १९२० | १९२२ | १९२२ | १९२५ | १९२५ | | |
| | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७३ | ७३ | ७३ | ७३ | ७४ | ७४ | नगरपालिका पार्श्व चित्र | |
| | साक्षरता दर | प्रतिशत | ९७.९ | ९७.९ | ९७.९ | ९८ | ९८.५ | ९८.५ | | |
| | वेरोजगारी दर | प्रतिशत | ११ | ११ | ११ | ११ | १०.५ | १०.५ | | |
| **असर - १** स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार | रोजगारीमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ७ | ७.५ | ८ | ९ | ९.५ | १० | नगरपालिका को वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| | पशुपंक्षीको वार्षिक विक्री वृद्धिदर (दुध, मासु अण्डाको कूल) | प्रतिशत | – | ८ | १० | १२ | १३ | १५ | | |
| | पर्यटन व्यवसायवाट कूल रोजगारी प्रदान | संख्या | २०० | २०५ | २१० | २१६ | २२१ | २२५ | | |
| | नगरपालिकाको वार्षिक आयात निर्यातको अनुपात | अनुपात | ५:१ | ५:१ | ५:१.५ | ५:२ | ५:२.२५ | ५:२.५ | | |
| | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप संकलन रकमको) | प्रतिशत | ६० | ६५ | ६८ | ७० | ७३ | ७५ | | |
| | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ३ | ३.५ | ४ | ४.५ | ५ | ७ | | |
| **असर- २** सामाजिक सेवा सुविधाहरुमा पहुँच अभिवृद्धि गर्दै समन्यायिक समाजको निर्माण | आधारभूत तहमा खुद भर्नादर (औषतमा) | प्रतिशत | ८० | ८५ | ८९ | ९० | ९२ | ९५ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | उच्च स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | | |
| | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ४० | ४० | ४० | ४० | ४० | ४० | | |
| | स्थानीय लोपोन्मुख संस्कृतिको जर्गेना | संख्या | ८ | ८ | १० | १५ | १५ | १५ | | |
| | उद्योग/व्यापार व्यवसाय/खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | २५ | २७ | २८ | ३० | ३३ | ३५ | | |

**तालिका : १०**

**आवधिक नगर विकास योजना खाका**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर - ३** पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आम नागरिक हरुको जन जीवनमा सहजता | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ८० | ८१ | ८३ | ८५ | ८७ | ९० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली,सञ्चार, सडक) | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | | |
| | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | | |
| | विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | इन्टरनेट सेवामा पहुँच प्राप्तजनसंख्या | प्रतिशत | ८५ | ९० | ९५ | ९७ | ९८ | ९९ | | |
| **असर - ४** विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरु को संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग | संरक्षित तथा व्यवस्थित वन (कूल वन क्षेत्र) | प्रतिशत | ६० | ६० | ६५ | ७० | ७५ | ८० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिकजन्य फोहोर लाई सुरक्षित विसर्जन गर्नेको | प्रतिशत | ५ | १५ | ३० | ५० | ७५ | १०० | | |
| | प्राकृतिक प्रकोपवाट संवेदनशील घरधुरी | संख्या | १४३ | १०० | ७५ | ५० | २५ | ० | | |
| | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६५ | ७५ | | |
| **असर - ५** संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभाव कारी, पारदर्शि, र सुशासन को प्रत्याभूति | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुन | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | नगरपालिका को वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभाव कारी भएको हुने |
| | नगरपालिकाको वार्षिक आन्तरिक आय | रु. करोड | २४.३४ | २८.८४ | ३४.१९ | ४०.५७ | ४८.१८ | ५७.२५ | | |
| | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | | |
| | नतिजामूलक अनुगमन मूल्याङ्कन भएका योजना | प्रतिशत | ६० | ६५ | ७० | ८० | ८५ | ९० | | |

# परिच्छेद पाँचः आर्थिक बिकास

## ५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले खाद्य पदार्थको अभाववाट सुरक्षित हुने पक्षलाई नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासलाई नेपाली अर्थतन्त्रको मेरुदण्डको रुपमा लिइएको छ । देशको अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक वनाउदै व्यापारिक स्वच्छता विस्तार गर्ने, राष्ट्रिय उद्योगधन्दा र साधन स्रोत को संरक्षण र प्रवर्द्धन गर्ने, नेपाली सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उद्योग विकास विस्तार गर्ने पक्षलाई प्राथमिकतामा राखिएको छ । जग्गालाई चक्लावन्दी गरी भूमिको उत्पादन, उत्पादकत्व, उत्पादनशीलता र भू-उपयोग गर्ने, कृषिमा व्यवसायीकरण, औद्योगिकीकरण एवं विविधीकरण गर्ने, कृषि सामाग्री तथा कृषि उपजको उचित मूल्य र वजार पहुँच वृद्धि गर्ने, जलवायु तथा माटो अनुकूलको खाद्यान्न उत्पादनमा प्रोत्साहन गर्ने, खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरण व्यवस्था मिलाउने पक्षलाई राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

१५ औ योजनाले उच्च र दिगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलाई दीर्घकालीन लक्ष्यमा राखेको छ र राष्ट्रिय रणनीतिमा तीव्र दिगो तथा रोजगारमूलक आर्थिक वृद्धिलाई । राष्ट्रिय अर्थतन्त्रको रुपान्तरणको प्रमुख सम्वाहकहरुमा उत्पादन, उत्पादकत्व वृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय पर्यटन सेवाको विकास विस्तारलाई लिइएको छ । खाद्य सुरक्षा, उन्नत पोषण प्राप्ती र दिगो कृषि प्रवर्द्धनलाई उच्च स्थानमा राख्दै दिगो आर्थिक वृद्धि गर्ने, दिगो उत्पादन प्रणाली सुनिश्चित गर्ने र पूर्ण तथा उत्पादनशील रोजगारी श्रृजना गर्ने पक्षलाई दिगो विकास लक्ष्यसंग जोडिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले कृषि तथा पशुपालन सम्वन्धी, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्वन्धी र सहकारी सम्वन्धी नीति, कानुन, मापदण्ड निर्माण गर्ने, योजना तर्जुमा गर्ने, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । कृषि तथा पशुपंक्षी वजार सूचना दिने, वजार तथा हाटवजारको पूर्वाधार निर्माण गर्ने, साना सिंचाइ निर्माण गर्ने, प्राविधिक सेवा तथा कृषि सामाग्री आपूर्ति गर्ने, कृषक क्षमता विकास गर्ने, पशुपंक्षीजन्य प्रकोप तथा महामारी नियन्त्रण गर्ने, पशु चिकित्सक, पशुनस्ल सुधार, पशु आहार, पशुपंक्षी वीमा तथा कर्जा सहजीकरण गर्ने, चरन क्षेत्रको विकास तथा व्यवस्थापन र उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास एवं वजारीकरण गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ ।

यसै क्रममा टोखा नगरपालिकावाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र आर्थिक बिकासको खाका तयार पारिएको छ । आर्थिक बिकासका लागि प्रमुख सम्भाव्य क्षेत्रको रुपमा रहेका कृषि, पशुपंक्षी, उद्योग व्यवसाय, वैंक तथा वित्तीय संस्था, पर्यटन जस्ता क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रम हरु समेत तर्जुमा भएको छ ।

## ५.२ वर्तमान अवस्था

शहरीकरण, आवसीय क्षेत्रको विस्तार र सोका लागि कृषिभूमि खण्डीकरण हुँदै आएको सन्दर्भमा नगरपालिका क्षेत्रभित्र खेतीपातीका लागि भूमिको उपलव्धता सीमित हुँदै गएको पाइन्छ । कृषि उपजका लागि उपयुक्त मलिलोमाटो र पूर्वाधार लगायत सवैप्रकारका सेवा सुविधाहरु उपलव्ध भएपनि वढ्दो आवासका कारण सा-साना टुक्रामा जग्गा खरिद विक्री तथा खण्डीकरणवाट कृषि भूमि उपलव्ध हुन सकिरहेको छैन । सीमित भूमिमा मौसमी र वेमौसमी दुवै प्रकारको तरकारी खेती तथा उत्पादन हुँदै आएको छ । शहरी कृषि खासगरी कौसीखेती एवं

करेसावारीले प्राथमिकता पाउन थालेको छ । त्यसैगरी पशुपंक्षीतर्फ खासगरी गाई, वाखा, वङ्गुर, कुखुरापालनमा स्थानीयको आवद्धता वढ्दो पाइन्छ । पशुपंक्षी वीमा, नश्ल सुधार, औषधोपचारको सुविधा एवं वजारको माग अत्याधिक रहेका कारण पनि आकर्षण वढ्दो छ । दुध उत्पादन, कुखुराको अण्डा एवं मासु विकी वितरण ठूलो परिमाणमा हुँदै आएको पाइन्छ । कृषि क्षेत्रले नगरपालिकामा करीव ७ प्रतिशत रोजगारी श्रृजना गरेको छ । तापनि व्यवसायिक रुपमा कृषि खेती गर्ने कृषकको संख्या न्यून छ । कृषि उपजहरुको सङ्कलन केन्द्र, भण्डारण, कोल्डस्टोरको सुविधा अभाव छ ।

टोखा क्षेत्र आफैमा ऐतिहासिक, साँस्कृतिक, धार्मिक शहर भएकोले पर्यटकहरुको आवगमन वढ्दो छ । ५ वटा सुविधा सम्पन्न पर्यटकीय स्थलहरु छन । करीव ५० हजार भन्दा वढी आन्तरिक तथा बाह्य पर्यटकहरुले वार्षिक रुपमा नगरपालिका क्षेत्रभित्र भ्रमण गर्ने गर्दछन । तापनि काठमाडौ, भक्तपुर एवं ललितपुर जस्ता साँस्कृतिक शहर, विश्वसम्पदामा सूचीकृत भएका क्षेत्रहरुवाट यस क्षेत्रले अझै लाभ हासिल गर्न सकिरहेको छैन । आगन्तुकहरुले खर्च गर्ने पर्यटकीय क्षेत्रहरुको विकास हुन सकिरहेको छैन । त्यसैगरी नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय सञ्चालनमा रहेपनि पर्यटन व्यवसायसंग आवद्ध उद्योग व्यवसायहरु नगन्य छन । अधिकांश उद्योग व्यवसाय आयातित वस्तुहरुमा आधारित छन । हस्तकला तथा स्थानीय सीपशैली तथा प्रविधिमा आधारित उद्योग व्यवसायको संख्या २० वटा मात्रै छन । तापनि ठूलो परिमाणमा करीव रु.१ खर्व भन्दा वढी पूँजी लगानी उद्योग व्यवसायमा भएको पाइन्छ । वैंक तथा वित्तीय संस्थावाट पनि ठूलो परिमाणमा कर्जा प्रवाह भएको देखिन्छ भने सहकारी संस्थाहरुवाट करीव रु.२५ अर्व भन्दा वढी कर्जा ऋण विभिन्न क्षेत्रमा प्रवाह भएको देखिन्छ ।

### ५.३ आर्थिक बिकास क्षेत्रको उद्देश्य

“शहरी कृषिखेतीमा व्यवसायीकरण, उद्योग व्यापार व्यवसाय र पर्यटनको विकास, विस्तार, प्रवर्द्धन एवं वित्तीय सेवामा सहज पहुँचवाट रोजगारी श्रृजना र आय वृद्धिवाट नागरिकहरुको आर्थिक स्थितिमा सुधार ल्याउनु” रहेकोछ ।

### ५.४ प्रमुख रणनीति

क) रोजगारी एवं आयआर्जनका अवसरहरु श्रृजना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने

ख) कृषि क्षेत्रमा व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

### ५.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन :

- कृषि तथा पशुपंक्षी विकास,
- उद्योग, व्यापार तथा व्यवसाय,
- पर्यटन विकास,
- बैंक, वित्तीय संस्था र
- सहकारी तथा बैदेशिक रोजगारी ।

### ५.५.१ कृषि विकास

**क) वस्तुस्थिति विश्लेषण**

वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेकाछन ।

**तालिका : ११**
**कृषि विकास क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु (Opportunities) | चुनौतिहरु (Challenges) |
|---|---|
| ➧ कृषि उपज तथा बीउविजनका लागि काठमाडौ उपत्यका<br>➧ वेमौसमी तरकारीको व्यवसायिक खेती र कृषिका उन्नत प्रविधि, उपकरणहरुको प्रयोगमा आकर्षण वढ्दो<br>➧ कृषि सहकारी, व्यवसायिक फर्महरु एवं अगुवा, सक्रिय कृषकहरु कियाशील<br>➧ उर्वर भूमि एवं अनुकूल हावापानीका कारण कृषिको व्यवसायीकरणका लागि अति उपयुक्त | ➧ कृषि भूमिको वेचविखनमा नियन्त्रण गर्नु<br>➧ युवाहरु कृषि पेशा प्रति आकर्षण वढाउनु<br>➧ कृषि सामुहिक, चक्लावन्दी तथा करारखेती कार्यान्वयन गर्नु<br>➧ कृषि उपजहरुको प्राकृतिक हानी नोक्सानीको मूल्याङ्कन गरी राहतको व्यवस्था गर्नु |
| **सवल पक्ष (Strenghts)** | **कमजोर पक्ष (Weakness)** |
| ➧ कृषि उपकरणहरु ट्याक्टर वितरण र प्रयोग<br>➧ व्यवसायिक रुपमा वेमौसमी तरकारी तथा टनेल खेतीको अभ्यास<br>➧ कौसी खेती अभ्यासमा र ठूलो संख्यामा आवद्धता रहेको<br>➧ तरकारी तथा फलफुलको व्यवसायिक नर्सरी सञ्चालन<br>➧ कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन<br>➧ क्षमता अभिवृद्धि सम्वन्धी कृषक तालिमहरु सञ्चालन<br>➧ कृषिका उन्नत वीउविजन वितरण<br>➧ कृषि प्राविधिक सेवा प्रदान हुँदै आएको | ➧ मल, किटनाशक औषधी समयमै उपलव्ध नहुनु र प्राङ्गारिक कृषि प्रवर्द्धन नभएको<br>➧ कृषि अनुदान, कृषि वीमा, सहुलियत दरमा ऋणमा असहजता<br>➧ कृषि प्रसार सेवा केन्द्रको व्यवस्था नहुनु<br>➧ कृषि वजार, पूर्वाधार, प्रोत्साहन आदिको व्यवस्थापन नहुनु<br>➧ कृषिकहरुलाई तालिमको व्यवस्था हुन नसक्नु<br>➧ कृषि उपजहरुको भण्डारण, शीतभण्डार, स्टोरेज, प्रशोधन केन्द्र, सङ्कलन केन्द्र र कृषि हाटवजार सञ्चालनको अभाव |

**ख) उद्देश्य**

कृषि तथा शहरी कृषिखेतीमा आधुनिकीकरण व्यवसायीकरण गर्दै खाद्यान्न, तरकारी, फलफुल आदिको उत्पादन र उत्पादकत्व अभिवृद्धिवाट आर्थिक स्थितिमा सुधार ल्याउनु ।

**ग) रणनीतिहरु**

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
२. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने
३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार विस्तार एवं कृषि उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्ने
४. समावेशी कृषि विकासमा महिला, दलित, अति विपन्न वर्गको आवद्धतामा वृद्धि ल्याउने
५. कृषि नीति तर्जुमा तथा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने

## घ) कार्यनीतिहरु

### रणनीति १ को कृषिको उत्पादन र उत्पादकत्व वृद्धि अन्तर्गत कार्यनीतिहरु

१.१. कृषकहरुको लगत तयार गरी कृषि प्राविधिक सेवा व्यवस्था मिलाइनेछ ।

१.२. शहरी कृषिखेतीमा खासगरी कौसीखेती, करेसावारी, भर्टिकलसेपमा खेती गर्ने अभ्यासलाई प्राथमिकता दिइनेछ । यसका लागि आवश्यक तालिम एवं प्राविधिक सहयोग उपलव्ध गराइनेछ । व्यवसायिक रुपमा भएको उत्पादनहरुको विकी वितरणमा अनुदान सहयोग उपलव्ध गराइनेछ ।

१.३. सानो ठाउँ, कौसी, करेसावारी, घर तथा टहराभित्र व्यवसायिक रुपमा गर्न सकिने कृषिखेतीलाई प्रवर्द्धन गरिनेछ । व्यवसायिक कृषिखेतीका लागि प्राविधिक सहयोग, आधुनिक उपकरणको व्यवस्था मिलाइनेछ ।

१.४. आधुनिक तथा व्यवसायिक च्याउ खेतीका लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

१.५. माटो परीक्षणको व्यवस्था मिलाइनेछ ।

१.६. स्थानीय वीऊविजन, वेर्नाहरुको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरुको व्यवसायिक खेतीलाई व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।

१.७. कृषि भूमि खण्डीकरण गरिने अभ्यासलाई नियन्त्रण गर्दै कृषकहरुको सामुहिक खेती, साझेदारी एवं सहकारी तथा करार खेती प्रणालीलाई स्थापित गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

१.८. कृषि बालीमा लाग्ने रोग, कीटाणुवाट हुने क्षतिलाई समयमै नियन्त्रण गर्न प्राविधिक सेवा सहयोगलाई सक्षम र प्रभावकारी बनाइनेछ र नोक्सानी न्यूनीकरण गर्न कृषि वीमा सेवा उपलव्धताका लागि निजी क्षेत्रसंग समन्वय गरिनेछ ।

१.९. कृषिमा जलवायु परिवर्तन अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण र प्रविधि उपयोगलाई प्रोत्साहन गर्दै कृषि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

१.१०. पानीको न्यून पहुँच भएका क्षेत्रहरुमा आकाशे पानी सङ्कलन तथा प्लाष्टीक पोखरी व्यवस्था गरी सिंचाइ सुविधा उपलव्ध गराइनेछ ।

### रणनीति २ को कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु

२.१. कृषक, कृषि व्यवसायी एवं कृषि फार्महरुको सीप, क्षमता अभिबृद्धि एवं व्यवसायिकता बिकासमा सहजीकरण गरिनेछ ।

२.२. संस्थागत बिकासका लागि अगुवा महिला तथा मिश्रित कृषक समूह गठन र कृषि सहकारी संस्था गठन गर्न प्रोत्साहन, कृषक केडिट कार्ड, कृषक वर्गीकरणका आधारमा कृषक परिचयपत्र वितरण र सोही अनुसार सुविधा एवं अनुदानहरुको व्यवस्था गरी कृषि पेशालाई पुरस्कृत एवं सम्मानित गरिनेछ ।

२.३. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अभिमुखीकरण गरी सोवाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिवृद्धिका साथै राष्ट्रिय स्तरमा तयार गरिएको कार्ययोजनालाई स्थानीयकरण गराइने छ ।

२.४. सहकारी खेतीलाई प्राथमिकता दिई मूल्य श्रृङ्खला पद्धति अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यहरु एकीकृत रुपमा सञ्चालन गरिने छ ।

### रणनीति ३ को कृषि उपजहरुको व्यवसायीकरण तथा वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु

३.१. व्यवसायिक सम्भावना भएका खाद्यान्न तरकारी, फलफुल लगायतका बालीको व्यवसायिक उत्पादनका लागि पूर्वाधारको बिकास गरिनेछ ।

३.२. कृषिमा आधुनिकीकरण र वजारीकरणका लागि अनुदान, प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

३.३. कृषि सहकारी संस्था तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउदै कृषि वजार प्रवर्द्धन गर्न कृषक र वाह्य वजार क्षेत्रसंग अन्तर सम्बन्ध (Forward and Backward Linkage) बिकास गरिनेछ ।

३.४. अर्गानिक कृषि उत्पादनहरुको व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै अनुदानको व्यवस्था गरिनेछ र विक्री केन्द्रको व्यवस्था मिलाउदै उत्पादित वस्तुको वजारी पहुँचमा सहजता ल्याइनेछ।

३.५. कृषकहरुलाई कृषि उत्पादन व्यवस्था, कृषि उपजहरुको वजार क्षेत्र तथा वाह्य वजारको अवस्था वारेमा जानकारी गराउन विद्युतीय उपकरण तथा सूचना प्रविधिको प्रयोग गरिनेछ।

**रणनीति ४ को समावेशी कृषि विकासमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धता अन्तर्गतका कार्यनीतिहरु**

४.१. महिला, दलित, अति विपन्नहरुलाई व्यवसायिक खेतीका लागि प्रोत्साहित गर्दै उद्यमशीलता बिकास गरिने छ र मल, बीउ, उपकरण र अन्य कृषि सामाग्रीको अनुदान उपलब्ध गराईने छ।।

४.२. महिला, दलित, अति विपन्नहरुवाट सामुहिक रुपमा गरिने व्यवसायिक खेतीलाई आधुनिक प्रविधिहरु तथा कर्जा सामुहिक जमानीमा उपलव्ध गराइनेछ।

**रणनीति ५ को कृषि नीति तर्जुमा, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन अन्तर्गतका कार्यनीतिहरु**

५.१. कृषिखेती बिकास तथा उत्पादन व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार पारी कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ।

५.२. कृषि कार्यक्रमहरुको कार्यान्वयन, नियमित अवलोकन गरिनेछ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : १२**
**१.१ कृषि विकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | रोजगारीमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ७ | ७.५ | ८ | ९ | ९.५ | १० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफल हरु** १. कृषिमा व्यवसायीकरण भई कृषि उपजहरुको वजार प्रवर्द्धन भएको हुनेछ | नगदेवाली, मौसमी तथा वेमौसमी वालीको वार्षिक उत्पादन | मे.टन | १३०० | १३५० | १४०० | १४५० | १५०० | १५५० | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | कृषकहरु व्यवसायिक खेती तथा पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने<br><br>कृषकहरु लाई प्राविधिक |
| | व्यवसायिक कृषि नर्सरी | संख्या | ११ | १२ | १२ | १४ | १५ | १६ | | |
| | तरकारी वार्षिक उत्पादन | मे.टन | ७३० | ७५० | ७८० | ८०५ | ८१५ | ८२० | | |
| | फलफुल वार्षिक उत्पादन | मे.टन | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | | |
| २. कृषक को क्षमता अभिवृद्धि भई कृषक प्रोत्साहित हुने | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | | |

**तालिका : १२**
**१.१ कृषि विकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सुविधाहरु उपलब्भ भएको हुनेछ<br><br>३. कृषि पूर्वाधार हरु निर्माण भई सोमा पहुँच अभिवृद्धि भएको हुनेछ | आधुनिक कृषिऔजार प्रयोग गर्ने कृषक | संख्या | २०० | ३५० | ४०० | ४५० | ५०० | ५५० | | सहयोग तथा सुविधाहरु नियमित उपलव्ध भएको हुने निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने<br><br>जलवायु परिवर्तन को न्यून असर |
| | व्यवसायिक एवं आधुनिक तरिकाको खेतीले ओगटेको भूभाग | हेक्टर | १२८२ | १२८२ | १२८२ | १२८२ | १२८२ | १२८२ | | |
| | कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषक | संख्या | २५० | २७५ | ३२५ | ३५० | ३७५ | ४०० | | |
| | सुचारु सहकारी तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | - | ५० | ८५ | १३० | १५५ | १७५ | | |
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | २०० | २५० | ३०० | ३५० | ४०० | ४५० | | |
| | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | १५० | २०० | २२५ | २५० | २०५ | ३०० | | |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण वाट लाभान्वित किसान | संख्या | ५४ | ६० | ६५ | ७० | ७५ | ८० | | |
| | कृषि उपजहरु विकीका लागि नजिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | १.३ | १.० | १.० | ०.३० | ०.३० | ०.१५ | | |
| | वेमौसमी तरकारी तथा उच्च नगदेवालीको विकी | रु. करोड | १.२५ | १.५ | १.७५ | २.० | २.२ | २.३ | | |
| | सञ्चालनमा रहेको कोण्ड स्टोरेज तथा रष्टिक स्टोर क्षमता | मे.टन | - | - | - | - | १ | १ | | |
| | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | - | - | - | १ | १ | १ | | |
| | कृषि वीमा सेवावाट लाभान्वित कृषक | संख्या | - | - | ५० | ७५ | १५० | ३०० | | |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | | |

| तालिका : १२<br>१.१ कृषि विकास | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | कृषि सहकारी संस्था | संख्या | ११ | ११ | १२ | १५ | १५ | १५ | | |
| | कौसी खेतीमा आवद्ध घरपरिवार | सख्या | १६०० | १७०० | २००० | २२०० | २५०० | ३००० | | |
| | खेतीयोग्य जमिन मध्ये नियमित सिंचित भूमि | हेक्टर | १५० | १५० | १५० | १५० | १५० | १५० | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | | | **वजेट रु.** | |
| १. शहरी कृषिखेती प्रवर्द्धन<br>२. मौसमी तथा वेमौसमी तरकारी, टनेलखेती प्रवर्द्धन<br>३. कृषक र कृषिसेवा प्रदायक संस्थाहरुको क्षमता बिकास र सशक्तीकरण<br>४. माटोपरीक्षण कार्यक्रम<br>५. कृषि वजार प्रवर्द्धन कार्यक्रम<br>६. महिला दलित तथा अति विपन्न वर्गलाई कृषि व्यवसाय सहयोग | | | | | | | | | **३३ करोड १८ लाख ८३ हजार ९३२** | |

### ५.५.२ पशुपंक्षी बिकास

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गाचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका : १३<br>पशुपंक्षीपालन : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| • पशु आहारका लागि डाले तथा भुई घाँस उत्पादन गर्न सकिने खासगरी वडा नम्वर १ र २ मा<br>• पशुपंक्षीहरु गाई, वाखा, वङ्गुर, र कुखुराहरु व्यवसायिक पालनमा महिला वर्गको आवद्धता वढ्दो<br>• दुध, तरकारी तथा कुखुराको मासु तथा अण्डाको वार्षिक उत्पादन र खपत वढ्दो दरमा<br>• पशुपंक्षीजन्य उपजहरु दुध, मासु, अण्डा आदिको व्यापक वजार क्षेत्र उपलव्ध | • पशुपंक्षीजन्य रोग नियन्त्रण गर्नु<br>• उन्नत जातका पशुपंक्षी विकास गर्नु<br>• पशुपंक्षी वीमामा नीतिगत स्पष्टता ल्याउनु<br>• पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा तथा अनुदान सुविधा प्रदान गर्नु<br>• युवाहरु पशुपंक्षीपालन प्रति आकर्षण वढाउनु<br>• पशुपंक्षीहरुको पालनका लागि पर्याप्त जग्गा उपलव्ध गराउनु |
| **सवाल पक्ष** | **कमजोर पक्ष** |
| • नश्ल सुधार, कृत्रिम प्रजनन, प्राथमिक उपचार केन्द्रहरु कियाशील<br>• व्यवसायिक पशुपंक्षी व्यवसायिक फर्महरु कियाशील<br>• कुखुराको अण्डा, दुध वाह्य वजार क्षेत्रहरुमा विकी वितरण हुँदै आएको<br>• पशु प्राविधिक तथा भेटेरीनरीको व्यवस्था | • दुध प्रशोधन तथा विविधीकरणको व्यवस्था अभाव<br>• पशुपंक्षी पालनका पूर्वाधारहरु : सङ्कलन केन्द्र, दुध चिस्यान केन्द्र, पशुपंक्षीवधशालाको अभाव<br>• सीमित पशुपंक्षी उपचार केन्द्र, औषधी भण्डारणको व्यवस्था हुनु |

**ख) उद्देश्य**

पशुपंक्षीपालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण गर्दै कृषकहरुको आयआर्जनको भरपर्दो स्रोत को रुपमा विकास गर्नु ।

**ग) रणनीति**

१. पशुपंक्षीपालनमा व्यवसायिकता बिकास गर्ने
२. पशुपंक्षीपालनमा महिला, दलित एवं अति विपन्न वर्गको आवद्धतामा वृद्धि गर्ने
३. नीजि तथा सहकारी क्षेत्रहरुसंग सहकार्यका साथै वजार सुचना प्रणालीको व्यवस्थापन गर्ने
४. तुलनात्मक लाभ र उच्च मुल्यका वस्तु उत्पादन तथा वजारीकरण गर्ने
५. पशुपंक्षी सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ अन्तर्गतका कार्यनीतिहरु**

१.१. कृषक समुदाय, सहकारी संस्था एवं कृषकहरुमा प्रतिस्पर्धी क्षमता वृद्धि गदै पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राविधिक सेवा, वित्तीय सेवा लगायत अन्य सेवा उपलब्ध गराइनेछ ।
१.२. तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिकपालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको स्रोत को रुपमा स्थापित गराइनेछ ।
१.३. स्थानीय प्रजातिहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमवाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।
१.४. व्यवसायिक कुखुरा, वङ्गुर र वाखापालनलाई प्रोत्साहित गरिनेछ ।
१.५. पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।
१.६. वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको ब्यवस्था गरी प्रोत्साहित गरिनेछ ।
१.७. आधुनिक प्रविधियुक्त गोठ तथा खोर निर्माण सञ्चालनमा ल्याइनेछ ।

**रणनीति २ अन्तर्गतका कार्यनीतिहरु**

२.१. पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी वृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिने छ ।
२.२. सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजार वारे जानकारी नियमित रुपमा गराउने संयन्त्र बिकास गरिनेछ ।

**रणनीति ३ अन्तर्गतको कार्यनीतिहरु**

३.१. आवश्यक पूँजीको अभावमा पशुपंक्षी पालनलाई व्यवसायिक रुपमा अगाडि वढाउन नसक्ने महिला, दलित, तथा अति विपन्न वर्गलाई आवश्यकताका आधारमा अनुदान उपलव्ध गराउदै पशुपंक्षीपालनलाई आय आर्जनको एक मुख्य स्रोत को रुपमा स्थापित गर्न सहयोग गरिनेछ ।
३.२. पशुपंक्षीजन्य व्यवसायमा विपन्न, दलित महिला, युवाको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोत को रुपमा विकास गरिनेछ ।
३.३. न्यून लागत तथा तुलनात्मक रुपमा वढी लाभ आर्जन गर्न सकिने पशुपंक्षीजन्य वस्तुहरुको व्यवसायिक पालनमा प्रोत्साहित गर्दै आवश्यक सहयोग उपलव्ध गराइनेछ ।

३.४. सहकारी संस्था तथा सामुहिक रुपमा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक पालन गर्न प्रोत्साहित गरिनेछ। यसरी सामुहिक रुपमा गरिने पशुपंक्षी पालन व्यवसायका लागि नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

३.५. महिला, दलित, तथा अति विपन्न वर्ग आर्थिक तथा सामाजिक अवस्थामा सुधारका लागि सहकारी तथा निजीक्षेत्रसंग समन्वय गरी उत्पादित वस्तुहरुको विकी वितरणमा सहजता ल्याइनेछ ।

**रणनीति ४ अन्तर्गतका कार्यनीतिहरु**

४.१. जनावरवाट मानवमा सर्ने रोग नियन्त्रण गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गर्दै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ।

४.२. पशुपंक्षीहरुमा लाग्ने सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवा सञ्चालन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय वेरोजगार युवाहरुलाई आवद्ध गर्दै युवाहरुलाई तालिम प्रदान गरी क्षमता विकास गरिनेछ।

४.३. खुल्ला मासु विकी वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ। वजारका निश्चित क्षेत्रहरुमा पशुवधशाला निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गरिनेछ।

**रणनीति ५ अन्तर्गतको कार्यनीति**

५.१ पशुपंक्षी व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिने छ र नियमित रुपमा अनुगमन र नियमनका लागि एक संयन्त्र बिकास गरिनेछ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : १४**

**१.२ : पशुपंक्षीपालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | पशुपंक्षीको वार्षिक विकी वृद्धिदर (दुध, मासु र अण्डाको कूल) | प्रतिशत | ३७ | ३८ | ४० | ४२ | ४३ | ४५ | नगर पालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. पशु पंक्षी पालनमा व्यवसायिकताको विकास भएको हुनेछ | व्यवसायिक पशुपंक्षी पालनमा संलग्न घरधुरी | संख्या | २१०० | २२०० | २३०० | २४०० | २५०० | २६०० | नगर पालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>नगर पालिका पार्श्वचित्र | कृषकहरु व्यवसायिक पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने।<br>कृषकहरु लाई प्राविधिक सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने। |
| | व्यवसायिकपशुपालन फर्म | संख्या | १४२ | १५० | १५८ | १६६ | १७४ | १८२ | | |
| | पशुपंक्षी वीमासेवा वाट लाभान्वित कृषक | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | | |
| | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र | संख्या | १ | २ | ३ | ३ | ३ | ३ | | |
| | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिमप्रजनन,क्यासट्रेसन ) उपयोग गर्ने कृषक | प्रतिशत | ८० | ८२ | ८३ | ८४ | ८५ | ८६ | | |
| २. पशु पंक्षीको | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | १ | २ | ३ | ३ | ३ | ३ | | |

**तालिका : १४**
**१.२ : पशुपंक्षीपालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वजार प्रवर्द्धन भएको हुनेछ | दुध उत्पादन वार्षिक | मे.टन | ८ | १०.४ | ११.२ | १२.१६ | १३.२८ | १४.५६ | | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने |
| | वार्षिक दुध विक्री | मे.टन | ५ | ६.५ | ७ | ७.६ | ८.३ | ९.१ | | |
| | खसी बोका, बङ्गुर आदिको विक्री | रु. करोड | १.५ | १.६ | १.७ | १.८३ | २.० | २.२ | | |
| ३. पशु पंक्षी पालन व्यवसाय सुरक्षित र मर्यादित भएको हुनेछ | वार्षिक कुखुराको मासु तथा अण्डा विक्री | रु. करोड | १ | १.२ | १.४ | १.७ | १.८ | २.० | | |
| | चालु अवस्थाका व्यवसायिक कुखुरा पालन फर्महरु | संख्या | १८ | १९ | २० | २१ | २२ | २३ | | |
| | पशुजन्य सङ्कामक रोग विरुद्ध खोप लगाएका पशुपंक्षीहरु | संख्या | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | | |
| | पशुजन्य सङ्कामक रोगबाट वार्षिक क्षति | रु. लाख | ५ | ४ | ४ | ३ | ३ | २ | | |

| कियाकलाप तथा कार्यकम | बजेट रु. |
|---|---|
| १. पशुपंक्षीपालन व्यवसायिक क्षमता विकास तथा प्राविधिक सहयोग<br>२. पशुपंक्षीको वजार विकास एवं प्रवर्द्धन<br>३. उन्नत जातका गाई, वाखा, वङ्गुर, कुखुरापालन प्रवर्द्धन कार्यकम<br>४. विपन्न महिला, दलितलाई व्यवसाय स्थापना र सञ्चालन सहयोग<br>५. पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था<br>६. कृषक सम्मान कार्यकम | **३३ करोड १८ लाख ८३ हजार ९३२** |

### ५.५.३ पर्यटन बिकास

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : १५**
**पर्यटन विकास : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ धार्मिक सम्पदाहरु : चण्डेश्वरी मन्दिर (सपनतीर्थ), वौडेश्वर महादेव, इन्द्रेणी, वसुन्धरा देवी, मनोहरतीर्थ मन्दिर<br>➧ प्राकृतिक सम्पदा, वन्यजन्तु तथा चराचुरुङ्गी अवलोकन : शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, झोर झरना, गुर्जे भन्ज्याङ<br>➧ साहसिक पर्यटन: पदयात्रा तथा हाइकिङ, क्यानोपिङ<br>➧ सांस्कृतिक सम्पदा : नेवार संस्कृति | ➧ स्थानीय भाषा, संस्कृति, चाँडपर्वहरु कमिक रुपमा लोपोन्मुख र त्यसको संरक्षण गर्नु<br>➧ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्यटकीय गतिविधि सञ्चालन गर्नु<br>➧ लगानी गर्न निजीक्षेत्रलाई आकर्षित गर्नु |

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| ➧ पर्यटकीय क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन हुँदै आएको<br>➧ होटेल, होस्टेहरु संचालनमा<br>➧ पर्यटन विकासका पूर्वाधारहरु क्रमशः निर्माण हुदै<br>➧ पर्यटनलाई आयआर्जनसंग जोड्न प्रयास<br>➧ पर्यटन उद्योगसंग सम्वन्धित जनशक्तिको क्षमता विकास तथा तालिम प्रदान भएको | ➧ दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको<br>➧ सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु<br>➧ साहसिक पर्यटन क्षेत्रको विकास हुन नसक्नु<br>➧ धार्मिक एवं ऐतिहासिक क्षेत्रहरुको प्रचार प्रसार एवं प्रवर्द्धन नहुनु<br>➧ नेवारी संस्कृतिमा आधारित सङ्ग्रहालय निर्माण नहुनु |

**ख) उद्देश्य**

पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन तथा पूर्वाधारहरुको स्तरोन्नति गर्दै पर्यटकहरुको आगमनवाट रोजगारीका अवसरहरु श्रृजना गर्नु ।

**ग) रणनीतिहरु**

१. गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार गर्ने

२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने

३. महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने

४. पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१.१. नगरपालिका भित्र सम्भावित पर्यटकीय क्षेत्र तथा पर्यटकीय उत्पादनहरु पहिचान गरी त्यसको विवरण तयार पार्दै त्यस्ता उत्पादनहरुको बिकास गर्न तथा गन्तव्य क्षेत्रहरुमा पुग्न आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरु निर्माण र सुरक्षा व्यवस्था गरिनेछ ।

१.२. सामाजिक सञ्जाल लगायत विभिन्न विद्युतीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ ।

१.३. पर्यटन व्यवसायमा आवद्ध राष्ट्रिय तथा स्थानीय संघ संस्था, होटेल, ट्राभल्स एजेन्सीहरुसंग सहकार्य एकीकृत रुपमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१.४. पर्यटनमा आधारित उद्योग व्यवसायहरु सञ्चालनका लागि स्थानीय वेरोजगार युवाहरु एवं सहकारीमा आवद्ध सदस्यहरुलाई सीप तथा उद्यमशील बिकास तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१.५. निजी क्षेत्रसंगको सहकार्यमा एक निश्चित समय निर्धारण गरी आन्तरिक एवं वाह्य पर्यटक वृद्धिका लागि पर्यटन महोत्सव नियमित रुपमा आयोजना गरिनेछ ।

१.६. पयर्टकहरुको सुरक्षा, औषधोपचार, होटेल, गाइड जस्ता न्यूनतम पूर्वाधारहरुको व्यवस्थाका लागि स्थानीय वासिन्दाहरुको क्षमतामा अभिवृद्धि गरिनेछ ।

१.७. पर्यटकीय गन्तव्य स्थानहरुमा पुग्न सम्भव भएसम्म सवैप्रकारका यातायातको व्यवस्थाका लागि निजीक्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

१.८. सडक, खानेपानी, विद्युत लगायतका भौतिक पूर्वाधार निर्माणमा लगानी बढाईने छ ।

१.९. सुविधा सम्पन्न होटल, Home Stay लगायतका पूर्वाधार विकासमा नीजि क्षेत्रलाई प्रोत्सहान गरिनेछ ।

१.१०. पर्यटकिय पूर्वाधार शुल्कलाई सोहि स्थानको पूर्वाधार विकासमा उपयोग गरिने छ ।

१.११. पदयात्रा पर्यटन र साइक्लिङ्गको लागि आवश्यक पूर्वाधारहरु विकास गरी सञ्चालनमा ल्याइनेछ ।

**रणनीति २ को ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१. महत्वपूर्ण सम्पदाहरुको जीर्णोद्वार, मर्मत सम्भार, ताम्रापत्र राख्दै सम्पदाको व्यवस्थापन तथा नियमित सरसफाइका लागि स्थानीयहरुसंग सहकार्य गरिनेछ ।

२.२. लोपोन्मुख एवं अन्य सवैप्रकारका कला, भाषा र संस्कृतिहरु झल्कने गरी उपयुक्त स्थानमा एकीकृत सङ्ग्रहालय निर्माण गर्दै सम्पदाको संरक्षण एवं व्यवस्थापनका लागि स्थानीय वासिन्दाहरुसंग सहकार्य गरिनेछ ।

२.३. स्थानीय संस्कृतिहरु झल्कने गरी होमस्टे सञ्चालन गर्न स्थानीय महिला, दलित तथा अति विपन्न वर्गलाई प्रोत्साहित गरिनेछ । होमस्टे सञ्चालन गर्न आवश्यक सीप तथा उद्यमशीलता बिकास सम्बन्धी तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

**रणनीति ३ को महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१. होमस्टे सञ्चालन गर्न आवश्यक सवै सीप तथा उद्यमशीलता बिकास तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि एवं आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउदै आय आर्जन एवं स्वरोजगारीको अवसर श्रृजना गरिनेछ ।

३.२. होमस्टे सञ्चालन गर्न आवश्यक लगानी पूँजीको अभावमा होमस्टे सञ्चालनमा अवरोध आएमा वित्तीय संस्थासंग समन्वय गरी सहयोग उपलव्ध गराइनेछ ।

**रणनीति ४ को पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१. पर्यटन बिकासका लागि दीर्घकालीन नीति, गुरुयोजना बनाई सोही अनुसार कार्यान्वयन गरिनेछ ।

४.२. पयर्टन बिकास, प्रवर्द्धनका लागि कानुन, मापदण्ड बनाई त्यसको अनुगमन र नियमन गरिनेछ ।

### ङ) तर्कवद्ध खाका

**तालिका : १६**
**१.३ : पर्यटन विकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या | २०० | २०५ | २१० | २१६ | २२१ | २२५ | नपा को वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. सम्पदा संरक्षण, प्रवर्द्धन गर्दै गन्तव्य | धार्मिक पर्यटन सञ्चालन स्थान | संख्या | ५ | ६ | ६ | ६ | ६ | ६ | नपा को वार्षिक प्रगति प्रतिवेदन | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने |
| | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (यातायात, सुरक्षा, होटेल आदि) | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संस्था | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| | व्यवस्थित, सुविधा युक्त, | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | नगर | |

**तालिका : १६**
**१.३ : पर्यटन विकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थलहरु को विकास, विस्तार एवं पूर्वाधार निर्माण भएको हुनेछ | आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | | | | | | | | पालिका पार्श्व चित्र | संघ, प्रदेश र अन्तर नगर पालिका वीच सहकार्य र समन्वय भएको हुने |
| | पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक पर्यटकीय स्थान | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| २. पर्यटन मा आधारित उद्योग व्यवसाय को प्रवर्द्धन एवं रोजगारी श्रृजना भएको हुनेछ | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (१ पर्यटकीय क्षेत्र, २ सूचनाकेन्द्र, ३ गाइड, ४सुरक्षा, ५ होमस्टे, ६ मुद्रा सटही ७. होटेल रेष्टुरेण्ट, ८. यातायात, ९.सपिङ, १०. एजेण्ट, आदि) | संख्या | ५ | ६ | ८ | ९ | १० | १० | | |
| | सञ्चालित तथा व्यवस्थित पदमार्ग को लम्बाइ (कूल) | कि.मि . | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | नपा बाहिरका प्रशिद्ध पर्यटकीय गन्तव्यसंग जोडिएका पर्यटकीय स्थानहरु | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | | |
| ३. पर्यटक संख्यामा वृद्धि भई राजस्व सङ्कलन मा अभिवृद्धि भएको हुनेछ | व्यवस्थित बनभोज उद्यम पार्क | सख्या | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| | तालिम प्राप्त टुर गाईड | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | तालिम प्राप्त कुक वेटर | सख्या | ५५ | ६० | ७० | ७५ | ८० | ८५ | | |
| | पर्यटनमा आधारित उद्योग व्यवसायहरु | संख्या | - | ५ | ६ | ७ | ८ | ९ | | |
| | सालभरि भ्रमण गर्ने आन्तरिक पर्यटक | संख्या लाख | ०.५० | ६ | ७ | ८ | ९ | १० | | |
| | सालभरि भ्रमण गर्ने वाह्य पर्यटक | संख्या | - | ५ | १० | १० | १५ | १५ | | |
| | भ्रमण गर्नेपर्यटकहरु को औषत बसाई | दिन | १ | २ | २ | २ | २ | २ | | |
| | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु. हजार मा | ०.५ | १ | १ | १.५ | १.५ | १.५ | | |
| | पर्यटनबाट राजस्व सङ्कलन | रु. लाख | - | ५ | ८ | १२ | १४ | १५ | | |
| **क्रियाकलाप तथा कार्यक्रम** | | | | | | | | | **बजेट रु.** | |

**तालिका : १६**
**१.३ : पर्यटन विकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १. पर्यटन दीर्घकालीन नीति तथा गुरुयोजना तयारी<br>२. पर्यटन सम्बन्धी तालिम तथा उद्यमशीलता बिकास<br>३. पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार निर्माण<br>४. पर्यटकीय उत्पादनहरु (पदमार्ग, होम स्टे, क्युरियो पसल, हस्तकला उत्पादन) को बिकास<br>५. पर्यटन क्षेत्रहरुको प्रचार प्रसार<br>६. ऐतिहासिक तथा पुरातात्तिक महत्वका बस्तु तथा स्थलको संरक्षण<br>७. सत्तल, पार्टी-पौवा निर्माण तथा जिर्णेद्धार, मर्मत सम्भार<br>८. धार्मिक महोत्सव तथा मेला प्रदर्शनी कार्यक्रम<br>९. साँस्कृतिक सङ्ग्रहालय निर्माण<br>१०. होमस्टे सञ्चालन सहयोग कार्यक्रम | | | | | | | | | | **७७ करोड ४३ लाख ९५ हजार ८४१** |

### ५.५.४ उद्योग, व्यापार तथा व्यवसाय

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : १७**
**उद्योग, व्यापार तथा व्यवसाय क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ कृषिमा आधारित फलफुल, तरकारी, एवं दुग्धजन्य पदार्थमा आधारित उद्योगहरु, पशुपंक्षीमा आधारित उद्योग व्यवसायहरुको सञ्चालन सम्भाव्यता वढी<br>➧ पर्यटनमा आधारित उद्योग व्यवसायहरु कटेज, रिर्सोट, होमस्टे, होटेल रेष्टुरेण्ट, क्षेत्रमा निजी क्षेत्रको आवद्धता वढ्दो<br>➧ आवास, शिक्षा, स्वास्थ्य क्षेत्रहरु (हासजिङ्ग, संस्थागत विद्यालय एवं अस्पताल) मा निजीक्षेत्र आकर्षित<br>➧ चाकु उद्योगको व्यापारिक चिन्ह (ट्रेडमार्क) दर्ता गर्न सकिने | ➧ आयातित वस्तुमा परनिर्भरता घटाउदै कृषि उपजहरुमा आत्मनिर्भरताका लागि स्व उत्पादन वढाउनु<br>➧ स्थानीय कच्चा पदार्थ, साधन स्रोत मा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु<br>➧ व्यवसायिक सीपयुक्त जनशक्तिको विकास गर्नु र वजारको माग अनुसार जनशक्ति तयार पार्नु<br>➧ औद्योगिक व्यवसाय विस्तार तर्फ निजी क्षेत्रलाई आकर्षित गर्दै लगानी भित्र्याउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ चाकु, काष्ठ, औषधी, हस्तकला उद्योगहरु सञ्चालनमा रहेको<br>➧ उद्यशीलता एवं व्यवसायिक सीप विकास तालिम कार्यक्रम हरु सञ्चालनमा र स्तरोन्नतिमा सहयोग<br>➧ महिला उद्यमी प्रवर्द्धनात्मक कार्यक्रम हरु सञ्चालन | ➧ स्थानीय हाटवजार र वाह्य वजारसंग सम्वन्ध स्थापित हुन नसकेको र वजार प्रवर्द्धन हुन नसकेको<br>➧ उद्योगहरुमा आधारभूत पूर्वाधारहरु उपलब्ध हुन नसक्नु<br>➧ स्थानीय लघु, घरेलु तथा साना उद्योगहरुको विकास विस्तार तथा प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम नहुनु |

**ख) उद्देश्य**

स्थानीय साधन स्रोतहरुको दिगो सदुपयोग गर्दै लघु, घरेलु तथा साना उद्योग व्यवसायहरुको विकास, विस्तार एवं प्रवर्द्धनवाट स्थानीयहरु अर्थतन्त्रमा गतिशीलता ल्याउनु ।

**ग) रणनीतिहरु**

१. स्थानीय कच्चा पदार्थ, साधन स्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने

२. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने

३. उद्योग व्यवसायमा महिला, दलित तथा अतिविपन्न वर्गको आवद्धता वढाउने

४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को स्थानीय कच्चा पदार्थ, साधन** स्रोत **र सीपको सदुपयोगमा वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१. स्थानीय स्तरमा खेरगइरहेका साधन, स्रोत, सीप प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा निजी क्षेत्रसंग समन्वय, सहकार्यवाट रोजगारीका अवसरहरु श्रृजना गरिनेछ ।

१.२. तुलनात्मक लाभ तथा व्यवसायिक सम्भाव्यता भएका वस्तुहरुको पहिचान एवं विस्तृत अध्ययन गरी सोका आधारमा वेरोजगार युवाहरुलाई सीप बिकास एवं उद्यमशीलता बिकास तालिम प्रदानवाट क्षमता अभिवृद्धि गरिनेछ । प्रशिक्षित युबालाई सहुलियत दरमा वैकिङ्ग ऋण उपलव्ध गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गरिनेछ ।

१.३. वैदेशिक रोजगारवाट फर्केका युवाहरुलाई कृषि, पशुपंक्षीपालन, तरकारी, फलफुल तथा पर्यटन क्षेत्रमा व्यवसायिक तथा उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।

१.४. सहकारी संस्थामा आवद्ध सवै सदस्यहरुलाई खासगरी रैथाने बाली, हस्तकलाका सामान जस्ता निर्यातजन्य उत्पादनका लागि सीप एवं उद्यमशीलता बिकास तालिम प्रदान गरी क्षमताका आधारमा एकल तथा सामुहिक रुपमा उद्योग व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गर्दै स्वरोजगारीमा जोड दिइनेछ ।

१.५. परम्परागत, मौलिक एवं कला संस्कृतिसंग सम्वन्धित उद्योग व्यवसायहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गर्दै युवाहरुमा सीप हस्तान्तरण, उद्यमशीलता बिकासका लागि प्रोत्साहित गरिनेछ ।

**रणनीति २ को स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१. चाकु व्यवसाय प्रवर्द्धनका लागि व्यापारिक चिन्ह (ट्रेडमार्क) दर्ता गरिनेछ । यसका लागि स्थानीय चाकु उद्यमी व्यवसायीहरु संग सहकार्य गरिनेछ ।

२.२. स्थानीय कच्चा पदार्थमा आधारित हस्तकला उद्योग व्यवसायको प्रवर्द्धन गरिनेछ । यसका लागि व्यवसायिक तथा सीप विकास तालिम सञ्चालन, प्राविधिक सहयोग, एवं वजार सञ्जाल विकासमा सहयोग गरिनेछ ।

२.३. शहरी क्षेत्रमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन गरिनेछ । यस क्षेत्रको प्रवर्द्धनका लागि एक कार्यविधि तर्जुमा गरी आवश्यक प्राविधिक सहयोग उपलव्ध गराइनेछ ।

२.४. नगरपालिकाको प्रमुख वजार क्षेत्रमा विकी कक्ष, प्रदर्शनी कक्ष, कोशेलीघर स्थापना गर्दै स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गरिनेछ ।

२.५. स्थानीय एवं प्रदेश स्तरीय व्यापार मेला, प्रदर्शनी आयोजनाका लागि सहकारी एवं निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।

२.६. स्थानीय उत्पादनलाई वैदेशिक वजारसम्म पुऱ्याउन सवै प्रकारका सहयोगलाई प्रभावकारी बनाइनेछ ।

**रणनीति ३ को उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने अन्तर्गतका कार्यनीतिहरु**

३.१. महिला, दलित तथा अति विपन्न वर्गको रोजगारी एवं आय स्तरमा वृद्धिका लागि एकल, सामुहिक, साझेदारीमा उद्योग व्यवसाय स्थापनामा सहजीकरण र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

३.२. परम्परागत सीपलाई पुस्तान्तरण गर्दै ब्यबसायीकरण गर्न प्रोत्साहित गरिनेछ ।

३.३. पूँजीको अभाव उद्योग व्यवसाय शुरुवात गर्न नसकेका सम्भावित उद्यमीहरुलाई सहकारी तथा वित्तीय संस्थासंग समन्वय गरी व्यवसाय सञ्चालनको वातावरण श्रृजना गरिनेछ ।

३.४. परियोजनामा आधारित कर्जा प्रवाहको व्यवस्थाका लागि वित्तीय क्षेत्रसंग सहकार्य गरिनेछ ।

**रणनीति ४ को उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१. लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि नीति, दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४.२. उद्योग व्यवसाय बिकास सम्बन्धी कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।

४.३. स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : १८**
**१.४ उद्योग, व्यापार तथा व्यवसाय**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | नगरपालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | ५:१ | ५:१ | ५:१.५ | ५:२ | ५:२.२५ | ५:२.५ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र संग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. सीप तथा क्षमता अभिवृद्धि भई उद्यमशीलता विकास भई महिलाहरुको अवद्धता एवं रोजगारी | चालु लघु, घरेलु तथा साना उद्योग (रु.१ करोड सम्म का औपचारिक अनौपचारिक क्षेत्र) | संख्या | ५७३५ | ६०२२ | ६४४३ | ६९५९ | ७५८५ | ८३४३ | घरेलु उद्योग कार्यालयको अभिलेख | लगानी मैत्री वातावरण श्रृजना भएको हुने |
| | चालु मझौला उद्योग ( रु.१५करोड सम्म अनौ/ औपचारिक | संख्या | १०१२ | १०६३ | ११३७ | १२२८ | १३३९ | १४७२ | नगरपालिकाको वार्षिक | सहकारी, निजी क्षेत्रसंग सहकार्य |

**तालिका : १८**
**१.४ उद्योग, व्यापार तथा व्यवसाय**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| वृद्धि भएको हुनेछ<br><br>२. स्थानीय सीप, प्रविधिमा आधारित निकासी जन्य तथा हस्तकलामा आधारित उद्योगहरुको प्रवर्द्धन भएको हुनेछ<br><br>३. नगरपालिकाको उद्योग प्रशासन प्रभावकारी भई व्यवसाय सञ्चालन व्यवस्थित र वौद्धिक सम्पत्ति संरक्षण भएको हुनेछ | क्षेत्र) | | | | | | | | प्रगति प्रतिवेदन<br><br>अद्यावधिक नगरपालिका पार्श्वचित्र | भएको हुने |
| | कानुन अनुसार सम्वन्धित निकाय मा कर चुक्ता गर्ने उद्योग | संख्या | १०१२ | १०१२ | १३४९ | १६८७ | २०२४ | २३६१ | | |
| | उत्पादनमूलक उद्योगहरु | संख्या | ६४२ | ६४५ | ६५० | ६५७ | ६६७ | ६८० | | |
| | सुचारु व्यापार व्यवसाय | संख्या | ३५७४ | ३५९२ | ३६२१ | ३६५७ | ३७१२ | ३७८६ | | |
| | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ | | |
| | नगरपालिकामा दर्ता र नियमित नवीकरण भई सञ्चालित उद्योग व्यवसाय | संख्या | ५०० | ५५० | ६०० | ६२० | ६५० | ६७५ | | |
| | स्थानीय हस्तकला मा आधारित उद्योग व्यवसाय | संख्या | २० | २५ | ३० | ३५ | ४० | ४२ | | |
| | निकासीजन्य कच्चा पदार्थको उपलव्धता | मे.टन | ५ | ७ | ६ | ४ | ४ | ४ | | |
| | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | २५० | ३०० | ३५० | ४०० | ४५० | ५०० | | |
| | सीपमूलकव्यवसायिक तालिम आर्जन गर्ने | संख्या | १४४ | २५० | ३०० | ३५० | ४०० | ४५० | | |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | संख्या | १३५ | १४० | १४५ | १५० | १७० | २०० | | |
| | रोजगारीमा गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | ९३ | ९२.५ | ९२ | ९१ | ९०.५ | ९० | | |
| | वौद्धिक सम्पत्ति संरक्षणका लागि व्यापारिक चिन्ह दर्ता भएका उत्पादनहरु | संख्या | ३ | ४ | ४ | ५ | ६ | ६ | | |
| | तरकारी, फलफुल, लगायत खाद्यान्न को बिकी केन्द्र | संख्या | १० | ११ | १२ | १३ | १४ | १४ | | |
| | सहकारी संस्था मार्फत सञ्चालित सुपथमूल्यका पसल | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | | |

**तालिका : १८**
**१.४ उद्योग, व्यापार तथा व्यवसाय**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | मूल्यसूची सहित सञ्चालितव्यवसाय | संख्या | १७९ | ३५९ | ५४३ | ७३१ | ९२८ | ११३६ | | |
| | सार्वजनिक निजि एवं सहकारीको साझेदारीमा सञ्चालित उद्योग व्यवसाय | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार व्यवसाय हरुमा भएको कुल लगानी | रु. अर्वमा | १०० | १२० | १३० | १५० | १७५ | २०० | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम<br>२. चाकुको व्यापारिक चिन्ह दर्ता<br>३. चाकु प्रवर्द्धन कार्यक्रम<br>४. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन<br>५. हस्तकला उद्योग विकास तथा वजार प्रवर्द्धन<br>६. व्यापार मेला सञ्चालन<br>७. विपन्न महिला, दलित तथा युवा स्वरोजगारी प्रवर्द्धन | १ अर्व १० करोड ६२ लाख ७९ हजार ७७३ |

### ५.५.५ वैंक, वित्तीय संस्था तथा सहकारी बिकास

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : १९**
**वैंक, वित्तीय संस्था तथा सहकारी विकास क्षेत्र : सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ कर्जा तथा ऋण सेवा सुविधा उपलव्ध<br>➧ निक्षेप सङ्कलन हुँदै आएको<br>➧ वाणिज्य वैंक, लघु वित्त एवं सहकारी संस्थाहरु क्रियाशील<br>➧ वचत, लगानी, रेमिट सेवा सुविधाहरु उपलव्ध | ➧ विपन्न वर्गलाइ वैंकिङ सेवा पहुँच वृद्धि गर्नु<br>➧ कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु<br>➧ परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध गर्नु |

| | |
|---|---|
| ➧ सहकारीहरुको सञ्चालनवाट वचत सङ्कलन भएको | ➧ व्याँजदरलाई नियन्त्रण गर्नु<br>➧ धितो मूल्याङ्कनमा जटिलता हटाउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ आम नागरिकहरुको वचत सङ्कलन, कर्जा प्रवाह एवं रेमिट सेवाहरु सञ्चालनमा<br>➧ वित्तीय एवं सहकारी संस्थाहरु नगरपालिका क्षेत्र भित्र क्रियाशील रहेको<br>➧ सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग | ➧ वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु<br>➧ महिला सहकारी संस्थाहरुको विस्तारमा कमि<br>➧ सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु |

**ख) उद्देश्य**

ग्रामीण क्षेत्रहरुको समेत पहुँच अभिवृद्धि गर्दै वित्तीय संस्थाहरुको सहकार्यवाट प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभ भएका व्यवसायिक क्षेत्रहरुमा वित्त परिचालन गरी स्थानीय आर्थिक समृद्धिमा योगदान पुऱ्याउनु ।

**ग) रणनीतिहरु**

१. सहकारीता बिकास गर्ने

२. सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने

३. विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने

४. वैंक, वित्तीय संस्था तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सहकारीता बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१. छरिएर रहेका तथा अनुत्पादक क्षेत्रका पूँजीहरुलाई एकीकृत गर्दै सहकारी संस्था स्थापना गर्न प्रोत्साहन गरिनेछ । एकीकृत पूँजीलाई उद्योग, व्यवसाय तथा उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगारी श्रृजना एवं आय आर्जन वृद्धि ल्याउन सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

१.२. क्रियाशील सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै व्यवस्थापकीय पक्षमा मजबुज बनाउदै एक घर एक सहकारी अवधारणा अवलम्वन गरिनेछ ।

१.३. कृषक समूह, उद्यमी समूह, महिला, स्थानीय उद्यमी तथा व्यवसायीहरुलाई सहकारीमा आवद्ध हुन प्रोत्साहित गर्दै सहकारीका सदस्यहरुमा उद्यमशीलता बिकास, उत्पादन, बजारीकरण, वित्तीय व्यवस्थापन, नेतृत्व विकास, सहकारी व्यवस्थापन, सहकारी शिक्षा, सूचना प्रणाली, लगानी व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ ।

१.४. सहकारी संस्थाहरुको माध्यमवाट स्थानीय उत्पादनहरुको वजार विकास विस्तार तथा प्रवर्द्धनका लागि सहयोग उपलव्ध गरिनेछ ।

१.५. सहकारी संस्थावाट सहज एवं सहुलियत दरमा कर्जा प्रवाहका लागि सहजीकरण गरिनेछ ।

१.६. कृषि तथा बहुउद्देश्यीय सहकारीसंग समन्वय कायम गरी विपन्न वर्ग लक्षित सुपथ मूल्यमा उपभोग्य वस्तु उपलब्ध गराइनेछ ।

**रणनीति २ को सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन अन्तर्गतका कार्यनीतिहरु**

२.१. तरकारी तथा फलफुल लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु श्रृजना गरिनेछ ।

२.२. महिला, दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पुऱ्याउन व्यवसायको प्रकृति र आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ ।

२.३. स्थानीय साधन, स्रोत, सीप र रोजगार प्रवर्द्धन हुने क्षेत्र एवं महिला समूहद्वारा सञ्चालित उद्योग व्यवसायहरुमा लगानी गर्न नीतिगत व्यवस्था, सामुहिक जमानीमा कर्जा व्यवस्था, कर्जा लिने प्रकियालाई सहज र ऋण सुविधामा पहुँच वृद्धि गरिनेछ ।

२.४. वित्तीय संस्थाहरुसंगको सहकार्यमा वैकिङ्ग ऋणलाई सहज, सुलभ र धितो मूल्याङ्कन एवं व्याँजदरलाई व्यवहारिक बनाइनेछ ।

२.५. न्यूनदरमा सुलभ कृषि कर्जा उपलब्ध गराउन सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

**रणनीति ३ को विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन अन्तर्गतका कार्यनीतिहरु**

३.१. विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्न सम्वन्धित परिवारहरुमा वित्तीय साक्षरता, सीप बिकास, उद्यमशीलता बिकास तालिम कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

३.२. विप्रेषणलाई छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी गर्न नीतिगत व्यवस्था गरिनेछ ।

**रणनीति ४ को वैंक, वित्तीय संस्था तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

४.१. सम्पूर्ण वडामा वित्तीय संस्थाका शाखाहरु विस्तार गर्ने ।

४.२. वित्तीय, सहकारी एवं विप्रेषण लगानी सम्बन्धी नीति, कानुन, मापदण्ड बनाई अनुगमन र नियमन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : २०**
**वैंक, वित्तीय संस्था तथा सहकारी बिकास**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | ६० | ६५ | ६८ | ७० | ७३ | ७५ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | अन्तर सरकार र निजी, सहकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. सहकारी संस्थाको विस्तार भई महिला आवद्धतामा वृद्धि भएको हुनेछ | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | १५० | १६० | १७० | १८० | १९० | २०० | वैंक, वित्तीय तथा सहकारी संस्थाहरुको अभिलेख तथा प्रतिवेदन<br><br>नगरपालिका पार्श्व चित्र | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु संग सहकार्य भएको हुने<br><br>सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने |
| | वैंक तथा वित्तीय संस्थाहरुमा सङ्कलित निक्षेप | रु.करोड | ९५० | ९५५ | ९६० | ९८० | ९९० | १०००० | | |
| | आर्थिक रुपमा सकिय जनसंख्या (१५-६४) को वैंक खाता | संख्या हजार | ५ | ६ | ६ | ७ | ७ | ९ | | |
| | वैंक तथा वित्तीय संस्थाहरुवाट प्रवाह भएको कुल कर्जा | रु. करोड | ५७० | ६२१ | ६५३ | ६८६ | ७२३ | ७५० | | |
| २. कर्जा प्रवाहमा सहजता | बैक तथा वित्तिय संस्थाहरुबाट उपलब्ध सेवा कारोवारको प्रकार (१ बचत | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | | |

| तालिका : २० वैंक, वित्तीय संस्था तथा सहकारी बिकास | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| आई सोमा पहुँच अभिवृद्धि भएको हुनेछ | तथा लगानी २.रेमिट ३.मुद्रा सटही ४.व्यवसायिक परामर्श) | | | | | | | | | |
| | वचत तथा ऋण समेत को कूल सहकारी संस्था | संख्या | १०९ | ११५ | १२० | १२५ | १३० | १५० | | |
| | महिलाद्वारा सञ्चालित सहकारी | संख्या | ८ | १५ | २० | २५ | ३० | २५ | | |
| | कृषि क्षेत्रमा सहकारी संस्था कियाशील | संख्या | ७ | १५ | २० | २५ | ३५ | ४० | | |
| | सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | संख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ | | |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या लाखमा | ०.७५ | ०.८० | ०.९० | १.० | १.१० | १.२० | | |
| | सहकारी संस्थावाट भएको कूल कर्जा लगानी | रु. अर्वमा | २५ | २६ | २७ | २८ | २९ | ३० | | |
| | सहकारी संस्थामा सङ्कलित कुल निक्षेप | रु. अर्वमा | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | | | **वजेट रु.** | |
| १. सहकारी सचेतना, सवलीकरण तथा व्यवस्थापन तालिम<br>२. सीप बिकास तथा उद्यमशीलता बिकास कार्यक्रम<br>३. सहकारी संस्थासंगको समन्वयमा वजार प्रवर्द्धन कार्यक्रम<br>४. सहकारी तथा वित्त संस्थाहरुको क्षमता वृद्धि कार्यक्रम<br>५. अनुदान व्यवस्था | | | | | | | | | **११ करोड ०६ लाख २७ हजार ९७७** | |

### ५.५.६ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका : २१ सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी क्षेत्र : सम्भावन, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ युवा समूह उपस्थिति अधिक<br>➧ विप्रेषण ठूलो रकममा भित्रिएको र आवद्ध घरधुरीको आर्थिक सामाजिक अवस्थामा सुधार<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुमा सीप र पूँजी | ➧ सुरक्षित वैदेशिक रोजगारी क्षेत्र पहिचान र वैदेशिक रोजगारी सम्वन्धी कानुनी सहायता उपलब्ध गराउनु<br>➧ विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्नु<br>➧ विदेशवाट फर्कीएका युवाहरुलाई व्यवसायमा आवद्ध गर्नु |

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| ➧ वैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन<br>➧ सीपमा आधारित तालिम कार्यक्रमहरु सञ्चालन<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुको उपस्थिति | ➧ वित्त साक्षरता कार्यक्रम सञ्चालन नहुनु<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरुलाई उद्योग व्यवसाय तथा कृषि खेतीमा प्रति आकर्षण गर्न नसक्नु<br>➧ वैदेशिक रोजगारी सम्वन्धी सूचना केन्द्र सञ्चालन नहुनु |

**ख) उद्देश्य**

वैदेशिक रोजगारीलाई सुरक्षित पार्दै प्राप्त विप्रेषणलाई व्यवसायिक क्षेत्र, आयआर्जन तथा पूँजी निर्माणका क्षेत्रहरुमा सदुपयोग गर्नु ।

**ग) रणनीतिहरु**

१. सीप बिकास तथा क्षमता अभिवृद्धि गर्ने

२. गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने

३. न्यायमा सहज पहुँच वृद्धि गर्ने

४. विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सीप बिकास तथा क्षमता अभिवृद्धि अन्तर्गतको कार्यनीति**

१.१. अर्न्तराष्ट्रियस्तरमा मान्यता प्राप्त संस्थाहरुवाट होटेल व्यवस्थापन लगायतका मुख्य मुख्य विषयहरुमा आधारभूत सीप प्रदान गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सहयोग गरिनेछ ।

**रणनीति २ को गन्तव्य स्थानवारे अभिमुखीकरण अन्तर्गतको कार्यनीति**

२.१. गन्तव्य राष्ट्र/स्थानका वारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गर्दै आपतकालीन अवस्थामा समेत सुरक्षित रहन सक्ने सूचनाहरु प्रदान गरिनेछ ।

**रणनीति ३ को न्यायमा सहज पहुँच वृद्धि अन्तर्गतको कार्यनीति**

३.१. गन्तव्य क्षेत्रमा हुन सक्ने चोरी, ठगी, नोक्सानी, सम्झौता उल्लङ्घन, जालसाजी जस्ता विषयहरुमा पीडित पक्षलाई कानुनी सहायता सेवा उपलव्ध गराई अनावश्यक तनाववाट मुक्त गराइनेछ ।

**रणनीति ४ को विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी अन्तर्गतको कार्यनीतिहरु**

४.१. सम्वन्धित परिवारमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गरिनेछ ।

४.२. सम्वन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता बिकासका लागि सीप बिकास एवं उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

४.३. वैदेशिक रोजगारीवाट फर्किआएका युवाहरुको सीप अभिवृद्धि तथा उद्यमशीलता बिकास गरी स्वरोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग प्रदान गरिनेछ ।

### ङ) तर्कवद्ध खाका

**तालिका : २२**
**वैदेशिक रोजगारी तथा सुरक्षित आप्रवासन**

| नतिजा तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ३ | ३.५ | ४ | ४.५ | ५ | ७ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | न्तर सरकार र निजी एवं हकारी क्षेत्रसंग सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. व्यवसायिक, सीपमूलक तालिम वाट दक्ष जनशक्ति विकास भई रोजगारी वृद्धि भएको हुनेछ २. आवश्यक तालिम लिदै वैदेशिक रोजगारी सुरक्षित भएको हुनेछ ३. विप्रेषण एवं आर्जित सीप उद्योग व्यवसाय सञ्चालनमा सदुपयोग भएको हुनेछ | रोजगार सूचना प्रणालीवाट लाभान्वित | संख्या | १५० | २०० | २१० | २३० | २५० | २७० | वैदेशिक रोजगार विभाग वैदेशिक रोजगार वोर्ड आप्रवासन सूचना केन्द्र नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन नपा पार्श्व चित्र | वैदेशिक रोजगार वोर्ड तथा तालिम संस्थाहरु संग सहकार्य भएको हुनेछ वैङ्क, वित्तिय संस्था तथा सुरक्षित आप्रवासन सम्बन्धी संस्थासंग सहकार्य भएको हुनेछ |
| | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारीता श्रृजना | संख्या | १०० | ११० | १२० | १४० | १५० | १६० | | |
| | सिटिइभिटी वाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्षजनशक्ति | संख्या | ४०० | ४५० | ४५० | ४६० | ४९० | ५१० | | |
| | परम्परागत विधि, औजार, उपकरणवाट आधुनिकीकरण भएका पेशागत क्षेत्रहरु | संख्या | ७ | ९ | ११ | १३ | १४ | १५ | | |
| | रोजगारीताका श्रृर्जना का आधारमा नगरपालिकाले प्रदान गर्ने सेवा सुविधावाट लाभान्वित उद्योग व्यवसायहरु | संख्या | ११ | ११ | १३ | १४ | १५ | १७ | | |
| | वालश्रम एवं न्यून ज्यालादर जस्ता श्रम शोषणवाट प्रभावितहरु | संख्या | १०० | ९० | ८० | ७० | ६० | ५० | | |
| | वैदेशिक रोजगारीमा जाने युवाहरु | संख्या | ५६५ | ४८० | ४७० | ४६० | ४५० | ४०० | | |
| | सम्वन्धित क्षेत्रको सीप विकास तालिम लिई वैदेशिक रोजगारीमा जाने | संख्या | ३०० | २०० | २०० | २०० | १८० | १५० | | |
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार संख्या (कूल वैदेशिक रोजगारी भएका घरधुरीको) | प्रतिशत | ११ | १५ | १८ | २३ | २५ | ३० | | |
| | वैदेशिक रोजगारीता बाट फर्की उद्योग, व्यवसाय | प्रतिशत | २ | १० | १५ | २० | २५ | ३० | | |

**तालिका : २२**
**वैदेशिक रोजगारी तथा सुरक्षित आप्रवासन**

| नतिजा तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | गर्ने (कूल फर्केको संख्याको) | | | | | | | | | |
| | विप्रेषण वित्तीय साक्षरता कार्यक्रम वाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | ५ | २० | ३५ | ५० | ६५ | ७५ | | |
| | विप्रेषण वापत प्राप्त वार्षिक रकम | रु. करोड | ८.४७ | ९.७० | ११.५ | १३.८ | १६.९ | २१.२ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन।<br>२. गन्तव्य राष्ट्र वारे अभिमुखीकरण तथा क्षमता अभिवृद्धि ।<br>३. सीप बिकास तथा उद्यमशीलता।<br>४. कानुनी सहायता। | **११ करोड ०६ लाख २७ हजार ९७७** |

# परिच्छेद-छः सामाजिक विकास

## ६.१ पृष्ठभूमि

शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, महिला, वालवालिका, दलित, ज्येष्ठ नागरिक, छुवाछुत तथा भेदभाव, सामाजिक न्याय र सामाजिक सुरक्षा जस्ता पक्षहरु नेपालको मौलिक अधिकारहरु हुन् । नेपाल संविधान, २०७२ ले उपरोक्त पक्षलाई संविधानको अनुसूची ८ मा उल्लेख गरी स्थानीय तहको एकल अधिकारमा सुचिकृत गरिएको छ । आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाइ, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्तहरुको व्यवस्थापन, भाषा, कला, संस्कृतिको संरक्षण तथा विकास सम्वन्धीको नीति, नियम, कानुन, मापदण्ड वनाउने, योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, नियमन गर्ने जिम्मेवारी पनि स्थानीय सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई दिइएको छ ।

नेपाल सरकारले शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः  निःशुल्क वनाउने लक्ष्य लिइएको छ । त्यसैगरी स्वास्थ्यतर्फ आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने, स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ वनाई नागरिकको पहुँच स्थापित गर्ने नीति कार्यान्वयनमा ल्याएको छ भने खानेपानी तथा सरसफाइमा प्रत्येक नागरिकको पहुँच स्थापितलाई सुनिश्चित गरिएको छ । समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणको लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित नीति पनि नेपाल सरकारले अङ्गिकार गरेको छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्गलाई समानुपातिक समावेशी सिद्धान्त आधारमा राज्यका सवै निकायमा सहभागिताको व्यवस्था मिलाएको छ भने वाल अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने र अपाङ्गता भएका व्यक्तिको अधिकार एवं आत्मा सम्मानपूर्वक जीवन यापनका लागि संयुक्त राष्ट्र संघीय महासन्धीहरु अनुमोदन गर्दै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिवद्धता जाहेर गरिएको छ । नेपाल सरकारवाट ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाका लागि ऐन, नियमावली र राष्ट्रिय कार्ययोजना वनाई कार्यान्वयनमा ल्याइएको छ भने राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण श्रृजना गरिएको छ । सवै मातृभाषालाई राष्ट्र भाषाको रुपमा अवलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन एवं ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासमा जोड दिइएको छ ।

१५ औं योजनामा सामाजिक क्षेत्रलाई उच्च स्थानमा राखिएको छ । यस अनुसार राष्ट्रिय उद्देश्य, रणनीति एवं लक्ष्य सूचकहरुमा समावेश गरी सामाजिक सुरक्षाको सुनिश्चिता गरिएको छ । सामाजिक साँस्कृतिक विविधताको संरक्षण, विभेद, हिंसा जस्ता पक्षहरुको न्यूनीकरण, अपराधमुक्त समाज निर्माणलाई समेत विशेष जोड दिइएको छ भने स्वास्थ्य नागरिक तथा गुणस्तरीय, रोजगारीमूलक तथा जीवनोपयोगी शिक्षालाई सुनिश्चित गरिएको छ । दिगो विकास लक्ष्यहरु कार्यान्वयन गर्न नेपाल सरकार प्रतिवद्ध भएको छ । यस अनुसार लैङ्गिक समानता हासिल गर्ने, महिला तथा वालवालिकाहरुलाई सशक्त वनाउने, स्वास्थ्य जीवन सुनिश्चिता गर्ने, समृद्ध जीवन प्रवर्द्धन गर्ने, समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा र सवैलाई स्वच्छ पानी एवं सरसफाइको दिगो व्यवस्थापन गर्ने भएको छ ।

उपरोक्त पक्षको सुनिश्चित गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी टोखा नगरनगरपालिकावाट समग्र सामाजिक बिकासको खाका तयार पारिएको छ । सामाजिक विकासका लागि प्रमुख

क्षेत्रको रुपमा रहेका शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य तथा संस्कृतिका जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु समेत तर्जुमा भएको छ ।

## ६.२ वर्तमान अवस्था

सामाजिक क्षेत्र अन्तर्गतका आधारभूत पक्षहरु शिक्षा, स्वास्थ्य र खानेपानी सेवा नगरपालिका क्षेत्रभित्रका सवै वडाहरुमा उपलव्ध छ । नगरपालिकाको साक्षरता दर करिव ९७.९ प्रतिशत रहेको छ, त्यसको साथै आधारभूत तहमा करीव ९६ प्रतिशत भर्नादर र १५ मिनेटको दुरीमा विद्यालयको पहुँच रहेको घरधुरी करीव ७९ प्रतिशत रहेको छ । विद्यालयहरुमा दिवा खाजा, छात्रवृत्ति, कम्प्युटर एवं विज्ञान प्रयोगशाला, नर्ससेवाको व्यवस्था गरिएको छ । तापनि अपेक्षा गरिए अनुसार शिक्षामा गुणस्तरमा सुधार आउन सकेको छैन ।

स्वास्थ्य तर्फ सवै वडाहरुमा स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य सेवाको व्यवस्था भएको छ । नगरपालिकाका सवै घरधुरीहरु ३० मिनेट भित्र नजिकको स्वास्थ्य संस्थामा पुग्न सक्छन भने यस नगरपालिकामा शिशु मृत्युदर, वालमृत्यु तथा मातृमृत्यु शुन्य रहेको छ । तापनि झाडापखला तथा स्वासप्रस्वासको सङ्क्रमणले यस नगरपालिकमा बसोवास गर्ने बासिन्दाहरुमा केहि समस्या रहेको देखिन्छ । त्यसैगरी सुरक्षित खानेपानीमा पहुँच भएका घरधुरी करीव ८३.२२ प्रतिशत रहेको, छन भने निजी पाइपलाइन धारा जोडिएका घरधुरी संख्या करीव ६४.१ प्रतिशत रहेको पाइन्छ । निजी खानेपानी धाराको उपलब्धता र पाइपलाइनवाट वितरित खानेपानी उपभोग गर्नेहरुको संख्या अधिक छ । सवै वस्तीहरुमा सुरक्षित खानेपानी सेवा उपलव्ध छ । अधिकांश करीव ९९ प्रतिशत भन्दा बढि घरधुरीमा शौचालयको निर्माण गरिएको छ । यसैगरि सामाजिक क्षेत्र अन्तर्गत समावेश गरिएको लक्षित वर्ग अन्तर्गत, स्थानीय संरचनामा महिलाहरुको प्रतिनिधित्व करीव ४० प्रतिशत रहेको छ । यसको साथै नगरपालिकाद्वारा महिला सशक्तीकरण, व्यवसायिक तालिम, अपाङ्गतहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन हुँदै आएका हुँदा सो कार्यक्रमबाट लक्षित वर्ग लाभान्वित छन ।

वालविवाह, वहुविवाह र वालवालिका विरुद्ध हुने दुर्व्यवहार, घरेलु हिंसा, असहाय वालवालिकाको संख्यामा शुन्यता आउन सकिरहेको छैन । सार्वजनिक संरचनाहरु वालवालिका, अपाङ्गता र महिलामैत्री हुन सकिरहेका छैनन । स्थानीय कला, भाषा, संस्कृतिको संरक्षणका लागि प्रयासहरु हुँदै आएका छन र धर्म संस्कृति अनुसार चाडपर्वमा स्थानीयहरुको ठूलो सहभागिता रहेदै आएको पाइन्छ । तापनि मौलिक कला संस्कृतिको संरक्षणका लागि सङ्ग्रहालय निर्माण हुन सकेको छैन । युवाहरुको सम्लग्नता उद्योग, व्यापार व्यवसायहरुमा रहदै आएको पाइन्छ । तापनि स्थानीय संरचनामा युवाहरुको उपस्थिति रहेपनि अझै प्रभावकारी र अर्थपूर्ण हुन सकिरहेको छैन । प्रधानमन्त्री रोजगारी कार्यक्रम, युवा स्वरोजगार कोषवाट युवाहरु लाभान्वित भएका छन ।

## ६.३ सामाजिक बिकासको उद्देश्य

**“**गुणस्तरीय एवं प्राविधिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानीको सुनिश्चिता, सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, खेलकुदको विकास लगायतका सामाजिक सेवा सुविधाहरुमा लक्षित वर्ग एवं आम नागरिकको सहज पहुँच अभिवृद्धिवाट मानव विकास एवं सामाजिक न्याय सहितको समतामूलक समाज निमार्ण गर्नु**”** ।

## ६.४ प्रमुख रणनीतिहरु

क) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

ख) सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक आर्थिक, सामाजिक विकास गर्ने ।

## ६.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाइ
- महिला, वालवालिका सहित लक्षित वर्ग तथा सामाजिक समावेशीकरण
- युवा तथा खेलकुद
- भाषा, साहित्य, कला तथा संस्कृति

### ६.५.१ शिक्षा

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्रबारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका: २३**

**शिक्षा क्षेत्र : सम्भावना, चुनौति, सवल र कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| • उमेर समूहका सवै वालवालिकाहरुको विद्यालयमा पहुँच<br>• शिक्षामा लगानी गर्न निजी क्षेत्र आकर्षित<br>• प्राविधिक एवं उच्च शिक्षाको सुविधा उपलव्धता | • विद्यालय छाड्ने र वाहिर रहेका वालवालिकाहरुलाई वैकल्पिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु<br>• शिक्षालाई गुणस्तरीय, व्यवहारिक, सिपमुलक र जीवनपयोगी वनाउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • विद्यालयमा भौतिक पूर्वाधारहरुको उपलव्धता<br>• प्रारम्भिक वालविकास केन्द्रहरु सञ्चालनमा<br>• शहीद परिवार, विपन्न एवं जेहान्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था<br>• वालवालिकाहरुलाई दिवा खाजा, सेनिटरी प्याड र नर्सिङ सेवाको व्यवस्था<br>• विद्यालयहरुमा आइसिटि, डिजिटल उपकरण, सिसिक्यामरा जडान एवं विज्ञान प्रयोगशालाको व्यवस्था<br>• तालिम प्राप्त तथा विषयगत शिक्षकहरुको व्यवस्था | • विद्यालयहरुको नियमित अनुगमन र सुपरीवेक्षण कमि<br>• विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारहरुको कमि र पूर्वाधारहरु वालवालिका तथा अपाङ्गतामैत्री नहुनु<br>• विद्यालय र अभिभावकहरु वीच सम्वादको कमी<br>• प्राविधिक शिक्षालय अपर्याप्त<br>• अध्यात्मिक तथा नैतिक शिक्षाको कमी<br>• विद्यालयहरुमा शैक्षिक सामाग्रीहरु नि:शुल्क उपलव्धतामा कमी |

**ख) उद्देश्य**

शिक्षामा सबै नागरिकको सहज पहुँच अभिवृद्धि गर्दै विद्यालयहरुमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चिततावाट गुणस्तरीय, जिवनउपयोगी र नैतिक शिक्षा प्रदान गर्नु ।

**ग) रणनीतिहरु**

१. शिक्षा सम्बन्धी नीतिगत र संरचनागत व्यवस्था गर्ने
२. विद्यालय जाने सबै उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने
३. शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने
४. दक्षजनशक्ति विकास गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ शिक्षा सम्बन्धी नीतिगत र संरचनागत व्यवस्था गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१.१ आधारभूत एवं माध्यमिक शिक्षा क्षेत्रसंग सम्बन्धित स्थानीय नीति, कानुन तथा मानदण्डको निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गरिनेछ ।

**रणनीति २ को विद्यालय जाने सबै उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

२.१. आवश्यक सवै पूर्वाधार सहित प्रारम्भिक वालविकास केन्द्र तथा शिक्षालाई विस्तार गरिनेछ । सञ्चालनमा रहेका प्रारम्भिक वालविकास केन्द्रको स्तरोन्नति गरिनेछ ।

२.२. विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । यसका लागि वालक्लव, नागरिक समाज, स्थानीय गैरसरकारी संस्था लगायत सामुदायिक संस्थाहरुसंग सहकार्य गरिनेछ ।

२.३. सबै सामुदायिक विद्यालयमा विपन्न विद्यार्थीहरुका लागि छात्रावासको व्यवस्था गरिने छ । साथै हाल संस्थागत विद्यालयहरुमा संचालित छात्रवासहरुको मापदण्ड तयार गरी गुणस्तर अनुगमन गरिने छ ।

२.४. प्राज्ञिक तथा विषयविज्ञहरुको रोस्टर तयार गरी ज्ञान सिप क्षमताको उपयोग गर्दै सम्मान गरिने छ ।

२.५. आधारभूत तह सम्मका वालवालिकाहरुलाई दिवाखाजा, शैक्षिक सामाग्री विद्यालय पोशाक एवं विद्यालय सम्म पुग्न विद्यालय वसहरु आदि सुविधाहरु निःशुल्क प्रदान गरी उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याइनेछ ।

२.६. सामुदायिक विद्यालयमा अध्ययनरत कमजोर वालवालिकाहरुलाई अतिरिक्त कक्षाहरु सञ्चालनको व्यवस्था मिलाइनेछ ।

२.७. सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुको नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, स्यानिटरी प्याडको व्यवस्था मिलाइनेछ ।

**रणनीति ३ को शैक्षिक पूर्वाधारको व्यवस्था अन्तर्गतका कार्यनीतिहरु**

५.१. विज्ञान प्रयोगशाला, पुस्तकालय, सन्दर्भ सामाग्री, विषयगत शैक्षिक सामाग्री तथा पाठ्यपुस्तकको व्यवस्था गर्दै शिक्षक एवं विद्यार्थीहरुको ज्ञान भण्डारलाई फराकिलो बनाउन सहयोग गरिनेछ । प्रभावकारी रुपमा सञ्चालन नभएका स्थानीय पुस्तकालयहरुलाई सामुहिक सिकाइ केन्द्रमा स्तरोन्नति गरिनेछ ।

५.२. विद्यालयहरुमा डिजिटल प्रविधिमा आधारित शिक्षण सिकाइ विधिलाई प्रवर्द्धन गरिनेछ । विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुका लागि ई-हाजिरी, सिसिटिभी, स्मार्ट वोर्डको व्यवस्था मिलाइनेछ ।

५.३. सवै प्रकारका भौतिक पूर्वाधारहरु (विजुली, खानेपानी, शौचालय, भवन निर्माण तथा मर्मत, फर्निचर, तारवार, पुस्तकालय, सम्भव भएसम्म खेलमैदान, खेलकुद सामाग्री वितरण, छात्रावास आदि) निर्माण गर्दै निर्मित पूर्वाधारहरु बालमैत्री, छात्रामैत्री, अपाङ्तामैत्री एवं भूकम्प प्रतिरोधात्मक बनाउदै विद्यालयमा एक सहजपूर्ण वातावरण श्रृजना गरिनेछ ।

५.४. विद्यालय परिषर सफा, सुग्घर र विरुवा/वृक्षारोपण गरी हरियाली वातावरण कायम राख्दै वातावरणमैत्री वनाइनेछ ।

५.५. विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गराइनेछ ।

**५.६.** प्रत्येक विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन गरिने छ ।

**रणनीति ४ को दक्ष जनशक्ति विकास अन्तर्गतका कार्यनीतिहरु**

४.१. दक्ष, विषयगत एवं दरबन्दी अनुसार शिक्षकहरुको व्यवस्था गरी पठनपाठनलाई नियमित रुपमा सञ्चालन गरी गुणस्तर कायम राखिनेछ ।

४.२. शिक्षकहरुलाई पुर्नताजगी तालिम, अन्तरक्रिया एवं अनुभव आदनप्रदानमा सहभागि गराई पेशागत दक्षतामा अभिवृद्धि ल्याउदै शिक्षण पद्धतिहरुलाई प्रभावकारी बनाइनेछ ।

४.३. मण्टेश्वरी मानदण्ड तयार गरि व्यवहारिक, प्रयोगात्मक शिक्षण पद्धतिहरु अवलम्बन गरी शिक्षणलाई बालमैत्री बनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

४.४. बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै बालबालिकाहरुको सिकाईमा अभिवृद्धि ल्याइनेछ ।

४.५. विद्यालय अनुगमन मूल्याङ्कनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न मानदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

४.६. विषयगत, कक्षागत सिकाई उपलब्धी दर बढाउन नतिजामा आधारित मूल्याङ्कन प्रणालीको अवलम्बन गरी शिक्षामा गुणस्तर कायम राख्न पहल गरिनेछ ।

४.७. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, कम्प्युटर शिक्षालाई अनिवार्य, ई-लाइव्रेरी, इन्टरनेटको व्यवस्था मिलाई विद्यालयलाई आधुनिक प्रविधिमैत्री बनाइनेछ ।

४.८. शिक्षकहरु सवैलाई तालिम प्रदान गरी प्रविधिमैत्री वनाइनेछ ।

४.९. महिला-पुरुष शिक्षकको अनुपात र शिक्षक-विद्यार्थी संख्याको अनुपातलाई एक निश्चित मानदण्ड निर्धारण गरी कक्षागत रुपमा अलग अलग व्यवस्था गरिनेछ ।

४.१०. विद्यालय नक्साङ्कन सम्वन्धी मानदण्ड वनाई सोका आधारमा विद्यालय र शिक्षक समायोजन गरिनेछ ।

४.११. उत्कृष्ट शिक्षक र उत्कृष्ट परिणाम ल्याउने तथा प्रभावकारी व्यवस्थापन गर्ने विद्यालयहरुलाई पुरस्कृत गरी प्रोत्साहित गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : २४**
**शिक्षा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | आधारभूत तहमा खूद भर्नादर (औषतमा) | प्रतिशत | ९६ | ९६.५ | ९७ | ९८ | ९८.५ | ९९ | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु**<br>१.शिक्षामा सहज पहुँच अभिवृद्धि भई | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ७९ | ८२ | ८५ | ८९ | ९५ | १०० | फ्लेस रिपोर्ट/ | शिक्षा सम्बन्धी सामाजिक |

**तालिका : २४**
**शिक्षा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| साक्षरता दरमा वृद्धि भएको हुनेछ | विद्यालय वाहिर ५-१५वर्ष उमेर समूहका बाल बालिका | प्रतिशत | १ | ०.७ | ०.५ | ०.३ | ०.५ | ०० | नगरपालिका को प्रतिवेदन | संस्था, गैसस लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने । |
| २. सवै प्रकारका शैक्षिक एवं भौतिक पूर्वाधार हरुको व्यवस्था वाट अध्यापनमा सहजता आएको हुनेछ | दिवा खाजा खुवाउने विद्यालय | संख्या | १० | १० | १० | १० | १० | १० | | |
| | नियमित अध्ययन गर्ने अवसर नमिलेका विद्यार्थीका लागि माध्यामिक तह सम्म को खुल्ला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | २ | २ | २ | २ | ३ | ३ | | |
| ३. आधार भूत शिक्षाका साथसाथै प्राविधिक, व्यवहा रिक तथा व्यवसा यिक शिक्षा प्रदान भएको हुनेछ | माध्यामकि तह (९-१२) को खुद भर्नादर | प्रतिशत | ६० | ६२ | ६५ | ६८ | ६९ | ७० | | |
| | कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ६० | ६२ | ६५ | ६८ | ६९ | ७० | | |
| | कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ८५ | ८८ | ८९ | ९२ | ९४ | ९५ | | |
| | बालमैत्री सिकाइ विधि अवलम्बन गर्नेविद्यालय | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ५८ | ६० | | |
| | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ३५ | ३९ | ४५ | ४७ | ४८ | ५० | | |
| | शिक्षक विद्यार्थी अनुपात | अनुपात | १:३० | १:२८ | १:२६ | १:२५ | १:२४ | १:२२ | | |
| | महिला र पुरुष शिक्षकको अनुपात | अनुपात | १;१ | १.१;१ | १.२;१ | १.३;१ | १.४;१ | १.५;१ | | |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३६० | ३८० | ४०० | ४३० | ४५० | ५०० | | |
| | सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | संख्या | ४ | ४ | ४ | ५ | ५ | ५ | | |
| | सामुदायिक विद्यालय मा प्राविधिक धार अध्ययन गराउने विद्यालय | संख्या | १ | १ | १ | २ | २ | २ | | |
| | वालमैत्री, आधारभूत पूर्वाधार र सुविधा उपलब्ध विद्यालय | संख्या | ६५ | ७० | ७५ | ७७ | ७८ | ८० | | |
| | वालवालिकामैत्री, अपाङ्गता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको | संख्या | ३१ | ३५ | ४० | ४३ | ४५ | ४७ | | |

**तालिका : २४**
**शिक्षा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | विद्यालय | | | | | | | | | |
| | आइसिटि सेवा उपलब्ध विद्यालय | संख्या | ४७ | ४९ | ५१ | ५३ | ५४ | ५५ | | |
| | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ६० | ६३ | ६५ | ६७ | ६८ | ७० | | |
| | विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | ३६ | ४० | ४३ | ४५ | ४८ | ५० | | |
| | विद्यालय नर्स सेवा उपलब्ध | संख्या | १५ | २० | २३ | २५ | २७ | ३० | | |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २००० | २२०० | २४०० | २६०० | २८०० | ३००० | | |
| | वालक्लव क्रियाशील भएका विद्यालय | संख्या | ५० | ५५ | ६० | ६५ | ७५ | ८० | | |
| | विपद, महामारी लगायत विविध कारण वाट भौतिक दूरी कायम राख्दै सूचना प्रविधिका माध्यमवाट अध्यापन गर्न सक्ने विद्यालय | संख्या | ७० | ७५ | ७८ | ८० | ८३ | ८५ | | |
| | उच्च शिक्षा अध्ययपन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | १० | ११ | १२ | १४ | १५ | १६ | | |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | संख्या | ७ | ७ | ८ | ९ | १० | १० | | |
| | जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी विस्तार तथा सवलीकरण विद्यालय | संख्या | ८ | १० | १० | ११ | १२ | १२ | | |
| | नगरपालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता | संख्या | ९ | ९ | ९ | ९ | ९ | ९ | | |
| | युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यकम | संख्या | १० | १० | १० | ११ | १२ | १२ | | |

**तालिका : २४**
**शिक्षा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्नेविद्यालय | | | | | | | | | |
| | परम्परागत ज्ञान, सीप, प्रविधिलाई स्तरोन्नति गर्दै भएको व्यवसायीकरण | संख्या | १ | २ | २ | ३ | ३ | ४ | | |
| | विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि नगरपालिकावाट सहयोग प्राप्त युवा शोधकर्ता | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |
| | विद्यालय स्तरमा विज्ञान, प्रविधिसंग सम्वन्धित विविध कियाकलाप सञ्चालन गरी नगरपालिकावाट पुरष्कृत उत्कृष्ट विद्यालय | संख्या | १ | १ | २ | ३ | ४ | ५ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. वैकल्पिक निरन्तर शिक्षा कार्यक्रम<br>२. अनौपचारिक शिक्षा सञ्चालन<br>३. प्रारम्भिक वालविकास केन्द्र सञ्चालन<br>४. पूर्ण साक्षर टोखा नगरपालिका अभियान<br>५. सामुदायिक सिकाइ केन्द्र सञ्चालन<br>६. शैक्षिक गुणस्तर सुधार कार्यकम<br>७. विद्यालय भर्ना अभियान, छात्रवृत्ति, निःशुल्क शिक्षा<br>८. विद्यालय पूर्वाधार विकास कार्यकम<br>९. वालवालिका स्वास्थ्य परीक्षण, प्राथमिक उपचार, स्यानिटरी प्याड व्यवस्था<br>१०. शिक्षक क्षमता विकास कार्यकम<br>११. वहु प्राविधिक शिक्षालय सञ्चालन<br>१२. नैतिक तथा जीवन उपयोगी  शिक्षा प्रर्वद्धन कार्यकम<br>१३. उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय पुरस्कार कार्यकम<br>१४. विद्यालय दिवा खाजा कार्यकम | **६६ करोड ३७ लाख ६७ हजार ८६४** |

### ६.५.२ आधारभूत स्वास्थ्य

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : २५**

**स्वास्थ्य क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ निजी क्षेत्रवाट स्तरीय स्वास्थ्य सेवा, औषधी पसल, स्वास्थ्य जाँच क्लिनिकहरु सञ्चालन<br>➧ शिशु, नवजात शिशु मृत्यु, वालमृत्युदर र मातृमृत्यु दर न्यून<br>➧ स्वास्थ्य उपचार नागरकिको सहज पहुँचमा सञ्चालन | ➧ आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्नु<br>➧ जटिल प्रकृतिका स्वास्थ्य उपचार उपलब्ध गराउनु<br>➧ भौतिक एवं प्राविधिक रुपमा महामारीहरुको सामना गर्ने संयन्त्र, उपकरण, पूर्वाधार र जनशक्तिको व्यवस्था गर्नु<br>➧ यौनजन्य संक्रमण, नसर्ने प्राणघातक जस्ता रोगहरुको नियन्त्रण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ स्वास्थ्य चौकी, हेल्थपोष्ट, प्रादेशिक अस्पताल, शहरी, आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन<br>➧ वालवालिकाहरु सवै प्रकारका खोपवाट लाभान्वित<br>➧ एम्वुलेन्स सेवा सञ्चालन<br>➧ स्वास्थ्य जनशक्तिको व्यवस्था तथा परिचालन | ➧ स्वास्थ्य संस्थाहरुमा पूर्वाधारको अभाव र ल्याव सेवा नहुनु<br>➧ , दक्ष जनशक्ति कमि<br>➧ स्वास्थ्य भवनहरु मानदण्ड अनुसार नहुनु र भाडाका भवनहरु<br>➧ स्वास्थ्य विमा सवै नागरिकहरुलाई सहज नहुनु |

**ख) उद्देश्य**

आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच वृद्धिवाट नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउनु ।

**ग) रणनीतिहरु**

१. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि, रोग न्यूनीकरण तथा रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने
२. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने
३. आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गर्ने
४. स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन गर्ने
५. प्राकृतिक एवं वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन एवं स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि, रोग न्यूनीकरण तथा प्रतिरोधात्मक क्षमता वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१. यौन तथा पजनन स्वास्थ्य, लागुऔषध दुर्व्यसन, परिवार नियोजन, मातृशिशु कल्याणका वारेमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

१.२. सरसफाइ र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिबृद्धि गरी कुपोषण न्यूनीकरण, रोगप्रतिरोधात्मक क्षमता वृद्धि तथा रोग लाग्ने दरलाई घटाउँदै मानव स्वास्थ्यता निर्माणमा सहयोग पुऱ्याइनेछ ।
१.३. स्वास्थ्य स्वयंसेविकाको सेवालाई प्रभावकारी रुपमा परिचालन गर्न अझै प्रोत्साहित गरिने छ ।
१.४. प्राणघातक सर्ने तथा नसर्ने रोगहरु पहिचान तथा न्यूनीकरण गरिनेछ
१.५. योग, ध्यान, प्राकृतिक तथा वैकल्पिक उपचार (आयुर्वेदिक, युनानी, आम्नी, पञ्चकर्म, होमोप्याथिक, फिजियोथेरापी, लेजरथेरापी, अकुपञ्चर, अकुप्रेसर, म्युजिकथेरापी) का वारेमा प्रचार प्रसार गरी त्यसमा अभ्यस्तताका लागि प्रयास गर्दै शारीरिक र मानसिक स्वास्थ्यतामा अभिवृद्धि ल्याइनेछ ।
१.६. शरीर एवं स्वास्थ्यलाई हानी पुऱ्याउने रसायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवं जङ्कफुड, सूर्तीजन्य पदार्थ, मदिरा सेबन जस्ता विकृति न्युनीकरणका लागी  नागरिकहरुमा चेतना अभिवृद्धि गरिनेछ ।
१.७. जनचेतना अभिवृद्धिका लागी स्थानीय नागरिक समाज, सामुदायिक संस्था, शैक्षिक संस्था, स्थानीय क्लवहरुसंग सहकार्य गरिनेछ ।

**रणनीति २ को गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार अन्तर्गतका कार्यनीतिहरु**

२.१. स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धिका लागि निशुल्क वितरण हुने औषधी, उपकरण जडान र दक्ष जनशक्तिको व्यवस्था गरी स्वास्थ्य सेवा सुविधालाई प्रभावकारी बनाइनेछ ।
२.२. विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।
२.३. जेष्ठ नागरिक र विपन्न वर्गलाई नियमित स्वास्थ्य परिक्षण गरिनेछ ।
२.४. नगरभित्र सञ्चालित स्वास्य संस्थाहरुको अभिलेख गरी निर्धारित मानदण्ड अनुसार भए नभएको नियमित अनुगमन गरिनेछ ।

**रणनीति ३ को आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन अन्तर्गतका कार्यनीतिहरु**

३.१ स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नति गर्दै आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ । यसका लागि दक्ष जनशक्ति, उपकरण सहितको ल्यावको व्यवस्था गरिनेछ ।
३.२ आकस्मिक उपचारका लागि स्वास्थ्य चौकीमा आवश्यक व्यवस्था मिलाइनेछ ।
३.३ अस्पताल पुग्नु अगावैको एम्वुलेन्समै सम्भव हुन सक्ने आपतकालीन उपचारका लागि पूर्व-अस्पताल सेवाको व्यवस्था गरिनेछ ।
३.४ स्वास्थ्य संस्थाहरुवाट चौविसै घण्टा स्वास्थ्य सेवा दिन सक्ने गरी क्षमता विकास गरिनेछ ।
३.५ महामारी तथा सरुवा रोगहरुको उपचारका लागि आवश्यकताका आधारमा प्रभावित क्षेत्रहरुमा सवै प्रकारका सुविधा सहितको आइसोलेशन सेन्टरहरु स्थापना गरी उपचार व्यवस्था मिलाइनेछ ।

**रणनीति ४ को स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

६.१. आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन तथा नियमन गरिनेछ ।
६.२. संघ तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी नीति, लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ ।
६.३. स्वास्थ्य संस्था एवं स्वास्थ्य चौकी आदिवाट निस्कने फोहोरमैला, प्रदुषण, रोग, महामारी नियन्त्रणका लागि स्वास्थ्य सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, अनुगमन र नियमन गरिनेछ ।

**रणनीति ५ को प्राकृतिक एवं वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन एवं स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

५.१ विविध कारणहरुवाट स्वास्थ्य सेवा उपलव्ध हुन नसकेको क्षेत्र, समुदाय र वस्तीहरुमा वैकल्पिक चिकित्सा शिविरहरु सञ्चालन गरी स्वास्थ्य जाँच लगायतका सेवा सुविधाहरु उपलव्ध गराइ स्वास्थ्य सेबालाई विस्तार गरिनेछ ।

५.२ सरकारबाट निःशुल्क उपलब्ध गरिने सबै प्रकारका औषधीहरु नगरपालिकाको आवश्यकता अनुसार बर्गीकरण गरी नियमित उपलब्ध हुने बाताबरण श्रृजना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ ।

५.३ स्वास्थ्य संस्थाहरुमा दक्ष प्रसुतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरी चौविसै घण्टा सेवा प्राप्त गर्न सकिने वातावरण श्रृजना गरिनेछ ।

५.४ स्वास्थ्य वीमालाई प्रभावकारी ढङ्गवाट परिचालन गरी स्वास्थ्य सेवा पहुँचमा सहजता ल्याइनेछ ।

५.५ विपन्न तथा पछाडिपरेका वर्ग, क्षेत्र र समुदायमा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

५.६ दलित, अतिविपन्न तथा ६० वर्ष माथिका नागरिकहरु स्वास्थ्य जाँच एवं उपचारका लागि स्वास्थ्य चौकी तथा अस्पतालवाट निःशुल्क उपलव्ध गराइनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : २६**
**आधारभूत स्वास्थ्य**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु** <br> १. स्वास्थ्य सेवामा सवैको पहुँच अभिवृद्धि भएको हुनेछ <br> २. स्वास्थ्य संस्था एवं जन शक्ति हरुको क्षमता अभिवृद्धि वाट महामारी संक्रमण तथा आपतकालीन उपचार प्रभावकारी | बिरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | प्रतिशत | ६९ | ७० | ७५ | ८० | ८५ | ९५ | नगरपालिकाको प्रतिवेदन र HMIS <br> जनस्वास्थ्य कार्यालय <br> नगरपालिकाको पार्श्वचित्र | अन्तर सरकार समन्वय र निजी क्षेत्रसंग सहकार्य भएको हुने |
| | नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने औषत समय | घण्टा | ०.३० | ०.३० | ०.२० | ०.२० | ०.१५ | ०.१५ | | |
| | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | ३ | ६ | ६ | ६ | ६ | ६ | | |
| | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ९८ | ९९ | ९९ | ९९ | ९९ | ९९ | | |
| | आधारभूत स्वास्थ्य सेवा उपलव्ध भएका वडाहरु | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | २५०० ग्रामभन्दा | प्रतिशत | १२ | ११.५ | ११ | १० | ९ | ८ | | |

**तालिका : २६**
**आधारभूत स्वास्थ्य**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| भई अकाल मृत्यु हुने दरमा न्यूनता आएको हुनेछ<br><br>३. योग, ध्यान, व्यायम तथा वैकल्पिक उपचार पद्धतिको सहज उपलब्धतावाट उपभोगमा वृद्धि भएको हुनेछ | कम जन्मतौल भएका शिशु | | | | | | | | | |
| | कुपोषणका कारण ५ वर्ष मुनीका वाल वालिकाको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | प्रतिशत | ०.२ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | | |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | प्रतिशत | ९७.८ | ९९ | ९९ | १०० | १०० | १०० | | |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | १ | १ | २ | ३ | ४ | ५ | | |
| | मातृमृत्यु दर (प्रति लाख जीवितजन्ममा) | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | झाडापखालाको सङ्क्रमण दर (प्रति हजारमा) | संख्या | १५६.७ | १५० | १४० | १३० | १२० | १०० | | |
| | स्वाप्रश्वासको सङ्क्रमण दर प्रति हजारमा | संख्या | ३५५.७ | ३४० | ३०० | ३०० | १६० | १२० | | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | ४२ | ५१ | ५१ | ६१ | ७७ | १०२ | | |
| | जनसंख्या र दक्ष स्वास्थ्यकर्मीको अनुपात | अनुपात | ३६७०;१ | ३५०० ;१ | ३३०० ;१ | ३१०० ;१ | ३०० ०;१ | २८० ०;१ | | |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ११ | ११ | १० | ९ | ८ | ७ | | |
| | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | ५ वर्ष मुनीको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० | ० | ० | | |
| | कूल प्रजनन दर (प्रति महिला शिशु जन्म) | दर | १.८ | २ | २ | २ | २ | २ | | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ५३ | ५४ | ५६ | ५६ | ५६ | ५६ | | |
| | स्वास्थ्य वीमामा आवद्ध जनसंख्या | प्रतिशत | ४.८ | ५ | ७ | ९ | १० | २० | | |

**तालिका : २६**
**आधारभूत स्वास्थ्य**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | स्वास्थ्य सूचना, शिक्षा र सञ्चार सचेतना कार्यक्रममा सहभागि | प्रतिशत | १० | १२ | १५ | १८ | २० | २५ | | |
| | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग, एड्स, कुष्ठरोगको निःशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित | संख्या हजारमा | ६ | ८ | १० | १५ | २० | २२ | | |
| | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ९९ | ९९ | ९९ | ९९ | ९९ | ९९ | | |
| | महामारी, भाइरसको सङ्क्रमण,आपतकालीन उपचारको अभाववाट मृत्यु | संख्या | १८ | १५ | १२ | १० | ८ | ५ | | |
| | महामारी, भाइरसको सङ्क्रमण,आपतकालीन उपचारका लागि उपकरण एवंजनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | नागरिक आरोग्य कार्यक्रम सञ्चालन | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | संख्या | – | १ | १ | १ | १ | १ | | |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योग केन्द्र तथा व्यायामशाला | संख्या | ११ | १२ | २० | ३० | ३५ | ४० | | |
| | विद्यालय स्तरीय स्वास्थ्य शिक्षा Preventive/Promotive/ Curative/ | प्रतिशत | ५/५/ ९५/२ | ९१/ ७९/ ४९/ | ९२/ ७८/ ४५/ | ९३/ ७५/ ४०/ | ९५/ ७०/ ३५/ | ९९/ ६९/ ३०/ | | |

| तालिका : २६<br>आधारभूत स्वास्थ्य | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | Rehabilitative | | | २४ | २० | १९ | १५ | १० | | |
| क्रियाकलाप तथा कार्यक्रम | | | | | | | | | वजेट रु. | |
| १. जनस्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम<br>२. स्वास्थ्य संस्था मर्मत सम्भार तथा स्तरोन्नति<br>३. स्वास्थ्य जनशक्तिको व्यवस्था तथा क्षमता अभिवृद्धि<br>४. पूर्व-अस्पताल सुविधा सहितको एम्वुलेन्स सेवा<br>५. स्वास्थ्य वीमा कार्यक्रम<br>६. स्वास्थ्य शिविर सञ्चालन<br>७. अतिविपन्न, दलित, महिला, ज्येष्ठ नागरिक नि:शुल्क स्वास्थ्योपचार<br>८. आयुर्वेदिक उपचार, योग, ध्यान जस्ता प्राकृतिक उपचार विधि प्रवर्द्धन<br>९. नसार्ने तथा प्राणघातक रोगको स्वास्थ्य परीक्षण<br>१०. विद्यालय घुम्ति स्वास्थ्यकर्मी (नर्स) सेवा कार्यक्रम | | | | | | | | | ५५ करोड ३१ लाख ३९ हजार ८८६ | |

### ६.५.३ खानेपानी तथा सरसफाइ

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका : २७<br>खानेपानी तथा सरसफाइ क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ जलाशय क्षेत्र : विष्णुमती नदी, वौडेश्वर खोला<br>➧ खानेपानीका स्रोत हरुको उपलव्धता<br>➧ खानेपानी उपभोक्ता समितिहरु क्रियाशील रहेको | ➧ सवै नागरिकलाई सुरक्षित खानेपानीको पहुँच वृद्धि गर्नु<br>➧ खानेपानीका मुहान तथा ढुङ्गेधाराहरुको संरक्षण गर्नु<br>➧ फोहोरमैलाको सुरक्षित र दिगो विसर्जन गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ घरधुरीमा पाइपलाइनवाट वितरित खानेपानी आपूर्ति<br>➧ खानेपानी आयोजना, पानी मुहान संरक्षण कार्यक्रम हरु सञ्चालनमा<br>➧ सवै घरधुरीमा शौचालयको सुविधा उपलव्ध<br>➧ खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएको<br>➧ वजार क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन भएको | ➧ सुरक्षित र उपचार गरिएको खानेपानीको उपलव्धता अपर्याप्त<br>➧ वजार क्षेत्रहरुमा सार्वजनिक शौचालय नहुनु<br>➧ व्यवस्थित र सुरक्षित ठल व्यवस्थापनको अभाव<br>➧ नसड्ने नगल्ने, प्लाष्टिकजन्य सिसि आदिको सङ्कलन, विसर्जन तथा सुरक्षित डम्पिङ क्षेत्रको व्यवस्था नहुनु |

**ख) उद्देश्य**

सवैको सहज पहुँच अभिवृद्धि गर्दै स्थानीयहरुको सहभागितामा फोहोरमैला तथा सरसफाईको व्यवस्थापनवाट स्वच्छ र सफा वातावरण कायम राख्नु ।

**ग) रणनीतिहरु**

१. स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने

२. व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन

३. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि अन्तर्गतका कार्यनीतिहरु**

१.१. पानीका स्रोत तथा मुहान संरक्षण गरी सुरक्षित खानेपानीमा पहुँच वृद्धि गरिनेछ ।

१.२. काठमाडौ उपत्यका खानेपानी लिमिटेडसंगको सहकार्यमा खानेपानीका पाइपहरुको मर्मत सम्भार एवं पुराना पाइप प्रतिस्थापन गरी पानी चुहावटलाई नियन्त्रण गरिनेछ ।

१.३. पानी मुहानहरुको संरक्षण र सम्वर्द्धन र दिगो उपभोगका लागि लाभान्वित समुदायको सहभागितामा खानेपानी उपभोक्ता समिति बनाई समितिको पहलमा मुहान तथा पानी स्रोत क्षेत्रमा वृक्षारोपण एवं पानी वितरणको व्यवस्था मिलाइनेछ ।

१.४. पानी मुहान र खानेपानी संरचनाहरुको नियमित मर्मत सम्भार, स्तरोन्नति र वितरण प्रणालीलाई व्यवहारिक र व्यवस्थित गर्दै थप क्षेत्रहरुमा खानेपानी सेवा सुविधा उपलव्ध गराइनेछ ।

१.५. परम्परागत पानीका स्रोतहरुको संरक्षण तथा दिगो व्यवस्थापन गर्दै थप सुविधा उपभोगका लागि विशेष जोड दिइनेछ ।

१.६. आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी तथा पानी भण्डारण ट्याङ्की जस्ता वैकल्पिक उपायहरु अवलम्बन गर्दै प्रत्येक वडामा ओभरहेड ट्याङ्की निर्माण एवं सार्वजनिक धाराहरु निर्माण गरिने छ ।

१.७. प्राचीन ढुङ्गेधाराहरुको संरक्षण सम्वर्द्धन गरी नियमित पानी आपूर्तिको व्यवस्था मिलाइनेछ ।

१.८. उपयुक्त स्थानको पहिचान गरी डिपवोरिङ गरी खानेपानी आपूर्ति गरिनेछ ।

१.९. स्थानीयहरुको सहभागितामा खानेपानी आपूर्तिलाई नियमित गर्दै उव्रेको तथा खेरजाने पानीवाट करेसावारी खेतीलाई प्रभावकारी बनाइनेछ ।

१.१०. सार्वजनिक स्थल, कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरुमा नियमित खानेपानीको व्यवस्था मिलाइनेछ ।

१.११. स्थानीय गैसस लगायतका संस्थाहरुको समन्वय, सहकार्यमा खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन अन्तर्गतका कार्यनीतिहरु**

२.१. फोहोरलाई न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन एवं प्लाष्टिकजन्य पदार्थको प्रयोगमा इन्कार जस्ता विधिवाट फोहोर व्यवस्थापन गर्दै प्लाष्टिकमुक्त, धुवामुक्त घर बनाई स्वच्छ, सफा एवं सवैप्रकारका प्रदुषणहरुवाट मुक्त बनाउन महिला समूहको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

२.२. स्रोत मै कुहिने र नकुहिने गरी वर्गीकरण गर्दै फोहोरमैलालाई व्यवस्थित गरिनेछ । यसका लागि हरेक घरमा डष्टिविन राख्नु पर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

२.३. अतिविपन्न एवं सीमान्तकृत वर्गको श्रम लागत सहभागितामा घरघरमा खानेपानी र चर्पी निर्माणलाई प्राथमिकता दिदै सरसफाइलाई प्रभावकारी ढङ्गवाट परिचालन गरिनेछ ।

२.४. स्थानीय समुदायको सहभागितामा पानी सुविधा सहितको सार्वजनिक शौचालय निर्माण एवं सरसफाइलाई व्यवस्थित गर्दै खुल्ला दिसामुक्त बनाइनेछ ।

२.५. घर शौचालयवाट निष्कृत फोहोर पानीलाई व्यवस्थित गर्न ढल निकासलाई सुदृढ गरिनेछ ।

२.६. स्थानीयहरुको सहभागितामा स्यानिटेरी पार्क (ल्यान्डफिल साइड) लाई व्यवस्थित गरी सम्भावित रोग महामारीको नियन्त्रण गर्दै स्थानीयहरुलाई सुरक्षित राखिनेछ ।

२.७. सार्वजनिक स्थलहरुमा राखिएका डष्टपिनवाट फोहोर सङ्कलन गरी व्यवस्थित गरिनेछ ।

२.८. विद्यालय, स्वास्थ्य चौकी तथा संघसंस्थाहरुवाट निस्केका फोहोरहरुलाई सङ्कलन गरी स्यानिटरी पार्क (ल्याण्डफिल साइड) मा विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।

२.९. फोहोरमैलाको सुरक्षित विसर्जनका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।

२.१०. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय तथा घुम्ति शौचालयको व्यवस्था मिलाइनेछ ।

२.११. नगरपालिकाको अगुवाइमा नागरिकहरुलाई सहभागिता गराउदै नदी, खोला एवं सार्वजनिक स्थलहरुमा सरसफाइ नियमित रुपमा सञ्चालन गरिनेछ ।

२.१२. वैज्ञानिक विधि प्रक्रियावाट कुहिने फोहोरलाई प्रशोधन गर्दै मल तथा आयआर्जनको स्रोत को रुपमा विकास गरिनेछ ।

**रणनीति ३ को खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

३.१. खानेपानी तथा सरसफाइसँग सम्बन्धित स्थानीय नीति, कानुन, मानदण्ड तथा योजना कार्यान्वयन गरिनेछ र आयोजनाहरुको अनुगमन तथा नियमनलाई नगरपालिकामा आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

### ङ) तर्कवद्ध खाका

**तालिका : २८**
**खानेपानी तथा सरसफाइ**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | ८३.२२ | ८५ | ९० | ९५ | ९८ | ९९ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफलहरु**<br>१. स्वच्छ, सुरक्षित खानेपानी घरघरमा निजी पाइप लाइन मार्फत पहुँच अभिवृद्धि भएको हुनेछ<br><br>२. सार्वजनिक शौचालय सहित घर घरमा व्यवस्थित शौचालयको | निजी पाइपलाइन धारा जडान भएका घरधुरी | प्रतिशत | ६४.१ | ७५ | ७६ | ७७ | ८८ | ९० | नगरपालिका को वार्षिक प्रगति प्रतिवेदन | घरधुरी र गैर सरकारी संस्थासंग सहकार्य भएको हुनेछ |
| | कुवा, मुल, ढुङ्गेधारा को पानी उपभोग गर्ने घरघुरी | प्रतिशत | ०.५५ | ०.५० | ०.४५ | ०.४० | ०.३५ | ०.३० | | |
| | नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ० | ० | ० | ० | ० | ० | नगरपालिका पार्श्व चित्र | |
| | खानेपानीका लागि नजिकको धारा, कुवा वा पानीको स्रोत मा पुग्न लाग्ने औषत समयावधि | मिनेट | ५ | ३ | २ | १.५ | १ | १ | | |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता | संख्या | - | २० | २५ | २६ | २९ | ३० | | |

**तालिका : २८**
**खानेपानी तथा सरसफाइ**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्था भएको हुनेछ | समिति | | | | | | | | | |
| ३. स्रोतमै फोहोर वर्गीकरण भई सुरक्षित विसर्जन भएको हुनेछ | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजी क्षेत्र तथा नगरपालिका वाट सेवा सञ्चालन) | प्रतिशत | ९१ | ९२ | ९३ | ९४ | ९५ | ९६ | | |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरधुरी | प्रतिशत | ०.२६ | ०.१ | ०.१ | ०.१ | ०.०१ | ०.०१ | | |
| | प्यान भएको शौचालय भएका घरधुरी | प्रतिशत | ९६.६२ | ९८ | ९८ | ९९ | ९९ | ९९ | | |
| | सार्वजनिक शौचालय | संख्या | २ | ५ | १० | १९ | २३ | २५ | | |
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | - | ५ | ५० | ७५ | ८५ | ९५ | | |
| | घर,आँगन,शौचालय वाट निष्कृत फोहोर लाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | - | ५० | ५० | ७५ | ८५ | ९५ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. खानेपानी मुहान एवं ढुङ्गेधारा संरक्षण, मर्मत सम्भार र स्तरोन्नति<br>२. डिपवोरिङ निर्माण, प्लाष्टिक पोखरी, आकाशेपानी सङ्कलन<br>३. खानेपानी पाइप विस्तार, मर्मतसम्भार<br>४. फोहोर प्रशोधन एवं मल उत्पादन कार्यक्रम<br>५. फोहोर सङ्कलन एवं विसर्जन<br>६. स्यानेटरी पार्क (ल्याण्डफिल्ड साइट) व्यवस्थापन<br>७. नदी, खोला एवं सार्वजनिक स्थल सरसफाइ अभियान<br>८. घुम्ती शौचालय सञ्चालन | **३३ करोड १८ लाख ८३ हजार ९३२** |

### ६.५.४ महिला, बालवालिका, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका : २९<br>महिला वालवालिका, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ महिला सशक्तीकरण हुँदै, निर्णायक तह नगरसभामा महिलाको वाक्लो उपस्थिति<br>➧ नगरसभामा आदिवासी जनजातिहरुको प्रतिनिधित्व<br>➧ महिला सञ्जाल तथा समूह, आमा समूहहरु कियाशील<br>➧ वाल क्लव, अपाङ्गताको क्लव, वृद्धक्लवहरु कियाशील<br>➧ महिला सहकारी संस्था कियाशील | ➧ वहुविवाह, लैङ्गिक हिंसा, छुवाछुतका घटनाहरु नियन्त्रण गर्नु<br>➧ अपाङ्गता भएकाहरुको स्वरोजगारीता श्रृजना गर्नु<br>➧ महिलाहरुका गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु<br>➧ वसाइ सराइ नियन्त्रण गर्नु<br>➧ असहाय र आश्रयहीन वालवालिकाको संख्यामा शुन्य गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ उद्यमशीलता तथा व्यवसायिक सीप तालिमहरु सञ्चालन र लाभान्वितहरुको संख्या अधिक<br>➧ रोजगारी, पेशा एवं व्यवसायहरुमा महिला उपस्थिति<br>➧ अपाङ् क्लव, अपाङ्गतहरुको सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन<br>➧ लागु औषध दुर्व्यसन सम्वन्धी सचेतना अभिवृद्धि<br>➧ लक्षित वर्गको उत्थानका लागि वर्षेनी वजेट विनियोजन भएको<br>➧ ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण, सम्मान कार्यकम सञ्चालन हुँदै आएको | ➧ सार्वजनिक भवन एवं पूर्वाधारहरु वृद्ध, बाल एवं अपाङ्गमैत्री हुन नसक्नु<br>➧ लक्षित वर्गमा न्यून वजेट विनियोजन हुनु<br>➧ विपन्न वर्ग, दलितहरुको आर्थिक सामाजिक स्तरोन्नतिका लागि स्व/रोजगारीमूलक कार्यकम हरु कार्यान्वयन नहुनु<br>➧ महिलाहरुमा उद्यमशिलता बिकासका लागि क्षमता अभिवृद्धि, अनुदान, सहुलियत दरमा ऋण व्यवस्था नहुनु<br>➧ अपाङ्गत भएकाहरुको शारिरीक एवं मानसिक विकास सम्वन्धी कार्यकम हरु नहुनु |

**ख) उद्देश्य**

महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, फरक क्षमता भएका, सीमान्तकृत एवं अति विपन्न वर्ग, समुदायको क्षमता विकास, सशक्तीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता, वर्गीय तथा जातीय विभेदको अन्त्य गर्दै निर्णय तथा नेतृत्व तहमा पहुँच अभिवृद्धिवाट सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणमा सहयोग गर्नु ।

**ग) रणनीतिहरु**

१. महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने
२. बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने
३. ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने
४. अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने
५. दलित समुदायको सशक्तीकरण गर्ने
६. जनजाति समुदाय सशक्तीकरण गर्ने
७. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को महिला सशक्तीकरण र समावेशीकरण अन्तर्गतका कार्यनीतिहरु**

१.१. महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरण, दक्षता तथा क्षमता अभिवृद्धि गर्दै त्यस्ता क्षेत्रहरुमा सार्थक, अर्थपूर्ण सहभागिता वढाउदै समान पहुँचको व्यवस्था मिलाइनेछ ।

१.२. महिला संगठन, समूह तथा सञ्जालहरुको बिकास विस्तार र सशक्तीकरण गर्दै त्यस्ता संस्थाहरुको प्रभावकारी प्रतिनिधित्व सवै क्षेत्रमा गराइनेछ ।

१.३. लैङ्गिक हिंसावाट पीडित महिलाहरुको संरक्षणका लागि सेवा केन्द्रहरु स्थापना र गर्दै मनोसामाजिक विमर्श उपचार एवं कानुनी सहायताहरु उपलव्ध गरिनेछ ।

१.४. कार्यस्थलमा हुने लैङ्गिक तथा यौनिक हिंसा, छुवाछुत एवं विभेदपूर्ण ज्यालादर लगायत सवैप्रकारका अन्याय र हिंसालाई निरुत्साहित र दण्डित गर्न स्थानीय कानुन बनाई कडाइका साथ लागू गरी नगरपालिकालाई महिला हिंसामुक्त बनाइनेछ ।

१.५. सीप बिकास एवं उद्यमशीलता तालिमवाट रोजगारी, स्वरोजगारी तथा आयआर्जनका अवसरहरु श्रृजना गर्दै महिलाहरुलाई आर्थिक रुपमा सक्षम र सवल बनाइनेछ ।

१.६. महिला सहकारी संस्थालाई बिकास विस्तार एवं आवद्ध सदस्यहरुको क्षमता अभिवृद्धिका लागि सहकारी व्यवस्थापन तालिमहरु प्रदान गर्दै संस्था सुचारु रुपले सञ्चालन गर्न वीउ पूँजी कोष स्थापना गरिनेछ ।

१.७. किशोरी युवतीहरुलाई वजारको मागमा आधारित रोजगारीमूलक तालिमहरु प्रदान गरी क्षमता अभिवृद्धि गर्दै प्रतिस्पर्धी, सक्षम र सवल बनाइनेछ ।

१.८. लैङ्गिक संवेदनशील वजेट र लैङ्गिक वजेट परीक्षण प्रणाली अवलम्बन गरी महिला सशक्तीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।

१.९. नगरपालिकाको आवधिक योजना एवं वार्षिक कार्यक्रम तर्जुमामा महिलाहरुको सहभागितालाई प्रभावकारी बनाई कार्यक्रमहरु तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरिनेछ ।

**रणनीति २ को बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१. स्थानीय समुदाय, विद्यालय, सञ्चार जगत र बाल अधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरुसंग सहकार्य गरी बालबालिका र किशोर किशोरी माथि हुने दुर्व्यवहार, हिंसा, भेदभाव, बाल शोषण, बालश्रम, वेचविखनको अन्त्य गरिनेछ । यसका लागि नीतिगत व्यवस्था गर्दै आवश्यक कानुन कार्यान्वयनमा ल्याइनेछ ।

२.२. बाल सहभागिता, बाल बिकास, बाल बचाउ, वाल संरक्षणका लागि सवै सार्वजनिक कार्यालयहरुमा नीतिगत व्यवस्था गरी सोही अनुसार वार्षिक कार्यक्रम हरु कार्यान्वयन गर्दै संस्थागत बिकास गरिनेछ ।

२.३. नगरपालिकाको आवधिक विकास योजना तर्जुमा तथा वार्षिक नीति कार्यक्रम बिकासका चरणहरुमा बालवालिकाको सहभागितालाई अर्थपूर्ण बनाइनेछ ।

२.४. बालक्लव तथा सञ्जालको क्षमता अभिवृद्धि गर्दै विभिन्न समितिहरुमा हुने बाल प्रतिनिधित्वलाई प्रभावकारी बनाइनेछ ।

२.५. कानुनी विवाद परेका बालबालिकाका लागि बाल सुधार गृह सञ्चालन गरी संरक्षण गरिने र अनाथ, अति विपन्न बालवालिकाहरुको शिक्षा, स्वास्थ्यमा पहुँचको व्यवस्था मिलाइनेछ ।

२.६. संविधान लगायत विभिन्न ऐन कानुनहरुद्वारा व्यवस्था गरिएका बाल अधिकारवारे अभिमुखीकरण, जनचेतना अभिवृद्धि गर्दै क्रमिक रुपमा कार्यान्वयन गरिनेछ ।

२.७. बालबालिकाहरुको शारीरिक र मानसिक बिकासका लागि आवश्यक सवैप्रकारका व्यवस्था गरी प्रतिभावान र सभ्य नागरिक बिकास बनाउन सहयोग गरिनेछ ।

२.८. वालमैत्री असल शासन नगरपालिका घोषणा गर्न आवश्यक नीति तथा रणनीति तर्जुमा गरिनेछ।

**रणनीति ३ को ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण अन्तर्गतका कार्यनीतिहरु**

३.१. ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवहरु नीति निर्माणमा उपयोगि हुने र भावि पुस्ताहरुका लागि एक मार्गदर्शन हुनसक्ने भएकोले त्यस्ता ज्ञान अनुभवहरुलाई पुस्तान्तरण गर्ने वातावरण श्रृजना गरिनेछ ।

३.२. हिंसा, दुर्व्यवहार, भेदभावमा परेका, मानसिक तनावमा परेका, अशक्त, घरवारविहिन, विपन्न ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि स्थानीय गैर सरकारी संस्थाहरुसंग सहकार्यमा वृद्धाश्रम स्थापना र सञ्चालन व्यवस्था मिलाइनेछ। यसका लागि स्थानीय मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ।

३.३. ज्येष्ठ नागरिलाई परिवारवाटै सम्मानपूर्ण रहन सक्ने वातावरण तथा परम्परालाई प्रोत्साहित गरिनेछ।

३.४. ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम, निःशुल्क स्वास्थ्य वीमा, स्वास्थ्य जाँच लगायत संविधान र अन्य ऐनहरुमा भएको प्रावधानहरुलाई प्रभावकारी ढङ्गवाट कार्यान्वयन गरिनेछ।

३.५. उपयुक्त स्थानमा सुविधा सम्पन्न ज्येष्ठ नागरिक भबन निर्माण गरी दिवा सेवा कार्यक्रम सञ्चालन गर्दै ज्येष्ठ नागरिकहरुको जीवन यापनलाई सहज र सरल बनाइनेछ।

**रणनीति ४ को अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

४.१. उपयुक्त हुने सीप बिकास एवं उद्यमशीलता तालिम प्रदान गरी अपाङ्गता भएका नागरिकहरुको क्षमता अभिवृद्धि गर्दै स्वरोजगार एवं आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग र सहजीकरण गरिनेछ।

४.२. आधारभूत शिक्षा, स्वास्थ्य सेवा लगायत ऐन कानुनद्वारा व्यवस्था गरिएका सवै प्रकारका सेवा सुविधाहरु प्रदान गर्दै अपाङ्गता भएका नागरिकहरुको जीवन यापनलाई सहजता बनाइनेछ।

४.३. अपाङ्गता भएकाको किसिम अनुसारको विशेष शिक्षा प्रदायक विद्यालयसंग सहकार्य गरी त्यस्तो शिक्षा उपलब्ध गराउन विशेष व्यवस्था मिलाइने छ।

४.४. स्थानीय स्तरमा अपाङ्गता भएका नागरिकहरुको समिति निर्माण गर्दै नगरपालिकाको नीति, कार्यक्रम तर्जुमाका चरणहरुमा प्रतिनिधित्व गराई नीति कार्यक्रम तर्जुमामा प्रभावकारी सहभागिता गराइनेछ।

**रणनीति ५ को दलित समुदायको सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

५.१. सीप बिकास एवं उद्यमशीलता तालिम कार्यक्रम हरु सञ्चालन गरी दलित समुदायको क्षमता अभिवृद्धि गर्दै रोजगार एवं आय आर्जनका अवसरहरु श्रृजना गर्न सहयोग गरिनेछ । दलितहरुको परम्परागत सीप र दक्षताको भरपूर उपयोग गर्न आधुनिकीकरण गरिनेछ ।

५.२. दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक रुपमा सशक्तीकरणका लागि कार्यक्रम हरु सञ्चालन गर्दै स्थानीय सरकार सञ्चालन मा अर्थपूर्ण सहभागि गराइनेछ।

५.३. जातीय भेदभावको अन्त्यका लागि स्थानीय नागरिक समाजसंग सहकार्य गर्दै छुवाछुतमुक्त घोषणा गरिनेछ।

५.४. अति विपन्न दलित समुदायको वस्तीमा उत्थानका लागि सवै प्रकारका पूर्वाधारहरुको निर्माण, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रहरुमा निःशुल्क पहुँचको व्यवस्था मिलाइनेछ।

**रणनीति ६ को जनजाति समुदाय सशक्तीकरण अन्तर्गतका कार्यनीतिहरु**

६.१. आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यसै समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, भाषा, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गरिनेछ ।

६.२. नगरपालिका स्तरीय आदिवासी जनजाति समन्वय समिति/समूह, महिला समन्वय समिति/समूह, दलित समन्वय समिति/समूह, अपाङ्गता समन्वय समिति/समूह, एकल महिला समन्वय समिति/समूह तथा बालक्लव समन्वय समिति/समूहको गठन गरी उपयुक्त कार्यक्रम हरू सञ्चालन गरिनेछ ।

**रणनीति ७ को लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

७.१. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गर्दै लक्षित समूह, सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

७.२. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसख्याक, सीमान्तकृत समुदायको अभिलेख तथा खण्डिकृत तथ्याङ्क राखी सामाजिक र आर्थिक उत्थान कार्यक्रम लागू गरिनेछ ।

७.३. नगरपालिकाको नीति निर्माण, निर्णय प्रकिया र बिकासका सबै गतिविधिमा सबै लक्षित वर्गको अनिवार्य प्रतिनिधित्व र सहभागिता वृद्धि गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३०**
**लक्षित बर्ग तथा सामाजिक समावेशीकरण**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | -- | ४० | ४० | ४० | ४० | ४० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु**<br><br>१. स्थानीय संरचनामा लक्षित वर्गको अर्थ पूर्ण सहभागिता भएको हुनेछ | महिलाको औषत आयु | वर्ष | ६५ | ६५.१ | ६५.२ | ६५.३ | ६५.४ | ६५.५ | केतवि<br><br>EMIS<br><br>नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | तिनै तहको सरकार, निजी क्षेत्र, सामुदायिक संस्थाहरु, गैसस नागरिक समाजसंग समन्वय र |
| | लक्षित वर्गका लागि वजेट विनियोजन (महिला वालवालिका, पिछडिएका, विपन्न वर्ग) | रु. करोड | - | ६५.७ | ६५.९ | ६६.२ | ६६.५ | ६७.१ | | |
| | स्थानीय संस्थावाट सञ्चालित ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा क्लववाट | संख्या | २५ | ३० | ३५० | ४०० | ५०० | ६०० | | |

**तालिका : ३०**
**लक्षित बर्ग तथा सामाजिक समावेशीकरण**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/ ०७९ | लक्ष्य परिमाण २०७९ /८० | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २. सामाजिक जनचेतना अभिवृद्धि भई सवै प्रकारका विभेद, हिंसा, छुवाछुत, लगायतका सामाजिक कुरीति तथा अपराधमा न्यूनीकरण भएको हुनेछ | लाभान्वित ज्येष्ठ नागरिक | | | | | | | | | साझेदारी भएको हुने |
| | सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या | संख्या | २९०० | ३६०० | ४३५ ० | ५१५० | ५९७५ | ६८२५ | | |
| | अन्य क्षेत्रहरुमा वसाइ सराई गर्ने घरपरिवार | संख्या | १५० | २०० | २५० | २७५ | ३०० | ३५० | | |
| | महिला सहकारी संस्था | संख्या | ८ | ९ | १० | ११ | १२ | १३ | | |
| | महिला सहकारी संस्थामा आवद्ध सदस्य | संख्या सयमा | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | | |
| | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | २१ | २२ | २३ | २४ | २५ | २६ | | |
| ३. लक्षित वर्गमा व्यवसायिक सीप तथा उद्यमशीलता विकास भई रोजगारी एवं आय आर्जनमा अभिवृद्धि भएको हुनेछ | अपाङ्गत भएकाहरु को क्षमता अभिवृद्धि, सीप विकास र रोजगारी एवं शिक्षा, स्वास्थ्यमा रकम विनियोजन | रु. लाख | - | १५ | २० | २५ | ३० | ३५ | | |
| | नि:शुल्क शिक्षावाट लाभान्वित अपाङ्गता भएकावालवालिकाहरु | संख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | | |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | संख्या | ४० | ४५ | ५० | ५५ | ६० | ७० | | |
| | सञ्चालनमा रहेको ज्येष्ठ नागरिकहेरचाह तथा दिवा सेवा केन्द्र | संख्या | १ | १ | ८ | ९ | १० | ११ | | |
| | सञ्चालनमा रहेका ज्येष्ठ नागरिक क्लव | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२ | | |
| | परिचय पत्र प्राप्त ज्येष्ठ नागरिक | संख्या सयमा | १९.५६ | १९.८ | २०.० | २२.० | २५.० | ३०.० | | |
| | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु.लाख | २ | ३ | ४ | ६ | ८ | १० | | |
| | लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (कूल वार्षिक घटनाको) | प्रतिशत | १० | ८ | ६ | ५ | ४ | ३ | | |
| | वहुविवाह दर | प्रतिशत | ८ | ७ | ६ | ५ | ४ | ३ | | |
| | एकल महिला सुरक्षा कोषमा जम्मा भएको रकम | रु. लाख | - | ५ | ८ | १० | १२ | १५ | | |
| | हिंसापीडित महिलाको मनोसामाजिक परामर्श, उद्धार, राहत र कानुनी | संख्या | ० | ० | १ | १ | २ | २ | | |

**तालिका : ३०**
**लक्षित बर्ग तथा सामाजिक समावेशीकरण**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | उपचारका लागि पुनर्स्थापना केन्द्र | | | | | | | | | |
| | वाल प्रतिनिधित्व भएका सार्वजनिक संस्था तथा समिति | संख्या | २२ | ३३ | ३४ | ३६ | ३८ | ४० | | |
| | कियाशील वालक्वल, वालसञ्जालहरु | संख्या | ७० | ८२ | ८३ | ८४ | ८५ | ८६ | | |
| | अन्तरपाटी महिला सञ्जाल | संख्या | ० | ० | १ | १ | १ | १ | | |

| कियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. लक्षित वर्गको सामाजिक, आर्थिक, राजनीति क्षेत्रका विविध विषयमा क्षमता बिकास कार्यक्रम<br>२. सामाजिक क्षेत्रका विविध पक्ष सम्वन्धी जनचेतना, अभिमुखीकरण कार्यक्रम<br>३. लक्षित वर्ग कानुनी परामर्श तथा सहायता केन्द्र स्थापना<br>४. सीप बिकास तथा उद्यमशीलता तालिम, वजार व्यवस्थापन र अनुदान व्यवस्था<br>५. पुर्नस्थापना केन्द्र, महिला तथा ज्येष्ठ नागरिक सामुदायिक भवन निर्माण<br>६. हिंसा पीडित महिला सहयोग कार्यक्रम<br>७. हिंसा पीडित एकल महिला कोष स्थापना<br>८. महिला सहकारी सञ्चालनका लागि तालिम र वीउ पूँजी कोषको व्यवस्था<br>९. किशोरीहरुका लागि सीप बिकास तथा क्षमता अभिवृद्धि कार्यक्रम<br>१०. वालमैत्री, अपाङ्गतामैत्री शौचालय, मनोरन्जन केन्द्र, उद्यान, खेलकुद मैदान, अध्ययन केन्द्र निर्माण<br>११. ज्येष्ठ नागरिक, विपन्न दलितहरुको स्वास्थ्य परीक्षण, पोषण, स्वास्थ्य वीमा कार्यक्रम<br>१२. लक्षित वर्ग सम्वन्धी नीति, रणनीति र सेवा सुविधाको मापदण्ड निर्धारण<br>१३. ज्येष्ठ नागरिक तथा वृद्धाश्रम भवन सञ्चालन | **४४ करोड २५ लाख ११ हजार ९०९** |

### ६.५.५ कला भाषा, साहित्य र सम्पदा

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : ३१**
**कला भाषा संस्कृति र सम्पदा क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ जातिय विविधता, जातजातिहरुको सौहार्दपूर्ण वसोवास<br>➧ विविध धर्मालम्वीहरुको मिश्रित स्थल<br>➧ धर्म अनुसारको परम्परा, चाडपर्व, संस्कृतिमा अभ्यस्त | ➧ वैदेशिक एवं आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको वढ्दो आकर्षणलाई निरुत्साहित गर्नु<br>➧ स्थानीय भाषा, संस्कृति, चाडपर्वहरु लोपोन्मुख र पुस्ता हस्तान्तरण गर्नु |

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| ➧ टोखा विस्केट जात्रा गथामुग गाईजात्रा, ईन्द्रजात्रा, स्वन्ती पर्व दरौ, यमरीनख, सि पुन्यि , स्वस्थानी व्रत, घ्योचाकु संस्कृति पाहाँ चन्हे जात्रा धापासी जात्रा गोगंबु जात्रा, चर्तुमास भजन पर्व, नेवारी संस्कृति, वाजागाजा आदिको संरक्षण सम्वर्द्धनमा सहयोग<br>➧ सम्पदाहरुको मर्मत सम्भार तथा स्तरोन्नति हुँदै आएको | ➧ स्थानीय भाषा, संस्कृतिको जर्गेना, संरक्षणमा कम ध्यानाकर्षण<br>➧ साँस्कृतिक संरक्षण तथा प्रदर्शनी नहुनु<br>➧ स्थानीय संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन तथा आयमूलक कार्यक्रम सञ्चालन नहुनु<br>➧ सवै लोपोन्मुख जातजातीको सांस्कृतिक केन्द्र तथा सङ्ग्रहालय स्थापना नहुनु |

**ख) उद्देश्य**

परम्परागत, मौलिक एवं लोपोन्मुख कला, भाषा, साहित्य, संस्कृति तथा सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनवाट स्थानीयहरुको पहिचान स्थापित गर्नु ।

**ग) रणनीतिहरु**

१. मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने

२. कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

१.१. परम्परागत, मौलिक एवं लोपोन्मुख कला, संस्कृति, भाषा र साहित्यको संरक्षण एवं प्रवर्द्धनका लागि नगरपालिकामा एक कला केन्द्र स्थापना गरी प्रवर्द्धन गरिनेछ ।

१.२. स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ ।

१.३. स्थानीय भाषा, संस्कृति र सम्पदालाई पर्यटन बिकाससंग जोड्दै यसको प्रवर्द्धन गरिनेछ ।

१.४. स्थानीय सवै कला, भाषा, संस्कृति एवं सम्पदाहरुको संरक्षण गर्दै मुख्य क्षेत्रमा सस्कृति संग्रहालयको स्थापना गरिनेछ ।

**रणनीति २ को कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

२.१. भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण सम्बन्धी नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।

२.२. स्थानीय लोपोन्मुख एवं जातीय भाषा, संस्कृति तथा सम्पदाहरुको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी दीर्घकालीन नीति तथा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३२**
**कला भाषा साहित्य र सम्पदा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | स्थानीय लोपोन्मुख संस्कृति जर्गेना | संख्या | ८ | ८ | १० | १५ | १५ | १५ | नगरपालिका को वार्षिक | अन्तर सरकार |

**तालिका : ३२**
**कला भाषा साहित्य र सम्पदा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | | | | | | | | | प्रतिवेदन | समन्वय भएको हुने |
| **प्रतिफल हरु**<br><br>१. स्थानीय कला, भाषा संस्कृति एवं सम्पदा हरुको संरक्षण, प्रवर्द्धन हुँदै संस्कृतिक सङ्ग्रहालय को स्थापना भएको हुनेछ<br><br>२.स्थानीय भाषामा पठनपाठन भई साहित्य प्रकाशन भएको हुनेछ | स्थानीय कला, भाषा र साहित्यलाई पेशा को रुपमा ग्रहण गर्ने | संख्या | ३ | ४ | ४ | ४ | ५ | ५ | नगरपालिका को वार्षिक प्रगति प्रतिवेदन<br><br>भाषा आयोग को प्रतिवेदन<br><br>नगरपालिका पार्श्व चित्र | भाषा आयोग, संस्कृति संग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने । जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय संग समन्वय भएको हुने छ । |
| | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | - | ५ | ५ | ७ | १० | १० | | |
| | संरक्षित कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | २ | ३ | ४ | ५ | ८ | १० | | |
| | स्थानीय लोपोन्मुख भाषाहरु | संख्या | २ | २ | २ | १ | १ | ० | | |
| | वोलीचालीका स्थानीय भाषाहरु | संख्या | २ | २ | ३ | ४ | ५ | ६ | | |
| | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी भएका अध्ययन तथा अनुसन्धानहरु | संख्या | १ | १ | २ | ३ | ४ | ५ | | |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन | संख्या | ५ | ५ | ८ | ८ | ८ | १० | | |
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने सङ्ग्रहालय | संख्या | ० | ० | १ | १ | १ | १ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. स्थानीय कला तथा संस्कृतिको प्रदर्शनी<br>२. प्राचीन गुम्वा, मठ मन्दिर, सम्पदाहरुको अभिलेखन, मर्मत सम्भार तथा सवलीकरण<br>३. साँस्कृतिक सङ्ग्रहालय स्थापना<br>४. संस्कृति तथा सम्पदाको संरक्षण सम्वर्द्धन गुरुयोजना तर्जुमा<br>५. संस्कृति संरक्षण, स्थानीय जात्रा, साँस्कृतिक पर्व व्यवस्थापन कोष स्थापना<br>६. लोपोन्मुख संस्कृति जर्गेना कार्यक्रम<br>७. स्थानीय भाषा प्रवर्द्धन तथा प्रकाशन<br>८. स्थानीय कला, भाषा तथा साहित्य सर्जक सम्मान कार्यक्रम | **३३ करोड १८ लाख ८३ हजार ९३२** |

### ६.५.६ युवा तथा खेलकुद

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : ३३**
**युवा तथा खेलकुद क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ शिक्षित, ऊर्जावान युवाहरुको उपस्थिति अधिक<br>➧ खेलकुद तर्फ युवाहरुको आकर्षण वढ्दो र युवाक्लवहरु क्रियाशील<br>➧ स्थानीय संरचनामा युवाहरुको आवद्धता वढ्दो | ➧ युवाहरुको आर्थिक, सामाजिक एवं राजनीति क्षेत्रमा अर्थपूर्ण उपस्थितिमा अभिवृद्धि ल्याउनु<br>➧ शिक्षित वेरोजगार युवाहरुको व्यवस्थापन गर्नु<br>➧ युवाहरुको विदेश पलायनलाई रोक्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ स्व/रोजगारीमूलक व्यवसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन हुँदै आएको<br>➧ खेल मैदानहरुको उपलव्धता<br>➧ नगरपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन<br>➧ प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट ठूलो संख्यामा लाभान्वित | ➧ वेरोजगार युवाहरुलाई अनुदान तथा सस्तो दरमा ऋण सुविधा उपलव्ध गराई रोजगारीमूलक कार्यक्रम सञ्चालन हुन नसक्नु<br>➧ वैदेशिक रोजगारीवाट फर्केका युवाहरु स्वरोजगारीमा आवद्ध हुन नसक्नु<br>➧ सुविधायुक्त खेलमैदान (कभरहल) नहुनु<br>➧ खेलाडीहरुको उचित सम्मान र सहयोग उपलव्ध हुन नसक्नु |

**ख) उद्देश्य**

युवाहरुमा क्षमता विकास, उद्यमशीलता एवं व्यवसायिकता विकासवाट रोजगारीका अवसरहरु श्रृजना गर्दै सवै प्रकारका खेलकुदहरुको भौतिक पूर्वाधार तथा संरचनाको निर्माण गरी प्रतिस्पर्धी, प्रतिभाशाली युवा खेलाडीहरुको विकास गर्ने ।

**ग) रणनीतिहरु**

१. युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास गर्ने

२. बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने

३. खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास गर्ने

**घ) कार्यनीति**

**रणनीति १ को युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१. क्षमता अभिबृद्धि कार्यक्रम मार्फत युवा उद्यमशीलता तथा स्वरोजगारीमा अभिबृद्धि गरिनेछ ।

१.२. युवाका लागि सीप, प्रविधि, कर्जा, व्यवसाय परामर्श, बजार सुविधा सहित उद्यम बिकास सम्बन्धी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

१.३. वैदेशिक रोजगारीवाट हासिल गरेका दक्षता, सीप, अनुभव, ज्ञान एवं पूँजीलाई सही सदुपयोगका लागि उपयुक्त वातावरण श्रृजना गर्दै औद्योगिक व्यवसायिक क्षेत्रमा लगानी गर्न युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

**रणनीति २ को बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

२.१. स्थानीय योजना तर्जुमा, कार्यान्वयन, नतिजामापन प्रक्रियामा युवाहरुको संलग्न बृद्धि गर्न क्षमता अभिवृद्धि गरिनेछ ।

२.२. युवा समूह, क्लब सञ्जालको बिकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार सञ्चालनको विभिन्न क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व एवं सहभागिता गराइनेछ ।

२.३. लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थास्थाना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन गरिनेछ ।

**रणनीति ३ को खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास अन्तर्गतका कार्यनीतिहरु**

३.१. युवाहरुको शारिरीक, मानसिक बिकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल संस्कृतिको बिकास गरिनेछ ।

३.२. खेलकुद बिकासका लागि आवश्यक पूर्वाधारहरु विद्यालय, वस्ती, वडाहरु र नगरपालिका स्तरीयमा निर्माण गरी खेलकुदको प्रवर्द्धन गरिनेछ ।

३.३. खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण श्रृजना गरिनेछ ।

३.४. स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघ संस्थासंग समन्वय र नियमन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ३४**
**युवा तथा खेलकुद**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | उद्योग, व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | २५ | २७ | २८ | ३० | ३३ | ३५ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय भएको हुने |
| **प्रतिफल हरु**<br>१.युवाहरु मा व्यवसायिक सीप विकास वाट राजनीति लगायत सवै क्षेत्रहरुमा आवद्धता वृद्धि भएको हुनेछ<br>२. खेलकुद सम्वन्धी पूर्वाधारहरु को निर्माण भई खेल प्रतियोगिता सञ्चालन भएको हुनेछ | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | संख्या | १५० | १८० | २१० | २५० | २७० | ३०० | EMIS<br>नगरपालिका को बार्षिक प्रगति प्रतिवेदन<br>श्रम मन्त्रालय वार्षिक प्रतिवेदन | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वरोजगार कोष,<br>उद्योग वाणिज्य, तालिम संस्था तथा निजी क्षेत्रसंग समन्वय भएको हुने<br>अन्तर सरकार |
| | व्यवसायिक सीप विकास तालिम लिए पछि स्व/रोजगारी मा आवद्धता(तालिम प्राप्त गर्ने कूल संख्याको) | प्रतिशत | ६२ | ६४ | ६५ | ६७ | ६८ | ७० | | |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवा | संख्या | २०० | २३० | २५० | २६० | २८० | ३०० | | |
| | युवा स्वरोजगार कोष अन्तर्गतको कर्जावाट लाभान्वित युवा | संख्या | ५० | ५८ | ६८ | ८० | ९० | १०० | | |

**तालिका : ३४**
**युवा तथा खेलकुद**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | स्थानीय तहको संरचनामा युवाको संलग्नता | प्रतिशत | ३५ | ३५ | ३५ | ४० | ४५ | ५० | | समन्वय भएको हुने |
| | क्रियाशील युवा क्लवहरु | संख्या | ११ | ११ | १५ | १८ | २० | २२ | | |
| | व्यवसायिक युवा खेलाडी | संख्या | ७ | १० | १३ | १५ | १७ | २१ | | |
| | खेलअभ्यास प्रशिक्षण केन्द्र (कवर्डहल) | संख्या | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| | खेलकुद मैदानहरु | संख्या | १० | १० | १० | ११ | ११ | ११ | | |
| | नगरपालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १० | १५ | १७ | १९ | २२ | २६ | | |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु | संख्या | ५ | ७ | ११ | १७ | २५ | ३५ | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. व्यवसायिक सीप तथा उद्यमशीलता विकास<br>२. युवा स्वरोजगार कार्यक्रम<br>३. युवा समूह, क्लब सञ्जालको सशक्तीकरण<br>४. लागु पदार्थ दुर्व्यसन पुनर्स्थापना कोष स्थापना<br>५. युवा खेलमैदान, कर्वडहल र रङ्गशाला निमार्ण<br>६. नगरपालिका स्तरीय, अन्तर विद्यालय खेलकुद प्रतियोगिता<br>७. युवा खेलाडी सम्मान कार्यक्रम<br>८. महिला खेलाडी प्रवर्द्धन कार्यक्रम | **११ करोड ०६ लाख २७ हजार ९७७** |

# परिच्छेद - सातः पूर्वाधार विकास

## ७.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार स्थानीय सडक, ग्रामीण तथा कृषि सडक र सिंचाइ जस्ता पूर्वाधारलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखिएको छ । उपरोक्त पक्षहरु सम्वन्धी नीति, कानुन, मापदण्ड तथा सोको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन सञ्चालन ऐन, २०७४ वाट स्थानीय तहलाई प्रदान गरिएको छ । यस अनुसार नगरपालिकाहरुले यातायात सुरक्षाको व्यवस्थापन, पुलपुलेसा, तटवन्धन सम्वन्धी गुरुयोजना, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन गर्नुपर्ने जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ ।

वसोवासलाई व्यवस्थित गर्ने, योजनावद्ध रुपमा वस्ती विकास गर्ने, नागरिकहरुलाई सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात सुरक्षा उपलव्ध गराउने र गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास जस्ता पक्षहरुलाई राष्ट्रिय नीतिका रुपमा ग्रहण गरिएको छ र सुर्वसुलभ एवं आधुनिक पूर्वाधारहरुलाई १५ औं योजनामा उच्च प्राथमिकतामा राखिएको छ भने दिगो शहरी विकास तथा वस्ती विकासलाई राष्ट्रको दीर्घकालीन रणनीतिमा ग्रहण गरिएको छ । त्यसैगरी देशको रुपान्तरणको प्रमुख सम्वाहकको रुपमा गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार, वृहत सञ्जालीकरण, आधुनिक, दिगो तथा व्यवस्थित शहरीकरण, आवास र वस्ती विकासलाई लिइएको छ भने दिगो विकास लक्ष्यमा गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधार विकास गर्ने, दिगो र आधुनिक ऊर्जामा सवैको पहुँच अभिवृद्धि गर्ने, सडक सुरक्षामा सुधार ल्याउने र सङ्कटग्रस्थ व्यक्ति, महिला, अपाङ्गता र प्रौढमैत्री वनाउदै दिगो यातायात प्रणालीको विकास, शहरीकरण र मानववस्तीलाई दिगो र व्यवस्थित गर्ने जस्ता पूर्वाधारलाई विशेष महत्वका साथ समावेश गरिएको छ ।

उपरोक्त पक्षहरुको सुनिश्चितता गर्दै टोखा नगरपालिकावाट संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र पूर्वाधार बिकासको खाका तयार पारिएको छ । पूर्वाधार विकासका लागि प्रमुख क्षेत्रको रुपमा रहेको सडक, यातायात, पुलपुलेसा, आवास, भबन तथा वस्ती बिकास, सिंचाइ, विद्युत तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यकमहरु तर्जुमा भएको छ ।

## ७.२ वर्तमान अवस्था

सडक यातायात नगरपालिकाले उल्लेख्य प्रगति हासिल गरेको छ । सवै वस्ती, टोलहरु सडक सञ्जालवाट जोडिएका छन । ३० मिनेटको दुरीमा यातायात पहुँच भएका घरपरिवारहरु करीव ९० प्रतिशत भन्दा वढी छन । नगरपालिका क्षेत्रभित्र करीव १५८ किमि लामो सडकमा तुलनात्मक रुपमा कालोपत्रे सडकको लम्वाइ न्यून भएपनि क्रमिक रुपमा सडक पिच हुँदै आएको छ । नगरपालिकाको उत्तरतर्फ सामाखुशी-टोखा-छहरे हुँदै नुवाकोटको त्रिशुली जाने सडकखण्ड र नगरपालिकाको सवै क्षेत्रहरुवाट जोडिएको काठमाडौ चक्रपथ यसका प्रमुख सडकहरु हुन । करीव ९५ प्रतिशत भन्दा वढी वस्तीहरुमा आधारभूत पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सञ्चार एवं सुरक्षा व्यवस्था पुगेको छ । करीव ७४ प्रतिशत भन्दा वढी जनसंख्याको वसोवास शहरी क्षेत्रमा रहेकोमा निजी क्षेत्रवाट आवासका लागि हाउजिङ, अपाटमेण्टल सञ्चालनमा रहेको छ । करीव ५० प्रतिशत भन्दा वढी निजी संरचनाहरु भूकम्प प्रतिरोधात्मक छन भने संरचनाहरु महिलामैत्री, वालवालिका एवं अपाङ्गतामैत्री निर्माणको कममा रहेका छन । विद्युत सुविधातर्फ सतप्रतिशत घरधुरीहरुमा त्यसप्रकारको सेवा उपलव्ध भएको पाइन्छ । राष्ट्रिय विद्युत प्रशारणवाट विद्युत सेवा वितरण भएकोले वैकल्पिक तथा नवीकरण ऊर्जाको प्रयोग गर्ने गरेको पाइदैन र खाना पकाउने इन्धनको रुपमा सवैघरहरुमा एलपि ग्याँस प्रयोग हुँदै आएको देखिन्छ । त्यसैगरी इण्टरनेटमा करीव ८५ प्रतिशत नगरवासीहरुको पहुँच रहेको पाइन्छ । सार्वजनिक कार्यालय, विद्यालय सवैमा इण्टरनेट सेवा उपलव्धता पाइन्छ । तापनि सार्वजनिक स्थलहरुमा निःशुल्क इण्टरनेट सेवा उपलव्ध हुन सकेको छैन भने नगरपालिकाका सेवा प्रवाहहरु अनलाइन हुन

सकिरहेका छैनन । सार्वजनिक स्थल एवं कार्यालयहरुमा सिसि क्यामरा जडान गरिएको छ भने मुख्य एवं सहायक सडकहरुमा सडक वत्तीको व्यवस्था गरिएको छ ।

## ७.३ पूर्वाधार बिकास क्षेत्रको उद्देश्य

"सडक, पुल पुलेसा, ऊर्जा, , खानेपानी, सार्वजनिक भवन, आवास तथा वस्ती विकास, सूचना तथा सञ्चार प्रविधि लगायतका भौतिक एवं सामाजिक पूर्वाधारहरुको विकास र विस्तारवाट आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै नगरवासीहरुको जनजीवनमा सहजता ल्याउनु"

## ७.४ प्रमुख रणनीतिहरु

क) गुणस्तरीय एवं वातावरणमैत्री यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधारहरुको विकास गर्ने

ख) श्रृजित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार गर्ने

## ७.५ विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- सडक, पुल तथा यातायात
- आवास, बस्ती विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन
- विद्युत तथा वैकल्पिक उर्जा
- सूचना तथा सञ्चार प्रविधि
- सिंचाई

### ७.५.१ सडक तथा यातायात

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : ३५**
**सडक यातायात क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| • अन्तरनगरपालिका सडक सञ्जाल विस्तार भएको<br>• टोखा- छहरे सडकमार्ग सञ्चालनमा रहेको<br>• काठमाडौ चक्रपथ सडकखण्डले छोएको<br>• वाहिरी चक्रपथ एवं सुरुङमार्ग निर्माण सम्वन्धी प्रारम्भिक अध्ययन सम्पन्न | • गुणस्तरीय सडक निर्माण गर्नु , सडक नाली, फुटपाथ, साइकललेन लगायत सडक मानदण्ड प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु<br>• मुअब्जा वितरण गरि समयमानै सडक विस्तार कार्य गर्नु<br>• सडक क्षेत्रका विद्युततार, टेलिफोनतार, केवलतार लगायतलाई व्यवस्थित गर्दै युटिलिटि कोरिडर निर्माण गर्नु<br>• सडक निर्माणमा स्थानीयहरुको सहभागिता कायम गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| • सवै वस्तीहरु पक्की सडक (कालोपत्रे, ढलान) निर्माण तथा सडक सञ्जालवाट जोडिएको<br>• सडक मर्मत र क्रमिक रुपमा स्तरोन्नति | • सवारी साधन विश्राम तथा विसौनीको अभाव र सडक दायाँवायाँ वृक्षारोपण नहुनु<br>• यातायात सडक गुरुयोजना समय सापेक्ष अध्यावधिक नहुनु<br>• सडक निर्माण गर्दा सरोकारवालाहरुसंग समन्वयको अभाव, |

| | |
|---|---|
| भएकोसडक, पुल, कल्भर्ट, निर्माण भएको सार्वजनिक यातायात सेवामा पहुँच अभिवृद्धि भएको | सडक खर्ने भत्काउने र पुर्ने जस्ता कार्यहरु वारम्वार भइरहनु<br>➧ सडक फर्निचर एवं ट्राफिक चिन्ह र लाइटको व्यवस्था नहुनु |

**ख) उद्देश्य**

सुरक्षित र वातावरणमैत्री सडक यातायातको सञ्जाल विकासवाट सुविधायुक्त भरपर्दो आवगमनमा सहजता ल्याउनु ।

**ग) रणनीतिहरु**

१. यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल बिकास गर्ने

२. सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने

३. स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

**घ) कार्यनीति**

**रणनीति १ को यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल बिकास अन्तर्गतका कार्यनीतिहरु**

१.१. शहरी सडक मानदण्ड, २०७६ अनुसार सडक निर्माण गर्दै गुणस्तर कायम राखिनेछ ।

१.२. मर्मत सम्भार इकाइको व्यवस्था गदै सडकको स्तरोन्नति एवं मर्मत सम्भार गरिनेछ । पूर्वाधार एम्वुलेन्सको व्यवस्था गरी तत्काल सडक मर्मतको व्यवस्था मिलाइनेछ र मर्मत सम्भारका लागि वेग्लै कोषको व्यवस्था मिलाइने छ ।

१.३. Road Furniture ट्राफिक चिन्हहरु, सुचना बोर्डको व्यवस्था गर्दै सवारी आवागमनमा सहजता ल्याउने र सडक दुघटनालाई न्यूनीकरण गरिनेछ ।

१.४. नगरपालिकाभित्रका सम्पूर्ण सडकहरुको नामाकरण गर्दै सडकको मापदण्ड अनुसार विद्यमान सडकको स्तरोन्नति, सडक विस्तार एवं नयाँ सडक निर्माण गरिनेछ ।

१.५. सरकारी निकायहरु वीच समन्वयको अभावका कारण सडक खन्ने, पुर्ने, भत्काउने, विस्तार गर्ने कार्यलाई निरुत्साहित गर्दै सडक छेउ युटिलिटि कोरिडर निर्माण गरिनेछ ।

१.६. अन्तर नगरपालिका सञ्जाल विकास विस्तार हुनेगरी सडक यातायातलाई व्यवस्थित गरिनेछ । यसका लागि सम्वन्धित नगरपालिकासंग सहकार्य गरिनेछ ।

१.७. सडक तथा पुलहरुको निर्माण पूर्व विस्तृत परियोजना प्रस्ताव तयार गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१.८. स्थानीय सडक संरचना संरक्षणप्रति स्थानीयहरुलाई जिम्मेवारी वनाउदै अपनत्व ग्रहण गरी त्यसको रेखदेख तथा संरक्षण गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ । यसका लागि व्यवस्थित गर्न कार्यविधि बनाइनेछ ।

१.९. धुले एवं ग्राभेल सडकहरुलाई प्राथमिकताका आधारमा पक्की सडक निर्माण गरिने छ ।

१.१०. नदी तथा खोला किनाराहरुमा सडक कोरिडर निर्माण गर्दै व्युटिफिकेशन गरिनेछ ।

**रणनीति २ को सार्वजनिक यातायातलाई व्यवस्थित अन्तर्गतका कार्यनीतिहरु**

२.१. नगरपालिका क्षेत्रभित्र सक्दो सवै वस्तीहरुलाई समेटिने गरी नियमित रुपमा सञ्चालन हुनेगरी सिटी वसको व्यवस्था गरिनेछ । यसका लागि सहलगानीमा संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

२.२. सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । महिला, बालबालिका, बिरामी, असहाय, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गर्न प्रोत्सहान गरिनेछ ।

२.३. निर्माण सम्पन्न सडकहरुमा सडक रुटको व्यवस्था गर्दै यात्रु प्रतिक्षालय र गन्तव्य स्थानहरुमा स्ट्याण्ड र स्टपको निर्माण गरिनेछ ।

२.४. सडक दुर्घटनालाई न्यूनीकरण गर्न आवश्यक सवै सुरक्षाका उपायहरु अवलम्वन गराइने छ ।

२.५. विद्यमान सवारी चापलाई मध्यनजर गर्दै संभाव्यताको आधारमा एकतर्फी सवारी आवागमनको प्रवन्ध मिलाईनेछ ।

**रणनीति ३ को स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

३.१. स्थानीय सडक यातायात सञ्चालन सम्बन्धी नीति, कानुन बनाई कार्यान्वयन र नियमन गरिनेछ ।

३.२. स्थानीय सडक, पुल, कल्भर्ट सम्बन्धी योजना तर्जुमा, मापदण्ड निर्धारण, कार्यान्वयन, मर्मत सम्भार र नियमन गरिनेछ ।

**ग) तर्कवद्ध खाका**

**तालिका : ३६**
**सडक, यातायात तथा पुलपुलेसा**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | दिगो, सुरक्षित र नियमित यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ८० | ८१ | ८३ | ८५ | ८७ | ९० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१.सडक यातायात मान्यूनतम समय भित्र सवैको पहुँच अभिवृद्धि भएको हुनेछ<br>२. निर्धारित मापदण्ड अनुसारका गुणस्तरीय एवं पक्की सडक निर्माण भएको हुनेछ<br>३. अन्तर नगरपालिका सडक सञ्जाल निर्माण भएको हुनेछ | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ९० | ९० | ९३ | ९५ | ९७ | ९९ | नगरपालिका तथा प्रदेश सरकारको प्रतिवेदन हरु | संघ प्रदेश र अन्तर सरकार तथा आन्तर नगरपालिका वीच समन्वय भएको हुनेछ । |
| | पक्की सडकको लम्वाइ | किमि | ० | ५० | ८५ | १०० | १३० | १६७ | | |
| | ग्राभेल सडकको लम्वाइ | किमि | ११७.१८ | ९० | ७१ | ५६ | २६ | ० | | |
| | कच्ची सडक लम्वाइ | किमि | २७.७९ | १६ | ० | ० | ० | ० | | |
| | सडक फर्निचर सहित ट्राफिक चिन्ह भएको सडकको लम्वाइ | किमि | १३.०३ | ५० | ८५ | १०० | १३० | १६७ | | |
| | खोला, नदी कोरिडर मा निर्मित सडक लम्वाइ | किमि | १५ | २५ | २५ | २६ | ३० | ३० | | |
| | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | संख्या | ३ | २ | १ | ० | ० | ० | | |
| | नजिकको पक्की सडकमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | ०.१६ | ०.१० | ०.०५ | ०.०५ | ०.०५ | ०.०५ | | |
| | वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | २०० | १८० | १२० | ५० | ० | ० | | |
| | सडक नालीको सडक लम्वाइ | किमि | १०० | ११५ | १३० | १४० | १५० | १६७ | | |
| | सडक छेउ निर्मित यूटिलिटि कोरिडरको लम्वाइ | किमि | ४ | ६ | ७ | ८ | १० | १५ | | |

**तालिका : ३६**
**सडक, यातायात तथा पुलपुलेसा**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | नियमित मर्मत संभार भएको सडक लम्वाइ | किमि | २७ | ३७ | ५३ | ५८ | ९८ | १२४ | | |
| | वायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण | किमि | – | ० | ५ | १० | १५ | २० | | |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल | संख्या | ४ | ५ | ५ | ५ | ५ | ५ | | |
| | अन्तरनगरपालिका सडक सञ्जाल संख्या | संख्या | ५ | ७ | ७ | ७ | ९ | ९ | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. सडक मर्मत सम्भार तथा स्तरोन्नति<br>२. सडक मर्मत सम्भार कोष स्थापना<br>३. सडक बिकास, विस्तार तथा डिपिआर तयारी<br>४. सडक फर्निचर एवं ट्राफिक चिन्ह व्यवस्था<br>५. यात्रु विश्राम निर्माण<br>६. सडक नाली तथा ढल निर्माण<br>७. सडक युटिलिटि कोरिडर निर्माण<br>८. नदी तथा खोला किनारा कोरिडर निर्माण<br>९. GIS/GPS, मेट्रिक प्रणालीमा आधारित यातायात गुरुयोजना अध्यावधिक | **२ अर्व २१ करोड २५ लाख ५९ हजार ५४५** |

### ७.५.२ आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : ३७**
**आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ शहरीकरण हुँदै<br>➧ जग्गा एकीकरण (ल्याण्ड पुलिङ) गरी सुविधायुक्त वस्ती विकास<br>➧ निजी क्षेत्रवाट हाउजिङ तथा अपाटमेण्टहरु निर्माण भई आवास सेवा उपलव्ध | ➧ जोखिम क्षेत्रका वस्तीहरु सुरक्षित वसोवासयोग्य वनाउनु तथा वस्ती स्थानान्तरण गर्नु<br>➧ वस्ती विकास तथा शहरीकरणसंगै प्राचीन सम्पदाहरुको संरक्षणमा जटिलता |

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| ➧ सबै वस्तीहरुमा आधारभूत पूर्वाधारहरुको उपलब्धता<br>➧ भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको क्रममा<br>➧ सामुदायिक भवन, मनोरन्जन पार्क र वाल उद्यानहरु विस्तार हुँदै<br>➧ सार्वजनिक सम्पत्ति तथा जग्गाको अभिलेखीकरण भएको | ➧ सार्वजनिक संरचनाहरु अपाङ्गता, वालवालिका तथा महिलामैत्री नहुनु<br>➧ वजार क्षेत्रहरुमा कृषि हाटवजार, सार्वजनिक शौचालयको व्यवस्था नहुनु<br>➧ भू उपयोग नीति निर्माण र कार्यान्वयनमा नआउनु |

**ख) उद्देश्य**

सुविधा सम्पन्न सुरक्षित र व्यवस्थित आवास तथा वस्ती विकास गर्नु ।

**ग) रणनीतिहरु**

१. आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास गर्ने

३. सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१. संघीय र प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक निर्माण, सुरक्षित वस्ती तथा वजार बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।

१.२. भू-उपयोग नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

१.३. आवास, वस्ति बिकास र सार्वजनिक निर्माणको बिकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिने नीति कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति २ को सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास अन्तर्गतका कार्यनीतिहरु**

२.१. भवन संहिता एवं भवन निर्माण मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

२.२. विपद प्रकोपवाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्दै घर नक्सापास प्रक्रियामा विद्युतीय भवन अनुमति प्रणाली (EBPS) पूर्णरुपमा लागु गरिनेछ ।

२.३. सबै वस्तीहरुमा पक्की सडक, निश्चित सडक चौडाइ, सडक नाली, सतह ढल, भलपानीको व्यवस्था, युटिलिटि कोरिडर एवं खुल्ला क्षेत्रको व्यवस्था गरिनेछ ।

२.४. आवास तथा वस्तीहरुको विकास गर्दा वातावरणीय सन्तुलन कायम राख्दै विपद जोखिम न्यूनीकरणका पक्षहरुलाई विशेष ध्यान दिइनेछ ।

२.५. ऐतिहासिक, सांस्कृतिक, पौराणिक एवं मौलिक कलात्मक पक्षलाई जोड दिदै वस्तीको नामाकरण, घरको डिजाइन, रङ्ग एवं समान उचाइका घरहरु निर्माण तथा आवास कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । यसको कार्यान्वयनका लागि कार्यविधि तर्जुमा गरिनेछ ।

**रणनीति ३ को सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण अन्तर्गत कार्यनीतिहरु**

३.१. सुरक्षित आश्रय स्थल, ज्येष्ठ नागरिक, असहाय महिला, युवा तथा बाल क्लव, पुस्तकालय समेतको व्यवस्था गरी प्रत्येक वडामा भएका सामुदायिक भबनहरुलाई नगरपालिका मातहत ल्याईनेछ ।

३.२. उपयुक्त खुल्ला स्थानमा, पार्क, उद्यान, खुल्ला व्यायमशाला सहित सुविधा सम्पन्न संरचनाहरु निर्माण गरिनेछ ।

३.३. सार्वजनिक भौतिक संरचनाहरु महिला, बालवालिका एवं आपङ्गतामैत्री बनाइनेछ । यसरी निर्मित संरचनाहरुमा विपद जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइनेछ ।

३.४. सार्वजनिक संरचनाहरु निर्माण गर्दा भूमिगत पार्किङ्गको व्यवस्था मिलाइनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ३८**
**आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, विजुली, सञ्चार, सडक) | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१.सुरक्षित एवं सुविधा सम्पन्न वस्तीहरुको विकास भएको हुनेछ<br>२. निर्धारित मापदण्डहरु पूरा गर्दै सार्वजनिक संरचनाहरु निर्माण भएको हुनेछ<br>३. साँधुरा वस्तीहरुमा जग्गा एकीकरण गर्दै ल्याण्ड | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | ७ | ११ | १५ | १८ | २० | २२ | नगरपालिकाको वार्षिक प्रतिवेदन<br><br>नगरपालिका जोखिम मूल्याङ्कन प्रतिवेदन | भवन तथा शहरी विकास कार्यालय र निजी क्षेत्रसंग समन्वय भएको हुने |
| | व्यवस्थित वसपार्क तथा वस स्टेशन | संख्या | ६ | ११ | ११ | १४ | १५ | १५ | | |
| | वजार क्षेत्रमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | ७४.५ | ७९.०६ | ८४.३३ | ८९ | ९० | ९० | | |
| | सुविधा सम्पन्न ( खानेपानी, विजुली, शौचालय, सञ्चार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा वस्ती (निजी क्षेत्रको समेत) | संख्या | ५० | ५० | ५० | ५० | ५० | ५० | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | | |
| | भूकम्प प्रतिरोधी भव निर्माण सम्बन्धी द | संख्या | १०० | ११५ | १२० | १३० | १५० | १७५ | | |

**तालिका : ३८**
**आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| पुलिङ कार्यकम सञ्चालन भएको हुनेछ | जनशक्ति | | | | | | | | | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | ५० | ५५ | ६० | ७० | ८० | ९० | | |
| | आफ्नै स्वामित्वको घरमा वसोवास गर्ने परिवार | प्रतिशत | ४२ | ४५ | ४८ | ५२ | ५७ | ६० | | |
| | महिलामैत्री,वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | २ | ५ | १० | १५ | १८ | २५ | | |

| कियाकलाप तथा कार्यकम | वजेट रु. |
|---|---|
| १. वडा कार्यालय भवन निर्माण<br>२. भबन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्ड कार्यान्वयन तथा अनुगमन<br>३. जीर्ण भवनहरुको मर्मत सम्भार एवं अत्यावश्यक सेवा सुविधाको उपलव्धता<br>४. जोखिम क्षेत्र सहयोग कार्यकम<br>५. भूउपयोग नीति तर्जुमा<br>६. वहुउपयोगी सामुदायिक भबन निर्माण<br>७. आश्रय गृह, पार्क उद्यान बिकास, खुल्ला व्यायमशाला निर्माण | १ अर्व १० करोड ६२ लाख ७९ हजार ७७३ |

### ७.५.३ सिंचाइ

**क) वस्तुस्थिति विश्लेषण**

टोखा नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका/ग्राफचित्र : ३९**
**सिंचाइ क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज जलास्रोतको प्रमुख आधार<br>➧ विष्णुमती, सपनतीर्थ, साङ्ला एवं सामाखुशी खोलाहरु | ➧ कृषि भूमि खण्डीकरण हुनवाट रोक्नु<br>➧ विशेषगरि वडा नं. १,२,३ का कृषियोग्य भूमिमा वाहै महिना सिंचाइको व्यवस्था गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ राजकुलो संरक्षण हुँदै आएको<br>➧ कुलोहरुको मर्मत सम्भार हुँदै आएको | ➧ वैकल्पिक सिंचाइ विधि अवलम्वन नगरिनु<br>➧ सिंचाइ गुरुयोजना तर्जुमा नहुनु |

### ख) उद्देश्य

जलाधार क्षेत्र, खोला खोल्सी एवं पानीका मुहानहरुको दिगो संरक्षण गर्दै सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वनवाट खेतीयोग्य भूमिमा नियमित सिंचाइ सेवा उपलव्ध गर्नु ।

### ग) रणनीति

१. सिंचाइ आयोजनाहरुको विकास र विस्तार लगायत मर्मत सम्भार र स्तरोन्नति गर्ने
२. सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

### घ) कार्यनीति

**रणनीति १ को सिंचाइ आयोजनाहरुको विकास र विस्तार लगायत मर्मत सम्भार र स्तरोन्नति अन्तर्गतका कार्यनीतिहरु**

१.१. चालु अवस्थाका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गर्दै नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराउदै कृषि उत्पादनमा वृद्धि ल्याइनेछ ।
१.२. चालु अवस्थाका सिंचाइ प्रणालीको स्तरोन्नति गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रमा नियमित रुपमा सिंचाइ सुविधा उपलव्ध गराइ कृषि उत्पादनमा सहजता ल्याइनेछ ।
१.३. पानीका स्थायी स्रोत तथा मुहानहरुको पहिचान गरी सम्भाव्यताका आधारमा स्रोतहरुको सदुपयोग गर्दै खेतीयोग्य क्षेत्रहरुमा सिंचाइ सुविधा उपलव्घ गराइनेछ ।
१.४. उपभोक्ताहरु मार्फत नजिकको जलाधार क्षेत्रहरुको संरक्षण गरिनेछ ।

**रणनीति २ को सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

२.१ सिंचाइ सम्बन्धी दीर्घकालीन नीति, कानुन, मापदण्ड तर्जुमा गरी गुरुयोजना, त्यसको कार्यान्वयन र नियमन गरिनेछ ।
२.२ सिंचाइ योजना निर्माण गर्दा क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिइनेछ र उक्त समितिको आवश्यकता अनुरुप क्षमता अभिवृद्धि गरिनेछ

### ङ) तर्कवद्ध खाका

**तालिका/ग्राफचित्र : ४०**
**३.३ सिंचाइ**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५५ | न.पा. को वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफलहरु** १. कृषि भूमिमा आधुनिक | सिंचाइका लागि निर्मित कुलोको कूल लम्वाइ | किमि | - | १ | ३ | ३ | ३ | ३ | नपाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य |
| | स्तरोन्नति तथा मर्मत संभार भएको | संख्या | - | ३ | ३ | ३ | ३ | ३ | | |

| तालिका/ग्राफचित्र : ४०<br>३.३ सिंचाइ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/७९ सम्म | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| प्रविधि मार्फत सिंचाइ सुविधा नियमित रुपमा उपलब्ध भएको हुने छ<br>२. राज कुलो मर्मत र संरक्षण भएको हुनेछ | कुलो | | | | | | | | | भएको हुने |
| | सिंचाइका लागि प्रयोगमा आएको आकासेपानी सङ्कलन तथा प्लाष्टिक पोखरी | संख्या | ० | १० | १५ | १८ | २० | २५ | | |
| | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप,स्पिङक्लर) | संख्या | ० | ० | १ | १ | २ | २ | | |

| क्रियाकलाप तथा कार्यक्रम | वजेट रु. |
|---|---|
| १. राजकुलो संरक्षण कार्यक्रम<br>२. सिंचाइ कुलोको मर्मत सम्भार र स्तरोन्नति<br>३. आकाशेपानी सङ्कलन कार्यक्रम<br>४. बैकल्पिक तथा आधुनिक सिंचाइ प्रविधिमा सहयोग<br>५. जलाधार क्षेत्र संरक्षण कार्यक्रम<br>६. सिंचाइ सेवा विस्तार | ५ करोड ५० लाख |

### ७.५.४ विद्युत तथा वैकल्पिक ऊर्जा

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका : ४१<br>विद्युत तथा वैकल्पिक ऊर्जा क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ केन्द्रीय विद्युत लाइन प्रशारण<br>➧ सौर्य ऊर्जा एक वैकल्पिक ऊर्जाको सम्भावना<br>➧ नियमित रुपमा विद्युत सेवा उपलब्ध | ➧ घर माथिवाट गएको विजुली लाइनलाई भूमिगत गर्नु<br>➧ विद्युतमा आधारित उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्दै विद्युत खपतमा वृद्धि ल्याउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ प्रत्येक घरमा विद्युत सेवा उपलब्ध भएको<br>➧ सडक वत्तीको जडान भएको | ➧ कमजोर विद्युत ट्रान्समिटरका कारण विद्युत सेवा अवरुद्ध<br>➧ विद्युत पोल तथा तारहरुको उचित व्यवस्थापन नहुनु |

### ख) उद्देश्य

जलाधार क्षेत्रहरुको दिगो उपयोग गर्दै सबै घरपरिवार, वस्ती तथा वजार क्षेत्र, उद्योग, व्यवसायहरुमा विद्युत तथा वैकल्पिक ऊर्जाको विकास विस्तार प्रवर्द्धन गरी नियमित विद्युत सेवाको उपलब्धतावाट उत्पादनशील क्षेत्रहरुमा विद्युतीय ऊर्जाहरुलाई सदुपयोग गर्नु ।

### ग) रणनीतिहरु

१. वैकल्पिक ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
२. वैकल्पिक ऊर्जाको बिकास गर्ने
३. विद्युत खपतमा अभिवृद्धि ल्याउने

### घ) कार्यनीति

**रणनीति १ को बिद्युत ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१. वैकल्पिक ऊर्जा उत्पादन तथा वितरण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
१.२. वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दिगोपनामा सहयोग पुग्ने खालका एकीकृत कार्यक्रम लाई प्राथमिकता दिइनेछ ।
१.३. खाना पकाउने इन्धनको रुपमा एलपिजी ग्याँसलाई न्यूनीकरण गर्दै विद्युतिय उपकरण प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

**रणनीति २ को वैकल्पिक ऊर्जाको बिकास अन्तर्गतका कार्यनीतिहरु**

२.१. सौर्य ऊर्जा प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
२.२. सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सौर्य ऊर्जा प्रयोग गरिनेछ ।
२.३. Waste to Energy मा आधारित फोहरमैलालाई ग्याँसमा परिणत गरि प्रयोगमा ल्याईनेछ ।

**रणनीति ३ को विद्युत खपतमा अभिवृद्धि ल्याउने अन्तर्गतका कार्यनीतिहरु**

३.१. खाना पकाउन एलपि ग्याँस को सट्टामा विद्युतीय उपकरणहरुको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
३.२. वढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरु चिस्यान केन्द्र, कोल्ड स्टोरेज आदिको स्थापना, सञ्चालन तथा प्रवर्द्धनमा विशेष प्राथमिकता दिइनेछ ।

### ङ) तर्कवद्ध खाका

**तालिका : ४२**
**विद्युत तथा वैकल्पिक ऊर्जा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित | प्रतिशत | ९८ | ९९ | ९९ | १०० | १०० | १०० | पालिकको | अन्तर |

**तालिका : ४२**
**विद्युत तथा वैकल्पिक ऊर्जा**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १. विद्युत ऊर्जा खपतमा अभिवृद्धि भएको हुनेछ<br><br>२. सार्वजनिक तथा सडक किनारामा सौर्य ऊर्जा प्रयोगमा आएको हुनेछ | घरधुरी | | | | | | | | वार्षिक प्रतिवेदन | सरकार समन्वय र सहकार्य भएको हुने |
| | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरघुरी | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | १०० | | |
| | एलपि ग्याँसको सट्टा मा विद्युतीय ऊर्जा ( इन्डक्सन) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | | |
| | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत उपभोग | किलोवाट घण्टा | २०० | २१५ | २२० | २२५ | २३० | २३५ | | |
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | १२०० | १२०० | १४०० | १५०० | १८०० | २००० | | |

| **क्रियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. सडक वत्ती विस्तार कार्यक्रम<br>२. सडक छेउ तथा सार्वजनिक स्थलमा सौर्य ऊर्जा<br>३. अति विपन्न घरपरिवारमा विद्युत सेवा व्यवस्था<br>४. बिद्युत खपत अभिबृद्धिका लागि प्रवर्द्धनात्मक कार्यक्रम | **३३ करोड १८ लाख ८३ हजार ९३२** |

### ७.५.५ सूचना तथा सञ्चार प्रविधि

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका/ग्राफचित्र : ४३**
**सूचना तथा सञ्चार क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
|---|---|
| ➧ मोवाइल फोनको वढ्दो प्रयोग<br>➧ इण्टरनेट, केवल टिभी प्रसारणमा निजी क्षेत्रको आवद्धता<br>➧ सूचनाहरु अनलाइन अपलोडवाट प्रशारणमा सहज | ➧ फोन तथा केवल नेटवर्कको गुणस्तर वृद्धि गर्नु<br>➧ विद्युतीय (साइवर) अपराध नियन्त्रण गर्नु<br>➧ सामाजिक सञ्जाल दुरुपयोग जोखिमपूर्ण वन्दै गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ विद्यालयहरुमा आइसिटि जडान भएको<br>➧ वडा लगायत नगरपालिका कार्यालय एवं सार्वजनिक कार्यालयहरुमा इण्टरनेट सेवा उपलव्ध<br>➧ विद्युतीय माध्यमवाट सेवा प्रवाह अभ्यासको थालनी | ➧ विद्यालय, सार्वजनिक सेवा प्रदाय कार्यालयहरुमा आइसिटिको सहज पहुँच गुणस्तरीयको अभाव<br>➧ सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान अपर्याप्त<br>➧ नगरपालिकाको सवै सेवाहरु अनलाइन हुन नसक्नु |

**ख) उद्देश्य**

सार्वजनिक स्थल, विद्यालय, भवन, कार्यालयहरुमा सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको विस्तारवाट सूचना तथा सञ्चारमा आमनागरिकहरुको सहज पहुँच अभिवृद्धि गर्नु ।

**ग) रणनीतिहरु**

१. सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
२. सूचना सञ्चार प्रविधि सेबालाई सरल र सुरक्षित बनाउने
३. प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने
४. सूचनामा पहुँचमा अभिवृद्धि गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१. संघीय तथा प्रदेश कानुनको अधिनमा रही सूचना प्रविधि तथा सञ्चार क्षेत्रसंग सम्बन्धित सञ्चालन र प्रसारणको अनुमति, नवीकरण, नियमन तथा खारेजी गरिनेछ ।
१.२. सबै सञ्चार माध्यम तथा प्रसारणका भाषा लैङ्गिकमैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।

**रणनीति २ को सूचना सञ्चार प्रविधि सेबालाई सरल र सुरक्षित बनाउने अन्तर्गतका कार्यनीतिहरु**

२.१. भरपर्दो फोन नेटवर्कको व्यवस्था गर्दै सञ्चार सेवामा आम नागरिकहरुको पहुँचमा सहजता ल्याइनेछ ।
२.२. सञ्चार सेवा विस्तार र भरपर्दो बनाउन निजीक्षेत्रसंग सहकार्य गरिनेछ ।
२.३. विद्युतीय सामाजिक सञ्जाललाई सुरक्षित, भरपर्दो र विश्वसनीय वनाइनेछ । यसका लागि सम्वन्धित निकायहरुसंग सहकार्य गर्दै विद्युतीय माध्यमवाट हुन सक्ने विद्युतीय अपराध (साइवर क्राइम), ठगी, यौनजन्य सामाग्रीहरुको प्रशारण सम्वन्धी विषयमा जनचेतना अभिवृद्धि गर्दै न्यूनीकरण ल्याइनेछ ।

**रणनीति ३ को प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१. सामुदायिक विद्यालय, सरकारी कार्यालय एवं सार्वजनिक भवनहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।
३.२. आधुनिक सञ्चार प्रविधिहरुको प्रयोगवाट विद्यालयको पठनपाठनमा सहजता ल्याइनेछ ।
३.३. कार्यालयहरुमा अनलाईन मार्फत सार्वजनिक सेवा प्रवाहलाई चुस्त तथा प्रभावकारी बनाइनेछ ।

**रणनीति ४ को सूचनामा पहुँचमा अभिवृद्धि अन्तर्गतका कार्यनीतिहरु**

४.१. मुख्य सार्वजनिक क्षेत्रहरुमा फ्रि वाईफाईको व्यवस्था मिलाई सूचना तथा सञ्चारमा सहजता ल्याइनेछ ।
४.२. स्थानीय स्तरमा अनलाईन सेवा, केवुल टिभि तथा एफएम रेडियो सञ्चालन गर्न निजी क्षेत्र, सहकारी तथा समुदायलाई प्रोत्साहित गर्दै नागरिकहरुलाई अद्यावधिक खवर तथा सूचनाहरुवाट लाभान्वित गराइनेछ ।
४.३. स्थानीय अनलाइन पत्रपत्रिकाको प्रकाशनलाई प्रोत्साहन गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ४४**
**सूचना तथा सञ्चार**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ८५ | ९० | ९५ | ९७ | ९८ | ९९ | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तरसरकार समन्वय र सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१.विद्यालय लगायत सार्वजनिक भवनहरुमा इण्टरनेट सेवा उपलव्ध भएको हुनेछ<br><br>२. नगरपालिका का सार्वजनिक सेवाहरुलाई अनलाइन मार्फत सेवा प्रवाह भएको हुनेछ | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी (रेडियो, टिभी, टेलिफोन) | प्रतिशत | ९० | ९० | ९० | ९२ | ९५ | १०० | केन्द्रीय तथ्याङ्क विभाग | दूरसञ्चार प्राधिकरण संग समन्वय र सहकार्य भएको हुने |
| | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ९० | ९२ | ९४ | ९५ | ९७ | १०० | दूर सञ्चार प्राधिकरण | |
| | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | हुलाक कार्यालय | |
| | स्थानीय केवल नेटवर्क, इण्टरनेट सेवा प्रदायक संस्था | संख्या | १ | १ | ३ | ३ | ४ | ५ | नगरपालिकाको वार्षिक प्रतिवेदन | निजी क्षेत्र (इण्टरनेट प्रदायक) संग सहकार्य भएको हुने |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलब्ध क्षेत्रहरु | संख्या | ० | १ | १२ | २० | २० | २५ | | |
| | विद्युतीय प्रणालीमा आधारित नगरपालिका सेवाहरु (अनलाइन सेवा) | संख्या | १ | १ | ३ | ३ | ४ | ५ | | |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा | संख्या | १०० | १५० | २०० | २२५ | ३०० | ३५० | | |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामरा | संख्या | १८९ | ४०० | ८०० | १२०० | १८०० | २२०० | | |

| **कियाकलाप तथा कार्यक्रम** | **वजेट रु.** |
|---|---|
| १. सञ्चार सेवा विस्तार तथा पूर्वाधार बिकास कार्यक्रम<br>२. विद्यालय लगायत सार्वजनिक कार्यालयहरुमा आइसिटि व्यवस्था<br>३. फ्रि वाइफाई क्षेत्र प्रवर्द्धन कार्यक्रम<br>४. सडक, सार्वजनिक कार्यालय एवं मुख्य वजार क्षेत्रहरुमा सिसिटिभि जडान<br>५. विद्युतीय अपराध सम्वन्धी जनचेतना कार्यक्रम | **५५ करोड ३१ लाख ३९ हजार ८८६** |

# परिच्छेद-आठः वन, वातावरण तथा विपद व्यवस्थापन

## ८.१ पृष्ठभूमि

स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई नेपालको संविधान २०७२ ले नागरिकहरुको मौलिक हकको रुपमा ग्रहण गरेको छ र प्राकृतिक साधन स्रोतको संरक्षण, सम्वर्द्धन एवं उपयोगलाई राष्ट्रिय नीतिको रुपमा अङ्गिकार गरिएको छ । प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण, पर्यावरणीय दिगो विकास, प्रकृति तथा वातावरण वा जैविक विविधतामा नकरात्मक प्रभाव पार्ने पक्षहरुको न्यूनीकरण, वातावरणीय सन्तुलन कायम, जलउत्पन्न प्रकोप नियन्त्रण तथा नदीको व्यवस्थापन गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगलाई समेत राष्ट्रिय नीतिमा समावेश गरिएको छ ।

नेपाल संविधान २०७२ वाट वातावरण संरक्षण र जैविक विविधता, विपद व्यवस्थापन, जलाधार तथा वन्यजन्तु संरक्षण गर्ने कार्यलाई स्थानीय तहको एकल अधिकारको रुपमा सूचिकृत गरिएको छ । यसै अनुरुप स्थानीय सरकारलाई स्थानीय स्तरमा वातावरण जोखिम न्यूनीकरण, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन, न्यून कार्वनमुखी तथा वातावरणमैत्री अवलम्वन, हरित क्षेत्रको संरक्षण, वातावरण संरक्षण क्षेत्र निर्धारण तथा व्यवस्थापन र वातावरण संरक्षण, जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने जिम्मेवारी प्रदान गरिएको छ र विपद व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ कार्यान्वयनमा ल्याइएको छ ।

देशको १५ औं योजनामा प्राकृतिक स्रोत को संरक्षण र परिचालन तथा उत्थानशील विकासलाई राष्ट्रिय रणनीतिमा समावेश गरिएको छ । दिगो विकास लक्ष्यको सूचकहरुमा जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोप न्यूनीकरण तथा अनुकूलन गर्ने पक्षलाई विशेष महत्वका साथ समावेश गरिएको छ । यस सम्वन्धमा क्षमता सुदृढ गर्ने, राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने, पूर्व सावधानी शिक्षा, सचेतना, मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने सम्वन्धी प्रतिवद्धता पनि नेपाल सरकारवाट जाहेर गरिएको छ । यसका साथै भू-परिधि स्तरीय पारिस्थितिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, जमिनको क्षयीकरण रोक्ने र जैविका विविधताको क्षतिलाई रोक्ने जस्ता लक्ष्यहरु पूरा गर्न पनि नेपाल सरकारवाट आफ्नो प्रतिवद्ध प्रकट भएको छ ।

यसै क्रममा उपरोक्त पक्षको सुनिश्चितता गर्दै टोखा नगरपालिकावाट संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खाका तयार पारिएको छ । वन, वातावरण तथा विपद व्यवस्थापनका लागि प्रमुख क्षेत्रको रुपमा रहेका बन तथा जैविक विविधता, भू तथा जलाधार संरक्षण, वातावरण तथा स्वच्छता, विपद तथा जलवायु परिवर्तन अनुकूलनता जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति निर्धारण र प्रमुख कार्यक्रमहरु तर्जुमा भएको छ ।

## ८.२ वर्तमान अवस्था

नगरपालिकाको ठूलो भूमि वन क्षेत्रवाट ओगटिएको छ । सामुदायिक, धार्मिक र राष्ट्रिय वन क्षेत्रहरु सुरक्षित भएका छन । शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज यसै नगरपालिकासंग जोडिएका कारण पनि जैविक विविधताको संरक्षणमा थप वल पुगेको छ । वातावरण संरक्षणका लागि हरेक वर्ष नगरपालिकावाट वृक्षारोपण हुँदै आएको छ र पार्क तथा हरियाली निर्माणमा समेत विशेष प्राथमिकता पाउदै आएको छ । तापनि वन तथा जैविक विविधताका लागि मिचाह प्रजातिको नियन्त्रण एवं झाडी सरसफाइ जस्ता कार्यहरुमा जोड अझै दिनु पर्ने देखिन्छ भने आगलागी नियन्त्रणको जरुरी त्यत्तिकै महसुस हुन्छ । वर्षातको समयमा हुने वाढी पहिरोवाट स्थानीयहरु अझै सुरक्षित हुन सकिरहेका छैनन

तापनि पहिरो नियन्त्रणका लागि रिटेनिङवालहरु निर्माण भएका छन भने वायोइन्जिनियरिङ मार्फत दिगो समाधान अवलम्वन हुँदै आएका पनि छन । खोला नदी किनाराहरुमा वृक्षारोपण, कोरिडर निर्माण जस्ता कार्यहरु भएका छन । फोहोर व्यवस्थापनमा नगरपालिकाको प्रभावकारी पहलकदमी अझै आवश्यक देखिन्छ । स्रोत मै फोहोरमैलाको न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन एवं प्लाष्टिजन्य उत्पादनहरु प्रयोगमै इन्कार जस्ता अभ्यासहरु प्रभावकारी हुन सकेको छैनन । वजार क्षेत्र वाहेक अधिकांश क्षेत्रहरुमा फोहोरको वर्गीकरण अनुसार कम्पोष्ट विन तथा गार्वेज पिट प्रयोग गर्ने,सार्वजनिक स्थलहरुमा डष्टपिनको व्यवस्था गरिएको छैन । परिणामस्वरुप, फोहोरमैलाको विसर्जन दिनानुदिन जटिल हुँदै गएको पाइन्छ । केही प्रयासहरु भएपनि वजार क्षेत्रमा सतह ढल व्यवस्थित हुन सकेको छैन । आपतकालीन उद्धारका लागि नगरपालिकासंग एम्वुलेन्स, दमकलको व्यवस्था गरिएको छ । तालिम प्राप्त जनशक्ति तयार पारिएको छ भने स्थानीय संस्थाहरुको आवद्धता, नमूना अभ्यासहरु, जनचेतना सम्वन्धी कार्यक्रम हरु सञ्चालन भएका छन । नगरवासीहरुलाई जलवायु परिवर्तन अनुकूलन न्यूनीकरणका लागि जनचेतना कार्यक्रम हरु सञ्चालन भएका छन र नगरपालिकामा विपद व्यवस्थापनका लागि स्थानीय कोषको स्थापना गरिएको छ ।

## ८.३ बन, वातावरण तथा विपद व्यवस्थापनको उद्देश्य

**“**विपद न्यूनीकरण एवं जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै भू तथा जलाधार, वन, जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं वातावरणीय सन्तुलन र प्राकृतिक सम्पदाहरुको दिगो उपयोगवाट नागरिकहरुको जीविकोपार्जनका अवसरहरु वृद्धि गर्नु**”**

## ८.४ प्रमुख रणनीतिहरु

क) विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने

ख) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण गर्ने

## ८.५ विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- बन तथा जैविक विविधता,
- भू तथा जलाधार व्यबस्थापन,
- वाताबरण तथा स्वच्छता
- विपद व्यबस्थापन ।

### ८.५.१ बन तथा जैविक विविधता

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका: ४५<br>वन तथा जैविक विविधता क्षेत्र: सम्भावन, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ शिवपूरी नागार्जुन राष्ट्रिय निकुञ्ज अवस्थित, जैविक विविधताको संरक्षण र प्रवर्द्धन<br>➧ लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण भएको | ➧ नजिकको घर वस्तीवाट वन क्षेत्र अतिक्रमण हुनवाट रोक्नु<br>➧ आगलागी नियन्त्रण गर्नु<br>➧ मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकावाट वन क्षेत्र संरक्षित र व्यवस्थितका लागि पहल<br>➧ वृक्षारोपण हुँदै आएको<br>➧ सामुदायिक, राष्ट्रिय एवं धार्मिक वनहरुको प्रवर्द्धन भएको | ➧ वन्यजन्तुहरु वालीनालीमा हुने क्षति, नियन्त्रण गर्न नसक्नु<br>➧ वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु<br>➧ पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु |

**ख) उद्देश्य**

वन्य जीवजन्तुहरुको संरक्षण एवं जैविक विविधताको दिगो संरक्षण गर्दै वन क्षेत्रको विस्तार, जडीवुटी तथा वहुमूल्य प्रजातिको व्यवसायिक विस्तार एवं उद्यमशीलताको विकास गर्नु ।

**ग) रणनीतिहरु**

१. बन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने

३. गैरबन पैदावरको दिगो उपयोग गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को बन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु**

१.१. संघीय तथा प्रदेश कानुनको अधिनमा रही बन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई अनुगमन तथा नियमन गरिनेछ ।

१.२. बन तथा जैविक विविधता संरक्षण प्रवर्द्धनका लागि विस्तृत अध्ययन, अभिलेख अद्यावधि एवं गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

१.३. सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम बन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति २ को जैविक विविधताको संरक्षण र प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१. जैविक विविधताको संरक्षण गर्न समुदाय स्तरमा चेतना अभिवृद्धि, वनमा आधारित व्यवस्थापन समितिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२. बनमा आधारित समितिहरु मार्फत मिचाहा प्रजातिको बोट विरुबालाई नियन्त्रण, नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरुवाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।

२.३. वनमा लाग्ने रोग, किरा र मिचाहा प्रजातिहरुको न्यूनीकरण गर्दै वन जङ्गल संरक्षण गरिनेछ ।

२.४. पार्क निर्माण, सडकको दायाँवायाँ, खुल्ला क्षेत्र वृक्षारोपण एवं घरघरमा विरुवा रोपण गर्दै हरियाली शहर (Green City) निर्माणमा जोड दिइनेछ ।

**रणनीति ३ को गैर बन पैदावरको दिगो उपयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१. सहकारी संस्थाका सदस्यहरुलाई गैरकाष्ठ बन पैदावरमा आधारित जडीवुटीको व्यवसायिक खेतीका लागि अभिमुखीकरण, तालिम प्रशिक्षण एवं क्षमता अभिवृद्धि गर्दै उद्यमशीलता बिकास गरिनेछ ।

३.२. सामुदायिक बनको बिकास, विस्तार, संरक्षण एवं प्रवर्द्धनमा महिला, विपन्न, दलित वर्गको सहभागिता वढाउदै जीविकोपार्जनमा जोड दिइनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ४६**
**वन तथा जैविक विविधता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | संरक्षित तथा व्यवस्थित वन (कूल वन क्षेत्र) | प्रतिशत | ६० | ६० | ६५ | ७० | ७५ | ८० | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** १.वन उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्दै गैरवन पैदावरको दिगो सदुपयोग वात आय आर्जन भएको हुनेछ<br>२. खुल्ला क्षेत्र, वन, सडक सवै क्षेत्रमा वृक्षारोपण गरी हरियाली शहर भएको हुनेछ | जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, रिचार्ज पोखरी, वृक्षारोपण, अग्नी रेखा, झाडी सफाइ कार्यहरुको प्रकार | प्रकार संख्या | १ | १ | २ | ३ | ४ | ५ | प्रदेश सरकार को वार्षिक प्रतिवेदन<br>नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार, प्रदेश सरकार, अन्तर नगरपालिका वीच समन्वय र सहकार्य भएको हुने |
| | जैविक विविधता संरक्षण सम्वन्धी जनचेतनामूलक अभिमुखी कार्यक्रम हरु सञ्चालन | संख्या | - | १ | २ | ४ | ७ | १० | | |
| | सामुदायिक वनले ओगटेको क्षेत्र | वर्ग किमि | ४.४० | ४.५० | ४.६० | ४.७० | ४.८० | ४.९० | | |
| | धार्मिक, निजी, कवुलियती वनले ढाकेको क्षेत्र | रोपनी | १० | १० | १० | १० | १० | १० | | |
| | वन्यजन्तुवाट अन्नवालीमा पुगेको वार्षिक क्षति | रु.लाख | २४ | ४६ | ६५ | ७९ | ९१ | १०० | | |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | | |
| | वन जङ्गल क्षेत्रफल ( कूल भूमिको) | प्रतिशत | ४० | ४१ | ४१.५ | ४२ | ४२.५ | ४३ | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | | | **वजेट रु.** | |

| तालिका : ४६<br>वन तथा जैविक विविधता | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १. सामुदायिक बन उपभोक्ता समूहको क्षमता र उद्यमशीलता विकास कार्यक्रम<br>२. उच्च मूल्यका मसलाजन्य तथा जडीवुटीको व्यावसायिक खेती प्रवर्द्धन<br>३. कृषि-वन प्रवर्द्धन तथा गैरकाष्ठ बन पैदावर सङ्कलन तथा प्रशोधन<br>४. जङ्गल क्षेत्रमा वृक्षारोपण, रिचार्ज पोखरी, मिचाहा प्रजाति नियन्त्रण तथा झाडी सफाइ<br>५. खुल्ला क्षेत्र, सडक दायाँवायाँ वृक्षारोपण<br>६. पार्क, उद्यम निर्माण तथा एक वडा एक उद्यम निर्माण<br>७. हरियाली शहर प्रवर्द्धन कार्यक्रम<br>८. जैविक विविधता सूचीकरण (Bio-diversity profile) तयार<br>९. जैविक विविधता दिगो संरक्षण सम्वन्धी गुरुयोजना तर्जुमा<br>१०. लोपोन्मुख प्रजाति, वन्यजन्तु, चराचरुङ्गीहरुको वासस्थानको संरक्षण | | | | | | | | | **११ करोड ०६ लाख २७ हजार ९७७** | |

## ८.५.२ वातावरण तथा स्वच्छता

### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

| तालिका : ४७<br>वातावरण तथा स्वच्छता क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ नगरपालिकाको उत्तरीक्षेत्र खुल्ला, स्वच्छ हावापानी, धुँवा, धूलो, ध्वनि प्रदुषणमुक्त एवं ग्रामीण हरियाली<br>➧ घर आँगन नियमित सफाइ गर्ने अभ्यास | ➧ फोहोरमैला सुरक्षित विसर्जन एवं आयमूलक वनाउनु<br>➧ वातावरणीय प्रदुषणलाई न्यूनीकरण गर्नु<br>➧ नदी तथा खोलाहरुमा ढल निकासमा नियन्त्रण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ वजार क्षेत्र, चोक, गल्लीहरुमा फोहोर सङ्कलनका प्रयासहरु भएको र सुरक्षित विसर्जनका लागि काठमाडौ महानगरपालिका संग सहकार्य भएको<br>➧ मनोरन्जन स्थल तथा पार्क निर्माण भएको | ➧ सार्वजनिक शौचालयको अभाव, घरआँगन एवं सडक छेउ वृक्षारोपण गर्ने अभ्यासमा कमि<br>➧ सडक नाली एवं सतह ढलको व्यवस्था अप्रभावकारी<br>➧ फोहोरमैला सम्वन्धी जनचेतना श्रृजनामा कमि |

### ख) उद्देश्य

घर, आँगन, वजार क्षेत्रका फोहोरमैलालाई व्यवस्थित तवरले सङ्कलन, प्रशोधन, न्यूनीकरण एवं सुरक्षित विसर्जन गर्दै वातावरण प्रदुषणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण कायम राख्नु ।

**ग) रणनीतिहरु**

१. वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने

२. वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन गर्ने

**घ) कार्यनीति**

**रणनीति १ को वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन अन्तर्गका कार्यनीतिहरु**

१.१. वातावरण संरक्षण तथा जलवायु अनुकूलन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन र अनुगमन तथा नियमन गरिनेछ ।

१.२. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन अन्तर्गतका कार्यनीतिहरु**

२.१. सवै प्रकारका प्रदुषणहरुको नियन्त्रणका लागि स्थानीयहरुलाई अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरी सचेतना बिकास गरिनेछ । यसका लागि टोल विकास संस्था परिचालन गरिनेछ ।

२.२. वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम राखिनेछ । निजी क्षेत्र तथा सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर व्यवस्थापन गरिनेछ ।

२.३. फोहोर न्यूनीकरण, प्रशोधन, पुनः प्रयोग एवं प्लाष्टिकजन्य उत्पादन प्रयोगमा इन्कार अवधारणा अवलम्बन गर्दै फोहोर उत्पादनमा न्यूनीकरण ल्याइनेछ ।

२.४. वजार क्षेत्रहरुमा ढल एवं सोक पिट (Soak Pit) हरु निर्माण गरिनेछ । गाउँवस्तीका घर आँगनवाट निस्कने फोहोरपानीलाई निकास दिई व्यवस्थापन गरिनेछ ।

२.५. घरघरमा खाना पकाउने इन्धनका लागि नवीकरणीय तथा वैकल्पिक ऊर्जा प्रयोगमा प्रोत्साहित गरिनेछ ।

२.६. निजी क्षेत्र तथा सामुदायिक संस्थाहरुसंगको सहकार्यमा फोहोर सङ्कलन, प्रशोधन केन्द्र तथा स्यानिटरी पार्क निर्माण गर्दै व्यवस्थित र सुरक्षित बनाइनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ४८**
**वातावरण तथा स्वच्छता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने र प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | प्रतिशत | ५ | १५ | ३० | ५० | ७५ | १०० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु** | | | | | | | | | | |
| १. फोहोर व्यवस्थापन सम्वन्धी 4R विधि कार्यान्वयन भई | निष्काशित फोहोर मैलाको औषतमा वार्षिक परिमाण | मे.टन हजारमा | ३५ | ३३ | ३० | २५ | २० | १५ | नगरपालिकाको वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | स्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण ( | प्रतिशत | ८ | १० | १२ | १५ | १८ | २० | | |

**तालिका : ४८**
**वातावरण तथा स्वच्छता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षित विसर्जन भएको हुनेछ | जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी | | | | | | | | | |
| २. फोहोर स्रोतमै वर्गीकरण, पृथकीकरण एवं निर्धारित डष्टविनमा राख्दै फोहोर सङ्कलन व्यवस्थित भएको हुनेछ | फोहोर सङ्कलन एवं पृथकीकरणका लागि फरकफरक रंगका डष्टविन राखिएका सार्वजनिक स्थलहरु | संख्या | ४ | ७ | १० | १३ | १८ | २० | | |
| | फोहोर न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी चेतना मूलक कार्यक्रम | संख्या | ११ | १५ | २० | २५ | ३० | ४० | | |
| | कम्पोष्ट-विन तथा गार्वेज-पिट प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८ | १० | १२ | १५ | १८ | २० | | |
| ३. ढल व्यवस्थापन विभाग एवं अन्तर नगरपालिका समन्वयमा ढल निकास व्यवस्थित भएको हुनेछ | फोहोर व्यवस्थित ढङ्गवाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | ढल निकास व्यवस्था भएको वजार क्षेत्र | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| | ढल निकास प्रणालीवाट लाभान्वित हुन नसकेका घरधुरीहरु | प्रतिशत | ५ | ५ | ४ | ३ | २ | १ | | |
| | घरभित्रको धुवाँवाट मुक्त घरधुरी | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | १०० | | |
| | मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | ११ | १२ | १४ | १६ | १८ | २० | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु.** |
|---|---|
| १. फोहोर न्यूनीकरण, प्रशोधन, पुन:प्रयोग र इन्कार (प्लाष्टिकजन्य उत्पादन) कार्यक्रम<br>२. फोहोरमैला न्यूनीकरण तथा सङ्कलन व्यवस्थापन<br>३. वातावरण संरक्षण प्रवर्द्धनात्मक कार्यक्रम<br>४. ढल एवं सोकपिट निर्माण<br>५. सार्वजनिक शौचालय निर्माण<br>६. स्यानिटरी पार्क निर्माण तथा व्यवस्थापन<br>७. कम्पोष्टविन तथा गार्वेजपिट वितरण<br>८. मनोरन्जन पार्क, पोखरी तथा हरित क्षेत्र प्रवर्द्धन | **३३ करोड १८ लाख ८३ हजार ९३२** |

### ८.५.३ भू तथा जलाधार व्यवस्थापन

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ४९**
**भू तथा जलाधार क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ जलाधार : विष्णुमती, साङ्ला, सपनतीर्थ, सामाखुशी खोलाहरु<br>➧ शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज, पानीमुहान, वौडेश्वर झरना | ➧ सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा सुरक्षित क्षेत्रमा घरपरिवार तथा वस्तीहरु स्थानान्तरण गर्नु<br>➧ वाढी पहिरो नियन्त्रण र क्षति न्यूनीकरण गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ पानी मुहान, तथा पोखरीहरु संरक्षण भएको<br>➧ भूक्षय तथा सम्वेदनशील क्षेत्रहरु पहिचान भएको<br>➧ रिटेनिङ्ग वाल निर्माण गरी सम्वेदनशील क्षेत्र संरक्षण | ➧ वायोइन्जिनियरिङ प्रविधि प्रयोगमा नआउनु<br>➧ वातावरणीय पक्षलाई वेवास्ता गर्दै पूर्वाधार निर्माण, भिरालो क्षेत्रमा प्लटिङ, |

**ख) उद्देश्य**

वाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्दै नदी, खोला तथा पानी मुहानहरुको संरक्षणवाट भू-क्षय नियन्त्रण र जलाधार क्षेत्रको व्यवस्थापन गर्नु ।

**ग) रणनीतिहरु**

१. भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने

२. भू-क्षय नियन्त्रण तथा व्यवस्थापन गर्ने

३. जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन अन्तर्गतको कार्यनीति**

१.१. भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को भू-क्षय नियन्त्रण तथा व्यवस्थापन अन्तर्गका कार्यनीतिहरु**

२.१. भू-क्षय तथा वाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरिनेछ ।

२.२. प्रभावित क्षेत्रमा रिटेनिङवाल, ड्याम तथा वायोइन्जिनियरिङ गरी भूक्षय नियन्त्रण गरिनेछ ।

२.३. जथाभावी सडक निर्माण गर्ने कार्यलाई पूर्णत निषेध गरी वातावरण प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अध्ययन गरी सडक निर्माण गर्ने परिपाटिको बिकास गरिनेछ ।

**रणनीति ३ को जलाधार क्षेत्रको संरक्षण एवं उपयोग अन्तर्गतका कार्यनीतिहरु**

३.१. लाभान्वित समुदायहरुसंगको सहकार्यमा ढुङ्गेधारा, पानीमुहान, सीमसार, पोखरी, तालतलैया संरक्षण गर्दै जलस्रोत को उपयोग गरिनेछ ।

३.२. नदी तथा खोला किनाराहरुमा तटबन्ध निर्माण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।

३.३. जलक्षेत्रको संरक्षण गर्दै व्यवसायिक खेती सम्बन्धी सीप प्रदान गरी आयस्रोत वृद्धि गर्न अति विपन्न समुदायलाई प्रोत्साहित गरिनेछ ।

३.४. पूर्वाधार निर्माणलाई वातावरणमैत्री वनाउन मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ५०**
**भू तथा जलाधार व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | प्राकृतिक प्रकोपवाट संवेदनशील घरधुरी | संख्या | १४३ | १०० | ७५ | ५० | २५ | ० | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. प्राकृतिक प्रकोप नियन्त्रण विधिहरु कार्यान्वयन गर्दै संवेदन शील, क्षेत्रहरु संरक्षित र सुरक्षित भएको हुनेछ<br><br>२. वृक्षारोपण वाट पानी मुहान, सिमसार, जलाधार एवं नदी किनार क्षेत्रहरु संरक्षित भएको हुनेछ | संरक्षित पानी मुहान क्षेत्र | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | नगरपालिका को वार्षिक प्रतिवेदन तथा अभिलेख | अन्तर तह समन्वय भएको हुने |
| | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको वायो इन्जिनियरिङ (घाँसपात, झार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु | संख्या | २ | ३ | ५ | ६ | ७ | ८ | | |
| | पहिरो नियन्त्रणका लागि निर्मित रिटेनिङ वालहरु | संख्या | २५ | २६ | २७ | २७ | २८ | ३० | | |
| | जलउत्पन्न प्रकोप, नदी कटानवाट प्रभावित भएका वस्तीहरु | संख्या | १५ | १३ | ११ | १० | ९ | ७ | | |
| | खोला नदीमा निर्माण गरिएको तटवन्धको संख्या र कूल लम्वाई | संख्या/ किमि | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | खोला तथा नदीको दुवै किनारामा गरिए को वृक्षारोपणले ओगटेको भूमि | रोपनी | ७ | ८ | ९ | १० | १२ | १३ | | |
| **कियाकलाप तथा कार्यक्रम** | | | | | | | | | **वजेट रु.** | |

| तालिका : ५० भू तथा जलाधार व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १. भू-क्षय तथा जोखिम क्षेत्र नक्शाङ्कन कार्यक्रम<br>२. जोखिम क्षेत्र संरक्षण कार्यक्रम<br>३. वाढी पहिरो क्षति प्रभावित क्षेत्र व्यवस्थापन<br>४. पहिरो नियन्त्रण तथा वायो इन्जिनियरिङ<br>५. रिटेनिङवाल, ड्याम निर्माण तथा नदी किनार तटबन्ध निर्माण<br>६. वातावरणमैत्री पूर्वाधार निर्माण<br>७. नदी तथा खोला छेउ वृक्षारोपण | | | | | | | | | **२२ करोड १२ लाख ५५ हजार ९५५** | |

## ८.५.४ विपद व्यवस्थापन तथा जलवायु अनुकूलन

### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका : ५१ विपद व्यवस्थापन क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **चुनौतिहरु** |
| ➧ विपद व्यवस्थापनका लागि स्थानीय संघ संस्था, रेडक्रस, नगर एवं जिल्ला स्तरीय विपद व्यवस्थापन समिति एवं सुरक्षा निकायहरु कियाशील | ➧ विपदवाट भौतिक तथा मानवीय क्षति न्यूनीकरण एवं पीडित हरुको तत्काल उद्धार गर्नु<br>➧ विपद पूर्व सोवारे जानकारी गराउने प्रविधिको व्यवस्था गर्नु एवं सम्वन्धित क्षेत्रलाई पूर्वसूचित गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ नगरपालिकामा भुकम्प प्रतिरोधात्मक घरहरु निर्माणको कममा रहेका<br>➧ विपद व्यवस्थापनका लागि स्थानीय कोष खडा गरिएको<br>➧ जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि हुँदै आएको<br>➧ आपतकालीन उद्धान नमूना अभ्यास भएको | ➧ आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामाग्रीहरुको व्यवस्था कमि<br>➧ विपद पीडितहरुका लागि राहत, खुल्ला क्षेत्र एवं सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको अपर्याप्त<br>➧ संवेदनशील क्षेत्रको नक्सांकन र संरक्षण सम्वन्धी कार्यक्रम को अभाव |

### ख) उद्देश्य

जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण र आपतकालीन उद्धार व्यवस्थावाट मानवीय तथा भौतिक सम्पत्तिहरुको क्षति न्यूनीकरण गर्नु ।

### ग) रणनीतिहरु

१. विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन गर्ने

२. विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण गर्ने
३. जोखिमवाट क्षति न्यूनीकरण गर्ने
४. जलवायु परिवर्तन अनुकुलन गर्ने

## घ) कार्यनीतिहरु

### रणनीति १ को विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन अन्तर्गतका कार्यनीतिहरु

१.१. विपद व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन एवं अनुगमन तथा नियमन गरिनेछ ।

१.२. विपद व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना बिकास गरी कार्यान्वयन गरिनेछ ।

### रणनीति २ को विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण अन्तर्गतका कार्यनीतिहरु

२.१. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना र विपदपूर्व सूचना प्रणालीको व्यवस्था गरी सम्भावित क्षतिमा न्यूनीकरण गरिनेछ । यसका लागि सर्वसाधारणहरुलाई पूर्व तयारी सचेतना कार्यक्रम हरु सञ्चालन गरिनेछ ।

२.२. जोखिमयुक्त क्षेत्र पहिचान गरी जोखिम संवेदनशील भू-नक्सा तयार पार्दै जनचेतना अभिवृद्धि गरिनेछ ।

२.३. विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरी जनमानसमा विपद पूर्वतयारी, उद्धार, पुनस्थापन, युवा स्वयंसेवक तथा उद्धार टोली व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।

२.४. भूकम्प तथा विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ । यसका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

२.५. विपद पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दिगो बिकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी ब्यबस्था गरिनेछ ।

२.६. विपद ब्यबस्थापन कोष स्थापना गरी संघ, प्रदेश तथा अन्य सरोकारवालाहरुबाट प्राप्त रकम समेत उक्त कोषमा राखी एकद्वार प्रणाली मार्फत राहत र उद्धार लगायतका विपद ब्यबस्थापन कार्य सञ्चालन गरिनेछ ।

२.७. सरोकारवालाहरुको प्रतिनिधित्वमा नगरपालिका स्तरीय विपद ब्यबस्थापन समिति गठन गरिनेछ र वडा स्तरसम्म समन्वयको ब्यबस्था गरिनेछ । समितिहरुमा लक्षित वर्गको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ ।

२.८. आपतकालीन सहयोग, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम लागू गर्दा अशक्त, असहाय, भूमिहीन, महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएकालाई विशेष रुपमा सम्बोधन गरिनेछ ।

### रणनीति ३ को जोखिमवाट क्षति न्यूनीकरण अन्तर्गतका कार्यनीतिहरु

३.१. जोखिम तथा संवेदनशील क्षेत्रवाट बस्ती स्थानान्तरण गर्दै आवश्यक सवै प्रकारका भौतिक पूर्वाधारहरुको सेवा सुविधाहरु उपलव्ध गरी सुरक्षित वस्ती बिकास गरिनेछ ।

३.२. भबन निर्माण संहितालाई कडाइका साथ लागु गर्दै पूर्वाधारहरुको निर्माण गर्दा वातावरणमैत्री वनाइनेछ ।

३.३. द्रुत उद्धार टोली (Quick Response Team) को व्यवस्था गरी आपतकालीन उद्धारको व्यवस्था मिलाइनेछ ।

३.४. आगलागी सम्वन्धी जोखिम न्युनिकरणका लागि प्रत्येक वडामा ELIDE FIRE को व्यवस्था गरिनेछ ।

३.५. आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरुको व्यवस्थाका लागि स्थानीय रेडकस संस्थासंग सहकार्य गरिनेछ ।

३.६. नजिकको अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरुमा औषधी एवं उपकरणहरुको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचारलाई सहज बनाइनेछ ।

३.७. विकास पूर्वाधारवाट हुनसक्ने जोखिमको न्यूनीकरण गर्न सवै उपाय अवलम्वन गरिने छ ।

३.८. दमकल एवं एम्वुलेन्स समेत पुग्न नसक्ने घना तथा साँघुरा वस्तीहरुका हरेक घरमा आगलागीवाट हुने क्षति न्यूनीकरणका लागि आगो निभाउने यन्त्र (Fire Extinguisher) को व्यवस्था मिलाइनेछ ।

**रणनीति ४ को जलवायु परिवर्तन अनुकूलन अन्तर्गतका कार्यनीतिहरु**

४.१. पूर्वाधारहरुको निर्माण गर्दा जलवायु समानुकुलन हुने गरी निर्माण गरिनेछ ।

४.२. दिगो वन व्यवस्थापन, कृषि-वन, भू संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ ।

४.३. डडेलो, आगलागीलाई पूर्ण रुपमा नियन्त्रण गरिनेछ र पानीपोखरी, अग्नीरेखा, आकाशेपानी सङ्कलन एवं माटो तथा पानी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ५२**
**विपद व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | विपदप्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६५ | ७५ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| **प्रतिफल हरु**<br>१. आपतकालीन आश्रय स्थलहरु हरेक वडा मा निर्माण भई सुरक्षित भएका हुनेछन<br>२. आपतकालीन उद्धार सामाग्री, जनशक्ति एवं साधन हरुको व्यवस्था वाट क्षति न्यूनीकरण भएको हुनेछ<br>३. जलवायु | विपदको समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान | संख्या | ३० | ३१ | ३२ | ३३ | ३४ | ३५ | नगरपालिका को वार्षिक प्रतिवेदन | अन्तर सरकार सहकार्य भएको हुने |
| | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | २०० | २२५ | २५० | २७५ | ३०० | ३५० | | |
| | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु.लाख | ६० | ७० | ८० | ९० | १०० | ११० | | |
| | विपद व्यवस्थापनमा कियाशील संस्थाहरु | संख्या | २५ | ३३ | ३३ | ३३ | ३३ | ३३ | | |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | विपद प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास | संख्या | ३ | ११ | २२ | ३३ | ४४ | ५५ | | |
| | गैर/प्राकृतिक, विपद व्यवस्थापन सम्वन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन | संख्या | ३५ | ४० | ४५ | ५० | ५५ | ६० | | |
| | विपद व्यवस्थापन का | संख्या | ५ | ७ | ८ | १० | १२ | १३ | | |

**तालिका : ५२**
**विपद व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| परिवर्तन लाई प्रभाव पार्ने पक्षहरुलाई नियन्त्रण गर्दै जलवायु अनुकूलन भएको हुनेछ | लागिपरिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरु का लागि क्षमता विकास कार्यक्रम | | | | | | | | | |
| | आगो निभाउने उपकरण (इष्टिडगिसर) भएका घरधुरी | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | | |
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स तथा वरुणयन्त्रको व्यवस्था | संख्या | ८ | ८ | ८ | ९ | ९ | १० | | |
| | विपदका सम्भावित कारण र न्यूनीकरण का उपाय विषयमा भएका अध्ययन अनुसन्धान | संख्या | – | – | – | १ | १ | १ | | |
| | जलवायु परिवर्तन न्यूनीकरणका उपायहरु ( डढेलो, वनफाडनी, वाढी पहिरो नियन्त्रण) सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन | संख्या | २ | ३ | ३ | ३ | ४ | ४ | | |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु ( आकाशेपानी सङ्कलन, कुवा, पोखरी, इनार निर्माण) सम्वन्धी कार्यान्वयन भएका कार्यक्रमहरु | संख्या | ० | ० | १ | १ | २ | २ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु.** |
|---|---|
| १. विपद व्यवस्थापन तथा जलवायु अनुकूलन सम्वन्धी जनचेतनामुलक कार्यक्रम<br>२. विपद जोखिम तथा संवेदनशील क्षेत्र पहिचान तथा नक्साङ्कन<br>३. विपद पूर्वसूचना प्रवाह उपकरण व्यवस्था<br>४. आपतकालीन उद्धारका साधन, सामग्री व्यवस्थापन<br>५. आपतकालीन द्रुत उद्धार टोली क्षमता बिकास तथा नमूना अभ्यास<br>६. एक वडा एक सुरक्षित स्थल तथा खुल्ला क्षेत्र व्यवस्था<br>७. स्वास्थ्य चौकीहरुको क्षमता वृद्धि<br>८. आपतकालीन उद्धार राहात कार्यक्रम<br>९. विपद व्यवस्थापन कोष स्थापना<br>१०. विपद व्यवस्थापन तथा प्रतिकार्य योजना तर्जुमा<br>११. आगो निभाउने यन्त्र (Fire Extinguisher) वितरण | **२२ करोड १२ लाख ५५ हजार ९५५** |

# परिच्छेद-नौ : सुशासन तथा संस्थागत विकास

## ९.१ पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने पक्ष नेपालको संविधान, २०७२ को शासन सम्वन्धी नीतिमा उल्लेख गरिएको छ र नेपालको संविधान २०७२ को प्रस्तावनामै दिगो सुशासन कायम राख्ने कुरालाई विशेष महत्वका साथ उल्लेख गरिएको छ । सवैप्रकार तथा स्वरुपका भ्रष्टाचार घटाउने, सवै तहमा प्रभावकारी, जवाफदेहिता, पारदर्शिता कायम राख्ने र निर्णय निर्माणमा सहभागितामूलक प्रतिनिधित्व गराउने पक्षहरु विशेष महत्वका साथ दिगो विकास लक्ष्यमा उल्लेख छ भने १५ औं योजनामा सुशासनलाई राष्ट्रिय लक्ष्य सूचकमा राखिएको छ र दीर्घकालीन राष्ट्रिय रणनीति अन्तर्गत सार्वजनिक सेवालाई सुदृढीकरण गर्ने भनिएको छ । शासकीय सुधार र सुशासन अभिवृद्धिलाई रुपान्तरणको एक प्रमुख सम्वाहकको रुपमा लिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा जनसहभागिता, उत्तरदायी, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा उल्लेख गरिएको छ । सेवा प्रवाहलाई प्रभावकारी व्यवस्थापन गर्न सूचना तथा सञ्चार प्रविधि उपयोग, प्रवर्द्धन र नियमन गर्ने एवं सेवा प्रवाह सम्वन्धी नीति, मापदण्ड वनाउने, सेवा शर्त तोक्ने, योजना तर्जुमा गर्ने र कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिइएको छ ।

यसै क्रममा टोखा नगरपालिकावाट उपरोक्त पक्षको सुनिश्चितता गर्दै संघ तथा प्रदेश सरकारको कानुन, नीति, योजना र लक्ष्यलाई समेत मनन गरी समग्र सुशासन तथा संस्थागत विकास क्षेत्रको खाका तयार पारिएको छ । सुशासन तथा संस्थागत विकास लागि प्रमुख क्षेत्रको रुपमा रहेका सुशासन, ऐन, नियम, कानुन तथा जवाफदेहिता, वित्तीय स्रोत परिचालन, मानव संशाधन तथा संस्थागत विकास र योजना व्यवस्थापनका जस्ता क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सो प्राप्तीका लागि अवलम्वन गरिने रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम हरु तर्जुमा भएको छ ।

## ९.२ वर्तमान अवस्था

नगरपालिकावाट ऐन, नियम, मापदण्डहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । विधायन, सुशासन, लेखा, राजस्व लगायतका विभिन्न समिति तथा उपसमितिहरु गठन गरी स्थानीय शासन सञ्चालनको अभ्यास भएको छ । न्यायिक समितिवाट मुद्दाहरुको सुनुवाई भएको छ । सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासमा छन । सेवा प्रवाहको सन्दर्भमा सेवाग्राहीवाट भएका गुनासाहरुको सम्वोधन हुँदै आएका छन । तापनि सेवाग्राही सहायता कक्षको व्यवस्था हुन सकेको छैन र नगरपालिकाको सेवा प्रवाहवाट सन्तुष्टीको ग्राफ पनि मध्यम स्तरमा रहेको पाइन्छ । सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि एवं चुस्त दुरुस्तका लागि सेवा प्रवाहहरु अनलाइन सेवाहरु आरम्भ भएको छन । मोवाइल एप्स कार्यान्वयनमा ल्याइएको छ । आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिहरुको सहभागिता रहेको पाइन्छ भने स्थानीय संस्थाहरु, गैसस लगायत निजी क्षेत्रसंगको सहकार्यमा अरु प्रभावकारीता ल्याउनु पर्ने आवश्यकता देखिन्छ । विषयक्षेत्रगत गुरुयोजनाहरु तर्जुमा हुनसकेको छैनन र ठूला आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन तेश्रो पक्षवाट गर्ने गराउने अभ्यास प्रारम्भ हुन सकेको छैन । कर्मचारीसंग कार्यसम्पादन करार गरी कार्यसम्पादन गर्ने अभ्यासको विकास हुँदै आएको पाइन्छ ।

## ९.३ सुशासन तथा संस्थागत क्षेत्रको उद्देश्य

आवधिक योजना अन्तर्गत सुशासन तथा संस्थागत बिकास क्षेत्रको लागि "वित्तीय स्रोत हरुको प्रभावकारी परिचालन गर्दै मानव संशाधन एवं स्थानीय संस्थाहरुको क्षमता विकास र ऐन, कानुन, योजना तथा सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनवाट सुशासनको अनुभूति गराउनु" ।

## ९.४ प्रमुख रणनीतिहरु

क) सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री र प्रभावकारी वनाउने ।

ख) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गर्ने ।

## ९.५ विषयगत उपक्षेत्रहरु

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् :

- सुशासन, ऐन नियम तथा जवाफदेहीता
- संस्थागत विकास, मानव संशाधन विकास तथा सेवा प्रवाह
- वित्तीय स्रोत परिचालन
- योजना ब्यबस्थापन

### ९.५.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

**तालिका : ५३**

**सुशासन, ऐन कानुन तथा जवाफदेहिता क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु क्रियाशील<br>➧ स्थानीय सरोकारवालाहरु, विपक्षीय लगायत राजनीतिक दलहरु एवं समुदायको रचनात्मक सहयोग | ➧ सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता विकास गर्नु<br>➧ सुशासन प्रवर्द्धन एवं सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ ऐन नियम तथा कार्यविधिहरु वनाई कार्यान्वयनमा<br>➧ सार्वजनिक परीक्षण तथा सुनुवाईहरु कार्यान्वयनमा<br>➧ वेवसाइटमा वार्षिक योजना पुस्तिका, नगरपालिकाको वार्षिक आयव्यय सार्वजनिक हुने गरेको<br>➧ सुनासो सुनुवाइ र फर्छौट हुँदै आएको | ➧ सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसंग छलफल तथा अन्तरक्रियाको कमि<br>➧ क्षतिपूर्ति सहितको नागरिक वडापत्र, नागरिक अभिमत तथा जस्ता सामाजिक उत्तरदायिका औजारहरुको अभ्यास नहुनु<br>➧ सेवाग्राही सहायता कक्षको व्यवस्था नहुनु |

**ख) उद्देश्य**

स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु ।

**ग) रणनीतिहरु**

१. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना निर्माण र कार्यान्वयन गर्ने

२. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन अन्तर्गतको कार्यनीति**

१.१. सुशासन, जवाफदेहिता एवं पारदर्शिता सम्बन्धी स्थानीय नीति, कानुन, तथा मापदण्डहरु निर्माण गरिनेछ।

१.२. सरोकारवालाहरुको सहमति एवं विज्ञहरुसंगको परामर्शको आधारमा सुशासन, जवाफदेहिता, पारदर्शि सम्वन्धी योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमन गरिनेछ।

**रणनीति २ को सुशासन तथा जवाफदेहिता प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

२.१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसारका समिति एवं कार्य प्रकृतिका आधारमा बन्ने समितिहरुलाई पूर्णता दिदै कार्यक्षेत्रको स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारीता ल्याइनेछ।

२.२. संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सवै प्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु बनाई राजपत्रवाट सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।

२.३. नगरपालिकाको नीति कार्यक्रम, निर्णय तथा प्रगति समीक्षाहरुका वारेमा सर्वसाधारण सवैलाई वेवसाइट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ।

२.४. जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ।

२.५. सेवाग्राहीहरु र स्थानीय सेवप्रदायक संघसंस्था वीच अन्तरक्रिया गरी सुशासन प्रवर्द्धन गरिनेछ।

२.६. नगरपालिकाका सेवा प्रवाहलाई अनलाइन गरिनेछ र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

२.७. सूचनाको हक सम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याइनेछ र नगरपालिकामा सूचना अधिकृत र गुनासो सुन्ने अधिकृतको व्यवस्था मिलाइनेछ।

२.८. लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गर्नु गरिनेछ र नगरपालिकाका सबै योजनाहरुमा यसलाई मूलप्रवाहीकरण गरिनेछ।

२.९. वडावाट प्रवाह गरिने सार्वजनिक सेवामा सहज पहुँच अभिवृद्धिका लागि वडाहरुको क्षमता अभिवृद्धि गरिने छ।

२.१०. सुशासन प्रवर्द्धनका लागि नगरपालिकामा जनप्रतिनिधि एवं कर्मचारीहरुका लागि आचार संहिता (कोड अफ कण्डक्ट) तयार पारिनेछ र कार्यान्वयनमा ल्याइनेछ।

२.११. कर्मचारीहरु वीच कार्यसम्पादन करार गरिनेछ।

२.१२. दण्ड र पुरस्कारको ब्यवस्था गरिनेछ।

२.१३. सेवाग्राही सन्तुष्टी सर्भेक्षण गरिनेछ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ५४**
**सुशासन ऐन, नियम, र जवाफदेहिता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, नियमहरु | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफलहरु**<br>१.सरोकारवालाहरुको सहभागिता एवं पृष्ठपोषण, सहमतिमा नगरपालिकाका ऐन नियम तथा कानुन निर्माण भएको हुनेछ<br>२. जवाफ देहिताका औजारहरु प्रयोग गर्दै सुशासन प्रवर्द्धन भएको हुनेछ<br>३. अनलाइन एवं सहायता कक्षा सञ्चालन वाट सेवा प्रवाहमा प्रभावकारीता आएको हुनेछ | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | ३ | ५ | ५ | ५ | ५ | ५ | नगरपालिकाको वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने |
| | ऐन नियमावली वनाई नगरपालिका सभाले गठन गरेका समितिहरु ( विधायन, सुशासन, लेखा आदि समितिहरु) | संख्या | ४/३ | ६/३ | ६/३ | ७/३ | ७/३ | ८/३ | | |
| | नियमावली वनाई कार्यनगरपालिकाले गठन गरेका समिति, उप समितिहरुको संख्या | संख्या | ५ | ७ | ८ | ९ | ९ | ९ | | |
| | अभ्यास भएका सामाजिक जवाफदेहिताका औजारका प्रकारहरु | संख्या | १० | १० | १० | ११ | ११ | १२ | | |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | १ | ३ | ४ | ४ | ४ | ४ | | |
| | हेल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | ८० | १०० | १०० | १०० | १०० | | |
| | नगरपालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्र्यौट | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ९० | | |
| | कूलदर्ता मध्ये न्यायिक समितिवाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ९० | ९४ | ९५ | ९५ | ९५ | ९७ | | |
| | उपलब्ध अनलाइन सेवाका प्रकारहरु ( निवेदन, सिफारिस, पञ्जीकरण....) | संख्या | १२ | १४ | १४ | १५ | १८ | २० | | |
| | अनलाइन सेवावाट लाभान्वित सेवाग्राही | प्रतिशत | २० | ४० | ५० | ५० | ६० | ८० | | |
| | नगरपालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | संख्या | १० | २५ | ४० | ४० | ६० | ८० | | |

**तालिका : ५४**
**सुशासन ऐन, नियम, र जवाफदेहिता**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | नगरपालिकावाट प्रकाशित दस्तावेज एवं प्रतिवेदन | संख्या | १ | १ | २ | ३ | ५ | ५ | | |

| क्रियाकलाप तथा कार्यक्रम | बजेट रु. |
|---|---|
| १. सेवा प्रवाहलाई अनलाइन तथा कम्प्युटर सफ्टवेयर निर्माण<br>२. उजुरी व्यवस्थापनलाई अनलाइन प्रणाली<br>३. सार्वजनिक कार्यालयहरुमा आइसिटि जडान<br>४. नगरपालिकाको मोवाइल एप्स निर्माण तथा अद्यावधिक<br>५. सामाजिक जवाफदेहि तथा उत्तरदायिका औजारहरुको अभ्यास<br>६. सुशासन प्रवर्द्धन कार्यक्रम<br>७. स्थानीय संघसंस्था, गैसस एवं सेवाप्रदायक निकायहरुमा<br>८. ऐन, नियम, एवं मापदण्डहरु प्रकाशन एवं सचेतना अभिवृद्धि<br>९. समिति, उपसमिति एवं पदाधिकारीहरुको क्षमता अभिवृद्धि<br>१०. सेवाग्राही सहायता कक्ष सञ्चालन<br>११. न्यायिक समिति तथा मेलमिलाप समिति व्यवस्थापन<br>१२. न्यायिक तालिम तथा मेलमिलापकर्ता सहजीकरण क्षमता अभिवृद्धि<br>१३. सेवा प्रदायक र सेवाग्राहीहरु वीच अन्तरक्रिया कार्यक्रम<br>१४. सेवाग्राही सन्तुष्टी सर्भेक्षण फारम | **५ करोड ५३ लाख १३ हजार ९८९** |

## ९.५.२ वित्तीय स्रोत परिचालन

### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : ५५**
**वित्तीय स्रोत परिचालन क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ संघ र प्रदेश सरकारवाट अनुदानहरु प्राप्त<br>➧ विकास साझेदार संस्था एवं निजी क्षेत्रसंग सहकार्य<br>➧ आन्तरिक आय स्रोत अभिवृद्धिको सम्भावना | ➧ वाह्य स्रोत माथिको अधिक परनिर्भरता घटाउनु<br>➧ जनस्तरमा कर तिर्नुपर्छ भन्ने भाबनाको विकसित गर्नु<br>➧ आन्तरिक राजस्व अभिवृद्धि गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |

| | |
|---|---|
| ➧ आर्थिक ऐन कार्यान्वयनमा, राजस्वका दररेटहरु निर्धारण र प्रगतिशील करप्रणाली लागु भएको<br>➧ लैङ्गिक उत्तरदायी वजेटको अभ्यास<br>➧ लागत सहभागितामा कार्यक्रम सञ्चालन<br>➧ कम्प्युटराइज लेखाप्रणाली | ➧ आन्तरिक स्रोतहरुवाट न्यून आय सङ्कलन हुनु<br>➧ पूँजीवृद्धि तथा छिटो प्रतिफल आउने क्षेत्रहरुमा कार्यक्रम सञ्चालनमा कमि<br>➧ आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउन नसक्नु<br>➧ वित्तीय सुशासन अपेक्षाकृत प्रभावकारी नहुनु<br>➧ साविक देखिका वेरुजु फर्छ्यौट ज्यादै न्यून<br>➧ विनियोजित पूँजीगत तथा कूल वजेट खर्च हुन नसक्नु |

**ख) उद्देश्य**

वित्तीय सुशासन कायम राख्दै उपभोक्ता समूह, निजी क्षेत्र तथा सहयोगी संस्थाहरुसंगको सहकार्यवाट वित्तीय स्रोत हरुलाई पूँजी निर्माण तथा आयआर्जनका क्षेत्रहरुमा परिचालन गरी आन्तरिक स्रोत अभिवृद्धि गर्नु ।

**ग) रणनीतिहरु**

१. वित्तीय स्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने

२. वित्तीय स्रोत परिचालन तथा अभिवृद्धि गर्ने

३. वित्तीय सुशासन प्रवर्द्धन गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को वित्तीय** स्रोत **परिचालन सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१. वित्तीय स्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन गरिनेछ । वित्तीय नीति, कानुन निर्माणमा सम्वन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया एवं सहमति विकास गरिनेछ ।

**रणनीति २ को वित्तीय स्रोत परिचालन तथा अभिवृद्धि अन्तर्गका कार्यनीतिहरु**

२.१. आन्तरिक स्रोत परिचालनका लागि राजस्व सुघार कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन मार्फत नगरपालिकाको आन्तरिक आय स्रोत मा अभिवृद्धि ल्याइनेछ ।

२.२. करको दरमा वृद्धि गर्ने भन्दा पनि दायरामा बिस्तार गर्दै प्रगतिशील कर प्रणाली अवलम्वन गरिनेछ ।

२.३. लेखा समिति एवं राजस्व परामर्श समितिको क्षमता अभिबृद्धि गरिनेछ ।

२.४. वित्तीय स्रोत लाई पूँजी निर्माण (आय आर्जन) का क्षेत्रमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।

२.५. सम्भावित करदाताहरुको पहिचान, कर सचेतना तथा करशिक्षा कार्यक्रम, करदाताहरुको विवरण अद्यावधिक, ठूला करदाता सम्मान कार्यक्रम एवं करअभियान सञ्चालन गरिनेछ ।

२.६. उपभोक्ता समितिहरुसंग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी नगरपालिकाको लागत भारलाई न्यून गरिनेछ ।

२.७. निजी क्षेत्रसंग सहकार्य र समन्वय गरी आयोजनाहरु कार्यान्वयनमा ल्याइनेछ । यसका लागि सार्वजनिक निजी साझेदारी नीति कानुन तर्जुमा गरिनेछ ।

२.८. नगरपालिकाको अचल सम्पत्तिहरु परिचालन तथा सदुपयोग गर्दै सेवा शुल्क सङ्कलन गरिनेछ ।

२.९. राजस्व अभिवृद्धिका लागि नगरपालिकाको एकल अधिकार अन्तर्गत कर राजस्व खासगरी सम्पत्ति कर, वहालकर, व्यवसाय करलाई प्रभावकारी ढङ्गवाट कार्यान्वयनमा ल्याइनेछ । यसका लागि अचल सम्पत्तिलाई

वर्गीकरण एवं न्यूनतम मूल्याङ्कन गरिनेछ । र साझा अधिकारका लागि अन्तरनगरपालिका तथा संघ, प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।

**रणनीति ३ को वित्तीय सुशासन प्रवर्द्धन अन्तर्गतका कार्यनीतिहरु**

३.१. नगरपालिकाको आर्थिक ऐनलाई व्यवहारिक वनाउदै प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । यसका लागि सरोकारवालाहरु संग अन्तरक्रिया गरिनेछ ।

३.२. लेखा प्रणालीलाई आइसिटिमा जोड्दै सवै प्रकारका आर्थिक कारोवारलाई डिजिटाइज गरी क्रमश पूर्ण विधुतिय प्रणाली अवलम्वन गरिनेछ ।

३.३. आर्थिक प्रशासन प्रणालीलाई प्रभावकारी वनाउदै आन्तरिक नियन्त्रण प्रणाली लागु गरिने छ । आन्तरिक लेखापरीक्षण, करपरीक्षण तथा राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्दै सक्षम एवं प्रभावकारी बनाइनेछ ।

३.४. खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाउदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई-विडिङ्ग तथा प्रक्रियागत ढङ्गवाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

३.५. नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजुको लगत अद्यावधिक एवं फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।

३.६. निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा नगरपालिकाका प्रकाशनहरु मार्फत आमनागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ५६**
**वित्तीय स्रोत परिचालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | नगरपालिकाको वार्षिक आन्तरिक आय रकम | रु. करोड | २४.३४ | २८.८४ | ३४.१९ | ४०.५७ | ४८.१८ | ५७.२५ | वार्षिक प्रगति प्रति वेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफल हरु**<br>१. वित्तीय स्रोतलाई आय आर्जन क्षेत्रमा परिचालन भई नगरपालिकाको आन्तरिक आय वृद्धि भएको हुनेछ<br>२. सहकारी, निजीक्षेत्र, उपभोक्ता | नगरपालिकाको कूल वार्षिक वजेट | रु.करोड | १४०.०५ | १६१.९१ | १८७.२२ | २१६.५६ | २५०.५७ | २९०.०० | वार्षिक प्रति वेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने |
| | प्रतिव्यक्ति बजेट खर्च (विकासतर्फ) | रु.हजार | ५.५ | ६.४ | ७.५ | ८.९ | १०.७ | १२.८ | | |
| | कूल वजेटको वास्तविक खर्च | प्रतिशत | ६१ | ८० | ८५ | ९० | ९५ | १०० | | |
| | कूल वजेटको पूँजीगत खर्च | प्रतिशत | ५३.५६ | ५५ | ६० | ६५ | ७० | ७५ | | |
| | लैङ्गिक उत्तरदायी वजेट विनियोजन | प्रतिशत | १५ | १५ | १७ | २० | २४ | २५ | | |
| | सङ्कलित कर राजस्व र गैरकर राजस्वको | अनुपात | १;०.१८ | १;०१ | १;०१ | १;०.३ | १;०.५ | १;०६ | | |
| | कूल वजेटमा वाह्य स्रोतको हिस्सा | प्रतिशत | ८२.६२ | ८२.१९ | ८१.७४ | ८१.२६ | ८०.७७ | ८०.२६ | | |
| | आन्तरिक राजस्व | प्रतिशत | ७ | १० | १२ | १५ | १७ | २० | | |

**तालिका : ५६**
**वित्तीय स्रोत परिचालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| समिति संग को सहकार्य वाट पूँजीगत क्षेत्रमा लगानी वृद्धि भएको हुनेछ<br><br>३. वित्तीय प्रशासनको क्षमता अभिवृद्धि भई कूल वजेट खर्च एवं वाह्य अनुदानमा अभिवृद्धि आएको हुनेछ | अभिवृद्धि हुने क्षेत्रमा भएको लगानी (कूल वजेटको) | | | | | | | | | |
| | कूल वेरुजु मध्येको फछ्र्यौट रकम | प्रतिशत | ४७ | ६० | ७० | ८० | ९० | ९५ | | |
| | संघीय सरकारवाट राजस्व बाँडफाड प्राप्त रकम | रु.करोड | ६१.९४ | ७१.२३ | ८१.९२ | ९४.२१ | १०८.३४ | १२४.५९ | | |
| | प्रदेश सरकारवाट राजस्व बाँडफाड वाट प्राप्त रकम | रु.करोड | ३.९१ | ४.५० | ५.१८ | ५.९५ | ८.८५ | ७.८८ | | |
| | संघीय सरकारवाट वित्तीय समानीकरण वाट प्राप्त अनुदान | रु. करोड | २६.३० | २९.९३ | ३४.४२ | ३९.५८ | ४५.५२ | ५२.३५ | | |
| | प्रदेश सरकारवाट वित्तीय समानीकरण वाट प्राप्त अनुदान | रु. करोड | २.३२ | २.६७ | ३.०७ | ३.५४ | ४.०७ | ४.६८ | | |
| | आयोजना कार्यान्वयन मा उपभोक्तासमूहको योगदान हिस्सा (वार्षिक कूल खर्चमा) | प्रतिशत | ०.४७ | ०.५० | १ | १.५ | २ | २ | | |
| | निजी क्षेत्रसंगको सहकार्यमा भएको लगानी | रु.लाख | ० | २० | ५० | ७० | १०० | १५० | | |
| | सहकारी संस्था तथ सामुदायिक संस्थासंगको सहकार्यमा भएको लगानी | रु.लाख | ० | २० | ५० | ७० | १०० | १५० | | |
| | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदात संख्या | संख्या हजारमा | २८ | ३० | ३५ | ३७ | ४० | ५० | | |
| | आयोजनाहरुको मर्मत सम्भारका लागि व्यवस्थ गरिएको कोषमा जम्मा भएको | रु. लाख | ० | २० | २५ | ३० | ३५ | ५० | | |
| **क्रियाकलाप तथा कार्यक्रम** | | | | | | | | | **बजेट रु.** | |

**तालिका : ५६**
**वित्तीय स्रोत परिचालन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचना को स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| १. राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम<br>२. कर शिक्षा, चेतनामूलक कार्यक्रम तथा क्षमता विकास<br>३. लेखाप्रणाली डिजिटाइजेशन तथा सफ्टवेयर जडान<br>४. आन्तरिक नियन्त्रण तर्जुमा करदाता अभिलेखीकरण तथा ठूला करदाता सम्मान<br>५. सार्वजनिक निजी सहकारी साझेदारी प्रवर्द्धन<br>६. बित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा<br>७. खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना निर्माण | | | | | | | | | **१६ करोड ५९ लाख ४१ हजार ९६६** | |

### ९.५.३ संस्थागत बिकास, मानव संशाधन एवं सेवा प्रवाह

#### क) वस्तुस्थिति विश्लेषण

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन ।

**तालिका : ५७**
**मानव संशाधन तथा संस्थागत विकास क्षेत्रः सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ निर्वाचित जनप्रतिनिधिहरुको सक्रियता वढदो<br>➧ स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग | ➧ सार्वजनिक सेवालाई गुणस्तरीय, प्रभावकारी, न्यून लागत तथा समयमा सेवा प्रवाह गर्नु<br>➧ सेवाग्राहीहरुको सन्तुष्टि अभिवृद्धि तथा सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि वनाउनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ विषयगत समिति तथा उप-समितिहरु गठन, सञ्चालन तथा कियाशील<br>➧ नगरपालिका केन्द्र एवं वडाहरुमा इण्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था भएको<br>➧ जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिम वाट लाभान्वित | ➧ सेवा प्रवाहमा आधुनिक प्रविधिहरुको प्रयोगमा कमि र सेवा प्रवाह छिटो छरितो नहुनु<br>➧ प्राविधिक एवं दक्ष जनशक्ति न्यून हुनु र कार्यसम्पादन, मूल्याङ्कन, दण्ड पुरस्कार, प्रोत्साहनको व्यवस्था नहुनु<br>➧ विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमता अभिवृद्धि नहुनु |

#### ख) उद्देश्य

प्रभावकारी संगठन संरचना निर्माण, संस्थागत क्षमता विकास र मानव संशाधनको कार्यदक्षता अभिवृद्धिवाट सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी वनाउनु ।

**ग) रणनीतिहरु**

१. मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति निर्माण गर्ने

२. संस्थागत संरचना एवं सेवा प्रवाह प्रभावकारी बनाउने

३. मानव संशाधन बिकास गर्ने

**घ) कार्यनीतिहरु**

**रणनीति १ को मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१. मानव संशाधन बिकास सम्बन्धी स्थानीय नीति, कानुन, मानदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन गरिनेछ ।

१.२. संस्थागत विकासलाई प्रभावकारी, गुणस्तरीय वनाउन नीति, कानुन, मानदण्डहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१.३. सेवा प्रवाहलाई व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न विशिष्ट कार्यसञ्चालन पद्धतिहरु (Standard Operating Procedures- SOPs) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**रणनीति २ को संस्थागत संरचना एवं सेवा प्रवाह अन्तर्गतका कार्यनीतिहरु**

२.१. बिषयगत समिति एवं न्यायिक समितिको क्षमता बिकास गरी कार्यसम्पादन स्तरमा अभिबृद्धि ल्याइनेछ ।

२.२. विषयगत समिति तथा उपसमितिहरुको कार्यविवरण तयार पारी कार्यसम्पादनमा एकरुपता ल्याइनेछ र क्रियाशील वनाई उत्तरदायि एवं जिम्मेवारी वनाउदै स्थानीय लोकतन्त्रलाई सुदृढ गरिने छ ।

२.३. संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण अनुसारको कर्मचारी व्यवस्था गरिनेछ ।

२.४. कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्था गरी कार्यसम्पादनस्तरलाई प्रभावकारी बनाइनेछ र कर्मचारीहरुसंग कार्यसम्पादन करार गरिनेछ । आवश्यकताका आधारमा शाखा, उपशाखा तथा इकाइ स्थापना गरी संस्थागत संरचनालाई प्रभावकारी वनाइनेछ ।

२.५. सेवा प्रवाहलाई गुणस्तरीय, न्यून लागत, द्रुतसेवा प्रवाह र सम्भव भएका सेवाहरुलाई अनलाइन गरिनेछ ।

२.६. वडा कार्यलयहरुलाई सुविधा सम्पन्न बनाइदै आवश्यकताका आधारमा वडा कार्यालयवाट थप सेवाहरु प्रवाह गरिनेछ ।

२.७. सेवा प्रवाह सहजीकरणका लागि सेवाग्राही सहायता कक्षको व्यवस्था मिलाइनेछ ।

२.८. सेवा प्रवाहमा लक्षित समूह, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, महिला, दलित, जनजातिलाई प्राथमिकता दिइनेछ ।

२.९. आवश्यकताका आधारमा घरदैलो वा घुम्ती सेवा सञ्चालन गरी सेवामा पहुँच अभिवृद्धि गरिनेछ ।

**रणनीति ३ को मानव संशाधन बिकास अन्तर्गतका कार्यनीतिहरु**

३.१. तालिम, तथा अभिमुखीकरणवाट नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा प्रभावकारी ल्याइनेछ ।

३.२. नगरपालिकाका अन्तर्गत विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरिने छ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मानदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।

३.३. नगरपालिका अन्तर्गत सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सवल, सक्षम जनशक्ति बिकास गरिनेछ ।

३.४. जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता बिकासमा जोड दिइनेछ ।

३.५. नगरपालिका क्षेत्रभित्रका विषयक्षेत्रगत विज्ञ, वौद्धिक व्यक्तित्वहरुको सूची तथा अभिलेखीकरण गरी विज्ञता सेवा लिने अभ्यास कार्यान्वयनमा ल्याइनेछ ।

३.६. कर्मचारीहरुको वृत्ति विकासको सुनिश्चित गरिनेछ । यसका लागि आवश्यकताका आधारमा उच्च शिक्षा हासिल, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तालिम, सेमिनारहरुमा सहभागि गराइनेछ ।

३.७. कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ र निर्धारित मापन भन्दा पनि न्यून सम्पादन भएका कर्मचारीहरुलाई दण्ड, सजाय गरिने छ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ ।

## ङ) तर्कवद्ध खाका

**तालिका : ५८**
**मानव संशाधन तथा संस्थागत विकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | नगरपालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| **प्रतिफल हरु**<br>१.कर्मचारी हरुको व्यवस्था एवं क्षमता विकास र प्रोत्साहन कार्यक्रम वाट कार्य सम्पादनमा प्रभावकारीता आई सेवाग्राही सन्तुष्टिमा अभिवृद्धि आएको हुनेछ<br>२. जन प्रतिनिधि, सरोकारवालहरु को क्षमता विकास गर्दै नगरपालिका | नगरपालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु | संख्या | २३ | २५ | २६ | २७ | २८ | २८ | नगरपालिकाको वार्षिक प्रगति प्रतिवेदन | संस्थागत संरचना प्रभावकारी भएको हुने |
| | नगरपालिकामा कार्यरत कूल जनशक्ति : अधिकृत तह र सोभन्दा मुनी | संख्या | २६० | २७० | २७५ | २७५ | २८० | २९० | | |
| | नगरपालिकामा कार्यरत प्राविधिक जनशक्ति (स्थायी र अस्थायी) | संख्या | २५ | ३० | ३० | ३५ | ३७ | ४० | | |
| | कार्यसम्पादन करार गरिएका कूल कर्मचारी | संख्या | २५ | २५ | २७ | २७ | २८ | ३० | | |
| | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | २५ | २५ | २७ | २७ | २८ | ३० | | |
| | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति भएका कर्मचारी | संख्या | २६० | २७० | २७५ | २७५ | २०० | २९० | | |

**तालिका : ५८**
**मानव संशाधन तथा संस्थागत विकास**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| को संस्थागत संरचना प्रभावकारी भएको हुनेछ | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | ०.३० | ०.२० | ०.२० | ०.१५ | ०.१० | ०.०५ | | |
| | क्षमता विकास कार्यक्रमवाट लाभान्वित कर्मचारी जनप्रतिनिधि | संख्या | ७५ | १८० | २०० | २१० | २५० | २७० | | |
| | क्षमता विकास कार्यक्रमवाटलाभान्वित सरोकारवाला,संस्थाहरु | संख्या | ५० | ६० | ६५ | ७० | ७५ | ८० | | |
| | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क | प्राप्ताङ्क | ६८.२५ | ७२ | ७५ | ७८ | ८० | ८५ | | |
| | उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरष्कृत कर्मचारी | संख्या | ० | ५ | १० | १५ | १७ | २० | | |
| | नगरपालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भबन | संख्या | १० | १० | ११ | १२ | १२ | १२ | | |

| क्रियाकलाप तथा कार्यक्रम | बजेट रु. |
|---|---|
| १. कर्मचारीहरुको क्षमता तथा वृत्त विकास कार्यक्रम<br>२. कर्मचारीहरुसंगको कार्यसम्पादन करार, कार्यसम्पादन मूल्याङ्कन र सम्मान<br>३. वडा कार्यालय क्षमता विकास<br>४. समिति, उपसमिति एवं बिषयगत समितिहरुको क्षमता बिकास<br>५. घरदैलो तथा घुम्ती सेवा सञ्चालन<br>६. विषयक्षेत्रगत विज्ञ, वौद्धिक व्यक्तित्वको सूची तथा अभिलेखीकरण | **२२ करोड १२ लाख ५५ हजार ९५५** |

### ९.५.४ योजना व्यवस्थापन

**क) वस्तुस्थिति विश्लेषण**

नगरपालिकाको वस्तुस्थिति विश्लेषण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं नगरपालिकाको भावी मार्गचित्र बारे सहभागितात्मक छलफलबाट पहिचान भएका सम्भावना, अवसर, समस्या तथा चुनौतिहरू देहाय अनुसार रहेका छन् ।

| तालिका : ५९<br>योजना व्यवस्थापना क्षेत्र : सम्भावना, चुनौति, सवल तथा कमजोर पक्षहरु | |
|---|---|
| **सम्भावना तथा अवसरहरु** | **समस्या तथा चुनौतिहरु** |
| ➧ योजना तर्जुमामा स्थानीय सरोकारबाला, निकाय, गैसस, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता<br>➧ आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता हुने गरेको | ➧ आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्नु<br>➧ आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व श्रृजना गर्नु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ वार्षिक नीति तथा कार्यक्रम हरु कार्यान्वयन हुँदै आएको<br>➧ सहभागितामूलक ढङ्गवाट आयोजनाहरुको अनुगमन<br>➧ आयोजनाहरुको वार्षिक समीक्षा हुने गरेको<br>➧ आवधिक योजना, गौरव आयोजना, मध्यमकालीन खर्च संरचना र राजस्व सुधार योजना तर्जुमा हुँदै | ➧ कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा तथा अद्यावधिक नभएको<br>➧ आयोजनाहरुको दिगोपना तथा मर्मत सम्भारका लागि लाभान्वितवाट उपभोग शुल्क सङ्कलन हुने नगरेको<br>➧ नतिजामा आधारित अनुगमन मूल्याङ्कन नहुनु |

### ख) उद्देश्य

स्थानीय जनसहभागिता र सरोकारवालाहरुको सहभागितामा नगरपालिकाका योजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनवाट प्रभावकारी रुपमा योजना व्यवस्थापन गर्नु ।

### ग) रणनीतिहरु

१. योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण
२. योजना तर्जुमा सहभागिता
३. योजना कार्यान्वयनमा प्रभावकारीता

### घ) कार्यनीतिहरु

**रणनीति १ को योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण अन्तर्गतको कार्यनीति**

१.१. योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

**रणनीति २ को योजना तर्जुमा सहभागिता अन्तर्गतका कार्यनीतिहरु**

२.१. स्थानीय सरोकारबालाहरुको सहभागितामा आवधिक नगरबिकास योजना तर्जुमा तथा अद्यावधिक गरिने छ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना वनाइनेछ ।

२.२. आवधिक नगरबिकास योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक योजना बीच तादत्म्यता स्थापित गरिनेछ र आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, रणनीतिहरु कार्यान्वयन गर्न बार्षिक योजनालाई प्रभावकारी वनाइनेछ ।

२.३. आवश्यकताका आधारमा सरोकारबालाहरुको वृहत सहभागितामा विषयक्षेत्रगत गुरुयोजना, आवधिक एवं मध्यमकालीन योजनाहरु बनाई कार्यान्वयनमा ल्याइनेछ ।

२.४. सहभागितामूलक र समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रक्रिया अवलम्वन गर्दै वस्ति स्तरवाटै वार्षिक योजना तर्जुमा गरिने छ र विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिदै अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

२.५. उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण वनाउन प्रोत्साहन गरिनेछ ।

**रणनीति ३ को योजना कार्यान्वयनमा प्रभावकारीता अन्तर्गतका कार्यनीतिहरु**

३.१. नगरपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

३.२. नगरपालिका गौरव आयोजनाहरुको कार्यान्वयनका लागि कार्यविधि तर्जुमा गरिने छ र आवश्यकताका आधारमा अन्तरनगरपालिका समन्वय, सहकार्य एवं साझेदारी गरिनेछ ।

३.३. नगरसभाबाट स्वीकृत योजनाको कार्यान्वयन योजना (Calender of Operation) अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई जिम्मेबारी तालिका समेत तोकी कार्यान्वयनमा ल्याइनेछ ।

३.४. योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दिगोपनमा अपनत्व श्रृजना गराइनेछ ।

३.५. आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवं बिषयक्षेत्रगत सूचक निर्धारण गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।

३.६. उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता बिकास मार्फत सशक्तीकरण गरिनेछ ।

३.७. योजना कार्यान्वयन एवं लगानी अभिवृद्धिका लागि निजी क्षेत्र एवं सहकारी संस्थाहरुसंग सहकार्य गरिनेछ ।

३.८. नगरपालिका अन्तर्गतका क्षेत्रमा विद्यमान विकास साझेदार, गैर-सरकारी संघ संस्था, नागरिक समाज, सामुदायिक संस्थाहरु परिचालनका लागि कार्यविधि तर्जुमा गदै बिकास आयोजनाहरुको कार्यान्वयनमा सहकार्य गरिनेछ ।

३.९. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी रुपमा परिचालनका लागि नगरपालिकामा योजना शाखा स्थापना गरी साधन सम्पन्न वनाइनेछ ।

३.१०. ठूला आयोजनाहरु कार्यान्वयनका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिनेछ । आयोजनाको कार्यान्वयन पश्चात तेश्रो पक्षवाट अनुगमन तथा मूल्याङ्कन गर्ने अभ्यासको थालनी गरिनेछ र प्राप्त ज्ञान, सिकाइ तथा अनुभव लाई संस्थागत गरिनेछ ।

३.११. दिगो विकास लक्ष्यहरु प्राथमिकताका आधारमा स्थानीयकरण गरिनेछ ।

**ङ) तर्कवद्ध खाका**

**तालिका : ६०**
**योजना व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| **असर** | नतिजामूलक अनुगमन र मूल्याङ्कन भएका योजना | प्रतिशत | ६० | ६५ | ७० | ८० | ८५ | ९० | नगरपालिकाको वार्षिक प्रतिवेदन तथा | गैसस, तथा नागरिक समाज संग सहकार्य |

**तालिका : ६०**
**योजना व्यवस्थापन**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७८/०७९ | लक्ष्य परिमाण | | | | | सूचनाको स्रोत | पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | | |
| | | | | | | | | | अभिलेख | भएको हुने |
| **प्रतिफल हरु**<br><br>१.गुरु योजना, सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा भई कार्यान्वयन मा आएको हुनेछ<br><br>२. सरोकार लाभान्वित वर्गको सहभागिता मा नियमित रुपमा आयोजना हरुको अनुगमन मूल्याङ्कन प्रभावकारी भएको हुनेछ<br><br>३. निजी क्षेत्र एवं उपभोक्ता समितिको सहकार्यमा आयोजना कार्यान्वयन भएको हुनेछ | आयोजना वैंकमा समावेश भएका कूल आयोजनाहरु डिपिआर हुन वाँकी समेत | संख्या | २५ | ४५ | ६० | ७३ | ८५ | ९५ | नगरपालिका को वार्षिक प्रतिवेदन तथा अभिलेख | सामुदायिक संस्था गैसस, तथा नाग रिक समाजसंग सह कार्य भएको हुने |
| | तर्जुमा भएका विषय क्षेत्रगत गुरुयोजना (कृषि, पर्यटन,यातायात गुरुयोजना...) | संख्या | २ | ३ | ३ | ४ | ५ | ७ | | |
| | स्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण (प्रोफाइल) तयारी तथा अद्यावधिक भएको विषयगत क्षेत्र | संख्या | १ | १ | २ | २ | ३ | ३ | | |
| | कार्यान्वयन भएका स्थानीय गौरब आयोजनाहरु | संख्या | २ | ३ | ३ | ४ | ५ | ७ | | |
| | वार्षिक नीति कार्यक्रम अनुसार नगरपालिकाको आन्तरिक आयमा अभिवृद्धि ल्याउन सक्ने आयोजनाहरु | संख्या | - | २ | ४ | ५ | ६ | ७ | | |
| | सम्पन्न भएका पूँजीगत तर्फका कूल आयोजनाहरु | प्रतिशत | ४२ | ५० | ६० | ७० | ८० | ९० | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिवाट कार्यान्वयन भएका आयोजना | प्रतिशत | ९३ | ९० | ८५ | ८५ | ८० | ८० | | |
| | निर्धारित समय वा सो अघि सम्पन्नआयोजना | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | | |
| | प्रस्तावित आयोजनाहरु मध्ये यथार्थमा सम्पन्न भएका आयोजनाहरु | प्रतिशत | ३० | ७० | ७५ | ८० | ९० | १०० | | |
| | आयोजना/ कार्यक्रम को अनुगमन प्रतिवेदन पेश गर्ने अभ्यास (पटके, मासिक, चौमासिक, वार्षिक) | प्रकार | ४ | ४ | ४ | ४ | ४ | ४ | | |
| | सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/ समुदायको प्रतिनिधित्व | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | तेश्रो पक्षवाट भएको आयोजनाहरुको अनुगमन, | संख्या | ० | १ | २ | ३ | ४ | ५ | | |

| तालिका : ६०<br>योजना व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७८/०७९** | **लक्ष्य परिमाण** | | | | | **सूचनाको स्रोत** | **पूर्वानुमान** |
| | | | | **२०७९/८०** | **२०८०/८१** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | | |
| | मूल्याङ्कन | | | | | | | | | |
| | निजी क्षेत्रसंगको सहकार्यमा सम्पन्न आयोजनाहरु | संख्या | ० | ५ | १० | १० | १० | १५ | | |
| | सार्वजनिक, निजी र सहकारीको सहकार्यमा सम्पन्न आयोजनाहरु | संख्या | ० | ५ | १० | १० | १० | १५ | | |

| **कियाकलाप तथा कार्यक्रम** | **बजेट रु.** |
|---|---|
| १. प्राविधिक जनशक्ति व्यवस्था<br>२. योजना शाखाको क्षमता विकास<br>३. डिपिआर एवं आयोजना वैंक<br>४. नगरपालिका गौरव आयोजना तर्जुमा<br>५. विषयगत क्षेत्रको गुरुयोजना तर्जुमा<br>६. मध्यमकालीन खर्च संरचना तर्जुमा<br>७. आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन<br>८. तेश्रो पक्षवाट ठूला आयोजनाहरुको अनुगमन मूल्याङ्कन<br>९. दिगो विकास लक्ष्यहरु स्थानीयकरण<br>१०. सार्वजनिक निजी क्षेत्र एवं सहकारी संस्था साझेदारी कार्यक्रम<br>११. आयोजनाहरु कार्यान्वयन तथा मर्मत सम्भार<br>१२. आयोजनाहरुको समीक्षा र प्रतिवेदन | **११ करोड ०६ लाख २७ हजार ९७७** |

# परिच्छेद-दश: वित्तीय व्यवस्था

## १०.१ पृष्ठभूमि

वित्त व्यवस्थाको भूमिका नगरपालिकाको मध्यमकालीन एवं आवधिक योजनाहरु सञ्चालनमा महत्वपूर्ण हुने गर्दछ । वित्तको अभाव तथा वित्त अपुग भएमा, वा निर्धारण गरिए अनुसारका आयस्रोतहरु निर्धारित समयभित्र उपलव्ध हुन नसकेमा विनियोजित कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन हुन सक्दैनन । परिणाम स्वरुप, कार्यक्रमहरु अधुरो हुने, कार्यान्वयन नहुने र सम्पन्न कार्यक्रमहरुको पनि गुणस्तर कायम हुन नसक्ने जस्ता सम्भावना पर्याप्त हुन सक्छ । यसर्थ, पर्याप्त वित्त व्यवस्थावाट मात्रै नागरिकहरुको आवश्यकतालाई प्रभावकारी ढङ्गवाट सम्वोधन गर्न सकिने छ । यसका लागि आन्तरिक र वाह्य गरी दुई प्रकारका स्रोतहरुको व्यवस्था गरिएको छ । आन्तरिक स्रोत मा स्थानीय करहरु खासगरी सम्पत्तिकर, भूमिकर, व्यवसाय कर, घर वहाल आयकर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर नै प्रमुख हुन भने वाह्य स्रोतहरुमा संघ र प्रदेश सरकारका अनुदानहरु । यस अनुदानहरुमा सशर्त अनुदान, वित्तीय समानीकरण, राजस्व वाँडफाँड, समपूरक र विशेष अनुदान पर्दछन । जसको अधिकतम उपयोगवाट आवधिक लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरु हासिल गर्न सहयोग पुग्दछ ।

## १०.२ वर्तमान अवस्था

टोखा नगरपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा कर राजस्वकै भूमिका उल्लेख्य छ । यसमा सम्पत्ति कर, घर वहाल कर र व्यवसाय करको योगदान वढी छ । आर्थिक वर्ष २०७८/७९ को विवरण अनुसार कूल आन्तरिक आयमा उपरोक्त करहरुको योगदान क्रमशः करीव ३०.८६ प्रतिशत, २०.१० र ६.१८ प्रतिशत रहेको देखिन्छ । समग्रमा कर राजस्वको योगदान कूल आयमा करीव ५८.७४ प्रतिशत र गैरकर राजस्वको योगदान करीव ४१.२४ प्रतिशत रहेको पाइन्छ । गैरकर राजस्वमा खासगरी नक्सापास र सिफारिस दस्तुरको योगदान तुलनात्मक रुपमा वढी देखिन्छ कूल आयमा क्रमशः १८.१३ र ९.५२ प्रतिशत । जनसहभागिताको योगदान कूल आयमा केही योगदान रहेपनि उल्लेख्य छैन करीव ४.९८ प्रतिशत र यतिनै योगदान कूल आयमा संस्थागत आन्तरिक अनुदानको रहेको पाइन्छ । समग्रमा कर राजस्व तर्फ सम्पत्ति कर, घरवहालकर, व्यवसायकर र गैरकर राजस्वमा नक्सापास र सिफारिस दस्तुरहरुको भूमिका नगरपालिकाको आन्तरिक आयमा उल्लेख्य रहेको पाइन्छ । यस वाहेक गैरकर राजस्व अन्तर्गत पर्यटन शुल्क, पार्किङ शुल्क, फोहोरमैला शुल्क, हाटवजार शुल्क, प्राकृतिक स्रोत उपयोग र कर राजस्व अन्तर्गत विज्ञापन कर, मनोरन्जन करवाट नगरपालिकाको राजस्व सङ्कलन गर्न सक्ने छ तापनि उपरोक्त क्षेत्रहरुवाट राजस्व सङ्कलन हुन सकिरहेको छैन । यसैगरी कर राजस्व अन्तर्गतका करको दायरा विस्तार गरी कर प्रशासनलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा पनि राजस्व सङ्कलन अरु वढ्न सक्ने सम्भावना देखिन्छ ।

वार्षिक नगर विकास योजना २०७९/८० अनुसार आर्थिक वर्ष २०७९/८० का लागि आन्तरिक आय रु.२५ करोड प्राप्त हुन सक्ने अनुमान गरिएको पाइन्छ । यसअघिको आर्थिक वर्ष २०७८/७९ का लागि रु.२२ करोड ३६ लाख ७९ हजार प्राप्त हुन सक्ने अनुमान गरिएको थियो भने आर्थिक वर्ष २०७७/७८ का लागि यथार्थमा रु.१९ करोड ८ लाख ८७ हजार प्राप्त भएको देखिन्छ । आर्थिक वर्ष २०७९/८० का लागि नगरपालिकाले रु.२ अर्व ११ करोड ५६ लाख ७ हजारको कूल आय प्राप्त हुने अनुमान गरिएको छ ।

## १०.३ अवसर तथा चुनौतीहरु

नगरपालिकाको आन्तरिक वढ्दो क्रममा देखिन्छ । भरपर्दो, दिगो एवं प्रमुख आयस्रोतको रुपमा सम्पत्तिकर, घरवहालकर र व्यवसायकर रहेको पाइन्छ । नगरपालिकाको कूल आन्तरिक आयमा उपरोक्त तीन स्रोतको योगदान

उल्लेख्य रहेको र हरेक वर्ष राजस्व सङ्कलन वढ्दो क्रममा रहेको पाइन्छ । नगरपालिकाको राजस्व प्रशासनलाई प्रभावकारी, अनलाइन गर्दै करको दायरा विस्तार गरिएमा राजस्व सङ्कलन अरु वढ्ने सम्भावना प्रवल देखिन्छ । यसका लागि राजस्व शाखाको क्षमता अभिवृद्धि, अचल सम्पत्तिको मूल्याङ्कन र सोको आधारमा सम्पत्तिकरलाई कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । त्यसैगरी नगरपालिकामा दर्ता एवं नवीकरण नगरी सञ्चालनमा आएका छन साना ठूला सवै प्रकारका व्यवसायहरुको संख्या अधिक छन । सवै उद्योग व्यवसायहरुलाई करको दायराभित्र ल्याउन सकिएको खण्डमा पनि व्यवसाय कर ठूला परिमाणमा राजस्व सङ्कलन हुन सक्ने सम्भावना प्रचुर रहेका देखिन्छ । फोहोरमैला, पार्किङ, पर्यटन शुल्क जस्ता क्षेत्रहरु राजस्व सङ्कलनका लागि अभ्यासमा आउनै सकेको छैन, जसको सम्भावना अधिक छ ।
यसका साथै संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप स्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्रदान गरेको छ । अर्कोतर्फ निजी, सहकारी, सामुदायिक, गैरसरकारी लगायत नागरिक समाजसंग पनि स्थानीय स्तरमा सहकार्य गरी वित्तीय स्रोतहरू जुटाउन सक्ने थप अवसरहरू पनि पर्याप्त छ, जसको सदुपयोगवाट नगरपालिकाको वित्तीय क्षेत्र सुदृढ हुन सक्ने देखिन्छ ।

बढ्दो जनअपेक्षाको तुलनामा नगरपालिकाको विद्यमान स्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ । सीमित स्रोतवाट जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले व्यवस्थापन गर्दै आर्थिक तथा सामाजिक स्थितिमा सहज पहुँच अभिवृद्धि गर्नु, आय वृद्धि हुने क्षेत्रमा पूँजी लगानी, त्यसका लागि निजी तथा सहकारी क्षेत्रलाई आकर्षित गर्नु आफैमा एक जटिलपूर्ण कदमहरु हुन ।

## १०.४ उद्देश्य

समग्र आर्थिक एवं सामाजिक विकासका लागि नगरपालिकाको आन्तरिक एवं वाह्य वित्तीय स्रोतहरुलाई समुचित एवं न्यायसंगत ढङ्गवाट परिचालन गर्नु ।

## १०.५ रणनीति

- नगरपालिकाको आन्तरिक एवं वाह्य स्रोतहरुको पहिचान, प्राप्त हुन सक्ने परिमाणको आंकलन गर्दै स्रोतको सुनिश्चिता गर्ने
- वित्तीय स्रोतलाई प्राथमिकताका आधारमा विषयक्षेत्रगत रुपमा न्यायसंगत ढङ्गले वाँडफाँड तथा वितरण गर्ने
- वित्तीय स्रोतहरुको परिचालनको व्यवस्था मिलाउने

## १०.६ बजेट व्यवस्था

### (क) आन्तरिक आय प्रक्षेपण

आर्थिक वर्ष २०७८/७९ को विवरणलाई आधार वर्ष मानी आ.व.२०७९/८० देखि आगामी वर्षहरुका लागि आय अनुमान तथा प्रक्षेपण गरिएको छ । आय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय कर तथा सेवा शुल्कवाट सङ्कलन हुन सक्ने राजस्वलाई मुख्य आधार मानिएको छ । यस अन्तर्गत राजस्व तर्फ सम्पत्ति कर वा घरजग्गा कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, र गैरकर राजस्व तर्फ नक्सापास, सिफारिस दस्तुर, नाताप्रमाणित, प्रशासनिक शुल्क, दण्डजरिवाना, वहाल विटौरी , लगायतका शुल्कहरु रहेका छन ।

नगरपालिकाले आगामी ५ वर्षको अवधिमा आन्तरिक आयवाट करीव रु.२ अर्व ०३ करोड ६७ लाख ५० हजार राजस्व सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ । वार्षिक रुपमा औषतमा रु.४० करोड ७३ लाख ५४ हजार राजस्व

प्राप्त हुन सक्ने अनुमान गरिएको छ । यो राजस्व आर्थिक वर्ष २०७९/८० देखि हरेक आर्थिक वर्षमा औषतमा करीव २० प्रतिशतले अभिवृद्धि हुन सक्ने प्रक्षेपण गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यसैसाथको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका- ६१**
**आन्तरिक आय प्रक्षेपण**

| राजस्व शिर्षक | २०७८/७९ को यथार्थ | अनुमान प्रक्षेपण (रकम रु लाखमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | |
| सम्पत्ति कर | ७,५१.२९ | ९,०१.५५ | १०,८१.८६ | १२,९८.२३ | १५,५७.८८ | १८,६९.४६ | ६७,०९.०० |
| भूमिकर | ३५.५३ | ४२.६४ | ५१.१७ | ६१.४० | ७३.६८ | ८८.४२ | ३,१७.३३ |
| घरबहाल कर | ४,८९.३० | ५,८७.१६ | ७,०४.५९ | ८,४५.५१ | १०,१४.६१ | १२,१७.५३ | ४३,६९.४१ |
| वहाल बिटौरी कर | ३.८६ | ४.४४ | ५.११ | ५.८७ | ६.७५ | ७.७७ | २९.९६ |
| अन्य कर | ६.१९ | ७.४३ | ८.९२ | १०.७० | १२.८४ | १५.४१ | ५५.३२ |
| परीक्षा शुल्क | ९.३६ | १०.३० | ११.३३ | १२.४६ | १३.७१ | १५.०८ | ६२.८९ |
| शिक्षा क्षेत्रको आम्दानी | ३.६७ | ४.०३ | ४.४४ | ४.८८ | ५.३७ | ५.९१ | २४.६६ |
| अन्य प्रशासनिक सेवा शुल्क | ६.४८ | ७.४५ | ८.५७ | ९.८६ | ११.३४ | १३.०४ | ५०.२८ |
| नक्सापास दस्तुर | ४,४१.४० | ५,०७.६१ | ५,८३.७५ | ६,७१.३२ | ७,७२.०२ | ८,८७.८२ | ३४,२२.५४ |
| सिफारिस दस्तुर | २,३१.७३ | २,५४.९० | २,८०.३९ | ३,०८.४३ | ३,३९.२७ | ३,७३.२० | १५,५६.२१ |
| नाता प्रमाणित दस्तुर | ०.४६ | ०.५० | ०.५५ | ०.६१ | ०.६७ | ०.७४ | ३.०९ |
| व्यवसाय कर | १,५०.५६ | १,८०.६७ | २,१६.८० | २,६०.१६ | ३,१२.२० | ३,७४.६४ | १३,४४.४९ |
| न्यायिक दण्ड, जरिवाना र जफत | ०.६२ | ०.७५ | ०.९० | १.०८ | १.३० | १.५६ | ५.६० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | १४.०४ | १५.४५ | १६.९९ | १८.६९ | २०.५६ | २२.६२ | ९४.३३ |
| बेरुजु असुली | ४७.२४ | ५१.९६ | ५६.१२ | ६०.०५ | ६३.६५ | ६६.८३ | २,९८.६४ |
| जनसहभागिता | १,२१.३१ | १,३९.५० | १,६०.४३ | १,८४.४९ | २,१२.१७ | २,४३.९९ | ९,४०.६० |
| अन्य संस्थागत आन्तरिक अनुदान | १,२१.३१ | १,४५.५७ | १,७४.६८ | २,०९.६२ | २,५१.५४ | ३,०१.८५ | १०,८३.२९ |
| जम्मा : आन्तरिक आय | २४,३४.४० | २८,६१.९८ | ३३,६६.६७ | ३९,६३.४४ | ४६,६९.६४ | ५५,०५.९४ | २,०३,६७.७० |
| **वृद्धि दर (प्रतिशत)** | | १८ | १९ | २२ | २२ | १९ | |
| **औषत वृद्धि दर** | | २०% | | | | | |

### ख) वाह्य स्रोत प्रक्षेपण

नगरपालिकाको वजेट स्रोतमा वाह्य स्रोतले महत्वपूर्ण एवं उल्लेखनीय भूमिका खेल्दै आएको छ । आर्थिक वर्ष २०७८/७९ को विवरण अनुसार वाह्य स्रोतको योगदान करीव ८२.६२ प्रतिशत रहेको पाइन्छ । यस अर्थमा नगरपालिका अझैपनि वाह्य स्रोतमा आश्रित देखिन्छ । वाह्य स्रोतहरुमा खासगरी संघ र प्रदेशवाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व वाँडफाँडलाई मुख्य स्रोतको रुपमा गणना गरिएको छ तर अन्य स्रोतहरुमा आन्तरिक ऋण, वैदेशिक सहयोग एवं अन्य दाता संस्थाहरु तथा गैससवाट प्राप्त हुन सक्ने सहयोगलाई प्रक्षेपणमा समावेश गरिएको छैन । उपरोक्त क्षेत्रहरुवाट नगरपालिकालाई सहयोग प्राप्त हुन सक्ने सम्भावना रहेतापनि वित्तीय प्रक्षेपणमा यस पक्षलाई गणना गरिएको छैन ।

आगामी ५ वर्षको अवधिमा वाह्य स्रोतवाट कूल रकम रु.८ अर्व ९७ करोड २२ लाख ४७ हजार प्राप्त हुने अनुमान गरिएको छ । आधार वर्ष २०७८/७९ मा रु.१ अर्व १५ करोड ७१ लाख ५१ हजार वाह्य स्रोत प्राप्त हुने अनुमान थियो । औषतमा वार्षिक वाह्य स्रोत रु.१ अर्व ७९ करोड ४४ लाख ४९ हजार प्राप्त हुन सक्ने प्रक्षेपण गरिएको छ । समग्रमा औषत वृद्धि दर करीव १५ प्रतिशत हुन सक्ने अनुमान गरिएको छ । ५ वर्षको अवधिमा संघ र प्रदेश सरकारवाट प्राप्त हुने सहयोगमा तुलनात्मक रुपमा संघवाट प्राप्त हुने अनुदानको अंश अधिक छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख भएको छ ।

**तालिका- ६२**
**वाह्य स्रोत प्रक्षेपण**

| राजस्व शिर्षक | आथिक वर्ष २०७८/७९ यथार्थ | अनुमान प्रक्षेपण (रकम रु. लाखमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| संघ : समानीकरण | २६०३.०० | २९९३.४५ | ३४४२.४६ | ३९५८.८३ | ४५५२.६६ | ५२३५.५६ | २०१८२.९८ |
| संघ : सशर्त चालु | १५७४.७७ | १८१०.९९ | २०८२.६४ | २३९५.०३ | २७५४.२९ | ३१६७.४३ | १२२१०.४० |
| संघ : सशर्त अनुदान पुँजीगत | ९१.९० | १०५.६९ | १२१.५४ | १३९.७७ | १६०.७४ | १८४.८५ | ७१२.६० |
| संघ : समपुरक | २०८.०० | २३९.२० | २७५.०८ | ३१६.३४ | ३६३.७९ | ४१८.३६ | १६१२.७७ |
| संघ राजस्व वाँडफाँड | ६१९४.५४ | ७१२३.७२ | ८१९२.२८ | ९४२१.१३ | १०८३४.३० | १२४५९.४४ | ४८०,०.८९ |
| प्रदेश :समानीकरण | २३२.७९ | २६७.७० | ३०७.८६ | ३५४.०४ | ४०७.१५ | ४६८.२२ | १८०४.९९ |
| प्रदेश : ससर्त चालु | १३८.४३ | १५९.१९ | १८३.०७ | २१०.५४ | २४२.१२ | २७८.४३ | १०७३.३७ |
| प्रदेश : विशेष | ७.८४ | ९.०१ | १०.३६ | ११.९२ | १३.७१ | १५.७६ | ६०.७८ |
| प्रदेश : समपुरक | १२८.४१ | १४७.६७ | १६९.८२ | १९५.३० | २२४.५९ | २५८.२८ | ९९५.६८ |
| प्रदेश : राजस्व बाँडफाँड | ३९१.८० | ३९१.८० | ३९१.८० | ३९१.८० | ३९१.८० | ३९१.८० | ३९१.८० |
| **जम्मा : वाह्य आय** | **११५७१.५१** | **१३३०७.२३** | **१५३०३.३२** | **१७५९८.८२** | **२०२३८.६४** | **२३२७४.४४** | **८९७२२.४७** |
| **वृद्धि दर प्रतिशत** | | **१५%** | | | | | |

## ग) कूल स्रोत प्रक्षेपण

नगरपालिकालाई ५ वर्षको अवधिमा आन्तरिक आयवाट रु.२ अर्व ०३ करोड ६७ लाख ५० हजार र वाह्य स्रोतवाट रु.८ अर्व ९७ करोड २२ लाख ४७ हजार गरी कूल रु.११ अर्व ९० लाख १७ हजार प्राप्त हुन सक्ने प्रक्षेपण गरिएको छ । प्रतिशतमा कूल स्रोतको आन्तरिक आय १८.५० र वाह्य स्रोत ८१.५० हुनेछ । यसरी प्राप्त हुने स्रोत हरु वार्षिक औषतमा करीव १६ प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका- ६३**
**कूल स्रोत प्रक्षेपण**

| वजेट स्रोतहरु | आधार आर्थिक वर्ष ०७८/७९ | अनुमान प्रक्षेपण (रकम रु लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | जम्मा |
| आन्तरिक आय | २४,३४.४० | २८,६१.९८ | ३३,६६.६७ | ३९,६३.४४ | ४६,६९.६४ | ५५,०५.९४ | २,०३,६७.७० |
| वाह्य आय | ११५७१.५१ | १३३०७.२३ | १५३०३.३२ | १७५९८.८२ | २०२३८.६४ | २३२७४.४४ | ८९७२२.४७ |
| **कूल आय अनुमान** | १,४००५.९२ | १,६१६९.२२ | १,८६७०.०० | २,१५६२.२७ | २,४९०८.२९ | २,८७८०.३९ | ११,००९०.१७ |
| **वार्षिक वृद्धि प्रतिशत** | | १६ | १६ | १६ | १६ | १६ | |
| **औषत वृद्धि दर प्रतिशत** | | १६% | | | | | |

### घ) विषयक्षेत्रगत वजेट वाँडफाँड

आवधिक नगर बिकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल गर्न तथा प्रस्तावित कार्यक्रमहरु सञ्चालनका लागि वजेट विषयक्षेत्रगत रुपमा वाँडफाँड गरिएको छ । ५ वर्षको अवधिमा प्राप्त हुन सक्ने कूल अनुमानित रकम रु.११ अर्व ९० लाख १७ हजारमा आर्थिक क्षेत्रलाई २५ प्रतिशत वजेट वाँडफाँड भएको छ भने सामाजिक क्षेत्रलाई २२ प्रतिशत वजेट निर्धारण भएको छ । त्यसैगरी पूर्वाधार क्षेत्रलाई ४० प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रलाई ८ प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई ५ प्रतिशत वजेट अनुमान भएको छ । यस सम्वन्धी विस्तृत विवरण तालिका नम्वर ६६ मा प्रस्तुत गरिएको छ ।

**तालिका- ६४**

**विषय क्षेत्रगत वजेट प्रक्षेपण (रकम रु. हजारमा)**

| विषय क्षेत्र | प्रतिशत | रकम रु. | विषय क्षेत्र | प्रतिशत | रकम रु. |
|---|---|---|---|---|---|
| **आर्थिक बिकास** | **२५** | **२,७५२,२५४** | **पूर्वाधार बिकास** | **४०** | **४,४०३,६०७** |
| कृषि बिकास | ३ | ३३०,२७० | सडक, यातायात | २० | २,२०१,८०३ |
| पशुपंक्षी बिकास | २.५ | २७५,२२५ | आवास तथा वस्ती | १२ | १,३२१,०८२ |
| सिंचाइ | ०.५ | ५५,०४५ | विद्युत तथा वैकल्पिक ऊर्जा | ३ | ३३०,२७० |
| उद्योग व्यापार तथा व्यवसाय | १० | १,१००,९०१ | सूचना तथा सञ्चार | ५ | ५५०,४५० |
| पर्यटन बिकास | ७ | ७७०,६३१ | **बन, वातावरण तथा विपद व्यवस्थापन** | **८** | **८८०,७२१** |
| वैंक, वित्तीय संस्था तथा सहकारी | १ | ११०,०९० | बन तथा जैविक विविधता | १ | ११०,०९० |
| सुरक्षित अप्रवासन | १ | ११०,०९० | भू तथा जलाधार संरक्षण | २ | २२०,१८० |
| **सामाजिक बिकास** | **२२** | **२,४२१,९८३** | वातावरण तथा स्वच्छता | ३ | ३३०,२७० |
| शिक्षा | ६ | ६६०,५४१ | विपद व्यवस्थापन | २ | २२०,१८० |
| आधारभूत स्वास्थ्य | ५ | ५५०,४५० | **सुशासन तथा संस्थागत बिकास** | **५** | **५५०,४५०** |
| खानेपानी तथा सरसफाइ | ३ | ३३०,२७० | ऐन, नियम र जवाफदेहिता | ०.५ | ५५,०४५ |
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ४ | ४४०,३६० | संस्थागत विकास तथा मानब संशाधन | २ | २२०,१८० |
| युवा तथा खेलकुद | १ | ११०,०९० | वित्तीय स्रोत परिचालन | १.५ | १६५,१३५ |
| कला भाषा, संस्कृति सम्पदा | ३ | ३३०,२७० | योजना व्यवस्थापन | १ | ११०,०९० |
| **कूल वजेट** | | | | | ११,००९,०१७ |

# परिच्छेद - एघारः नगर गौरव आयोजना

## ११.१ पृष्ठभूमि

गौरव आयोजना छनौट गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास स्थानीय तहका लागि नयाँ हो । केन्द्र सरकारले राष्ट्रिय गौरवका आयोजनाहरु छनौट गरी सोही अनुसार कार्यान्वयन गर्ने अभ्यास यसअघि आर्थिक वर्ष २०६८/६९ देखि प्रारम्भ भएको पाइन्छ । शुरुमा १७ वटा विभिन्न आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाहरुमा छनौट गरिए । सो पश्चात कमिक रुपमा अरु आयोजनाहरुलाई थपिदै आर्थिक वर्ष २०७७/७८ सम्ममा २६ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनामा समावेश गरिएको छ र नेपाल सरकारवाट त्यस्ता आयोजनाहरुलाई कार्यान्वयनमा ल्याएको छ । प्रभाव तहमा आयोजना कार्यान्वयन पश्चातको परिणाम यकिन भइ नसके पनि मुख्यत, गौरव आयोजनाहरुवाट आर्थिक, सामाजिक, साँस्कृतिक एवं वातावरणीय क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने, जनजीवनमा सकरात्मक अभिवृद्धि ल्याउने कुरामा विश्वस्त हुन सकिन्छ । सामान्यतया, गौरवका आयोजनाहरु वहुउद्देश्यीय, वहुवर्षीय, वहुपक्षीय हुने हुन्छन । लगानी, सहकार्य एवं साझेदारीका आधारमा त्यस्ता आयोजनाहरु वार्षिक कार्यक्रमहरु भन्दा फरक र महत्वकाक्षी पनि हुन्छन तापनि वार्षिक कार्यक्रमसंग अन्तर सम्वन्धित एवं आपसमा तादात्म्यता हुने गर्दछन ।

आर्थिक तथा सामाजिक क्षेत्रमा वृहत्तम परिवर्तन ल्याउन सहयोगी हुने गौरव आयोजनाहरुको प्रकृति, साधान स्रोत, लगानी, समयावधि, प्राविधिक जस्ता पक्षहरुका कारण एकल नगरपालिकाको प्रयासमा आयोजनाहरु सम्पन्न गर्न कठिन हुने पक्षलाई महसुस गर्दै नगरपालिकाहरुले संघ, प्रदेश, निजीक्षेत्र, सहकारी एवं अन्य बिकास साझेदारहरुसंगको सहकार्य, साझेदारी वा सहलगानीमा गौरवा आयोजनाहरु कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । यस सन्दर्भमा नेपाल सरकारवाट पनि राष्ट्रिय गौरव आयोजनाहरु कार्यान्वयनका लागि ऐन, नियम तथा कार्यविधिहरु तर्जुमा हुन सकिरहेको छैन । यसका लागि संघको अभ्यासलाई आत्मसाथ गर्दै नगरपालिकाहरुले एक अलगै ऐन, नियम तथा कार्यविधि तर्जुमा गर्नुपर्ने हुन्छ ।

टोखा नगरपालिकाले छनौट गरेका देहाय वमोजिमका गौरव आयोजनाहरु छनौट गरेको छ । उपरोक्त आयोजनाहरु बिषय क्षेत्रगतका कार्यक्रमहरुमा सूचीकृत भएका छैनन ।

## ११.२ आयोजना छनौटका आधारहरु

नगर गौरव आयोजना छनौटका आधारहरु देहाय वमोजिम निर्धारण गरिएको छ ।

- आयोजनाको वहुआयामिक प्रभाव (आर्थिक, सामाजिक, साँस्कृतिक)
- पूँजी लगानी
- आयोजना सम्पन्न हन लाग्ने समयावधि न्यूनतम ५ वर्ष
- आयोजनाको भौगोलिक सम्वन्धीकरण (अन्तर नगरपालिका, जिल्ला तथा क्षेत्र)
- आयोजनाको प्राथमिकता
- परिवर्तनको सम्वाहक

## ११.३ नगर गौरवका योजना

टोखा नगरपालिकाको नगर गौरव आयोजनाहरु देहाय वमोजिम रहेका छन ।

**तालिका- ६५**
**नगर गौरव आयोजनाहरु**

| सि.नं. | आयोजनाहरु | अनुमानित वजेट रकम रु. | वजेट स्रोत | | |
|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | नपा तथा सहयोगी संस्था |
| १ | बौडेश्वर पर्यटकीय पूर्वाधार आयोजना | २६ करोड | ✓ | | |
| २ | भुतखेल चौर राष्ट्रिय खेलमैदान पूर्वाधार आयोजना | १ अर्व | ✓ | ✓ | |
| ३ | टोखा सम्पदा बस्ती, कला, संस्कृति संख्या प्रवर्द्धन आयोजना | २ अर्व | ✓ | ✓ | ✓ |
| ४ | सडक सञ्जाल स्तरोन्नती आयोजना | ५ अर्व | ✓ | ✓ | ✓ |
| ५ | फोहोरमैला व्यवस्थापन र वातावरण स्वच्छता | ५० करोड | ✓ | ✓ | ✓ |
| ६ | ढल प्रशोधन केन्द्र आयोजना | ३ अर्व | ✓ | ✓ | |
| ७ | टोखा बहुउद्देशियय भाषा, कला, संस्कृति प्रतिष्ठान<br>७.१ संस्कृति, कला, सम्पदा, अतिथि सत्कार सम्वन्धी प्राविधिक जनशक्ति उत्पादन र क्षमता विकास<br>७.२ भाषा, कला, संस्कृति संरक्षण प्रवर्द्धन | २ अर्व | ✓ | ✓ | ✓ |
| ८ | एक वडा एक पार्क | २२ करोड | | | ✓ |
| ९ | मेयरसंग ज्येष्ठ नागरिक दीर्घायु स्वास्थ्य परीक्षण कार्यक्रम | १० करोड ५० लाख | | | ✓ |
| १० | मेयर उज्यालो कार्यक्रम | ५ करोड | | | ✓ |
| ११ | मेयरसंग विद्यार्थी दिवा खाजा कार्यक्रम | ४ करोड | | | ✓ |
| १२ | करिडोर निर्माण | १ अर्व | ✓ | ✓ | |
| १३ | एक वडा एक खेलमैदान (Indoor/ Outdoor) | ११ करोड | ✓ | ✓ | ✓ |
| १४ | पदमार्ग र साइकलिङ्ग मार्गको निर्मण | ५ करोड | | | ✓ |
| | **जम्मा** | **१५ अर्व ३३ करोड ५० लाख** | | | |

# परिच्छेद-बाह्र: क्षेत्रीय विकासका लागि अन्तरपालिका रणनीतिक साझेदारी

## १२.१ पृष्ठभूमि

नेपालको संविधानले सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई स्वीकार गरेको छ । यसै सिद्धान्तमा आधारमा संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध स्थापित हुने कुरा नेपालको संविधान २०७२ को धारा २३२ (१) मा उल्लेख गरिएको छ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा पनि यसै पक्षलाई विशेष जोड दिएको छ र यसै ऐनको दफा २६ मा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि बिभिन्न क्षेत्रमा साझेदारी वा संयुक्त व्यवस्थापन गर्न सकिने उल्लेख भएको छ ।

परिवर्तित सन्दर्भमा स्थानीय सरकारहरुको आफ्नो कार्यक्षेत्रमा मात्र सीमित रही विकास सम्वन्धी विविध क्रियाकलापहरु सञ्चालन भएको पाइन्छ । स्थानीय तहहरु बीच सहकार्य, साझेदारी, सहलगानीका संस्कारहरुको अभ्यास हुन सकिरहेको छैन । स्थानीय तहहरु एक अर्काको परिपूरक हुन सक्ने र त्यसबाट लाभ हासिल गर्न सक्ने पक्षहरुमा पनि त्यति ध्यान केन्द्रीत हुन सकिरहेको छैन । समान भूगोल तथा विविध भौगोलिक परिवेश एवं साँधसीमाना जोडिएका नगरपालिकाहरु वीच लाभ हासिल गर्ने, आयोजनाको लागत न्यूनीकरण गर्ने, नगरपालिकाहरुसंग भएका स्रोत साधनहरुको अधिकतम सदुपयोग गर्ने र सेवा प्रवाहमा प्रभावकारीता ल्याउने पक्षहरुमा नगरपालिकाहरु वीच सहकार्य, साझेदारी, संयुक्त व्यवस्थापन एवं समन्वयमा आयोजना तथा परियोजनाहरु सञ्चालन ल्याई क्षेत्रीय विकास गर्ने तथा भौगोलिक विकासमा सन्तुलन कायम राख्न सकिने सम्भावना प्रवल भएतापनि त्यसतर्फ खासै पहल हुनसकिरहेको छैन । भौगोलिक वनावट, विषमता, प्राकृतिक स्रोतहरुको उपलब्धता जस्ता पक्षहरुका आधारमा नगरपालिकाहरु एक आपसमा समान छैनन । आन्तरिक तथा वित्तीय स्रोतको सीमितता, उपलब्ध स्रोतहरुको दिगो उपयोग र वितरण जस्ता विविध कारणहरुवाट नगरपालिकाहरु वीचको भिन्नता वढ्दो छ । यसर्थ, वदलिदो परिवेशसंगै भौगोलिक वनौट, दूरी तथा सामीप्यता, स्रोत साधनहरुको उपलब्धता र साझा लाभका आधारमा अन्तरपालिका सहकार्य र समन्वयको आवश्यकता अपरिहार्य भइसकेको छ ।

उपरोक्त पक्षहरुलाई मध्येनजर राख्दै देहायका क्षेत्रमा नगरपालिकाहरु वीच देहाय वमोजिमका आयोजना तथा परियोजना सञ्चालन गर्न सकिने व्यवसथा गरिएको छ :

क. सडक यातायात निर्माण र अन्तरनगरपालिका सञ्जाल विकास
ख. प्रकृति प्रकोप न्यूनीकरण, विपद व्यवस्थापन,
ग. खानेपानी आपूर्ति तथा व्यवस्थापन
घ. फोहोरमैला बिसर्जन, प्रशोधन तथा व्यवस्थापन
ङ. दमकल तथा एम्वुलेन्स सेवा सञ्चालन
च. एकीकृत वस्ती बिकास तथा भूउपयोग
छ. स्थानीय संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन
ज. उद्यमशीलता विकास, स्थानीय व्यवसाय प्रवर्द्धन, औद्योगिक ग्राम सञ्चालन
झ. आवसिय विद्यालय तथा प्राविधिक शिक्षालय सञ्चालन,

उपरोक्त पक्षलाई मनन गर्दै टोखा नगरपालिकाले सीमाना जोडिएका, नजिकका नगरपालिकाहरु वीच सहकार्य, समन्वय तथा साझेदारीमा आपसी लाभका आधारमा ठूला प्रकृतिका आयोजनाहरु सञ्चालन तथा व्यवस्थापन गर्न पहल गर्ने छ । यसका लागि नगरपालिकाले स्थानीय गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थाहरुलाई कियाशील वनाउने र आयोजनाहरु सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै हातेमालो गर्ने छ ।

## १२.२ वर्तमान अवस्था

नेपालको इतिहास, कला, संस्कृति र अर्थतन्त्रको केन्द्रविन्दुको रुपमा पहिचान गर्न सकिने काठमाडौ उपत्यकालाई एक प्राग ऐतिहासिक इतिहास भएको, इशापूर्व दोश्रो शताव्दीमा स्थापित, विश्वको सवैभन्दा पुरानो निरन्तर वसोवास गर्ने शहर मध्येको एक, हिमालय पहाडी क्षेत्रमा अवस्थित शहर मध्येको एक र नेपाली हिमालयको प्रवेशद्वारको रुपमा पनि लिने गरिन्छ । यसरी विविध प्रकारको पहिचान वोकेको काठमाडौ उपत्यका आफैमा एक ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक क्षेत्रका रुपमा परिचित छ । आदिवासी नेवारी समुदायको वाहुल्यता एवं नेवारी संस्कृति, कलाकौशल, प्यागोडा शैलीका मठमन्दिरहरु वैदेशिक पर्यटनको एक प्रमुख आकर्षणहरु हुन । यसैकममा हरेक वर्ष लाखौको संख्यामा वैदेशिक पर्यटकहरुको आवगमन हुँदै आएको छ । विश्व सम्पदा सूचीमा युनेस्कोद्वारा काठमाडौ दरवार क्षेत्र, पाटन दरवार क्षेत्र, भक्तपुर दरवार क्षेत्र, पशुपतिनाथ मन्दिर, वौद्धनाथ स्तुपा, चाँगुनारायण मन्दिर जस्ता सम्पदाहरुलाई सूचीकृत गरिएको छ ।

९५४.७१ वर्ग किमि क्षेत्रफलमा फैलिएको काठमाडौ उपत्यकामा ३ जिल्ला, २ महानगरपालिका, १६ नगरपालिका र ३ गाउँपालिका गरी कूल २४ वटा स्थानीय तहहरु कियाशील छन । स्थानीय तहहरु राजनीतिक तथा प्रशासनिक हिसावले एक आपसमा विभाजित भएपनि आर्थिक, सामाजिक एवं वातावरणीय आधारमा एकअर्कोसंग प्रभावित छन । उपभोग तथा उपयोगका आधारमा सामाजिक एवं भौतिक पूर्वाधारहरु साझा भएका छन र स्थानीयहरु आपसमा लाभान्वित पनि हुँदै आएका छन । तापनि अव्यवस्थित शहरीकरण, अव्यवस्थित वसोवास विस्तार, तीवगतिमा काठमाडौतर्फ वसाइसराइ, जनसंख्या वृद्धि, सा-साना टुक्रामा कृषिभूमिको खण्डीकरण जस्ता विविध कारणहरुवाट उपलव्ध साधान स्रोतहरु अपुग हुँदै आएको पाइन्छ । सडकयातायात विस्तारमा जटिलता, सवारी आवागमनमा चर्को समस्या, खानेपानी आपूर्तिमा अभाव, ढलनिकास, वातावरणीय प्रदुषण, फोहोर व्यवस्थापन चुनौतिपूर्ण लगायत सामाजिक सुरक्षा कायम राख्न दिनपरदिन कठिन हुँदै आएको देखिन्छ ।

यस अर्थमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा यस क्षेत्रलाई समग्र रुपमा व्यवस्थित, सुरक्षित, सुविधा सम्पन्न समुन्नत, समृद्ध, सफा सुग्धर शहरको रुपमा विकास गर्न सकिने छ । त्यसैगरी काठमाडौ उपत्यकाको भाषा, कलाकौशल, धर्म, संस्कृति, एवं प्राचीन सम्पदा, धरोहरहरुलाई संरक्षण एवं प्रवर्द्धन गर्दै एक ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक शहरको रुपमा पहिचान दिन सकिने छ । भौगोलिक, आर्थिक, सामाजिक विकासका लागि नगरपालिकाहरुले तयार पारेका दीर्घकालीन सोच सहितका बिकास योजनाहरुले तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी रणनीतिक साझेदारीमा अन्तरनगरपालिका सहकार्यका लागि रुपान्तरणकारी तथा परितर्वनकामी आयोजना तथा परियोजना बिकास गर्न सकेको खण्डमा यस क्षेत्रको सन्तुलित बिकास हुन सक्ने पक्षलाई नकार्न सकिन्न । यसै उद्देश्यका साथ क्षेत्रीय किासका लागि अन्तरनगरपालिकाहरु वीच रणनीतिक साझेदारी अवधारणालाई आवधिक योजनाको एक महत्वपूर्ण हिस्साको रुपमा प्रस्तुत गरिएको छ ।

## १२.३ सम्भावना, अवसर तथा समस्या र चुनौती

**तालिका : ६६**
**अन्तरपालिका रणनीतिक साझेदारी : सम्भावना, अवसर तथा समस्या र चुनौति**

| सम्भावना तथा अवसरहरु | चुनौतिहरु |
|---|---|
| ➧ वातावरणीय एवं भौगोलिक आधारमा स्थानीयतहहरु वीच समानता, एकरुपता तथा एकै उपत्याका भित्र अवस्थित<br>➧ प्राचीन कला, संस्कृति एवं सम्पदाहरुको उपलव्धता<br>➧ विश्व सम्पदा सूचीमा सूचीकृत स्थान, क्षेत्रहरु<br>➧ देशको राजधानी शहर एवं केन्द्रीय प्रशासनिक क्षेत्र<br>➧ अर्थतन्त्रको केन्द्र विन्दु | ➧ अव्यवस्थित शहरीकरण, अव्यवस्थित वसोवास, र वाक्लो आप्रवासनको नियन्त्रण गर्नु<br>➧ कृषि भूमि सा-साना टुक्रामा खण्डीकरणमा कम गर्नु<br>➧ स्रोतहरुको न्यायोचित सदुपयोग, समान वितरण, साझा लाभ आर्जन गर्नु<br>➧ नगरपालिकाहरु संघीय अनुदान माथि अधिक परनिर्भरता हुनु |
| **सवल पक्ष** | **कमजोर पक्ष** |
| ➧ सामाजिक एवं भौतिक पूर्वाधारहरुको पर्याप्त उपलव्धता, सुविधा सम्पन्न शहर<br>➧ ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं मौलिक पहिचानको संरक्षण, प्रवर्द्धन र पर्यटकीय क्षेत्रको रुपमा विकासित<br>➧ वलियो एवं प्रभावकारी सुरक्षा व्यवस्था भएको<br>➧ काठमाडौ उपत्यका एकीकृत विकासका लागि विभिन्न संस्थाहरु क्रियाशील रहेको | ➧ राजनीतिक तथा प्रशासनिक नेतृत्वमा नगरपालिकाहरु वीच साझा लाभका लागि सहकार्य र साझेदारी गर्ने सम्वन्धी अवधारणा विकास प्रभावकारी नहुनु<br>➧ क्षेत्रीय स्तरमा तुलनात्मक लाभ, र फरक फरक पहिचान दिने क्षेत्रहरु यकिन र विस्तृत सम्भाव्यता अध्ययन नहुनु<br>➧ नगरपालिकाहरुवीच समन्वय, सहकार्य एवं साझेदारी सम्वन्धी कार्यका लागि संयन्त्रको विकास नहुनु |

## १२.४ उद्देश्य

क) भौगोलिक, सामाजिक, आर्थिक रुपमा सीमान जोडिएका नगरपालिकाहरु वीचसाझेदार नगरपालिकाहरुको समग्र रुपमा आर्थिक सामाजिक बिकासका लागि साझा तथा पारस्परिक हितका वृहत एवं रुपान्तरणकारी आयोजना तथा कार्यक्रमहरुको सम्भावनाको खोजी गर्नु ।

ख) साझाहित र रणनीतिक क्षेत्रीय आयोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा परियोजना बिकास, सह लगानीको खाका, कार्यान्वयन ढाँचा, लाभको समानुपातिक वितरण जस्ता पक्षहरुमा साझा अवधारणा तय गर्न साझा संयन्त्रको प्रारुप तयार पार्नु ।

ग) भौगोलिक, आर्थिक एवं सामाजिक रुपमा प्रचुर सम्भावना भएका तथा क्षेत्रीय रुपमा तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभका रणनीतिक महत्वका आयोजना एवं कार्यक्रमहरुको पहिचान, सूचीकृत एवं विश्लेषण गर्दै सञ्चालनमा ल्याउनु ।

## १२.५ रणनीति

१. क्षेत्रीय विकासका लागि अन्तरनगरपालिका संयन्त्र विकास गर्ने ।

२. प्राकृतिक स्रोत साधन तथा सम्पदाहरु दिगो रुपमा उपयोग गर्ने ।

३. क्षेत्रीय विकासका लागि सहयोगी संस्था तथा निजी क्षेत्रसंग सहकार्य, साझेदारी गर्ने ।

## १२.६ कार्यनीति

**रणनीति १ अन्तर्गतको क्षेत्रीय विकासका लागि अन्तरनगरपालिका संयन्त्र विकास अन्तर्गतका कार्यनीतिहरु**

१.१ प्रदेशिक ऐन, कानुन एवं स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको क्षेत्रीय बिकासका लागि अन्तरपालिका सहकार्य, साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी अवधारणा बिकास गरिने छ ।

१.२ अन्तरपालिका सहकार्य तथा साझेदारीका लागि साझा संरचना, संगठनात्मक संरचना, ऐन, नियम तथा कार्यविधिहरु निर्माण गरिने छ ।

१.३ अन्तरपालिका सहकार्य वा साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी परियोजनाहरुको पहिचान गरी आ-आफ्नो रणनीतिक योजना दस्तावेजमा सूचिकृत गरी प्राथमिकता र सम्भाव्यताको आधारमा स्रोत साधनको बिनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

१.४ क्षेत्रीय बिकासका लागि अन्तरपालिका सहकार्य वा साझेदारी वा संयुक्त व्यवस्थापन सम्बन्धी संयन्त्रलाई यस्ता आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र मूल्याङ्कन प्रतिवेदन सम्बन्धित नगरपालिकाको वेबसाइटमा राखी सार्वजनिक गरिने छ ।

**रणनीति २ को प्राकृतिक स्रोतहरुको दिगो उपयोग अन्तर्गतका कार्यनीतिहरु**

२.१ क्षेत्रीयस्तरमा तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभका वस्तुहरुको पहिचान, विश्लेषण र सम्भाव्यता अध्ययन गरिनेछ

२.२ स्थान विशेषमा उपलब्ध स्रोतहरुको दिगो उपयोगका लागि सहकार्य एवं साझेदारीका आधारमा उत्खनन, विकास तथा प्रवर्द्धन गरिनेछ ।

२.३ स्थान विशेषमा उपलब्ध स्रोत साधनको दिगो उपभोगका लागि सम्वन्धित नगरपालिकाको आवश्यकता र दामासाहीका आधारमा अन्तरपालिकामा वितरणको व्यवस्था मिलाइनेछ ।

**रणनीति ३ को क्षेत्रीय विकासका लागि सहयोगी संस्था तथा निजी क्षेत्रसंग सहकार्य साझेदारी अन्तर्गतका कार्यनीतिहरु**

३.१ ठूला ठूला आयोजनाहरु निर्माण हस्तान्तरण, निर्माण सञ्चालन तथा हस्तान्तरण जस्ता तरिकाहरु अपनाइ निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । यसका लागि आवश्यक कानुनहरु निर्माण गरिनेछ ।

३.२ बिकास साझेदार संस्था एवं गैरसरकारी संस्थाहरुसंगको सहयोग तथा सहकार्यमा आयोजनाहरु सञ्चालन गरिनेछ ।

## १२.७ सहकार्यका क्षेत्र तथा कार्यक्रमहरु

**तालिका: ६७**
**सहकार्य हुनसक्ने क्षेत्रहरु**

| सहकार्यका सम्भाव्य क्षेत्र | सम्भाव्य परियोजना | उपयुक्त क्षेत्र |
|---|---|---|
| पर्यटन प्रवर्द्धन | पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रवर्द्धन | अन्तरपालिका सहमतिमा |
| कला, संस्कृति तथा सम्पदा संरक्षण तथा सम्वर्द्धन | ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक धरोहरहरुको जीर्णोदार, सवलीकरण, तथा प्रवर्द्धन | अन्तरपालिका सहमतिमा उपयुक्त क्षेत्रहरु |
| फोहोरमैला व्यवस्थापन | फोहोरको श्रोतमै वर्गीकरण, न्यूनीकरण, प्रशोधन, पुन:प्रयोग, प्लाष्टिकजन्य पदार्थ प्रयोगमा इन्कार एवं स्यानिटरी पार्क निर्माण | अन्तरपालिका सहमतिमा उपयुक्त क्षेत्र |
| खानेपानी व्यवस्थापन | खानेपानी आपूर्ति | अन्तरपालिका सहमतिमा |

| | | |
|---|---|---|
| वातावरण संरक्षण | वातावरणीय प्रदुषण नियन्त्रण | अन्तरपालिका सहमतिमा |
| आकस्मिक सेवा व्यवस्थापन | विपद जोखिम न्यूनीकरण, खुल्ला क्षेत्र संरक्षण, | अन्तरपालिका सहमतिमा |

उपरोक्त बिषय क्षेत्रसंग सम्बन्धित सम्भाव्य आयोजनाहरुको पूर्व सम्भाव्यता (प्रिफिजिविलिटी) अध्ययन, सम्भाव्यता अध्ययनको आधारमा आर्थिक तथा सामाजिक रुपमा उपयुक्त र बित्तीय (लगानी तथा प्रतिफल) को दृष्टिकोणबाट प्रतिफलयुक्त आयोजनाहरुको बिस्तृत परियोजना प्रस्ताव  प्रतिवेदन (डिपिआर) समेत तयार पारी उपयुक्त संयन्त्र निर्माण गरी कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।

# परिच्छेद - तेह्र : कार्यान्वयन योजना

## १३.१ पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयन एकअर्कासंग अन्तर सम्बन्धित बिषय मानिन्छ । संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो । आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसंग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई वृहत र क्षेत्रगत उद्देश्यसंग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसंग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी बिकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ । आवधिक योजनाको सन्दर्भमा पनि नगरपालिकाको निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारबालाहरु समेतको सक्रिय सहभागितामा बिभिन्न चरणहरु पारगरी तय भएको दीर्घकालीन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति र कार्यनीति अन्तर्गत क्षेत्रगत बिषयगत प्रमुख कार्यक्रमहरु र क्षेत्रगत र बिषयगत लक्ष्य परिमाणलाई नगरपालिकाको बार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा स्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## १३.२ वर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिको सन्दर्भमा नगरपालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सीमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उद्देश्य (असर) तह र लक्ष्य (प्रभाव) तह अर्थात दीर्घकालीन र मध्यमकालीन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी स्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सीमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा नगरपालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तिका लागि के कति स्रोतको आवश्यकता पर्दछ र हालको स्रोत परिचालनको आधारमा के कति स्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

हाल नगरपालिकाले आफुसंग उपलब्ध जनशक्ति, संस्थागत संरचना, सीमित स्रोत साधन उपयोग गरी बार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर प्रस्तावित आवधिक नगर बिकास योजनाले आत्मसात गरेको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्यहरु, लक्ष्य सूचक हासिल गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ, प्रदेश तथा अन्तर स्थानीय तह) वीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहवीच क्षेत्रीय रणनीतिक साझेदारी बिकास गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान, साझा हित र उद्देश्यमा सहलगानी, सहकार्य, उत्पादन, रोजगारी श्रृजना, व्यवसायिकरण, औद्योगिकीकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संघसंस्था, बिकास साझदारहरु एवं दातृनिकायहरु लगायत सेवा प्रदायकहरु समेतको एकिकृत प्रयास लगायत सहभागिता अभिबृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकता छ ।

## १३.३ कार्यान्वयन कार्ययोजना

नगरभाबाट आवधिक बिकास योजना स्वीकृत भएपछि यसका आधारमा नगरपालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाइने गरिन्छ र उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्ने गरिन्छ ।

## १३.४ मार्गदर्शन तयारी

योजना वा कायक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने गरिन्छ । उक्त मार्गदर्शनका साथसाथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सो समेत संलग्न गरी पठाउनु पर्दछ ।

## १३.५ कार्यान्वयन विधिको छनौट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रकिया अवलम्बन गरिने हो सो समेत खुलाई नगरपालिकामा पठाउनु पर्ने हुन्छ र नगरसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचक समेत उल्लेख गर्ने गरिन्छ र सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाइने गरिन्छ ।

नगरपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्ययोजना समेत बनाउनु पर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि नगरपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ । यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलाप प्रति जिम्मेवार बनाउनु पर्दछ ।

## १३.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट सभाबाट पारित भएपछि नगरप्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र अख्तियारी दिनु पर्दछ । प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ (क) फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्ने छ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित नगरप्रमुखाबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ । यसरी अख्तियारी जारी गर्नु भन्दा पहिले सवै शाखा, उपशाखा र वडा कार्यालय वा जिम्मेवार निकायवाट तोकिएको निर्दिष्ट ढाँचामा चौमासिक विभाजन सहतिको कार्यान्वयन योजना माग गरी स्वीकृत गरिनु पर्ने छ र उक्त कार्यान्वयन योजनामा जिम्मेवारी किटान समेत गरिनु पर्ने छ । यसका सार्थ कार्यान्वयनको तरिका समेत निर्धारण गरिसक्नु पर्ने छ ।

## १३.७ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले आत्मसात गरेको दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । वार्षिक कार्यान्वयन कार्ययोजनाको ढांचा अनुसुची २ मा समावेश गरिएको छ ।

## १३.८ अनुगमनको प्रतिवेदन र समीक्षा

